स्वातन्त्र्यात्मगुणव्यक्तिरिह पुंसवनं मतम् ।
मायात्मनोर्विवेकेन ज्ञानं सीमन्तबर्द्धनम् ।१२।
शिवादितत्त्वशुद्धेस्तु स्वीकारो जननं मतम् ।
बोधनं यच्छिवत्वेन शिवत्वार्हस्य नो मतम् ।१३।
संहारमुद्रयात्मानं स्फुरद्बह्निकणोपमम् ।
विदधीत समादाय निजे हृदयपङ्कजे ।१४।
ततः कुम्भकयोगेन मूलमन्त्रमुदीरयेत् ।
कुर्य्यात्समवशीभावं तदा च शिवयोर्हृदि ।१५।
ब्रह्मादिकारणात्यागक्रमाद्रेचकयोगतः ।
नीत्वा शिवान्तमात्मानमादायोद्भवमुद्रया ।१६।
हृत्सम्पुटितमन्त्रेण रेचकेन विधानवित् ।
शिष्यस्य हृदयाम्भोजकर्णिकायां विनिक्षिपेत् ।१७।
पूजां शिवस्य वह्नेश्च गुरुः कुर्य्यात्तदोचिताम् ।
प्रणतिं चात्मने शिष्यं समयाञ्छावयेत्तथा ।१८।
देवं न निन्देच्छास्त्राणि निर्म्माल्यादि न लङ्घयेत् ।
शिवाग्निगुरुपूजा च कर्त्तव्या जीवितावधि ।१९।
बालबालिशवृद्धस्त्री भोगभुग् व्याधितात्मनाम् ।
यथाशक्ति ददीतार्थं समर्थस्य समग्रकान् ।२०।
भूताङ्गानि जटाभस्मदण्डकौपीनसंयमान् ।
ईशानाद्यैर्हृदाद्यैर्वा परिजप्य यथाक्रमात् ।२१।
स्वाहान्तसंहितामन्त्रैः पात्रेष्वारोप्य पूर्ववत् ।
सम्पादितं द्रुतं हुत्वा स्थण्डिलेशाय दर्शयेत् ।२२।
रक्षणाय घटाधस्तादारोप्य क्षणमात्रकम् ।
शिवस्याज्ञां समादाय ददीत व्रतिने गुरुः ।२३।
एवं समयदीक्षायां विशिष्टायां विशेषतः ।
वह्निहोमागमज्ञानयोग्यः सञ्जायते शिशुः ।२४।

निमित्त बनेर गर्भाधान कहलाउँछ । स्वतन्त्रतापूर्वक उसमा जुन आत्मगुणहरूको अभिव्यक्ति हुन्छ, त्यसैलाई यहाँ पुंसवन भन्ने मानिएको छ । माया र आत्मा यी दुवै एकापसमा भिन्न छन् भन्ने खालको जुन विवेक ज्ञान उत्पन्न हुन्छ उसैको नाम यहाँ सीमन्तोन्नयन भन्ने रहेको छ । शिव आदि शुद्ध सद्वस्तु स्वीकार गर्नुलाई यहाँ जन्म मानिएको छ । मसिनै शिवत्व छ अथवा म नै शिव हुँ भन्ने जुन बोध हुन्छ, त्यही नै शिवत्वका निम्ति योग्य शिष्यको नामकरण हो । संहारमुद्राले प्रकाशमान अग्निकणजस्तै प्रतीत हुने जीवात्मालाई आफ्ना हृदयकमलमा स्थापित गर्नुपर्छ । त्यसपछि कुम्भक प्राणायामका योगले मूलमन्त्र उच्चारण गर्दै त्यसै बेला हृदयभित्र शक्ति र शिवको समरसतालाई सम्पादन गर्नुपर्छ । ब्रह्मा आदि कारणहरूलाई क्रमशः त्याग गर्दै रेचक योगद्वारा जीवात्मालाई शिवका निकट लगेर उद्भव मुद्राले उसलाई फिर्ता ल्याउँदै पूर्वोक्त हृत्सम्पुटित आत्ममन्त्रले रेचक प्राणायाम गर्दै विधिविधान जानेका गुरुले शिष्यका हृदयकमलका कर्णिकामा त्यस जीवात्मालाई स्थापित गरिदिनुपर्छ । त्यति गरिसकेर गुरुले शिव र अग्निलाई तत्काल उचित हुने पूजा गर्नुपर्छ र आफूलाई प्रणाम गर्न शिष्यलाई लगाएपछि उसलाई समयाचारको उपदेश दिनुपर्छ । त्यो उपदेश— इष्टदेवता शिवको निन्दा कहिल्यै गर्नुहुँदैन, शिवसम्बन्धी शास्त्रको निन्दाबाट पनि परै बस्नुपर्छ, शिव निर्माल्य आदिलाई कहिल्यै नाघ्नुहुँदैन, जीवनभरि शिव, अग्नि र गुरुदेवको पूजा गरिरहनुपर्छ र बालक, बुद्धिहीन, वृद्ध, स्त्री, भोका एवं रोगीहरूलाई सकेसम्म धन आदि वस्तु दिनुपर्छ भन्ने किसिमको छ । समर्थ व्यक्तिले जेसुकै कुरो दान गर्नुपर्छ भन्ने खालको नियम छ भनिएको छ । व्रतको अङ्गका रूपमा रहेका जटा, भस्म, दण्ड, कौपीन एवं संयमपोषक आदि अन्य वस्तुहरूलाई ईशान आदि नामले अथवा पछाडि नमः लगाएर उनकै नामका मन्त्रले क्रमशः मन्त्रैदै अन्त्यमा स्वाहा लगाएको संहिता मन्त्र पाठ गर्दै तिनलाई पात्रमा राख्नुपर्छ र पूर्ववत् सम्पातभिहत नामका विशेष संस्कारले संस्कारित गरेर वेदीमा स्थापना गरेर पूजति स्थण्डिलेश नामका भगवान् शिवका समक्ष उपस्थित गर्नुपर्छ । यिनको रक्षाका लागि क्षणभर कलशका मुनि राख्नुपर्छ । त्यसपछि गुरुले शिवको आज्ञा लिएर उक्त सबै वस्तु व्रतधारी शिष्यलाई अर्पित गर्नुपर्छ । यसै किसिमले विशेष रूपले विशिष्ट समयदीक्षा सम्पन्न भएपछि शिष्यले अग्निहोम र आगम ज्ञानका लागि योग्य हुन्छ ।१-२४।

८३. त्र्यशीतितमोऽध्यायः

निर्वाणदीक्षाकथन

ईश्वर उवाच

अथ निर्वाणदीक्षायां कुर्यान्मूलादिदीपनम्।
पाशबन्धनशक्त्यर्थं ताडनादिकृतेन वा ।१।
एकैकया तदाहुत्या प्रत्येकं तत् त्रयेण वा।
बीजगर्भशिखार्द्धन्तु हूं फडन्तध्रुवादिना ।२।
ओं हूं ह्रौं हौं हूं फडिति मूलमन्त्रस्य दीपनम्।
ओं हूं हौं हौं हूं फडिति हृदय एवं शिरोमुखे ।३।
प्रत्येकं दीपं कुर्य्यात्सर्व्वस्मिन्क्रूरकर्मणि।
शान्तिके पौष्टिके चास्य वषडन्तादिनाणुना ।४।
वषड्वौषट्समोपैतैः सर्वकाम्योपरिस्थितैः।
हवनं संवरैः कुर्य्यात्सर्वत्राप्यायनादिषु ।५।
ततः स्वसव्यभागस्थं मण्डले शुद्धविग्रहम्।
शिष्यं सम्पूज्य तत्सूत्रं सुषुम्णेति विभावितम् ।६।
मूलेन तच्छिखाबन्धं पादाङ्गुष्ठान्तमानयेत्।
संहारेण मुमुक्षोस्तु बध्नीयाच्छिष्यकायके ।७।
पुंसस्तु दक्षिणे भागे वामे नार्य्या नियोजयेत्।
शक्तिं च शक्तिमन्त्रेण पूजितां तस्य मस्तके ।८।
संहारमुद्रयाऽऽदाय सूत्रं तैनैव योजयेत्।
नाडीं त्वादाय मूलेन सूत्रे न्यस्य हृदार्च्चयेत् ।९।
अवगुण्ठ्य तु रुद्रेण हृदयेनाहुतित्रयम्।
प्रपद्यात्सन्निधानार्थं शक्तावप्येवमेव हि ।१०।
ओं हां वर्णाध्वने नमो हाँ भवनाध्वने नमः।
हां ओं कलाध्वने नमः शोध्याध्वानं हि सूत्रके ।११।
न्यस्यास्त्रवारिणा शिष्यं प्रोक्ष्यास्त्रमन्त्रितेन च।
पुष्पेण हृदिसन्ताड्य शिष्यदेहे प्रविश्य च ।१२।

ईश्वरले भने– हे षडानन स्कन्द ! त्यसपछि निर्वाण दीक्षामा पाशबन्धन शक्ति र ताडन आदिका लागि मूलमन्त्र आदिलाई दीपन गर्नुपर्छ। त्यस बेला प्रत्येकलाई एकएक वा तीनतीन आहुति दिएर मन्त्रहरूका दीपनकर्म सम्पन्न गर्नुपर्छ। सुरुमा प्रणव र अन्त्यमा हूँ फट् लगाएर बीचमा बीज, गर्भ र शिखाबन्धस्वरूप तीनवटा हूँ उच्चारण गर्नुपर्छ। यसैबाट मूलमन्त्रको दीपन हुन्छ। जस्तै– ओं हूँ हूँ हूँ हूँ फट्। यसैबाट हृदयको दीपन हुन्छ। जस्तै– ओं हूँ हूँ हूँ हूँ फट् हृदयाय नमः। त्यसपछि ओं हूँ हूँ हूँ हूँ फट् शिरसे स्वाहा आदि भनेर शिर आदि अङ्गहरूको दीपन गर्नुपर्छ। समस्त क्रूर कर्महरूमा यसै किसिमले मूल आदिको दीपन गर्नु उचित हुन्छ। शान्तिकर्म, पुष्टिकर्म र वशीकरणमा सुरुमा प्रणव लगाएका मन्त्रको अन्त्यमा वषट् जोडेर उसै मन्त्रले प्रत्येकलाई दीपन गर्नुपर्छ। वषट् र बोषट्ले युक्त तथा सम्पूर्ण काम कर्मभन्दा माथि रहेका शम्बर मन्त्रले आप्यायन आदि सबै कर्ममा हवन गर्नुपर्छ। त्यसपछि आफ्ना वाम भागमा रहेको र मण्डलमा विराजमान शुद्ध शरीरका शिष्यलाई पूजा गरेर एक उत्तम सूत्रमा सुषुम्णा नाडीको भावना गर्दै मूल मन्त्रले त्यसलाई शिखाबन्धसम्म लगेर त्यहाँबाट फेरि गोडासम्म ल्याउनुपर्छ। अनि संहारक्रमले त्यसलाई फेरि पनि मुमुक्षु शिष्यका शिखाका नजिक लैजानुपर्छ र त्यसलाई त्यहीँ बाँधिदिनुपर्छ। पुरुषका दाहिने भागमा र नारीका बायाँ भागमा त्यो सूत्र निश्चित गर्नु पर्दछ। त्यसपछि शिष्यका मस्तकमा शक्ति मन्त्रले पूजित शक्तिलाई संहार मुद्राले ल्याएर उक्त सूत्रलाई उसै मन्त्रले जोड्नुपर्छ। सुषुम्णा नाडीलाई लिएर मूल मन्त्रले त्यसलाई सूत्रमा न्यास गर्नुपर्छ र हृदय मन्त्रले त्यसको पूजा गर्नुपर्छ। त्यसपछि कवच मन्त्रले अवगुण्ठित गरेर हृदय मन्त्रले तीन आहुति दिनुपर्छ। यी आहुतिहरू नाडीको सन्निधानका लागि दिइन्छन्। शक्तिको सन्धानकालागि पनि यसै किसिमले आहुति दिनुपर्ने विधान छ। त्यसपछि ओं हां ध्वने नमः ओं हां पदाध्वने नमः ओं हां वर्णाध्वने नमः ओं हां मन्त्राध्वने नमः ओं हां कलध्वने नमः ओं हां भुवनाधवने नमः भन्ने यी मन्त्रहरूले पूर्वो सूत्रहरूमा छ किसिमका अध्वाहरूको न्यास गर्नुपर्छ र अस्त्रमन्त्रले मन्त्रिएका जलले शिष्यलाई प्रोक्षण गर्नुपर्छ। त्यसपछि अस्त्र मन्त्र जप गर्दै पुष्प लिएर त्यसले शिष्यका हृदयमा हान्नुपर्छ।

गुरुश्च तत्र हुङ्कारयुक्तं रेचकयोगतः।
चैतन्यं हंसबीजस्थं विश्लिष्येदायुधात्मना ।१३।
ओं हौं हूं फट् आच्छिद्य शक्तिसूत्रेण हां हं स्वाहेति
चाणुना संहारमुद्रया सूत्रे दाडीभूते नियोजयेत् ।१४।
ओं हां हं हां आत्मने नमः व्यापकं भावयेदेनं
तनुत्रेणावगुण्ठयेत् आहुतित्रितयं दद्याद् हृदा सन्निधिहेतवे ।१५।
विद्यादेहं च विन्यस्य शान्त्यतीतावलोकनम्।
तस्यामितरतत्त्वाद्यं मन्त्रभूतं विचिन्तयेत् ।१६।
ओं हां हौं शान्त्यतीतकलापाशाय नम इत्यनेनावलोकयेत्।
द्वे तत्त्वे मन्त्रमप्येकं पदं वर्णाश्च षोडश।
तथाऽष्टौ भुवनान्यस्यां बीजनाडीकथद्वयम् ।१७।
विषयं च गुण चैकं कारणं च सदाशिवम्।
सितायां शान्त्यतीतायामन्तर्भाव्य प्रपीडयेत् ।१८।
ओं हौं शान्त्यतीतकलापाशाय हूं फट्।
संहारमुद्रयाऽऽदाय विदध्यात्सूत्रमस्तके।
पूजयेदाहुतीस्तिस्रोदद्यात्सन्निधिहेतवे ।१९।
तत्त्वे द्वे अक्षरे द्वे च बीजनाडीकथद्वयम्।
गुणौ मन्त्रौ तथाऽब्जस्थमेकं कारणमीश्वरम् ।२०।
पदानि भानुसङ्ख्यानि भुवनानि दशसप्त च।
एकं च विषयं शान्तौ कृष्णायामच्युतं स्मरेत् ।२१।
ताडयित्वा समादाय मुखसूत्रे नियोजयेत्।
जुहुयान्निजबीजेन सान्निध्यायाहुतित्रयम् ।२२।
विद्यायां सप्त तत्त्वानि पदानामेकविंशतिम्।
षड्वर्णन्सञ्चरं चैकं लोकानां पञ्चविंशतिम् ।२३।
गुणानां त्रयमेकं च विषयं रुद्रकारणम्।
अन्तर्भाव्यातिरिक्तायां बीजनाडीकथद्वयम् ।२४।
अस्त्रमादाय दद्याच्च पदं द्व्यधिकविंशतिम्।
लोकानां च कलानां च षष्टिं गुणचतुष्टयम् ।२५।

त्यसपछि हुंकारयुक्त रेचक प्राणायामका योगले शिष्यका शरीरमा प्रवेश गरेर उसकै भित्र हंस बीजमा स्थित जीव चैतन्यलाई अस्त्रमन्त्र पढेर त्यहाँबाट छुट्याउनुपर्छ। त्यसपछि ओं हः हूं फट् भन्ने शक्तिसूक्तले र हां हां स्वाहा भन्ने मन्त्रले संहारमुद्राद्वारा उक्त नाडीरूप सूत्रमा त्यस छुट्याइएका जीव चैतन्यलाई नियुक्त गर्नुपर्छ। ओं हां हां हामात्मने नमः भन्ने मन्त्रको जप गर्दै जीवात्मा व्यापक भएका भावना गर्नुपर्छ। त्यसपछि कवच मन्त्रले त्यसलाई अवगुण्ठन गरी त्यसको सान्निध्यका लागि हृदय मन्त्रले तीन पटक आहुति दिनुपर्छ। त्यसपछि विद्यादेहको न्यास गरी त्यसमा शान्त्यतीतकला अवलोकन गर्नुपर्छ। त्यस कलाभित्र अन्य तत्त्वहरूले युक्त आत्माको चिन्तन गर्नुपर्छ। ओं हुं शान्त्यतीतकलापाशाय नमः भन्ने मन्त्रले उक्त कलालाई अवलोकन गर्नुपर्छ। दुई तत्त्व, एक मन्त्र, एक पद, सोह्र वर्ण, आठ भुवन, क, ख आदि बीज र नाडी, दुई कलाहरू, विषय, गुण र एकमात्र कारणभूत सदाशिव यी सबैलाई श्वेतवर्णा शान्त्यतीतकलामा अन्तर्भाव गरेर ओं शान्त्यतीतकलापाशाय हुँ फट् भन्ने मन्त्रले ताडन गर्नुपर्छ।१-१८।

संहार मुद्राले उक्त कलापाश लिएर सूत्रका मस्तकमा राखेर त्यसको पूजा गर्नुपर्छ। त्यसपछि त्यसको सान्निध्यका निम्ति पूर्ववत् तीन आहूति दिनुपर्छ। शान्त्यतीत कलाको आफ्नो बीज भनेको हुँ हो। दुई तत्त्व, दुई अक्षर, बीज, नाडी, क, ख यी दुई अक्षर, दुई गुण, दुई मन्त्र, कमलमा विराजमान एक मात्र कायाभूत ईश्वर, बाह्र पद, सातलोक र एक विषय, यी सबैलाई कृष्णवर्णा शान्तिकलाको भित्र चिन्तन गर्नुपर्छ। त्यसपछि पूर्ववत् फूल वर्षा गरी सूत्रको मुखाभागमा यी सबैलाई नियोजन गर्नुपर्छ। त्यसपछि सान्निध्यका लागि बीज मन्त्रले तीन आहुति दिनुपर्छ। शान्ति कलाका आफ्नो बीज हूँ हूँ हो। सात तत्त्व, एक्काईस पद ङ वर्ण, एक शम्बर, पच्चीस लोक, तीन गुण, एक विषय, रुद्र रूप, कारण तत्त्व, बीज, नाडी र क, ख यी कलाहरू यी सबैलाई अत्यन्त रातो वर्ण भएकी विद्या कलामा अन्तर्भाव गरेर आवाहन र संयोजनपूर्वक पूर्वोक्त सूत्रका हृदय भागमा स्थापित गरेर उसैको मन्त्रले पूजन गर्नपर्छ र यी सबैको सन्निधिका लागि पूर्ववत् ती आहुति दिनुपर्छ। आहुतिका लागि हूँ हूँ हूँ भन्ने बीजमन्त्र रहेको छ। चौबीस तत्त्व, पच्चीस वर्ण, बीज, नाडी, क, ख यी दुई कलाहरू, वाईस पद, साठी लोक, साठी कला, चार गुण, तीन मन्त्र, एक विषय र कारणरूप श्रीहरिलाई शुक्ल वर्णा

मन्त्राणां त्रयमेकं च विषयं कारणं हरिम् ।
अन्तर्भाव्य प्रतिष्ठायां शुक्लायां ताडनादिकम् ।२६।
विधाय नाभिसूत्रस्थां सन्निधायाहुतीर्यजेत् ।
ह्रीं भुवनानां शतं साग्रं पदानामष्टविंशतिम् ।२७।
बीजनाडीसमीराणां द्वयोरिन्द्रिययोरपि ।
वर्ण तत्त्वं च विषयमेकैकं गुणपञ्चकम् ।२८।
हेतुं ब्रह्माण्डमन्त्रस्थं शम्बराणां चतुष्टयम् ।
निवृत्तौ पीतवर्णायामन्तर्भाव्य प्रताडयेत् ।२९।
आदौ यत्तत्त्वभागान्ते सूत्रे विन्यस्य पूजयेत् ।
जुहुयादाहुतीस्तिस्रः सन्निधानाय पावके ।३०।
इत्यादाय कलासूत्रे योजयेच्छिष्यविग्रहात् ।
सबीजायां तु दीक्षायां समयाचारयागतः ।३१।
देहारम्भकरक्षार्थं मन्त्रसिद्धिफलादपि ।
इष्टापूर्त्तादिधर्म्मार्थं व्यतिरिक्तं प्रबन्धकम् ।३२।
चैतन्यबोधकं सूक्ष्मं कलानामन्तरे स्मरेत् ।
अमुनैव क्रमेणाथ कुर्य्यात्तर्पणदीपने ।३३।
आहुतिभिः स्वमन्त्रेण तिसृभिस्तिसृभिस्तथा ।
ओं ह्रौं शान्त्यतीतकलापाशाय स्वाहेत्यादितर्पणम् ।
ओं हां हं हां शान्त्यतीतकलापाशाय हूम्मफडित्यादिदीपनम् ।
तत्सूत्रं व्याप्तिबोधाय कलास्थानेषु पञ्चसु ।३४।
सङ्गृह्य कुङ्कुमाज्येन तत्र साङ्गं शिवं यजेत् ।
हूम्फडन्तैः कलामन्त्रैर्भित्त्वा पाशाननुक्रमात् ।३५।
नमोऽन्तैश्च प्रविश्यान्तः कुर्य्याद्ग्रहणबन्धने ।
ओं हूं हां ह्रौं हां हुं फट् शान्त्यतीतकलां गृह्णामि बध्नामि चेत्यादिमन्त्रैः कलानां ग्रहणबन्धनादिप्रयोगः
पाशादीनां च स्वीकारो ग्रहणं बन्धनं पुनः ।३६।
पुरुषं प्रति निःशेषव्यापारप्रतिपत्तये ।
उपवेश्याथ तत्सूत्रं शिष्यस्कन्धे निवेशयेत् ।३७।
विस्तृताघप्रमोषाय शतं मूलेन होमयेत् ।

प्रतिष्ठा कलामा अन्तर्भाव गरी फूल छर्कने आदि गर्नुपर्छ । त्यसपछि यी सबैलाई पूर्वोक्त सूत्रका नाभी भागमा संयोजन गरी सन्निधिकरणका लागि तीं आहुति दिनुपर्छ । त्यसकालागि बीजमन्त्र हूँ हूँ हूँ हो । एकसय आठ भुवन वा लोक, अठ्ठाईस पद, बीज, नाडी र समीरका दुई दुई सङ्स्था, दुई इन्द्रिय, एक वर्ण, एक तत्त्व, विषय, पाँच गुण, कारण रूप कमलासन ब्रह्मा र चार शम्बर यी सबैलाई पीतवर्णा निवृत्तिकलामा अन्तर्भाव गरी ताडन गर्नुपर्छ । यिनलाई ग्रहण गरेर सूत्रका चरण भागमा स्थापित गरिसकेपछि यिनीहरूको पूजा गर्नुपर्छ र यिनको सान्निध्यकालागि अग्निमा तीन आहुति दिनुपर्छ । आहुतिकालागि बीजमन्त्र हूँ हुँ हूँ हूँ हूँ हो । यस किसिमले सूत्रगत पाँच कलशहरू लिएर शिष्यका शरीरमा तिनलाई संयोजन गर्नुपर्छ । सबीज दीक्षामा समयाचारपाशले देहारम्भक धर्मले, मन्त्रसिद्धिका फलले र इष्टापूर्ति आदि धर्मले पनि विभिन्न चैतन्यरेन्धक सूक्ष्म प्रबन्धमलाई कलाहरूमै चिन्तन गर्नुपर्छ । यसै क्रमले उसैका मन्त्रले तीन तीन आहुति दिँदै तर्पण र दीपन गर्नुपर्छ । ओं हूँ शान्त्यतीकलापाशाय स्वाहा इत्यादि मन्त्रले तर्पण गर्नुपर्छ । ओं हूँ हूँ शान्त्यतीकलापाशाय हूँ हूँ फट् इत्यादि मन्त्रले दीपन गरेर पूर्वोक्त सूत्रको ख्याति बोधका निम्ति पाँचौं कलाहरू सुरक्षापूर्वक स्थानमा राखी त्यसमाथि कुङ्कुम आदिले अङ्गसहित शिवको पूजन गर्नुपर्छ । त्यसपछि कलामन्त्रका अन्त्यमा हूँ फट् भन्ने यी दुई पद जोडेर तिनको उच्चारण गर्दै क्रमशः पाशहरूको भेदन गरी नमस्कार अन्त्यमा लगाइएका कलामन्त्रले नै तिनीहरूभित्र प्रवेश गर्नुपर्छ । त्यसकासाथै ती कलाहरू ग्रहण एवं बन्धनगरी ओं हूँ हूँ हूँ शान्त्यतीत कलां गृह्णामि बध्नामि च भन्ने मन्त्रले कलाहरूलाई ग्रहण एवं बन्धन आदिको प्रयोग गरिन्छ । पाश आदिको वशीकरण, ग्रहण र बन्धन तथा पुरुषप्रतिका सम्पूर्ण व्यवहारको निषेध यस्तो बारम्बार प्रत्येक कलाका लागि आवश्यक गर्नुपर्ने हुन्छ । त्यसपछि शिष्यलाई बसाएर पूर्वोक्त सूत्र उसका काँधदेखि लिएर हातसम्म दिनुपर्छ र भुलचुकमा रहेका पापहरूलाई नाश गर्नका लागि सय पटक मूलमन्त्रले नै हवन गर्नुपर्छ । अस्त्र सम्बन्धी मन्त्रका सम्पुटमा पुरुषको र प्रणवका सम्पुटमा स्त्रीका सूत्रलाई राखेर त्यसलाई हृदय मन्त्रले सम्पुटित गरेर उसै मन्त्रले त्यसको पूजा गर्नुपर्छ । साङ्ग शिवबाट सूत्रलाई सम्पात रूपमा शोधन गर्नुपर्दछ ।१९-३९।

त्यसपछि कलशका मुनि राख्नुपर्छ र त्यसको रक्षाका लागि इष्टदेवतासित प्रार्थना गर्नुपर्छ । शिष्यका हातमा

शरावसम्पुटे पुंसः स्त्रियाश्च प्रणितोदरे ।३८।
हृदस्त्रसम्पुटं सूत्रं विधायाभ्यर्च्चयेद्धृदा ।
सूत्रं शिवेन साङ्गेन कृत्वा सम्पातशोधितम् ।३९।
निदध्यात्कलशस्याधो रक्षां विज्ञापयेदिति ।
शिष्यं पुष्पं करे दत्त्वा सम्पूज्य कलशादिकम् ।४०।
प्रणमय्य बहिर्यायाद्यागमन्दिरमध्यतः ।
मण्डलत्रितयं कृत्वा मुमुक्षूनुत्तरानना्न् ।४१।
भुक्तये पूर्व्ववक्त्राश्च शिष्यांस्तत्र निवेशयेत् ।
प्रथमे पञ्चगव्यस्य प्राशयेच्चुल्लकत्रयम् ।४२।
पाणिना कुशयुक्तेन अर्चितानन्तरान्तरम् ।
चरुं ततस्तृतीये तु ग्रासत्रितयसम्मितम् ।४३।
अष्टग्रासप्रमाणं वा दशनस्पर्शवर्जितम् ।
पालाशपुटके मुक्तौ भुक्तौ पिप्पलपत्रके ।४४।
हृदा सम्भोजनं दत्त्वा पूतैराचामयेज्जलैः ।
दन्तकाष्ठं हृदा कृत्वा प्रक्षिपेच्छोभने शुभम् ।४५।
न्यूनादिदोषमोषाय मूलेनाष्टोत्तरं शतम् ।
विधाय स्थण्डिलेशाय सर्व्वकर्मसमर्पणम् ।४६।
पूजाविसर्जनं चास्य चण्डेशस्य च पूजनम् ।
निर्म्माल्यमपनीयाथ शेषमग्नौ यजेच्चरोः ।४७।
कलशं लोकपालांश्च पूजयित्वा विसृज्य च ।
विसृजेदगणमग्निं च रक्षितं यदि बाह्यतः ।४८।
बाह्यतो लोकपालानां दत्त्वा सङ्क्षेपतो बलिम् ।
भस्मना शुद्धतोयैर्वा स्नात्वा यागालयं विशेत् ।४९।
गृहस्थान्दर्भशय्यायां पूर्वशीर्षान्सुरक्षितान् ।
हृदा सद्भस्मशय्यायां यतीन्दक्षिणमस्तकान् ।५०।
शिखाबद्धशिखानस्त्रसप्तमाणवकान्वितान् ।
विज्ञाय स्नापयेच्छिष्यांस्ततो यायात्पुनर्बहिः ।५१।
ओं हिलि हिलि त्रिशूलपाणये स्वाहा ।
पञ्चगव्यं चरुं प्राश्य गृहीत्वा दन्तधावनम् ।
समाचम्य शिवं ध्यात्वा शय्यामास्थाय पावनीम् ।५२।
दीक्षागतं क्रियाकाण्डं संस्मरन्संविशेद् गुरुः ।
इति सङ्क्षेपतः प्रोक्तो विधिर्दीक्षाधिवासने ।५३।

फूल दिएर कलश आदिको पूजन एवं प्रणाम गरिसकेपछि यागमन्दिरका बीचबाट बाहिर जानुपर्छ । त्यहाँ तीन मण्डल बनाएर मुक्तिको इच्छा गर्ने शिष्यलाई उत्तरतिर मुख पारेर बसाउनुपर्छ र भोगको रहर गर्ने शिष्यलाई पूर्वतिर मुख पारेर राख्नुपर्छ । पहिले कुशसहितका हातले तीन हत्केला पञ्चगव्य खुवाउनुपर्छ । बीचमा आचमन आदि केही नगर्नू । त्यसपछि अर्कोपटक प्रत्येक शिष्यलाई तीन अथवा आठ गाँस चरु दिनुपर्छ । मुक्तकामी शिष्यलाई पलाशको दुनामा र भोगको इच्छा गर्नेलाई पिपलको पातले बनेको दुनामा चरु दिएर हृदयमन्त्र उच्चारण गर्दै त्यो चरु दाँतमा नछुवाई खुवाउनुपर्छ । चरु दिएपछि गुरु स्वयंले हात धोई शुद्ध भएर पवित्र जलले ती शिष्यलाई आचमन गराउनुपर्छ । त्यसपछि हृदयमन्त्रले नै दन्तधावन गरी त्यसलाई फ्याँकिदिनुपर्छ । त्यसको मुखभाग शुभ दिशातर्फ भयो भने त्यसको फल शुभ हुन्छ । न्यूनता आदि दोषहरू समाप्त गर्नका लागि मूलमन्त्रले एकसय आठपटक आहुति दिनुपर्छ । वेदीमा स्थापित स्थण्डिलेश्वर शिवलाई सम्पूर्ण कर्म समर्पित गर्नुपर्छ । त्यसपछि उनको पूजा र विसर्जन गरेर चण्डेशको पूजा गर्नुपर्छ । त्यसपछि निर्माल्य हटाएर शेष रहेको चरु अग्निमा होमिदिनुपर्छ । कलश र लोकपालहरूको पूजन र विसर्जन गरेर गण र अग्निलाई पनि बाह्य दिशामा रक्षित छन् भने विसर्जन गर्नुपर्छ । मण्डलभन्दा बाहिर लोकपालहरूलाई पनि सङ्क्षेपमा बलि अर्पित गरेर भस्म र शुद्ध जलले स्नान गराइसकेपछि यज्ञमण्डपमा प्रवेश गर्नुपर्छ गृहस्थ साधकलाई कुशल शय्यामा अस्त्रमन्त्रले रक्षित गरेर त्यहाँ सुताउनुपर्छ । उनको सिरान पूर्वतिर हुनुपर्छ । जुन साधक वा शिष्य विरक्त छन् उनलाई हृदयमन्त्रले उत्तम भस्ममय शय्यामा सुताउनुपर्छ । ती सबैको शिर दक्षिण दिशातर्फ हुनुपर्छ । सबै शिष्य अस्त्रमन्त्रले सुरक्षित भएर शिखामन्त्रले सबैले शिखा बाँध्नुपर्छ । त्यसपछि गुरुले उनलाई स्वप्नमानवको परिचर दिएर सुत्न जाने अनुमति दिँदै आफू मण्डलबाट बाहिर जानुपर्छ । यसपछि ओं हिलिहिलि त्रिशूलपाणये नमः स्वाहा भन्ने मन्त्रले पञ्चगव्यसहित चरु प्राशन गर्ने र दन्तधावन गरी आचमन गर्नुपर्छ । त्यसपछि भगवान् शिवको ध्यान गरेर पवित्र शय्यामा आई दीक्षासम्बन्धी कर्मकाण्डहरू सम्झँदै आएर गुरुले सुत्नुपर्छ । यसै किसिमले दीक्षाधिवासनको विधि सङ्क्षेपमा बताइयो ।४०-५३।

८४. चतुरशीतितमोऽध्यायः

निर्वाणदीक्षा

श्वर उवाच

थ प्रातः समुत्थाय कृतस्नानादिको गुरुः ।

्यार्द्रमांसमद्यादेः प्रशस्ताऽभ्यवहारिता ।१।

जाऽश्वारोहणं स्वप्ने शुभं शुक्लांशुकादिकम् ।

लाभ्यङ्गादिकं हीनं होमो घोरेण शान्तये ।२।

त्यकर्म्मद्वयं कृत्वा प्रविश्य मखमण्डपम् ।

ाचान्तो नित्यवत्कर्म्म कुर्य्यान्नैमित्तिके विधौ ।३।

तः संशोध्य चात्मानं शिवहस्तं तथात्मनि ।

न्यस्य कुम्भगं प्राच्यं इन्द्रादीनामनुक्रमात् ।४।

ण्डले स्थण्डिले वाऽपि प्रकुर्वीत शिवार्च्चनम् ।

र्पणं पूजनं वह्नेः पूर्णान्तं मन्त्रतर्पणम् ।५।

स्वप्नदोषमोषाय शस्त्रेणाष्टाधिकं शतम् ।

त्वा हूँ सम्पुटेनैव विदध्यान्मन्त्रदीपनम् ।६।

न्तर्बलिविधानं च मध्ये स्थण्डिलकुम्भयोः ।

त्वा शिष्यप्रवेशाय लब्धानुज्ञो बहिर्व्रजेत् ।७।

र्य्यात्समयवत्तत्र मण्डलारोपणादिकम् ।

म्पातहोमं तन्नाडीरूपदर्भकरानुगम् ।८।

त्सन्निधानाय तिस्रो हुत्वा मूलाणुनाऽहुतीः ।

म्भस्थं शिवमभ्यर्च्य पाशसूत्रमुपाहरेत् ।९।

ादक्षिणोर्ध्वकायस्य शिष्यस्याभ्यर्चितस्य च ।

च्छिखायां निबध्नीयात्पादाङ्गुष्ठावलम्बितम् ।१०।

निवेश्य निवृत्तेस्तु व्याप्तिमालोक्य चेतसा ।

यानि भुवनान्यस्यां शतमष्टाधिकं ततः ।११।

पालोऽजश्च बुद्धश्च वज्रदेहः प्रमर्दनः ।

भूतिरव्ययः शास्ता पिनाकी त्रिदशाधिपः ।१२।

ग्नी रुद्रो हुताशी च पिङ्गलः खादको हरः ।

ज्वलनो दहनो बभ्रुर्भस्मान्तकक्षपान्तकौ ।

ईश्वरले भने— हे स्कन्द ! त्यसपछि बिहानै उठी स्नान आदिबाट निवृत्त भएर गुरुले शिष्यलाई उसले देखेको स्वप्न सोध्नुपर्छ । स्वप्नमा दही, काँचो मासु र मादक पदार्थ आदि देखिनु उत्तम बताइएको छ । यस्तो स्वप्न शुभसूचक हुन्छ । सपनामा हात्ती घोडामा चढ्नु तथा सेतो वस्त्र आदि देख्नु शुभ हो । स्वप्नमा तेल लगाएको देख्नु अशुभ मानिन्छ । त्यसको शान्तिका लागि अघोर मन्त्रले होम गर्नुपर्छ । प्रातः र मध्याह्नका दुई समयमा नित्यकर्म गरेर यज्ञमण्डपमा प्रवेश गर्नुपर्छ र र विधिवत् आचमन गरी नैमित्तिक विधिमा पनि नित्यको जस्तै कर्म गर्नुपर्छ । त्यसपछि अध्व शुद्धि गरेर आफूमाथि शिवहस्त राख्नुपर्छ । त्यसपछि कलशस्थ शिवको पूजन गरेर क्रमशः इन्द्रादि दिक्पालहरूलाई पनि पूजा गर्नुपर्छ । मण्डलमा र वेदीमा पनि भगवान् शिवको पूजा गर्नुपर्छ । त्यसपछि तर्पण, अग्निपूजन, पूर्णाहुतिसम्मका होम र मन्त्र तर्पण गर्नुपर्छ । दुःस्वप्नबाट उत्पन्न दोषहरूको निवारणका लागि हुँ ले सम्पुहित गरिएको अस्त्रमन्त्र हूँ फट् हुँ ले एकसय आठ आहुति दिएर मन्त्र दीपन गर्नुपर्छ । वेदी र कलशका मध्यभागमा अन्तर्बलिको अनुष्ठानगरी शिष्यले प्रवेश गर्नकालागि इष्टदेवसित आज्ञा लिएर गुरुले मण्डपबाट बाहिर जानुपर्छ । त्यहाँ समय दीक्षाकै जस्तो गरी मण्डलारोपण आदि गर्नुपर्छ । सम्पात होम र सुषुम्णा नाडीरूप कुश शिष्यका हातमा दिने आदि आवश्यक कार्य सम्पन्न गर्नुपर्छ । त्यसपछि निवृत्तिकलाको सान्निध्यका लागि मूल मन्त्रले तीन आहुति दिएर कुम्भमा रहेका शिवको पूजा गरेर कलापाशमय सूत्र अर्पित गर्नुपर्छ । त्यसपछि पूजित शिष्यका माथिल्लो शरीरको दाहिने भागतिर उसैका शिखामा त्यो सूत्र बाँध्नुपर्छ र त्यसलाई गोडाको बुढी औँलोसम्म लम्ब्याउनुपर्छ । यस किसिमले त्यस पाशलाई निवेश गरी त्यसमा मनमनै निवृत्तिकला व्याप्त भएको दर्शन गर्नुपर्छ । त्यसमा एकसय आठ भुवन जान्न योग्य छन् । कपाल, अज, अहिर्बुध्न्य, वज्रदेह, श्रमर्दन, विभूति अव्यय, शास्ता, पिनाकी, त्रिदशाधिप यी दस रुद्रहरू पूर्व दिशामा विराजमान हुन्छन् । अग्निभद्र, हुताश, पिङ्गल, खादक, हर, ज्वलन, दहन, बभ्रु भस्मान्तक, क्षपान्तक यी दस रुद्र अग्निकोणमा रहन्छन् । दम्य, मृत्यहर, धाता, विधाता, कर्ता, काल, धर्म,

याम्यमृत्युहरो धाता विधाता कार्य्यरञ्जकः ।
कालो धर्मोऽप्यधर्मश्च संयोक्ता च वियोगकः ।१४।
नैर्ऋतो मारणो हन्ता क्रूरदृष्टिर्भयानकः ।
उर्द्धांशको विरूपाक्षो धूम्रलोहितदंष्ट्रवान् ।१५।
बलश्चातिबलश्चैव पाशहस्तो महाबलः ।
श्वेतश्च जयभद्रश्च दीर्घबाहुर्जलान्तकः ।१६।
वडवास्यश्च भीमश्च दशैते वारुणाः स्मृताः ।
शीघ्रो लघुर्वायुवेगः सूक्ष्मस्तीक्ष्णः क्षपान्तकः ।१७।
पञ्चान्तकः पञ्चशिखः कपर्दी मेघवाहनः ।
जटामुकुटधारी च नानारत्नधरस्तथा ।१८।
निधीशो रूपवान्धन्यः सौम्यदेहः प्रसादकृत् ।
प्रकाशोऽप्यय लक्ष्मीवान्कामरूपो दशोत्तरे ।१९।
विद्याधरो ज्ञानधरः सर्वज्ञो वेदपारगः ।
मातृवृत्तश्च पिङ्गाक्षो भूतपालो बलिप्रियः ।२०।
सर्वविद्याविधाता च सुखदुःखहरो दश ।
अनन्तः पालको धीरः पातालाधिपतिस्तथा ।२१।
वृषी वृषधरो वीर्य्यो ग्रसनः सर्वतोमुखः ।
लोहितश्चैव विज्ञेया दश रुद्राः फणिस्थिताः ।२२।
शम्भुर्विभुर्गणाध्यक्षस्त्र्यक्षस्त्रिदशवन्दितः ।
संहारश्च विहारश्च लाभो लिप्सुर्विचक्षणः ।२३।
अत्ता कुहककालाग्निरुद्रो हाटक एव च ।
कूष्माण्डश्चैव सत्यश्च ब्रह्मा विष्णुश्च सप्तमः ।२४।
रुद्रश्चाष्टाविमे रुद्राः कटाहाभ्यन्तरे स्थिताः ।
एतेषामेव नामानि भुवनानामपि स्मरेत् ।२५।
भवोद्भवः सर्वभूतः सर्वभूतसुखप्रदः ।
सर्वसान्निध्यकृन्द् ब्रह्मविष्णुरुद्रशरार्चितः ।२६।
संस्तुत पूर्वस्थित ओं साक्षिन् ओं रुद्रान्तक ओं पतङ्ग ओं शब्द ओं सूक्ष्म ओं शिव सर्व सर्वद सर्वसान्निध्यकर ब्रह्मविष्णुरुद्रकर ओं नमः शिवाय ओं नमो नमः अष्टाविंशतिपादानि व्योम व्यापि मनोगुह

अधर्म, संयोक्ता, वियोजक यी दस रुद्रहरू दक्षिण दिशामा शोभायमान भएका हुन्छन् । नैर्ऋत्य, मारुत, हन्ता, क्रूरदृष्टि, भयानक, ऊर्ध्वकेश, विरूपाक्ष, धूम्र, लोहित, दंष्ट्री यी दस रुद्रहरू नैर्ऋत्य कोणमा रहेका छन् । बल, अतिबल, पाशहस्त, महाबल, श्वेत, जयभद्र, दीर्घबाहू, जलान्तक, वडवास्य र भीम यी दस रुद्रहरू वरुण दिशामा रहेका छन् भनिन्छ । शीघ्र, लघु, वायुवेश, सूक्ष्म, तीक्ष्ण, क्षमान्तक, पञ्चान्तक, पञ्चशिख, कपर्दी, मेधवाहन यी दस रुद्रहरू वायव्य कोणमा रहन्छन् । जटामुकुटधारी, नानारत्नधर, निधीश, रूपवान्, धन्य, सौम्यदेह, प्रसादकृत, प्रकाम, लक्ष्मीवान् र कामरूप यी दस रुद्रहरू उत्तर दिशामा रहेका छन् । विद्याधर, ज्ञानधर, सर्वज्ञ, वेदपारग, मातृवृत्त, पिङ्गाक्ष, भूतपाल, बलिप्रिय, सर्वविद्याविधाता, सुखदुःखकर यी दस रुद्रहरू ईशानकोणमा रहेका छन् । अनन्त, पालक, धीर, पातालाधिपति, वृष, वृषधर, वीर, ग्रसन, सर्वतोमुख, लोहित यी दस रुद्रको स्थिति तलतिरको दिशा पाताललोकमा छ भन्ने बुझ्नुपर्छ । शम्भु, विभु, गणाध्यक्ष, ऋक्ष, त्रिदशवन्दित, संवाह, विवाह, नभ, लिप्सु, विचक्षण यी दस रुद्रहरू ऊर्ध्वदिशामा विराजमान् छन् । हुहूक, कालाग्निरुद्र, हाटक, कूष्माण्ड, सत्य, ब्रह्मा, विष्णु र रुद्र यी आठ रुद्रहरू ब्रह्माण्डरूपी कराहीभित्रै रहेका छन् । यिनीहरूकै नामका आधारमा एक सय आठ भुवनहरूको नाम पनि रहेका छन् भन्ने स्मरण रहनुपर्दछ ।१-२५।

सद्भावेश्वर, महातेजः, भोगाधिपते, मुञ्चमुञ्च, प्रमथ प्रमथ, शर्वशर्व, भवभव, भर्वाद्भव, सर्वभूतसुखप्रद, सर्वसान्निध्यहर, ब्रह्मविष्णुरुद्रपर, अनर्चितानर्चित, असंस्तुतासंस्तुत, पूर्वस्थित पूर्वस्थित, साक्षिन्साक्षिन्, तुरुतुरु, पतङ्गपतङ्ग, पिङ्गपिङ्ग, ज्ञानज्ञान, शब्दशब्द, सूक्ष्मसूक्ष्म, शिव, सर्व, सर्वद, ओं नमो नमः, ओं नमः, शिवाय, नमोनमः यी अट्ठाईस पद हुन् । हे स्कन्द ! व्यापक आकाश मन हो । ओं नमो बौषट् यी अभीष्ट मन्त्रवर्ण हुन् । आकार र लकार भएका अँ लँ बीज हुन् । ईडा र पिङ्गला नाम भएका दुई नाडीहरू हुन् । प्राण र अपान दुई वायु हुन् र घ्राण तथा उपस्थ यी दुई इन्द्रियहरू हुन् । गन्धलाई विषय भनिएको छ र गन्ध आदि यसमा पाँच गुण हुन्छन् । यो पृथ्वीतत्त्वमा सम्बन्धित छ । यसको रङ्ग पहेँलो छ । यसको मण्डलाकृति चारकुने छ र चारैतिर वज्रले चिह्न अङ्कित भएको छ । यस पार्थिव मण्डलको विस्तार सयकोटी योजन मानिएको छ । चौध योनिहरूलाई पनि यसैका अन्तर्गत रहेका जान्नुपर्छ । प्रथम

सद्योहृदस्त्रनेत्राणि मन्त्रवर्णाष्टको मतः ।२७।
बीजाकारो मकारश्च नाड्याविडापिङ्गलाह्वये ।
प्राणापानावुभौ वायू घ्राणोपस्थौ तथेन्द्रिये ।२८।
गन्धस्तु विषयः प्रोक्तो गन्धादिगुणपञ्चके ।
पार्थिवं मण्डलं पीतं वज्राङ्कं चतुरस्त्रकम् ।२९।
विस्तारो योजनानां तु कोटिरस्य शताहता ।
अत्रैवान्तर्गता ज्ञेया योनयोऽपि चतुर्दश ।३०।
प्रथमा सर्वदेवानां मन्याद्या देवयोनयः ।
मृगः पक्षी च पशवश्चतुर्द्धा तु सरीसृपाः ।३१।
स्थावरं पञ्चमं सर्वं योनिः षष्ठी अमानुषी ।
पैशाचं राक्षसं याक्षं गान्धर्वं चैन्द्रमेव च ।३२।
सौम्यं प्राणेश्वरं ब्राह्ममष्टमं परिकीर्त्तितम् ।
अष्टानां पार्थिवं तत्त्वमधिकारास्पदं मतम् ।३३।
लयस्तु प्रकृतौ बुद्धौ भोगो ब्रह्मा च कारणम् ।
ततो जाग्रदवस्थानैः समस्तैर्भुवनादिभिः ।३४।
निवृत्तिं गर्भितां ध्यात्वा स्वमन्त्रेण नियोज्य च ओं हां हूँ हां निवृत्तिकलापाशाय हूं फट् तत् ओं हां हां निवृत्तिकलापाशाय स्वाहेत्यनेनाङ्कुशमुद्रया पूरकेणाकृष्य ओं हूं हां हूं निवृत्तिकलापाशाय हूं फडित्यनेन संहारमुद्रया कुम्भकेनाधःस्थानादादाय ओं ओं ह्रं हां निवृत्तिकलापाशाय नमः इत्यनेनोर्ध्वमुद्रया रेचकेन कुम्भे संस्थाप्य ओं हां निवृत्तिकलापाशाय नमः इत्यनेनार्घ्यं दत्त्वा सम्पूज्य विमुखेनैव स्वाहान्तेनैव सन्निधानायाहुतित्रयं सन्तर्पणाहुतित्रयं च दत्त्वा ओं हां ब्रह्मणे नम इति ब्रह्माणमावाह्य सम्पूज्य च स्वाहान्तेन सन्तर्प्य ब्रह्मस्तवाधिकारेऽस्मिन्मुमुक्षुं दीक्षयाम्यहम् ।३५।
भाव्यं त्वयाऽनुकूलेन विधिं विज्ञापयेदिति ।
आवाहयेत्ततो देवीं रक्षां वागीश्वरीं हृदा ।३६।
इच्छाज्ञानक्रियारूपां षड्विधां ह्योककारणम् ।
पूजयेत्तर्पयेद्देवीं प्रकारेणामुना ततः ।३७।
वागीश्वरीं विनिःशेषयोनिविक्षोभकारणम् ।

छ योनि मृग आदिका हुन् र पछिल्ला आठ देव योनिहरू हुन् । तिनको विवरण यस्तो छ— मृग पहिलो योनि हो, दोस्रो पक्षी, तेस्रो पशु, चौथो सर्प आदि, पाँचौं स्थावर र छैठौं योनि मानिस हो । आठ देव योनिमा पहिलो पिशाचको योनि हो, दोस्रो राक्षसको, तेस्रो यक्षको, चौथो गन्धर्वको, पाँचौं इन्द्रको, छैठौं सोमको, सातौं प्रजापतिको र आठौं योनि ब्रह्माको हो भनिएको छ । पार्थिव तत्त्वहरूमा यिनै आठाको अधिकार मानिएको छ । लय प्रकृतिमा हुन्छ, भोग बुद्धिमा हुन्छ र ब्रह्म कारण हुन् । त्यसपछि जाग्रत अवस्थापर्यन्त समस्त भुवन आदिबाटै गर्भित हुँदै निवृत्ति कलाको ध्यान गरेर त्यसलाई उसैका मन्त्रमा विनियोग गर्नुपर्छ । त्यो मन्त्र यस किसिमको छ- ओं हौं ह्रीं हां निवृत्तिकलापाशाय हूँ फट् स्वाहा । यसै मन्त्रले अङ्कुशमुद्रा प्रदर्शन गर्दै पूरक प्राणायामले उक्त कलालाई आकर्षण गर्नुपर्छ । त्यसपछि ओं हूँ हां ह्रीं हौं हूँ निवृत्ति कलापाशाय हूँ फट् भन्ने मन्त्रले संहारमुद्रा एवं कुम्भक प्राणायाम गर्दै त्यसलाई नाभीभन्दा तल्लो स्थानमा लगेर ओं हौं निवृत्तिकला पाशाय नमः भन्ने मन्त्रले उद्भवमुद्रा एवं रेचक प्राणायाम गरी त्यसलाई कण्डमा कुनै आधार वा आसनमाथि स्थापित गर्नुपर्छ । त्यसपछि ओं हां निवृत्तिकलापाशाय नमः भन्ने मन्त्रले अर्घ्यदान सहित पूजन गरेर अन्त्यमा स्वाहा लगाई तर्पण र सन्निधानका उद्देश्यले पृथक्पृथक् तीन तीन आहुति दिनुपर्छ । त्यसपछि ओं हौं ब्रह्मणे नमः भन्ने मन्त्रले ब्रह्मालाई आह्वान र पूजन गरेर त्यसको अन्त्यमा स्वाहा जोडी तीन आहुतिले ब्रह्मालाई तृप्त गर्नुपर्छ । त्यसपछि यस किसिमले विज्ञप्तिपूर्वक उनलाई प्रार्थना गर्नुपर्छ- हे ब्रह्मा ! म यस मुमुक्षुलाई तिम्रा अधिकारमा दीक्षित गराउँदै छु । तिमीले सधैं यसको अनुकूल रहनुपर्छ । त्यसपछि रक्तवर्णा वागीश्वरीदेवीलाई मनमनै हृदयमन्त्रले आवाहन गर्नुपर्छ । उनै देवी इच्छा, ज्ञान, र क्रियारूपिणी हुन् । छ किसिमका अध्वाहरूको कारण एकमात्र छ । अनि पूर्वोक्त किसिमले वागीश्वरीदेवीलाई पूजन र तर्पण गर्नुपर्छ । त्यसकासाथै समस्त योनिहरूलाई गराउने र हृदयमा विराजमान वागीश्वरीदेवीलाई पनि पूजा र तर्पण गर्नुपर्छ । आदिमा त्यसकै बीज र अन्त्यमा हूँ फट् युक्त भएको अस्त्र मन्त्र जुनछ, त्यसैले विधिवेत्ता गुरुले शिष्यका हृदयमा छ्याप्नुपर्छ र भावनाद्वारा त्यसभित्र प्रविष्ट गर्नुपर्छ । त्यसभित्र हृदयभित्र अग्निकणजस्तै प्रकाशमान शिष्यका जुन जीवनचैतन्यलाई निवृत्तिकलामा स्थित भएर पाशले आबद्ध हुन्छ, त्यसलाई जेष्ठाद्वारा विभक्त गर्नुपर्छ ।

हृत्सम्पुटार्थबीजादिहूंफडन्तशराणुना ।३८।
ताडयेद्धृदये तस्य प्रविशेत्स विधानवित् ।
ततः शिष्यस्य चैतन्यं हृदि वह्निकणोपमम् ।३९।
निवृत्तिस्थं युतं पाशैर्ज्येष्ठया विभजेद्यथा ओं हां हूं हः हूं फट् ओं हां स्वाहेत्यनेनाथ पूरकेणाङ्कुशमुद्रया ।४०।
तदाकृष्य स्वमन्त्रेण गृहीत्वाऽऽत्मनि योजयेत् ओं हां हूं हां आत्मने नमः पित्रोर्विभाव्य संयोगं चैतन्यं रेचकेन तत् ।४१।
ब्रह्मादिकारणात्यागक्रमान्नीत्वा शिवास्पदम् ।
गर्भाधानार्थमादाय युगपत्सर्वयोनिषु ।४२।
क्षिपेद्वागीश्वरीयोनौ वामयोद्भवमुद्रया ओं हां हां हां आत्मने नमः पूजयेदप्यनेनैव तर्पयेदपि पञ्चधा ।४३।
अन्ययोनिषु सर्व्वासु देहशुद्धिं हृदा चरेत् ।
नात्र पुंसवनं स्त्र्यादिशरीरस्यापि सम्भवात् ।४४।
सीमन्तोन्नयनं वापि दैवान्यङ्गानि देहवत् ।
शिरसा जन्म कुर्वीत जुगुप्सन् सर्वदेहिनाम् ।४५।
तथैव भावयेदेषामधिकारं शिवाणुना ।
भोगं कवचमन्त्रेण शस्त्रेण विषयात्मना ।४६।
मोहरूपमभेद्यं च लयसंज्ञं विभावयेत् ।
शिवेन स्रोतसां शुद्धिं हृदा तत्त्वविशोधनम् ।४७।
पञ्च पञ्चाहुतीः कुर्य्याद् गर्भाधानादिषु क्रमात् ।
मायया मलकर्मादिपाशबन्धनिवृत्तये ।४८।
निष्कृत्यैव हृदा पश्चाद्यजेत शतमाहुतीः ।
मलशक्तिनिरोधेन पाशानां च वियोजनम् ।४९।
स्वाहान्तायुधमन्त्रेण पञ्चपञ्चाहुतीर्यजेत् ।
मायाद्यन्तस्य पाशस्य सप्तवारास्त्रजप्तया ।५०।
कर्त्तव्या छेदनं कुर्य्यात्कल्पशस्त्रेण तद्यथा ओं हूं निवृत्तिकलापाशाय हूं फट् बन्धकत्वं च निर्वर्त्य हस्ताभ्याञ्च शराणुना ।५१।
विसृज्य वर्त्तुलीकृत्य घृतपूर्णे स्रुवे धरेत् ।
दहेदनुकलास्त्रेण केवलास्त्रेण भस्मसात् ।५२।

त्यस विभाजनको मन्त्र ओं हाँ हूँ हः हूँ फट् हो । ओं हाँ स्वाहा भन्ने मन्त्रले पूरक प्राणायाम र अङ्कुश मुद्राले जीव चैतन्यलाई हृदयमा आकृष्ट गरेर आत्ममन्त्रले पक्रेर त्यसलाई आफ्नै आत्मामा योजित गर्नुपर्छ । त्यसका लागि ओं हाँ हाँ हामात्मने नमः भन्ने मन्त्र छ । त्यसपछि मातापिताका संयोगको चिन्तन गर्दै रेचक प्राणायामद्वारा ब्रह्मा आदि कारणहरूलाई क्रमशः त्याग गरेर उक्त जीवचैतन्यलाई विश्वरूप अधिष्ठानमा लैजानुपर्छ र गर्भाधानका निम्ति त्यसैलाई लिएर एकैपटक सबै योनिहरूमा तथा वामा उद्भव मुद्राले वागीश्वरीका योनिमा त्यो हालिदिनुपर्छ । त्यसपछि ओं हाँ हाँ हामात्मने नमः भन्ने मन्त्रले पूजन र पाँच पटक तर्पण पनि गर्नुपर्छ ।२६-४३।

सबै योनिहरूमा नै हृदयमन्त्रले यस जीवचैतन्यको देह साधन गर्नुपर्छ । यसमा पुंसवन संस्कार हुँदैन, किनभने स्त्री आदि शरीर उत्पत्ति हुने पनि सम्भव हुन्छ । त्यसै गरी सीमन्तोन्नयन पनि हुँदैन; किनभने दैववश अन्ध आदिका शरीरबाट पनि उत्पत्तिको सम्भावना हुन्छ । स्वाहा भन्दै शिरोमन्त्रले एकैपटक समस्त देहधारीहरूको जन्म भएको भावना गर्नुपर्छ । त्यसै खालको भावना शिवो मन्त्रले पनि गर्नुपर्छ । कवच मन्त्रले भोगको र अस्त्रमन्त्रले विषय एवं आत्माप्रतिहोहरूप लय नामका अभेदलाई चिन्तन गर्नुपर्छ । त्यसपछि स्रोतहरूको शुद्धिकालागि शिवमन्त्रले र तत्त्वशुद्धिका लागि हृदयमन्त्रले गर्भाधान संस्कार पूरा गर्न पाँच पाँच आहुति क्रमशः दिनुपर्छ । मायाजन्य मायेय, मलजन्य र कर्मजन्य आदि विविध पाशबन्धन समाप्तिका लागि हृदयमन्त्रले निष्कृति नामको प्रायश्चित वा शुद्धि गरेर अग्निमा सय आहुति दिनुपर्छ । मलशक्ति तिरोधन र पाशको वियोगकार्य सम्पन्न गरिसकेपछि अस्त्रमन्त्रले अन्त्यमा स्वाहा लगाउँदै पाँच पाँच आहुतिको हवन गर्नुपर्छ । अन्तःकरणमा रहेका मल आदि पाशलाई सातपटक अस्त्र मन्त्रको जपले मन्त्रिएको कटारकला शास्त्रले छेदन गर्नुपर्छ । कलाशास्त्रले छेदन गर्ने मन्त्र ओं हाँ हाँ हाँ निवृत्तिकलापाशाय हः हुं फट् हो । बन्धन मुक्त हुनकालागि अस्त्र मन्त्रले दुवै हातले माडेर गोलाकार पारेको पाशलाई घिउ भरिएका स्रुवमा हालिदिनुपर्छ । त्यसपछि कलामय अस्त्रले अथवा केवल अस्त्रमन्त्रले त्यसलाई जलाएर भस्म गराउनुपर्छ । त्यसपछि पाशाङ्कुर निवृत्तिका लागि पाँच आहुति दिनुपर्छ । आहुतिको मन्त्र ओं हः हस्त्राय हूं फट् स्वाहा हो । उक्त आहुतिपछि अस्त्रमन्त्रले आठ आहुति दिएर प्रायश्चित कर्म सम्पादन गर्नुपर्छ । त्यसपछि विधातालाई

कुर्य्यात्पञ्चाहुतीर्दत्त्वा पाशाङ्कुशनिवृत्तये ओं हः अस्त्राय हूं फट् प्रायश्चित्तं ततः कुर्य्यादस्त्राहुतिभिरष्टभिः ।५३।
अथावाह्य विधातारं पूजयेत्तर्पयेत्तथा तत ओं हां शब्दस्पर्शशुद्धब्रह्मन् गृहाण स्वाहेत्याहुतित्रयेणाधिकारमस्य समर्पयेत् दग्धनिःशेषपापस्य ब्रह्मन्नस्य पशोस्त्वया ।५४।
बन्धाय न पुनः स्थेयं शिवाज्ञां श्रावयेदिति ।
ततो विसृज्य धातारं नाड्या दक्षिणया शनैः ।५५।
संहारमुद्रयात्मानं कुम्भकेन निजात्मना ।
राहुयुक्तैकदेशेन चन्द्रबिम्बेन सन्निभम् ।५६।
आदाय योजयेत्सूत्रे रेचकेनोद्भवाख्यया ।
पूजयित्वार्घ्यपात्रस्थतोयबिन्दुं सुधोपमम् ।५७।
आप्यायनाय शिष्यस्य गुरुः शिरसि विन्यसेत् ।
विसृज्य पितरौ दद्याद्यौषदन्तशिवाणुना ।
पूरणाय विधिः पूर्णो निवृत्तिरिति शोधिता ।५८।

आवाहन गरेर उनको पूजन र तर्पण गर्नुपर्छ । त्यसपछि ओं ह्रौं शब्दस्पर्शौ शुल्कं ब्रह्मन् गृहाण स्वाहा भन्ने मन्त्रले तीन आहुति दिएर शिष्यलाई अधिकार समर्पित गर्नुपर्छ । त्यस बेलामा ब्रह्मालाई भगवान् शङ्करको- हे ब्रह्मा ! यस बालकका सम्पूर्ण पाशहरू डढिसके । अब फेरि यसलाई बन्धनमा हाल्न तिमीले यहाँ बस्नु हुँदैन भन्ने आज्ञा सुनाउनुपर्छ । यसो भन्दै ब्रह्मालाई विदा गर्नुपर्छ र संहारमुद्रा एवं कुम्भक पाणायाम गर्दै राहुमुक्त एक देशस्थित चन्द्रमण्डलजस्तै आत्मालाई उसैको सम्बन्धित मन्त्र उच्चारण गरेर दाहिने नाडीबाट विस्तारैसित रेचक प्राणायाम एवं उद्भव नामको मुद्राका सहयोगले पूर्वोक्त सूत्रमा योजित गर्नुपर्छ । त्यसपछि त्यसको पूजा गरेर गुरुले अर्घ्यपात्रमा रहेको अमृतसरहको जलबिन्दु लिएर शिष्यको पुष्टि एवं तृप्तिका निम्ति उसका शिरमा राखिदिनुपर्छ । त्यसपछि मातापितालाई विसर्जन गरी अस्त्रमन्त्रका अन्त्यमा वौषट् उच्चारण गर्दै विधिपूरा गर्नका लागि पूर्णाहुति होम गर्नुपर्छ । यसो गर्नाले निवृत्तिकलाको शुद्धि हुन्छ । पूर्णाहुतिको मन्त्र ओं हूँ ह्रौं अमुक आत्मनो निवृत्तिकला शुद्धिरस्तु स्वाहा फट् वौषट् हो ।४४-५८।

८५. पञ्चशीतितमोऽध्यायः
प्रतिष्ठाकलाशोधन

ईश्वर उवाच
तत्त्वयोरथ सन्धानं कुर्य्याच्छुद्धविशुद्धयोः ।
ह्रस्वदीर्घप्रयोगेण नादनादान्तसङ्गिना ।१।
ओं हां हुं हां अप्तेजोवायुराकाशं तन्मात्रेन्द्रियबुद्धयः ।
गुणत्रयमहङ्कारश्चतुर्विंशः पुमानिति ।२।
प्रतिष्ठायां निविष्टानि तत्त्वान्येतानि भावयेत् ।
पञ्चविंशतिसङ्ख्यानि खादियान्ताक्षराणि च ।३।
पञ्चाशदधिका षष्टिर्भुवनैस्तुल्यसंज्ञिताः ।
तावन्त एव रुद्राश्च विज्ञेयास्तत्र तद्यथा ।४।
अमरेशः प्रभावश्च नैमिषः पुष्करोऽपि च ।
तथा पादिश्च दण्डिश्च भावभूतिरथाष्टमः ।५।
नकुलीशो हरिश्चन्द्रः श्रीशैलो दशमः स्मृतः ।
अन्वीशोऽस्रातिकेशश्च महाकालोऽथमध्यमः ।६।

ईश्वरले भने— हे स्कन्द ! त्यसपछि शुद्ध र अशुद्ध कलाहरूको शान्त र नादान्तनामोच्चारण गरी ह्रस्व र दीर्घ प्रयोगले सन्धान गर्नुपर्छ । सन्धानको मन्त्र— ओं हां ह्रां ह्रीं हां हो । त्यसपछि प्रतिष्ठाकलामा निविष्ट जल, तेज, वायु, आकाश, पञ्च तन्मात्रा, दस इन्द्रिय, बुद्धि, तीन गुण, चौबीसौं अहङ्कार र पुरुष गरी जम्मा यी पच्चीस तत्त्व तथा कदेखि म सम्मका पच्चीस अक्षरको चिन्तन गर्नुपर्छ । प्रतिष्ठाकलामा छपन्न भुवन छन् र तिनमा तिनकै समान उस्तै नाम भएका रुद्रहरूलाई पनि चिन्नुपर्छ । तिनको नाम यस किसिम छ । पहिला अष्टकमा- अमरेश, प्रभास, नैमिष, पुष्कर, आषाढि, डिण्डि, भारभूमि र लकुशीश छन् । दोस्रो अष्टकमा- हरिश्चन्द्र, श्रीशैल, जल्प, आम्रातकेश्वर, महाकाल, मध्यम, केदार र भैरव छन् । त्यसपछि तेस्रो अष्टकमा- गया, कुरुक्षेत्र, नाल, कनखल, विमल, अट्टहास, महेन्द्र र भीम छन् । चौथो अष्टकमा- वस्त्रापद, रुद्रकोटि, अविमुक्त, महालय, गोकर्ण,

केदारो भैरवश्चैव द्वितीयाष्टकमीरितम् ।
ततो गयाकुरुक्षेत्रखलानादिकनादिके ।७।
विमलश्चाट्टहासश्च महेन्द्रो भीम एव च ।
वस्त्रापदं रुद्रकोटिरवियुक्तो महाबलः ।८।
गोकर्णो भद्रकर्णश्च स्वर्णाक्षः स्थाणुरेव च ।
अजेशश्चैव सर्वज्ञो भास्वरः सूदनान्तरः ।९।
सुबाहुर्म्मत्तरूपी च विशालो जटिलस्तथा ।
रौद्रोऽथ पिङ्गलाक्षश्च कालदंष्ट्री भवेत्ततः ।१०।
विदुरश्चैव घोरश्च प्राजापत्यो हुताशनः ।
कामरूपी तथा कालः कर्णेऽप्यथ भयानकः ।११।
मतङ्गः पिङ्गलश्चैव हरो वै धातृसंज्ञकः ।
शङ्कुकर्णो विधानश्च श्रीकण्ठश्चन्द्रशेखरः ।१२।
सहैतेन च पर्य्यन्ताः कथ्यन्तेऽथ पदान्यपि व्यापिन् ओं अरूप ओं प्रमथ ओं तेजः ओं ज्योतिः ओं पुरुष ओं अग्ने ओं अधूम ओं अभस्म ओं अनादि ओं नाना ओं धूधू ओं भूः ओं भुवः ओं स्वः अनिधन निधनोद्भव शिव शर्व परमात्मन् महेश्वर महादेव सद्भावेश्वर महातेजः योगाधिपतये मुञ्च प्रथम सर्व सर्वे सर्वेति द्वात्रिंशत् पदानि बीजभावे त्रयो मन्त्रा वामदेवः शिवः शिखा ।१३।
गान्धारी च सुषुम्णा च नाड्यौ द्वौ मारुतौ तथा ।
समानोदाननामानौ रसनापायुरिन्द्रिये ।१४।
रसस्तु विषयो रूपशब्दस्पर्श रसा गुणाः ।
मण्डलं वर्त्तुलं तच्च पुण्डरीकाङ्कितं सितम् ।१५।
स्वप्नावस्था प्रतिष्ठायां कारणं गरुडध्वजम् ।
प्रतिष्ठान्तकृतं सर्वं सञ्चिन्त्य भुवनादिकम् ।१६।
सूत्रं देहे स्वमन्त्रेण प्रविश्यैनां वियोजयेत् ।
ओं हां खीं हां प्रतिष्ठाकलापाशाय ओं फट् स्वाहान्तेनानेनैव पूरकेणाङ्कुशमुद्रया समाकर्षेत् ततः ओं हां हूं हां हूं प्रतिष्ठाकलापाशाय हूं फडित्यनेन संहारमुद्रया कुम्भकेन हृदयादधोनाडीसूत्रादादाय ओं हां हूं हां प्रतिष्ठाकलापाशाय नम इत्यनेनोद्भवमुद्रया रेचकेन कुम्भे समारोपयेत् ओं हां ह्रीं प्रतिष्ठाकलापाशाय नम

भद्रकर्ण, स्वर्णाक्ष र स्थाणु पर्दछन् । पाँचौं अष्टकमा- अजेशु, सर्वज्ञ, भास्वर, सुबाहु, मन्त्ररूपी, विशाल, जटिल र रौद्र छन् । छैटौं अष्टकमा- पिङ्गलाक्ष, कालदष्ट्री, विधुर, घोर, प्राजापत्य, हुताशन, कालरूपी र कालकर्ण छन् । सातौं अष्टकमा— भयानक, पतङ्ग, पिङ्गल, हर, धाता, शङ्कुकर्ण, श्रीकण्ठ र इन्द्रमौली छन् । यी छपन्न रुद्र छपन्न भुवनहरूमा व्याप्त छन् । अब बत्तीस पदका विषयमा बताइन्छ । व्यापिन्, अरूपिन्, प्रथम, तेजः, ज्योतिः, अरूप, पुरुषः, अनग्ने, अधूम, अभस्मन्, अनादे, नानानाना, धूधूधूधू, ओं, भूः, ओं भुवः, ओं स्वः, अनिधन, निधन, निधनोद्भ, शिव, शर्व, परमात्मन्, महेश्वर, महादेव, सद्भाव, ईश्वर, महतिजा, योगाधिपते, मुञ्च, प्रमथ, सर्व, सर्वसर्व यी बत्तीस पद हुन् । दुई बीज, तीन मन्त्र - वामदेव, शिर, शिखा, गान्धारी र सुषम्णा- दुई नाडी, समान र उदान नामका दुई प्राणवायु, रसना र पायु यी दुई इन्द्रिय, रस नामको विषय, रूप, शब्द, स्पर्श र रस यी चार गुण, कमलअङ्कित श्वेत अर्धचन्द्राकार मण्डल, सुषुप्ति अवस्था र प्रतिष्ठाका कारणभूत भगवान् विष्णु— यसै किसिमले भुवन आदि सबै तत्त्वहरूलाई प्रतिष्ठाभित्रै चिन्तन गरेर प्रतिष्ठाकलासम्बन्धी मन्त्रले शिष्यका शरीरमा भावनात्मक रूपले प्रवेश गरी उसलाई त्यस कलापाशबाट मुक्त गर्नुपर्छ । ओं हां ह्रीं हां प्रतिष्ठा कलापाशाय हूं फट् स्वाहा भन्ने अन्त्यमा स्वाहा लागेका मन्त्रसँगै पूरक प्राणायाम तथा अङ्कुशमुद्रालले उक्त कलापाशलाई आकर्षण गर्नुपर्छ । त्यसपछि ओं हूं हां ह्रीं हां हूं प्रतिष्ठा कलापाशाय हूं फट् भन्ने मन्त्रले संहारमुद्रा र कुम्भक प्राणायामले त्यसलाई हृदयभन्दा तलको नाडी सूत्रदेखि लगेर ओं हूं ह्रीं हां प्रतिष्ठाकलापाशाय नमः भन्ने मन्त्रसँग उद्भवमुद्रा तथा रेचक प्राणायामद्वारा कुण्डमा स्थापित गर्नुपर्छ । त्यसपछि ओं हां हां ह्रीं हां प्रतिष्ठाकलाद्वाराय नमः भन्ने मन्त्रले अर्घ्य दिनुपर्छ, पूजा गरी स्वाहा अन्त्यमा लगाएका मन्त्रले तीन तीन आहुति दिँदै सन्तर्पण र सन्निधापन गर्नुपर्छ । त्यसपछि ओं हां विष्णवे नमः भन्ने मन्त्रले विष्णुलाई आवाहन, पूजन र सन्तर्पण गरी विष्णुलाई— हे विष्णु तिम्रा अधिकारमा म मुमुक्षु शिष्यलाई दीक्षा दिँदै छु । तिमी सधैं अनुकूल भइदेऊ भन्ने प्रार्थना गर्नुपर्छ । यस्तो निवेदन विष्णुलाई गर्नुपर्छ र वागीश्वरी देवी तथा वागीश्वर देवतालाई पूर्ववत् आवाहन, पूजन र तर्पण गर्नुपर्दछ ।१-१८।

त्यसपछि ओं हां हं हः हूं भन्ने मन्त्रले शिष्यका छातीमा हान्नुपर्छ । यसै मन्त्रले शिष्यका हृदयमा प्रवेश गरी उसका पाशबद्ध

यनेनार्च्चयित्वा सम्पूज्य स्वाहान्तेनाहुतीनां त्रयेण
न्धाय ततः ओं हां विष्णवे नम इति विष्णुमावाह्य
पूज्य सन्तर्प्य विष्णो तवाधिकारेऽस्मिन्मुमुक्षुं
क्षयाम्यहम् ।१७।

व्यं त्वयानुकूलेन विष्णुं विज्ञापयेदिति ।

ो वागीश्वरीं देवीं वागीशमपि पूर्ववत् ।१८।

वाह्याभ्यर्च्च सन्तर्प्य शिष्यं वक्षसि ताडयेत् ओं हां
हं फट् प्रविशेदप्यननैव चैतन्यं विभजेत्ततः ।१९।

त्रेण पाशसंयुक्तं ज्येष्ठया ऽङ्कुशमुद्रया ।

हां हं हों हूं फट् स्वाहान्तेन हृदाकृष्य तेनैव
तात्मना ।२०।

त्वा तं नमोऽन्तेन निजात्मनि नियोजयेत् ओं हां हं हों
त्मने नमः पूर्ववत्पितृसंयोगं भावयित्वौद्भवाख्यया ।२१।

या तदनेनैव देवीगर्भे विनिःक्षिपेत् ओं हां हं हां आत्मने
देहोत्पत्तौ हृदा ह्येवं शिरसा जन्मना तथा ।२२।

बया वाधिकाराय भोगाय कवचाणुना ।

शुद्धौ हृदा ह्येवं गर्भाधानाय पूर्ववत् ।२३।

सा पाशशैथिल्ये निष्कृत्यैवं शतं जपेत् ।

पाशवियोगेऽपि ततः शस्त्रात्मजप्तया ।२४।

द्यादस्त्रेण कर्त्तर्य्या कलाबीजवता यथा ओं ह्रीं
ष्ठाकलापाशाय हः फट् विसृज्य वर्त्तुलीकृत्य
मस्त्रेण पूर्ववत् ।२५।

पूर्णे स्रुवे दत्त्वा कलास्त्रेणैव होमयेत् ।

ण जुहुयात्पञ्च पाशाङ्कुर निवृत्तये ।२६।

श्चित्तनिषेधार्थं दद्यादष्टाहुतीस्ततः ओं हः अस्त्राय हूं
हृदावाह्य हृषिकेशं कृत्वा पूजनतर्पणे ।२७।

क्तविधिना कुर्य्यादधिकारसमर्पणम् ओं हां रसशुक्लं
ग स्वाहा निशेःषदग्धपाशस्य पशोरस्य हरे त्वया ।२८।

येयं बन्धकत्वेन शिवाज्ञां श्रावयेदिति ।

चैतन्यलाई अस्त्रमन्त्र एवं ज्येष्ठ अङ्कुशद्वारा पाशबाट पृथक् गर्नुपर्छ । त्यसबेला ओं हां हं हः फट् मन्त्र भनिन्छ र त्यसै मन्त्रका अन्त्यमा नमः स्वाहाको सम्पुटित लगाएर जीव चैतन्यलाई खिँची अन्त्यमा नमः जोडिएका आत्ममन्त्रले उसलाई आफ्ना आत्मामा नियोजित गर्नुपर्छ । आत्मामा नियोजन गर्ने मन्त्र ओं हां हां हामात्मने नमः हो । त्यसपछि उसै जीव चैतन्यका पितासँग संयुक्त हुने भावना गर्दै वामा उद्भव मुद्राद्वारा उसलाई देवीका गर्भमा स्थापित गर्नुपर्छ । त्यसबेला ओं हां हां हामात्मने नमः भन्ने मन्त्र उच्चारण गर्नुपर्छ । देहको उत्पत्तिका लागि हृदयमन्त्रले पाँचपटक र जीवात्माको स्थिरताका लागि शिरोमन्त्रले पाँचपटक आहुति दिनुपर्छ । अधिकार प्राप्तिका लागि शिखा मन्त्रले, भोगसिद्धिका लागि कवचमन्त्रले, लयका लागि अस्त्रमन्त्रले, स्रोत सिद्धिका लागि शिवमन्त्रले र तत्त्वशुद्धिका लागि हृदयमन्त्रले पाँचपाँच आहुति यसै गरी दिनुपर्छ । त्यसपछि पहिले भनिएकै किसिमले गर्भाधान संस्कार गर्नुपर्छ पाशको शिथिलता र प्रायश्चितका लागि शिरोमन्त्रले सय आहुति दिनुपर्छ । मलशक्ति निवारणका लागि अस्त्रमन्त्रका अन्त्यमा स्वाहा लगाएर पाँचपटक आहुति हवन गर्नुपर्छ । यस किसिमले पाशविच्छेद भएपछि पनि सातपटक अस्त्रमन्त्रको जप गर्दै कलाबीजले युक्त अस्त्रमन्त्ररूपी छुरीले त्यस कलापाशलाई काटिदिनुपर्छ । त्यो मन्त्र ओं ह्रीं प्रतिष्ठाकलापाशाय हूं फट् भन्ने हो । त्यसपछि पाशमन्त्रले त्यस पाशलाई मिचेर बाटुलो पारी पहिलेको जस्तै घिउ भरिएको स्रुवामा राख्नुपर्छ र कलाशस्त्रले नै त्यसलाई आहुति गरिदिनुपर्छ । त्यसपछि पाशाङ्कुर निवृत्तिका लागि अस्त्रमन्त्रले पाँच आहुति दिनुपर्छ र प्रायश्चित निवारणका लागि अरू आठ आहुतिको हवन ओं हः अस्त्राय हूं फट् भन्ने मन्त्रले गर्नुपर्छ । त्यसपछि हृदयमन्त्रले भगवान् हृषीकेशलाई आवाहन गरेर पूर्वोक्त विधिले पूजन र तर्पण गरिसकेपछि अधिकार समर्पण गर्नुपर्छ । त्यसका लागि ओं हां विष्णो रसं शुल्कं गृहाण स्वाहा भन्ने मन्त्रछ । त्यसपछि उनलाई— हे हरि ! यस पशुको पाश सम्पूर्णतः उडिसकेको छ । अब तिमीले यसको बन्धनकारक भएर बस्नु हुँदैन भन्ने भगवान् शिवको आज्ञा सुनाउनुपर्छ । शिवको आज्ञा सुनाइसकेपछि रौद्री नाडीले गोविन्दलाई विसर्जन गरेर राहुमुक्त आधा भागको चन्द्रमण्डलभैं आत्मालाई नियोजित गर्नुपर्छ । संहारमुद्राले उसलाई आत्मामा रहेका उद्भवमुद्रासँगको सूत्रमा त्यसलाई

ततो विसृज्य गोविन्दं विद्यात्मानं नियोज्य च ।२९।
बाहुमुक्तार्द्धदृश्येन चन्द्रबिम्बेन सन्निभम् ।
संहारमुद्रया स्वस्थं विधायोद्भवमुद्रया ।३०।
सूत्रे संयोज्य विन्यस्य तोयविन्दुं यथापुरा ।
विसृज्य पितरौ वह्नेः पूजितौ कुसुमादिभिः ।
दद्यात्पूर्णां विधानेन प्रतिष्ठाऽपि विशोधिता ।३१।

जोड्नुपर्छ । त्यसपछि पहिलेकै जस्तो जलविन्दुसरहका त्यस आत्मालाई शिष्यका शिरमा स्थापित गर्नुपर्छ । यसैबाट उसको आप्यायन हुन्छ । त्यसपछि अग्निका पितामातालाई पुष्प आदिले पूजन एवं विसर्जन गरी विधि पूरा गर्नका लागि विधिपूर्वक प्रतिष्ठाकलाको शोधन पनि गर्दै पूर्णाहुति प्रदान गर्नुपर्छ ।१९-३१।

८६. षडशीतितमोऽध्यायः

विद्याविशोधन

ईश्वर उवाच

सन्धानमथ विद्यायाः प्राचीनकलयासह ।
कुर्वीत पूर्ववत्कृत्वा तत्त्वं वर्णय तद्यथा ।१।
ओं ह्रीं क्षीमिति सन्धानम् रागश्च शुद्धविद्या च नियतिः कलया सह कालो माया तथाऽविद्या तत्त्वानामिति सप्तकम् ।२।
रलवाः शषसा वर्णाः षड्विद्यायां प्रकीर्त्तिताः ।
पदानि प्रणवादीनि एकविंशतिसङ्ख्यया ।३।
ओं नमः शिवाय सर्वप्रभवे हं शिवाय ईशानमूर्धाय तत्पुरुषवक्त्राय अघोरहृदयाय वामदेवगुह्याय सद्योजातमूर्त्तये ओं नमोनमो गुह्यातिगुह्याय गोप्त्रे अनिधनाय सर्वाधिपाय ज्योतीरूपाय परमेश्वराय भावेन ओं व्योम ओं रुद्राणां भुवनानां च स्वरूपमथ कथ्यते ।
प्रथमो वामदेवः स्यात्ततः सर्वभवोद्भव ।४।
वज्रदेहः प्रभुर्धाता क्रमविक्रमसुप्रभाः ।
वटुः प्रशान्तनामा च परमाक्षरसंज्ञकः ।५।
शिवश्च सशिवो वसुरक्षयः शम्भुरेव च ।
अदृष्टरूपनामानौ तथाऽन्योरूपवर्द्धनः ।६।
मनोन्मनो महावीर्य्यश्चित्राङ्गस्तदनन्तरम् ।
कल्याण इति विज्ञेयाः पञ्चविंशतिसङ्ख्यया ।७।
मन्त्रौ घोरामरौ बीजे नाड्यौ द्वे तत्र ते यथा ।

ईश्वरले भने— हे स्कन्द ! पहिले बताइएको कलाप्रतिष्ठासँगै विद्याप्रतिष्ठालाई पनि सन्धान गर्नुपर्छ र त्यसमा तत्त्व-वर्ण आदिको चिन्तन पनि पूर्ववत् नै गर्नुपर्छ । त्यसका लागि ओं हां हीं हूँ हां भन्ने सन्धान मन्त्र छ । राग, शुद्धविद्या, नियति, कला, काल, माया तथा अविद्या यी सात तत्त्व एवं र, ल, व, श, ष, स यी छ वटा वर्ण विद्याकला अन्तर्गतका हुन् भनिएको छ । प्रणव, आदि एक्काईस पद पनि त्यसैका अन्तर्गत छन् । ओं नमः शिवाय सर्वप्रभवे शिवाय ईशानमूर्धने तत्पुरुषवक्त्राय अघोरहृदयाय वामदेवगुह्याय सद्योजातमूर्तये ओं नमो नमः गुह्यातिगुह्याय गोप्त्रे अनिधनाय सर्वयोगाधिकृताय सर्वगोगाधिपाय ज्योतीरूपाय परमेश्वराय अचेतन अचेतन व्योमन् व्योमन् भन्ने हो । अब रुद्र र भुवनहरूको स्वरूप बताइन्छ— प्रमथ, वामदेव, सर्वदेवोद्भव, भवोद्भव, वज्रदेह, प्रभु, धाता, क्रम, विक्रम, सुप्रभ, बुद्ध, प्रशान्तनामा, ईशान, अक्षर, शिव, सशिव, बभ्रु, अक्षय, शम्भु, अदृष्टरूपनामा, रूपवर्धन, मनोन्मन, मधवीर्य, चित्राङ्ग र कल्याण यिनीहरूलाई पच्चीस भुवन र रुद्र भनी जान्नुपर्छ । विद्याकलामा अघोर मन्त्र छ भने म एवं र त्यसका बीज हुन् । पूषा र हस्तिजिह्वा दुई नाडी छन्, व्यान र नाद यी दुई प्राणवायु हुन् । एकमात्र विषय नै त्यसको रूप हो । पाउ र नेत्र यी दुई इन्द्रिय हुन् भने शब्द, स्पर्श र रूप यी तीन त्यसका गुण मानिएका छन् । सुषुप्ति अवस्था हो र रुद्रदेव त्यसका कारण हुन् । भुवन आदि समस्त वस्तुहरूलाई भावनाद्वारा विद्याको अन्तर्गत देख्नका लागि ओं हूं हां हौं सन्धान मन्त्र छ । त्यसपछि रक्तवर्ण र स्वस्तिकका चिह्नले अङ्कित त्रिकोणाकार मण्डलको चिन्तन गर्नुपर्छ । शिष्यका

पूषा च हस्तिजिह्वा च व्याननागौ प्रभञ्जनौ ।८।
विषयो रूपमेवैकमिन्द्रिये पादचक्षुषी ।
शब्दः स्पर्शश्च रूपं च त्रय एते गुणाः स्मृताः ।९।
अवस्थाऽत्र सुषुप्तिश्च रुद्रो देवस्तु कारणम् ।
विद्यामध्यगतं सर्वं भावयेद्भवनादिकम् ।१०।
ताडनं छेदनं तत्र प्रवेशं चापि योजनम् ।
आकृष्य ग्रहणं कुर्य्याद्विद्यया, हृत्प्रदेशतः ।११।
आत्मन्यारोप्य सङ्गृह्य कलां कुण्डे निवेशयेत् ।
रुद्रं कारणमावाह्य विज्ञाप्य च शिशुं प्रति ।१२।
पित्रोरावाहनं कृत्वा हृदये ताडयेच्छिशुम् ।
प्रविश्य पूर्वमन्त्रेण तदात्मनि नियोजयेत् ।१३।
आकृष्यादाय पूर्वोक्तविधानाऽऽत्मनि योजयेत् ।
वामया योजयेद्योनौ गृहीत्वा द्वादशान्ततः ।१४।
कुर्वीत देशसम्पत्तिं जन्माधिकारमेव च ।
भोगं लयं तथा श्रोतः शुद्धितत्त्वविशोधनम् ।१५।
निःशेषमलकर्म्मादिपाशबन्धनिवृत्तये ।
निष्कृत्यैव विधानेन यजेत शतमाहुतीः ।१६।
अस्त्रेण पाशशैथिल्यं मलशक्तिं तिरोहिताम् ।
छेदनं मर्दनं तेषां वर्त्तुलीकरणं तथा ।१७।
दाहं तदक्षराभावं प्रायश्चित्तमथोदितम् ।
रुद्राण्यावाहनं पूजा रूपगन्धसमर्पणम् ।१८।
ओं ह्रीं रूपगन्धौ शुल्कं रुद्र गृहाण स्वाहा ।
संश्राव्य शाम्भवीमाज्ञां रुद्रं विसृज्य कारणम् ।
विधायात्मनि चैतन्यं पाशसूत्रे निवेशयेत् ।१९।
विन्दुं शिरसि विन्यस्य विसृजेत्पितरौ ततः ।
दद्यात्पूर्णां विधानेन समस्तविधिपूरणीम् ।२०।
पूर्वोक्तविधिना कार्य्यं विद्यायाँ ताडनादिकम् ।
स्वबीजं तु विशेषः स्यादिति विद्या विशोधिता ।२१।

वक्षमा ताडन, कलापाशछेदन, शिष्यका हृदयमा प्रवेश, उसका जीवचैतन्यको पाशबन्धनलाई विनियोजन र हृदयप्रदेशबाट जीवचैतन्य एवं विद्याकलालाई आकर्षण तथा ग्रहण गर्नुपर्छ। जीवचैतन्यलाई आफ्ना आत्मामा आरोपण गरेर कलापाशलाई सङ्ग्रहण र कुण्डमा स्थापन पनि पूर्वोक्त पद्धतिले गर्नुपर्छ। कारणरूप रुद्रदेवतालाई आवाहन पूजन आदि गरेर शिष्यका निम्ति बन्धनकारी नहोस् भनी प्रार्थना गर्नुपर्छ। पितामातालाई आवाहन आदि गरेर शिशुरूप शिष्यका हृदयमा प्रहार गर्नुपर्छ। पूर्वोक्त विधिका अनुसार पहिले अस्त्रमन्त्रले हृदयमा प्रवेश गरी जीवचैतन्यलाई कलापाशबाट अलग गर्नुपर्छ। अनि त्यसलाई आकर्षण र ग्रहण गरेर आफ्ना आत्मामा संयोजन गर्नुपर्छ। त्यसपछि वामा उद्भवमुद्राद्वारा वागीश्वरी देवीका गर्भमा त्यसले स्थापित भएको भावना गर्नुपर्छ। त्यसपछि देह सम्पादन गर्नुपर्छ। जन्म, अधिकार, भोग, लय, स्रोतशुद्धि, तत्त्वशुद्धि, निःशेष मलकर्मादि निवारण, पाशबन्धन निवृत्ति एवं निष्कृतिका लागि अन्त्यमा स्वाहा राखेर अस्त्रमन्त्रले सय आहुति दिनुपर्छ। त्यसपछि अस्त्रमन्त्रले पाशबन्धनलाई खुकुल्याउने, मलशक्ति तिरोधान गर्ने कलापाश छेदन गर्ने, मर्दन गर्ने, वर्तुलीकरण गर्ने, दहन गर्ने, अङ्कुरभाव सम्पादन गर्ने र प्रायश्चित गर्ने यी सबै कर्महरू पूर्वोक्त रीतिले नै गर्नुपर्छ। त्यसपछि रुद्रदेवलाई आवाहन, पूजन गरी रूप र गन्ध समर्पण गर्नुपर्छ। त्यसका लागि ओं ह्रां रूपगन्धौ शुल्कं रुद्र गृहाण स्वाहा भन्ने मन्त्र छ। शङ्करको आज्ञा सुनाएर कारणस्वरूप रुद्रदेवलाई विसर्जन गर्नुपर्छ। त्यसपछि जीवचैतन्यलाई आत्मामा स्थापन गरेर त्यसलाई पाशसूत्रमा प्रवेश गराउनुपर्छ। त्यसपछि जलविन्दुस्वरूप त्यस चैतन्यलाई शिष्यका शिरमा न्यास गराएर माता पितालाई विसर्जन गर्नुपर्छ। त्यसपछि समस्त विधिलाई पूर्ण गराउनका लागि विधिवत् रूपमा पूर्णाहुति गर्नुपर्छ। विद्यामा ताडन आदि कार्यका विधि पूर्वोक्त रूपमा नै गर्नुपर्छ। त्यसमा सर्वत्र उसैको बीजको प्रयोग हुन्छ फरक त्यति नै हो। यस्तै खालका विधान पूरा गर्नाले विद्याकलाको शोधन हुन्छ।१-२१।

८७.सप्तशीतितमोऽध्यायः

शान्तिशोधन

ईश्वर उवाच

सन्दध्यादधुना विद्यां शान्त्या सार्द्धं यथाविधि ।
शान्तौ तत्त्वद्वयं लीनं भावेश्वरसदाशिवौ ।१।
हकारश्चक्षकारश्च द्वौ वर्णौ परिकीर्त्तितौ ।
रुद्राः समाननामानो भुवनैः सह तद्यथा ।२।
प्रभवः समयः क्षुद्रो विमलः शिव इत्यपि ।
घनौ निरञ्जनाकारौ स्वशिवौ दीप्तिकारणौ ।३।
त्रिदशेश्वरनामा च त्रिदशः कालसंज्ञकः ।
सूक्ष्माम्बुजेश्वरश्चेति रुद्राः शान्तौ प्रतिष्ठिताः ।४।
व्योमव्यापिने व्योमव्याप्यरूपाय सर्वव्यापिने शिवाय अनन्ताय अनाथाय अनाश्रिताय ध्रुवाय शाश्वताय योगपीठसंस्थिताय नित्ययोगिने ध्यानाहारायेति द्वादश पदानि ।
पुरुषः कवचौ मन्त्रौ बीजे विन्दूपकारकौ ।
अलम्बुषायसानाढ्यौ वायू कूकरकूर्म्मकौ ।५।
इन्द्रिये त्वक्करावस्याः स्पर्शस्तु विषयो मतः ।
गुणौ स्पर्शनिनादौ द्वावेकः कारणमीश्वरः ।६।
तुर्य्यावस्थेति शान्तिस्थं सम्भाव्य भुवनादिकम् ।
विदध्यात्ताडनं भेदं प्रवेशं च वियोजनम् ।७।
आकृष्य ग्रहणं कुर्य्याच्छान्तेवेदनसूत्रतः ।
आत्मन्यारोप्य सङ्गृह्य कलां कुण्डे विनेशयेत् ।८।
ईश तवाधिकारेऽस्मिन्मुमुक्षुं दीक्षयाम्यहम् ।
भाव्यं त्वयाऽनुकूलेन कुर्य्याद्विज्ञापनामिति ।९।
आवाहनादिकं पित्रोः शिष्यस्य ताडनादिकम् ।
विधायादाय चैतन्यं विधिनाऽऽत्मनि योजयेत् ।१०।

ईश्वरले भने— हे स्कन्द ! पूर्वोक्त मार्गबाट विद्याकलालाई शान्तिकलासित विधिपूर्वक सन्धान गर्नुपर्छ । त्यसका लागि ओं हां हूं हां भन्ने मन्त्र छ । शान्तिकलामा दुई तत्त्व लीन छन् । ती दुई भनेका ईश्वर र सदाशिव हुन् । हकार र क्षकार यी दुई वर्ण बताइएका छन् । अब भुवनहरूका साथै उस्तै नामका रुद्रहरूको पनि परिचय दिइन्छ । उनका नामावली— प्रभव, समय, क्षुद्र, विमल, शिव, घन, निरञ्जन, अङ्गार, सुशिरा, दीप्तकारण, त्रिदशेश्वर, कालदेव, सूक्ष्म र अम्बजेश्वर भन्ने छ र यी चौध रुद्र शान्तिकलामा प्रतिष्ठित छन् । व्योमव्यापिने, व्योमरूपाय, सर्वव्यापिने, शिवाय, अनन्ताय, अनाथाय, अनाश्रिताय, ध्रुवाय, शाश्वताय, योगपीठसंस्थिताय, नित्ययोगिने, ध्यानहराय यी बाह्र पदहरू हुन् । पुरुष र कवच यी दुई मन्त्र हुन् । विन्दु र जकार यी दुई बीज हुन् । कूकर र कूर्म यी दुई प्राणवायु हुन् । त्वचा र हात यी दुई इन्द्रिय हुन् । शान्तिकलाको विषय स्पर्श हो भन्ने मानिएको छ । स्पर्श र शब्द यी दुई गुण हुन् र कारण एउटै ईश्वर हो र त्यसको तुर्यावस्था हो । यस किसिमले भुवन आदि समस्त तत्त्वहरूलाई शान्तिकलाका स्थितिमा चिन्तन गरेर पूर्ववत् ताडन, छेदन, हृदय-प्रवेश, चैतन्य-वियोजन, आकर्षण र ग्रहण गर्नुपर्छ । त्यसपछि शान्तिकै मुखसूत्रबाट चैतन्यलाई आत्मामा आरोपण गरेर कला ग्रहण गरेपछि त्यसलाई कुण्डमा स्थापित गर्नुपर्छ । त्यसपछि ईशसित— हे ईश ! म यस मुमुक्षुलई तिम्रा अधिकारमा दीक्षित गर्दै छु । तिमीले यसको अनुकूल भइदिनुपर्छ भनी प्रार्थना गर्नुपर्छ । त्यसपछि मातापितालाई आवाहन आदि र शिष्यलाई ताडन आदि गरेर चैतन्यलाई विधिवत् लिएर आत्मामा योजित गर्नुपर्छ । त्यसपछि पूर्ववत् मातापिताका संयोगको भावना गरेर उद्भवा नाडीबाट त्यस चैतन्यलाई हृदयमन्त्रले सम्पुटित गर्दै आत्मबीज उच्चारणका साथ देवीका गर्भमा स्थापित गर्नुपर्छ । देहोत्पत्तिका लागि हृदय मन्त्रले, जन्मका लागि शिरोमन्त्रले, अधिकार सिद्धिका लागि शिखामन्त्रले, भोगका लागि कवचमन्त्रले, लयका लागि शस्त्रमन्त्रले, स्रोतशुद्धिका लागि शिवमन्त्रले र तत्त्वशोधनका लागि हृदयमन्त्रले

पूर्ववत्पितृसंयोगं भावयित्वोद्भवाख्यया ।
हृत्सम्पुटात्मबीजेन देवीगर्भे नियोजयेत् ।११।
देहत्पत्तौ हृदा पञ्च शिरसा जन्महेतवे ।
शिखया वाऽधिकाराय भोगाय कवचाणुना ।१२।
लयाय शस्त्रमन्त्रेण स्रोतः शुद्धौ शिवेन च ।
तत्त्वशुद्धौ हृदा ह्येवं गर्भाधानादि पूर्ववत् ।१३।
वर्म्मणा पाशशैथिल्यं निष्कृत्येवं शतं जपेत् ।
मलशक्तितिरोधाने शस्त्रेणाहुतिपञ्चकम् ।१४।
एवं पाशवियोगेऽपि ततः सप्तास्त्रजप्तया ।
छिन्द्यादस्त्रेण कर्त्तर्य्या पाशान्बीजवता यथा ।१५।
ओं हौं शान्तिकलापाशाय हः हूं फट् विसृज्य वर्त्तुलीकृत्य पाशमन्त्रेण पूर्ववत् घृतपूर्णे स्रुवे दत्वा कलास्त्रेणैव होमयेत् ।१६।
अस्त्रेण जुहुयात्पञ्च पाशाङ्कुशनिवृत्तये ।
प्रायश्चित्तनिषेधाय दद्याद्दष्टाहुतीरथ ।१७।
ओं हः अस्त्राय हूं फट् हृदेश्वरं समावाह्य कृत्वा पूजनतर्पणे विदधीत विधानेन तस्मै शुल्कसमर्पणम् ।१८।
ओं हां ईश्वर बुद्ध्यहङ्कारौ शुल्कं गृहाण स्वाहा निःशेषदग्धपाशस्य पशोरस्येश्वर त्वया न स्थेयं बन्धकत्वेन शिवाज्ञां श्रावयेदिति ।१९।
विसृजेदीश्वरं देवं रौद्रात्मानं नियोजयेत् ।
ईशचन्द्रमिवात्मानं विधिनाऽऽत्मनि योजयेत् ।२०।
सूत्रे संयोजयेदेनं शुद्धयोद्भवमुद्रया ।
दद्यान्मूलेन शिष्यस्य शिरस्यमृतविन्दुकम् ।२१।
विसृज्य पितरौ वह्नेः पूजितौ कुसुमादिभिः ।
दद्यात्पूर्णां विधानज्ञो निःशेषविधिपूरणीम् ।२२।
अस्यामपि विधातव्यं पूर्ववत्ताडनादिकम् ।
स्वबीजं तु विशेषः स्याच्छुद्धिः शान्तेरपीडिता ।२३।

पाँचपाँच आहुति दिनुपर्छ । यसै गरी पूर्ववत् गर्भाधान संस्कार पनि गर्नुपर्छ । कवचमन्त्रले पाशको शिथिलता र निष्क्रितिका लागि सय आहुति दिनुपर्छ । मलशक्तिलाई तिरोधान गर्ने उद्देश्यले शस्त्रमन्त्रले पाँच आहुति हवन गर्नुपर्छ । यसै गरी पाशमोचनका लागि पनि पाँच आहुति दिनुपर्छ । त्यसपछि सातपटक अस्त्रमन्त्रलाई जपगर्दै बीजयुक्त अस्त्रमन्त्ररूपी खुँडाले पाशलाई छेदन गर्नुपर्छ । त्यसका लागि ओं हौं शान्तिकलापाशाय नमः हः हूं फट् भन्ने मन्त्र छ । त्यसपछि पाश विमर्दन र वर्तुलीकरण पनि पहिलेकै जसरी अस्त्रमन्त्रले गरेर त्यसलाई घिउ भरिएको स्रुवामा राखी कलासम्बन्धी अस्त्रमन्त्रले त्यसलाई हवन गर्नुपर्छ । त्यसपछि पाशाङ्कुश निवृत्तिका लागि अस्त्रमन्त्रले पाँच आहुति दिनुपर्छ र प्रायश्चित निवारणका लागि आठ आहुति हवन गर्नुपर्छ । त्यसको मन्त्र भनेको ओं हः अस्त्राय फट् भन्ने हो । त्यसपछि हृदयमन्त्रले ईश्वरलाई आवाहन गरेर पूजनतर्पण गरिसकेपछि उनलाई विधिपूर्वक शुल्क समर्पण गर्नुपर्छ । त्यसोगर्दा ओं हां ईश्वर बुद्ध्यहङ्कारौ शुल्कं गृहाण स्वाहा भन्ने मन्त्र छ । त्यसपछि ईश्वरलाई— हे ईश्वर ! यस पशुका सबै पाश दग्ध भइसकेका छन्, अब यसका लागि तिमी बन्धनकारक बनेर रहनु हुँदैन भन्ने शिवको आज्ञा सुनाउनुपर्छ । त्यसो भनेर ईश्वरदेवलाई विसर्जन गर्नुपर्छ र रौद्रीशक्तिलाई आत्मामा नियोजित गर्नुपर्छ । जसरी ईशले चन्द्रमालाई आफ्नो शिरमा आश्रय प्रदान गरेका छन् उसैगरी शिष्यका जीवात्मालाई गुरुले आफ्ना आत्मामा नियोजित गर्नुपर्छ । त्यसपछि शुद्धा उद्भाव मुद्राले त्यसलाई सूत्रमा संयोजन गर्नुपर्छ र मूलमन्त्रले शिष्यका मस्तकमा अमरबिन्दुस्वरूप उही चैतन्यसूत्र राख्नुपर्छ । त्यसपछि पुष्प आदिले पूजित अग्निका माता-पितालाई विसर्जन गरेर विधान जान्ने पुरुषले समस्त विधि पूरा गर्ने गरी पूर्णाहुति प्रदान गर्नुपर्छ । त्यसमा पनि ताडन आदि कार्य पूर्ववत् नै गर्नुपर्छ । विशेषतः कलासम्बन्धी आपनै बीजको प्रयोग हुनुपर्छ । शान्तिकलाको विधि यसै प्रकार बताइएको छ ।१-२३।

८८.अष्टाशीतितमोऽध्यायः

निर्वाणदीक्षाविधि

ईश्वर उवाच

सन्धानं शान्त्यतीतायाः शान्त्या सार्द्धं विशुद्धया ।
कुर्वीत पूर्ववत्तत्र तत्त्ववर्णादि तद्यथा ।१।
ओं ह्रीं क्ष्रैं ह्रौं हां इति सन्धानानि उभौ शक्तिशिवौ तत्त्वे भुवनाष्टकसिद्धिकं दीपकं रोचमं चैव मोचकं चोदूर्ध्वगामि च ।२।
व्योमरूपमनाथं च स्यादनाश्रितमष्टमम् ।
ओं कारपदमीशाने मन्त्रो वर्णाश्च षोडश ।३।
अकारादिविसर्गान्ता बीजेन देहकारकौ ।
कुहूश्च शङ्खिनी नाड्यौ देवदत्तधनञ्जयौ ।४।
मारुतौ स्पर्शनं श्रोत्रं इन्द्रिये विषयो नभः ।
शब्दो गुणोऽस्यावस्था तु तुर्य्यातीता तु पञ्चमी ।५।
हेतुः सदाशिवो देव इति तत्त्वादिसञ्चयम् ।
सञ्चिन्त्य शान्त्यतीताख्यं विदध्यात्ताडनादिकम् ।६।
कलापाशं समाताड्य फडन्तेन विभिद्य च ।
प्रविश्यान्तर्त्तमोऽन्तेन फडन्तेन वियोजयेत् ।७।
शिखाहृत्सम्पुटीभूतं स्वाहान्तं सृणिमुद्रया ।
पूरकेण समाकृष्य पाशं मस्तकसूत्रतः ।८।
कुम्भकेन समादाय रेचकेनोद्भवाख्यया ।
हृत्सम्पुटं नमोन्तेन वह्निं कुण्डे निवेशयेत् ।९।
अस्याः पूजादिकं सर्वं निवृत्तेरिव साधयेत् ।
सदाशिवं समावाह्य पूजयित्वा प्रतर्प्य च ।१०।
सदाख्याते ऽधिकारे ऽस्मिन्मुमुक्षुं दीक्षयाम्यहम् ।
भाव्यं त्वया ऽनुकूलेन भक्त्या विज्ञापयेदिति ।११।
पित्रोरावाहनं पूजां कृत्वा तर्पणसन्निधौ ।
हृत्सम्पुटात्मबीजेन शिष्यं वक्षसि ताडयेत् ।१२।
ओं ह्रां ह्रूं ह्रं फट् प्रविश्य चाप्यनेनैव चैतन्यं विभजेत्ततः

ईश्वरले भने— हे स्कन्द ! विशुद्ध शान्तिकलासँगै शान्त्यतीतकलाको सन्धान गर्नुपर्छ । त्यसमा पनि पूर्ववत् तत्त्व र वर्ण आदिको चिन्तन गर्नुपर्छ; जसरी तल बताइएको छ । सन्धानकालमा ओं ह्रां ह्रीं ह्रूं ह्रां मन्त्र उच्चारण गर्नुपर्छ । शान्त्यतीतकलामा शिव र शक्ति यी दुई तत्त्व हुन्छन् । आठ भुवन छन् । तिनको नाम— इन्धक, दीपक, रोचक, मोचक, ऊध्वगामी, व्योमरूप, अनाथ र आठौँ अनाश्रित हो । ओङ्कार पद हो र ईशान मन्त्र हो । अकारदेखि विसर्गसम्मका सोह्र अक्षर छन् र नाद एवं हकार यी दुई बीज हुन् । कुहू र शङ्खिनी यी दुई नाडी हुन्, देवदत्त र धनञ्जय यी दुई प्राणवायु हुन्, वाक् र श्रोत्र यी दुई इन्द्रिय हुन्, शब्द विषय हो, गुण पनि उही विषय नै हो अवस्था तुरीयातीता वा पाँचौँ हो । एकमात्र हेतु सदाशिव हुन् । यस शान्त्यतीतकलामा तत्त्वादि सञ्चयको स्थिति छ भन्ने चिन्तन गर्दै ताडन आदि कर्म गर्नुपर्दछ । फट् अन्त्यमा लाग्ने कलापाशका मन्त्रले ताडन र बोधन गरेर नमः अन्त्यमा लागेका मन्त्रले शिष्यका अन्तःकरणमा प्रवेश गर्नुपर्छ । त्यसपछि अन्त्यमा फट् भएका मन्त्रले जीवचैतन्यलाई पाशसित जोड्नुपर्छ । वषट् र नमः पदले सम्पुटित मन्त्रका अन्त्यमा स्वाहा उच्चारण गरी अङ्कुरमुद्रा एवं पूरक प्राणायामद्वारा मस्तकसूत्रबाट पाशलाई तानेर, कुम्भक प्राणायामले त्यसलाई लिएर, रेचक प्राणायाम एवं उद्भव मुद्राद्वारा नमस्कारान्त हृदयमन्त्रले गर्दै, त्यही मन्त्रले अग्निकुण्डमा त्यसलाई स्थापित गर्नुपर्छ । त्यसका पूजन आदि सबै कार्य निवृत्तिकलाकै जसरी सम्पन्न गर्नुपर्छ । सदाशिवको आवाहन, पूजन र तर्पण गरिसकेर उनीसित भक्तिपूर्वक— हे भगवान् ! यस 'साद' नामका मुमुक्षुलाई तिम्रा अधिकारमा दीक्षित गराउँदै छु । तिमीले सधैं यसको अनुकूल भइदिनुपर्छ भन्ने निवेदन गर्नुपर्छ । त्यसपछि मातापिताको आवाहन, पूजन र तर्पणका कार्यहरू गरेर हृदयमा सम्पुटित आत्मबीज शिष्यका हृदयमा छ्याप्नुपर्छ । त्यसका लागि— ओं ह्रां ह्रां ह्रां हः ह्रूं फट् भन्ने मन्त्र छ । यसै मन्त्रले शिष्यका हृदयमा प्रवेश गरेर अस्त्र मन्त्रले पाशमा जोडिएका चैतन्यलाई पाशबाट छुट्याउनुपर्छ । त्यसपछि ज्येष्ठा अङ्कुशमुद्राले सम्पुटित गरिएका उसै

ास्त्रेण पाशसंयुक्तं ज्येष्ठया ऽङ्कुशमुद्रया ।१३।
ीं हां हः हूं फट् स्वाहान्तेन तदाकृष्य तेनैव पुटितात्मना
ृहीत्वा तन्नमो ऽन्तेन निजात्मनि नियोजयेत् ।१४।
ीं हां हं हीं आत्मने नमः पूर्ववत्पितृसंयोगं
ावयित्वाद्भवाख्यया वामया तदनेनैव देव्या गर्भे नियोजयेत्
।१५।
र्भाधानादिकं सर्वं पूर्वोक्तविधिना चरेत् ।
ूलेन पाशशैथिल्ये निष्कृत्यैव शतं जपेत् ।१६।
लशक्तितिरोधाने पाशानां च वियोजने ।
ञ्च पञ्चाहुतीर्दद्यादायुधेन यथापुरा ।१७।
ाशानायुधमन्त्रेण सप्तवाराधिजप्तया ।
छिन्द्यादस्त्रेण कर्त्तर्य्या कलाबीजयुजा यथा ।१८।
ीं हां शान्त्यतीतकलापाशाय हः हूं फट् विसृज्य
र्त्तुलीकृत्य पाशानस्त्रेण पूर्ववत् घृतपूर्णे सुवे दत्त्वा
कलास्त्रेणैव होमयेत् ।१९।
स्त्रेण जुहुयात् पञ्चपाशाङ्कुश निवृत्तये ।
ायश्चित्त निषेधार्थं दद्याद्दष्टाहुतिस्ततः ।२०।
दाशिवं हृदावाह्य कृत्वा पूजनतर्पणे ।
ूर्वोक्तविधिना कुर्य्यादधिकारसमर्पणम् ।२१।
ीं हां सदाशिवमनोविन्दुं शुल्कं गृहाण स्वाहा
नेःशेषदग्धपाशस्य पशोरस्य सदाशिव बन्धाय न
यया स्थेयं शिवाज्ञां श्रावयेदिति ।२२।
ूलेन गुहुयात्पूर्णां विसृजेत्तु सदाशिवम् ।
ातो विशुद्धमात्मानं शरचन्द्रमिवोदितम् ।२३।
संहारमुद्रया रौद्र्या संयोज्य गुरुरात्मनि ।
कुर्वीत शिष्यदेशस्थमुद्धृत्योद्भवमुद्रया ।२४।
द्याद्याप्यायनायास्य मस्तके ऽर्घ्याम्बुविन्दुकम् ।
क्षमयित्वा महाभक्त्या पितरौ विसृजेत्तथा ।२५।
ब्रेदितौ शिष्यदीक्षायै यन्मया पितरौ युवाम् ।
कारुण्यान्मोक्षयित्वा तद्ब्रजत्वं स्थानमात्मनः ।२६।

स्वाहा अन्त्यमा लागेका मन्त्रले त्यसलाई आकर्षण र ग्रहण गरेर अन्त्यमा नमः भएका मन्त्रले त्यसलाई आफ्नै आत्मासित जोड्नुपर्छ । आकर्षण मन्त्र उही ओं हां हां हां हः हूं फट् नै हो तर आत्मनियोजनको मन्त्र भने ओं हां हां हामात्मने नमः भन्ने हो । पहिलेकै जस्तो उद्भव मुद्राले मातापिता संयोग भएको भावना गरी यसै मन्त्रले त्यस जीवचैतन्यलाई देवीका गर्भमा स्थापन गर्नुपर्छ । त्यसपछि पूर्वोक्त विधिले गर्भाधान आदि सबै संस्कार गर्नुपर्छ । पाशबन्धन खुकुलो पार्नका लागि प्रायश्चितका रूपमा मूल मन्त्रले सय आहुति दिनुपर्छ वा सयपल्ट मूलमन्त्र जप्नुपर्छ । मलशक्ति समाप्त र पाशविनियोजनका लागि पहिलेकै जस्तो अस्त्रमन्त्रले पाँचपाँच आहुति दिनुपर्छ ।१-१७।

कलासम्बन्धी बीजले युक्त आयुधमन्त्रले सातपटक मन्त्रिएका छुरी आदि अस्त्रले पाशलाई छेदन गर्नुपर्छ । त्यसका निम्ति ओं हः हाँ शान्त्यतीतकलापाशाय हूँ फट् भन्ने मन्त्र छ । त्यसपछि पहिलेकै जस्तो अस्त्रमन्त्रले ती पाशहरूलाई माडेर डल्लो पार्दै घिउ भरिएका स्रुवामा राख्नुपर्छ र कलासम्बन्धी अस्त्रमन्त्रले नै त्यसको हवन गर्नुपर्छ । त्यसपछि पाशाङ्कुर निवृत्तिका लागि अस्त्रमन्त्रले पाँच र प्रायश्चित निषेधका लागि आठ आहुति दिनुपर्छ । त्यसभन्दा पछि हृदय मन्त्रले सदाशिवको आवाहन, पूजन र तर्पण गरी पूर्वोक्त विधिले नै अधिकार समर्पण गर्नुपर्छ । त्यसको मन्त्र— ओं हां सदाशिव मनोबिन्दु शुल्कं गृहाण स्वाहा हो । त्यसपछि उनलाई पनि निम्नाति रूपमा शिवको आज्ञा सुनाउनुपर्छ— हे सदाशिव ! यस पशुका सबै पाप भस्म भइसके । त्यसैले अब यसलाई पापमा पार्नका लागि तिमीले यहाँ बस्नु हुँदैन । यसो भनिसकेपछि मूलमन्त्रले पूर्णाहुति दिनुपर्छ र सदाशिवको विसर्जन गर्नुपर्छ । त्यसपछि गुरुले शिष्यको उदीयमान शरदकालीन चन्द्रमाजस्तो विशुद्ध जीवात्मालाई रौद्री संहार मुद्राले आफ्ना आत्मामा संयोजित गरी आत्मस्थ गराउनुपर्छ । शिष्यका शरीरमा रहेको जीवात्मालाई उद्भव मुद्राद्वारा उत्थान वा उद्गार गरेर त्यसको पोषणका लागि शिष्यका शिरमा एक थोपो अर्घ्यजल स्थापित गर्नुपर्छ । त्यसपछि अत्यन्त भक्तिभावले क्षमायाचना गर्दै मातापितालाई विसर्जन गर्नुपर्छ । विसर्जन गर्दा— मैले शिष्यलाई दीक्षा दिँदा तिमीहरू मातापिता दुवैलाई जुन दुःखकष्ट दिएँ, कृपा गरी त्यसका लागि मलाई क्षमा गरी तिमीहरू दुवै आफ्ना स्थानमा

शिखामन्त्रितकर्त्तव्यां बोधशक्तिस्वरूपिणीम् ।
शिखां छिन्द्याच्छिवास्त्रेण शिष्यस्य चतुरङ्गुलाम् ।२७।
ओं क्ष्रीं शिखायै हूं फट् ओं हः अस्त्राय हूं फट् सुचि तां
घृतपूर्णायां गोविङ्गोलकमध्यगाम् संविधायास्त्रमन्त्रेण
हूं फडन्तेन होमयेत् ॥२८।
ओं हौं हः अस्त्राय हूं फट् प्रक्षाल्य सुक्स्रुवौ शिष्यं
संस्नाप्याचम्य च स्वयं योजनिकास्थमात्मानं
शस्त्रमन्त्रेण ताडयेत् ॥२९।
वियोज्याकृष्य सम्पूज्य पूर्ववद्वादशान्ततः ।
आत्मीयहृदयाम्भोजकर्णिकायां निवेशयेत् ।३०।
पूरितं स्रुवमाज्येन विहिताधोमुखस्रुचा ।
नित्योक्तविधिना ऽऽदाय शङ्खसन्निभमुद्रया ।३१।
प्रसारितशिरोग्रीवो नादोच्चारानुसारतः ।
समदृष्टिः स्थिरश्चान्तः परभावसमन्वितः ।३२।
कुम्भमण्डलवह्निभ्यः शिष्यादपि निजात्मनः ।
गृहीत्वा षड्विधाध्वानं स्रुगग्रे प्राणनाडिकम् ।३३।
सञ्चिन्त्य विन्दुवद्ध्यात्वा क्रमशः सप्तधा यथा ।
प्रथमं प्राणसंयोगस्वरूपमपरं ततः ।३४।
हृदयादिक्रमोच्चारविसृष्टं मन्त्रसंज्ञकम् ।
पूरकं कुम्भकं कृत्वा व्यादाय वदनं मनाक् ।३५।
सुषुम्णानुगतं नादस्वरूपं तु तृतीयकम् ।
सप्तमे कारणे त्यागात्प्रशान्तं विश्वरं लयः ।३६।
शक्तिनादोर्ध्वसञ्चारस्तच्छक्ति विस्वरं मतम् ।
प्राणस्य निखिलस्यापि शक्तिप्रमेयवर्जितम् ।३७।
तत्कालविश्वरं षष्ठं शक्त्यतीतं च सप्तमम् ।
तदेतद्योजनास्थानं विश्वरं तत्त्वसंज्ञकम् ।३८।
पूरकं कुम्भकं कृत्वा व्यादाय वदनं मनाक ।
शनैरुदीरयेन्मूलं कृत्वा शिष्यात्मनो लयम् ।३९।
हकारे तडिदाकारे षडध्वप्राणरूपिणि ।
उकारं परतो नाभेर्वितस्तिं व्याप्य संस्थितम् ।४०।

जाओ भन्नुपर्छ । वषट्मन्त्रले अभिमन्त्रित छुरीले शिवास्त्रबाट शिष्यको चार अङ्गुलभन्दा बढी लामो बोधशक्ति स्वरूपिणी शिखालाई छेदन गर्नुपर्छ । छेदनको मन्त्र— ओं हूं शिखायै हूं फट् । ओं अस्त्राय हूं फट् हो । त्यसलाई घिउ भरिएका स्रुक्मा राखेर हूं फट् अन्त्यमा भएका अस्त्रमन्त्रले अग्निमा होमिदिनुपर्छ । त्यसको मन्त्र— ओं ओं हः अस्त्राय हूं फट् भन्ने छ । त्यसपछि स्रुक् र स्रुवा धोएर शिष्यलाई स्नान गराएपछि स्वयंले पनि आचमन गर्नुपर्छ र योजनिका वा योजनास्थानका लागि अस्त्रमन्त्रले आफैंले आफूलाई ताडन गर्नुपर्छ । त्यसपछि विनियोजन, आकर्षण र सङ्ग्रहण गरेर पूर्ववत् द्वादशान्तबाट जीवचैतन्यलाई ल्याएर आफ्नै हृदय कमलका कर्णिकामा स्थापित गर्नुपर्छ । स्रुक्लाई घिउले भरेर, त्यसमाथि स्रुवा घोप्ट्याएर शङ्खतुल्य मुद्राले सधैंका विधिले हातमा लिनुपर्छ । त्यसपछि ठूलो स्वरले उच्चारण गरे अनुसार मस्तक र ग्रीवा फैलाएर दृष्टिलाई समभावमा राखी स्थिर, शान्त एवं परम भावले सम्पन्न भएर कशल, मण्डल, अग्नि, शिष्य र आफ्नै आत्मासमेतबाट छ किसिमका अध्वा ग्रहण गरी स्रुक्का अग्रभागमा प्राणमयी नाडीका भित्रपट्टि स्थापित गर्दै त्यसै भावले चिन्तन गर्नुपर्छ । यस खालको चिन्तन गरेर क्रमशः सात किसिमका विषुवलाई ध्यान गर्नुपर्छ । ती सातको परिचय यस प्रकारको छ— पहिलो प्राणसंयोगस्वरूप हो र दोस्रो हृदयादि क्रमले उच्चरित मन्त्रसंज्ञक हो । तेस्रो सुषुम्णाकै अनुगत रहेको नाद वा नाडी रूप हो, नाडीसम्बद्ध जुन दाद शक्तिमा लय हुनु परेको छ, त्यसलाई प्रशान्त-विषुव भन्दछन् । शक्तिमा लीन भएको नाद पुनर्जीवित भई जुन माथिल्तिर सञ्चार हुँदै समतामा लय हुन्छ त्यसलाई शक्ति नामको विषुव भनिएको छ । सम्पूर्ण नादले शक्तिको सीमा नाघेर लीन हुनुलाई कालविषुव भनिन्छ र यो छैटौं हो । यो शक्तिभन्दा परको हो । सातौं विषुव तत्त्वसंज्ञक हो र योजना स्थान पनि यही हो । पूरक र कुम्भक गरेर अलिकति मुख खोलेर विस्तारैसित मूलमन्त्र उच्चारण गर्दै भावनात्मक रूपले शिष्यका आत्मालाई लय गर्नुपर्छ ।१८-३६।

त्यसको क्रम यस्तो छ— विद्युत्सरिका छ वटै अध्वाहरूलाई प्राणका रूपमा फट् भन्ने चिन्तन गर्नुपर्छ । नाभीभन्दा एक बित्ता माथिभरिको स्थान फट्कार हो र त्यसलाई प्राणको स्थान मानिएको छ। त्यसभन्दा माथि हृदयभन्दा चार अङ्गुल

ततः परं मकारन्तु हृदयाच्चतुरङ्गुलम् ।
ओङ्कारवाचकं विष्णोस्ततोऽष्टाङ्गुलकण्ठकम् ।४१।
चतुरङ्गुलतालुस्थं मकारं रुद्रवाचकम् ।
तद्वल्ललाटमध्यस्थं विन्दुमीश्वरवाचकम् ।४२।
नादं सदाशिवं देवं ब्रह्मरन्ध्रावसानकम् ।
शक्तिं च ब्रह्मरन्ध्रस्थां त्यजन्नित्यमनुक्रमात् ।४३।
दिव्यं पिपीलिकास्पर्शं तस्मिन्नेवानुभूय च ।
द्वादशान्ते परे तत्त्वे परमानन्दलक्षणे ।४४।
भावशून्ये मनोऽतीते शिवे नित्यगुणोदये ।
विलीय मानसे तस्मिञ्छिष्यात्मानं विभावयेत् ।४५।
विमुञ्चन्सर्पिषो धारां ज्वालान्तेऽपि परे शिवे ।
योजनिकास्थिरत्वाय वौषडन्तशिवाणुना ।४६।
दत्त्वा पूर्णां विधानेन गुणापादनमाचरेत् ओं हां आत्मने सर्वज्ञो भव स्वाहा ओं हां आत्मने परितृप्तो भव स्वाहा ओं हूं आत्मने अनादिबोधो भव स्वाहा ओं हौं आत्मने स्वतन्त्रो भव स्वाहा ओं हौं आत्मन् अलुप्तशक्तिर्भव स्वाहा ओं हः आत्मने अनन्तशक्तिर्भव स्वाहा ।
इत्थं षड्गुणमात्मानं गृहीत्वा परमाक्षरात् ।४७।
विधिना भावनोपेतः शिष्यदेशे नियोजयेत् ।
तीव्राणुशक्तिसम्पातजनितश्रमशान्तये ।४८।
शिष्यमूर्द्धनि विन्यस्येदर्घ्यादमृतविन्दुकम् ।
प्रणमय्येशकुम्भादीञ्छिवाद्दक्षिणमण्डले ।४९।
सौम्यवक्त्रं व्यवस्थाप्य शिष्यं दक्षिणमात्मनः ।
त्वयैवानुगृहीतोऽयं मूर्तिमास्थाय मामकीम् ।५०।
देवे वह्नौ गुरौ तस्माद्भक्तिं चाप्यस्य वर्द्धय ।
इति विज्ञाप्य देवेशं प्रणम्य च गुरुः स्वयम् ।५१।
श्रेयस्तवास्त्विति ब्रूयादाशिषं शिष्यमादरात् ।
ततः परमया भक्त्या दत्त्वा देवेऽष्टपुष्पिकाम् ।
पुत्रकं शिवकुम्भेन संस्नाप्य विसृजेन्मखम् ।५२।

पर अकारको चिन्तन गरिन्छ । त्यसभन्दा आठ अङ्गुलमाथि कण्ठमा विष्णुको सूचक उकार छ र त्यसभन्दा पनि चार अङ्गुल माथिल्लो तालुस्थानमा रुद्रवाचक मकारको स्थिति छ । यसै गरी ललाटको मध्य भागमा ईश्वरवाचक विन्दुको स्थान हुन्छ । ललाटभन्दा माथि ब्रह्मरन्ध्रसम्म नादमय सदाशिव विराजमान छन् । तिनकै साथमा त्यहीँ नै उसको शक्ति विराजमान छन् । उपर्युक्त तत्त्वहरूलाई क्रमशः चिन्तन र त्याग गर्दै अन्तिममा शक्तिलाई पनि त्यागनुपर्छ । त्यसै ठाउँमा दिव्य पिपीलिकाले स्पर्श गरेको अनुभव गरेर ललाटभन्दा माथिल्ला भागमा परम तत्त्व, परमानन्दस्वरूप, भावशून्य, मनोऽतीत, नित्य, गुणोदयशाली शिवतत्त्वमा शिष्यका आत्मा विलीन भएको भावना गर्नुपर्छ । परम शिवमा योजनिका स्थिर गराउनका लागि ओं नमः शिवाय वौषट् भन्ने मन्त्र उच्चारण गर्दै अग्निका ज्वालामा घिउको धारा छोडिरहनुपर्छ । त्यसपछि विधिपूर्वक पूर्णाहुति दिएर गुणापादन गरिन्छ । त्यसको विधि यस्तो छ र निम्नि लिखित मन्त्रहरू पढेर अग्निमा आहुति दिनुपर्छ— ओं हां आत्मन् सर्वज्ञो भव स्वाहा । ओं हीं आत्मन् नित्यतृप्तो भव स्वाहा । ओं हूं आत्मन् अनादिबोधो भव स्वाहा । ओं हैं आत्मन् स्वतन्त्रो भव स्वाहा । ओं हौं आत्मन् अलुप्तशक्तिर्भव स्वाहा । ओं हः आत्मन् अनन्तशक्तिर्भव स्वाहा । यस किसिमका छ गुणले सम्पन्न आत्मालाई अविनाशी परम शिवबाट लिएर विधिवत् भावनापूर्वक शिष्यका शरीरमा नियोजित गर्नुपर्छ । तीव्र र मन्द शक्तिपातजनित श्रम शान्त गर्नका लागि शिष्यका मस्तिष्कमा न्यास गरी अमृतविन्दु अर्पित गर्नुपर्छ । ईशान कलशलाई नमस्कार गरेर दक्षिणमण्डलमा शिष्यलाई आफ्ना दाहिनेतिर उत्तरपट्टि फर्काई बसाउनुपर्छ र देवेश्वर शिवसित— हे प्रभु ! मेरा मूर्तिमा रहेका यस जीवलाई तिमीले कृपा गरेका छौ । त्यसैले हे नाथ ! देवता, अग्नि तथा गुरुमा यसको भक्ति बढाइदेऊ भनी प्रार्थना गर्नुपर्छ । यस किसिमले प्रार्थना गरेर देवेश्वर शिवलाई प्रणाम गरिसकेर स्वयं गुरुले शिष्यलाई आदरपूर्वक तिम्रो कल्याण होस् भन्ने आशीर्वाद दिनुपर्छ । त्यसपछि भगवान् शिवलाई उत्तम भक्तिभावले आठवटा फूल चढाएर शिवकशलका जलले शिष्यलाई स्नान गराउनुपर्छ र यज्ञको विसर्जन गर्नुपर्छ ।३७-५२।

८९. ऊननवतितमोऽध्यायः

एकतत्त्वदीक्षाविधि

ईश्वर उवाच
अथैकतात्त्विकी दीक्षा लघुत्वादुपदिश्यते ।
सूत्रबन्धादि कुर्वीत यथायोगं निजात्मना ।१।
कालाग्न्यादिशिवान्तानि तत्त्वानि परिभावयेत् ।
समतत्त्वे समग्राणि सूत्रे मणिगणानिव ।२।
आवाह्य शिवतत्त्वादि गर्भाधानादि पूर्ववत् ।
मूलेन किन्तु कुर्वीत सर्व्वशुल्कसमर्पणम् ।३।
प्रददीत ततः पूर्णां तत्त्वव्रातोपगर्भिताम् ।
एकयैव यया शिष्यो निर्व्वाणमधिगच्छति ।४।
योजनायै शिवे चान्या स्थिरत्वापादनाय च ।
दत्त्वा पूर्णांप्रकुर्वीत शिवकुम्भाभिषेचनम् ।५।

ईश्वरले भने– हे स्कन्द ! छोटो हुनाले अब एकतत्त्व दीक्षाको उपदेश दिइन्छ । मौका अनुसार आफ्नै मन्त्रले यथोचित रीतिपूर्वक सूत्रबन्ध आदि कर्म गर्नुपर्छ । त्यसपछि काल, अग्नि, आदिदेखि लिएर शिवसम्मका समस्त तत्त्वहरूलाई चिन्तन गर्नुपर्छ । शिवतत्त्वमा अन्य सबै तत्त्वहरू धागामा मोती गाँसिएझैं गाँसिएका हुन्छन् । शिवतत्त्व आदिको आवाहन गरेर गर्भाधान आदि संस्कारहरूलाई पूर्ववत् सम्पन्न गर्नुपर्छ तर सर्वशुल्क मूलमन्त्रले नै समर्पण गर्नुपर्छ । त्यसपछि तत्त्व समूहले गर्भित पूर्णाहुति प्रदान गर्नुपर्छ । त्यस एउटै आहुतिबाट शिष्यले निर्वाण प्राप्त गर्दछ । शिवमा नियोजन तथा स्थिरताको आपादन गर्नका लागि दोस्रो पूर्णाहुति पनि दिनुपर्छ । त्यति दिएर शिवकलशका जलले शिष्यलाई अभिषेक गर्नुपर्छ ।१-५।

९०. नवतितमोऽध्यायः

अभिषेकादि

ईश्वर उवाच
शिवमभ्यर्च्याभिषेकं कुर्य्याच्छिष्यादिके श्रिये ।
कुम्भानीशादिकाष्ठासु क्रमशो नव विन्यसेत् ।१।
तेषु क्षारोदं क्षीरोदं दध्युदं घृतसागरम् ।
इक्षुकादम्बरीस्वादुमस्तूदानष्ट सागरान् ।२।
निवेशयेद्यथासङ्ख्यमष्टौ विद्येश्वरानथ ।
एकं शिखण्डिनं रुद्रं श्रीकण्ठं तु द्वितीयकम् ।३।
त्रिमूर्त्तमेकरुद्राक्षमेकनेत्रं शिवोत्तमम् ।
सप्तमं सूक्ष्मनामानमनन्तं रुद्रमष्टमम् ।४।
मध्ये शिवं समुद्रं च शिवमन्त्रं च विन्यसेत् ।
यागालयान्दिगीशस्य रचिते स्नानमण्डपे ।५।
कुर्य्यात्करद्वयायामां वेदिमष्टाङ्गुलोच्छ्रिताम् ।
श्रीपर्णाद्यासने तत्र विन्यस्यानन्तमासनम् ।६।
शिष्यं निवेश्य पूर्वस्यां सकलीकृत्य पूजयेत् ।

ईश्वरले भने– हे स्कन्द ! शिवको पूजन गरेर गुरुले शिष्य आदिको अभिषेक गर्नुपर्छ । त्यसोगर्दा शिष्यलाई श्री प्राप्ति हुन्छ । ईशान आदि आठ दिशाहरूमा आठ र मध्यमा एक गरी नौवटा कलश स्थापित गर्नुपर्छ । ती आठ कलशमा क्रमशः क्षारोद, क्षीरोद, दध्युदक, घृतोद, इक्षुरसोद, सुरोद, स्वादूदक र गर्भोद यी आठ समुद्रहरूलाई आवाहन गर्नुपर्छ । यसै गरी क्रम अनुसार तिनीहरूमा आठ विद्येश्वरहरूलाई पनि स्थापन गर्नुपर्छ, तिनका नाम शिखण्डी, श्री कण्ठ, त्रिमूर्ति, एक रुद्र, एकनेत्र, शिवोत्तम, सूक्ष्म र अनन्तरुद्र भन्ने छन् । माझमा रहेका कलशमा शिव, समुद्र तथा शिवमन्त्रको स्थापना गर्नुपर्छ । यज्ञमण्डपका दिशाका स्वामीका लागि रचित स्नानमण्डपमा दुई हात लामो र आठ अङ्गुल उच्च एक वेदी बनाउनुपर्छ र त्यसमाथि कमल आदि बिछाउनुपर्छ । त्यसैमाथि आसनस्वरूप अनन्तको न्यास गरेर शिष्यलाई पूर्वाभिमुख बसाई सफलीकरणका साथ पूजा गर्नुपर्छ । काञ्जी, भात, माटो, भस्म, दुर्वा, गोबरका डल्ला, तोरी, दही र पानी यी सबै कुरा उसका शरीर मनग्गे घसेर क्रमैसँग

काञ्जिकौदनमृद्भस्मदूर्वागोमयगोलकैः ।७।
सेद्धार्थदधितोयैश्च कुर्य्यान्निर्मञ्छनं ततः ।
ारोदानुक्रमेणाथ हृदा विद्येशशम्बरैः ।८।
कलशैः स्नापयेच्छिष्यं स्वधाधारणयान्वितम् ।
रिधाप्य सिते वस्त्रे निवेश्य शिवदक्षिणे ।९।
ूर्वोदितासने शिष्यं पुनः पूर्ववदर्च्चयेत् ।
ष्णीषं योगपट्टं च मुकुटं कर्त्तरीं घटिम् ।१०।
क्षमालां पुस्तकादि शिविकाद्यधिकारकम् ।
ोक्षाव्याख्याप्रतिष्ठाद्यं ज्ञात्वा ऽद्यप्रभृति त्वया ।११।
ुपरीक्ष्य विधातव्यमाज्ञां संश्रावयेदिति ।
भिवाह्य ततः शिष्यं प्रणिपत्य महेश्वरम् ।१२।
वेष्टनज्वालापनोदार्थं कुर्य्याद्विज्ञापनं यथा ।
भिषेकार्थमादिष्टस्त्वया ऽहङ्गुरुमूर्त्तिना ।१३।
ंहितापारगः सौ ऽयमभिषिक्तो मया शिव ।
ृप्तये मन्त्रचक्रस्य पञ्च पञ्चाहुतीर्यजेत् ।१४।
द्यात्पूर्णां ततः शिष्यं स्थाययेन्निजदक्षिणे ।
शष्यदक्षिणपाणिस्था अङ्गुष्ठाद्यङ्गुलीः क्रमात् ।१५।
ाञ्छयेदुपबद्धाय दग्धदर्भाग्रशम्बरैः ।
ुसुमानि करे दत्त्वा प्रणामं कारयेदमुम् ।१६।
ुम्भे ऽनले शिवे स्वस्मिंस्ततस्तत्कृत्यमाविशेत् ।
नुग्राह्यास्त्वया शिष्याः शास्त्रेण सुपरीक्षिताः ।१७।
ूपवन्मानवादीनामभिषेकादभीप्सितम् ।
ों श्रां श्रौं पशु हूं फडिति अस्त्रराजाभिषेकतः ।१८।

क्षारोदक आदिले नमस्कार सहित विद्येश्वरहरूकै नामको मन्त्रले पूर्वोक्त कलशका जलले शिष्यलाई स्नान गराउनुपर्छ र मनमनै शिष्यले पनि मलाई अमृतले नुहाइदिँदै छन् भन्ने सोच्नुपर्छ । त्यसपछि उसलाई दुईवटा सेता वस्त्र लगाइदिएर शिवका दाहिनेतर्फ बसाउनुपर्छ र पूर्वोक्त आसनमै त्यस शिष्यलाई पहिलेकै जसरी पूजा गर्नुपर्छ । त्यसपछि उसलाई पगरी, मुकुट, योगपट्टिका, कर्तरी, खडिया, अक्षमाला र पुस्तक आदि दिनुपर्छ । वाहनका लागि शिबिका आदि पनि दिनुपर्छ । त्यसपछि गुरुले त्यस शिष्यलाई अधिकार समर्पित गर्नुपर्छ । त्यसपछि– आजदेखि तिमीले राम्रोसित बुझेर उचित रूपमा जाँचेर गजबसँग पर्गेलेर जोसुकैलाई दीक्षा, व्याख्या र प्रतिष्ठा आदिको उपदेश गर्नु भन्ने आज्ञा सुनाउनुपर्छ । त्यसपछि शिष्यको अभिवादन स्वीकार गरेर र महेश्वरलाई प्रणाम गरेर उनीसित विघ्नसमूह निवारणका लागि प्रार्थना गर्दै– हे प्रभु ! हे शिव ! तिमी गुरु स्वरूप हौ । यस शिष्यलाई अभिषेक गरिदिन तिमीले नै मलाई आदेश दिएका थियौ । मैले त्यसै अनुसार यसलाई अभिषेक गरैं । यो संहितामा अब पोख्त भएको छ भन्नुपर्छ । मन्त्रचक्रको तृप्तिका लागि पाँचपाँच आहुति दिनुपर्छ । त्यसपछि पूर्णाहुति होम गर्नुपर्छ । त्यति गरिसकेपछि शिष्यलाई आफ्ना दाहिनेतिर राख्नुपर्छ । शिष्यका दाहिने हातका अङ्गुष्ठ आदि पाँचै औंलाहरूलाई क्रमशः दग्ध दर्भाङ्ग शम्भरले उषरत्वका लागि लाञ्छित गर्नुपर्छ । उसका हातमा फुल दिएर त्यसलाई कलश, अग्नि एवं शिवमा प्रणाम गर्न लगाउनुपर्छ । त्यसपछि उसलाई कर्तव्यको आदेश दिँदै– तिमीले शास्त्र अनुसार उचित किसिमले जाँचेर शिष्यको अनुगृहीत गर्ने काम गर्नुपर्छ भन्नुपर्छ । मानव आदिको अभिषेक राजाकै जस्तो तरिकाले गर्दाखेरि अभिष्ट प्राप्ति हुन्छ । ओं श्रीं पशु हूं फट् भन्ने अस्त्र राज माशुपतको मन्त्र हो । यसैमन्त्रले अस्त्रराज पाशुपतको पूजा र अभिषेक गर्नुपर्छ ।१-१८।

९१. एकनवतितमोऽध्यायः

विविधमन्त्र

श्वर उवाच

भिषिक्तः शिलं विष्णुं पूजयेद्भास्करादिकान् ।
ाङ्घभेर्य्यादिनिर्घोषैः स्नापयेत्पञ्चगव्यकैः ।१।
ो देवान्देवलोकं स याति स्वकुलयुद्धरन् ।

ईश्वरले भने– हे स्कन्द ! अभिषेक भइसकेपछि दीक्षित पुरुषले शिव, विष्णु तथा सूर्य आदि देवताको पूजा गर्नुपर्छ । जसले शङ्ख, भेरी आदि वाद्य मन्त्रहरूको ध्वनिका साथै पञ्चगव्यले देवताहरूलाई स्नान गराउँछ उसले आफ्नो कुललाई उद्धार गर्छ र आफू पनि स्वर्ग जान्छ । हे अग्निदेवता ! करोडौँ हजार वर्षहरूमा जुन पाप आर्जन गरिएको छ त्यो सबै देवताहरूलाई घिउको मालिस गर्दा भस्म हुन्छ । घिउले

वर्षकोटिसहस्रेषु यत्पापं समुपार्जितम् ।२।
घृताभ्यङ्गेन देवायां भस्मीभवति पावके ।
आढकेन घृताद्यैश्च देवान्स्नाप्य सुरो भवेत् ।३।
चन्दनैनानुलिप्याथ गन्धाद्यैः पूजयेत्तथा ।
अल्पायासन स्तुतिभिः स्तुता देवास्तु सर्वदा ।४।
अतीतानागतज्ञातमन्त्रधीभुक्ति मुक्तिदाः ।
गृहीत्वा प्रश्नसूक्ष्मार्णे हृते द्वाभ्यां शुभाशुभम् ।५।
त्रिभिर्जीवो मूलधातुश्चतुर्भिर्ब्राह्मणादिभिः ।
पञ्चादौ भूततत्त्वादि शेषे चैवं जपादिकम् ।६।
एकत्रिकातित्रिकान्ते पदे द्विपमकान्तके ।
अशुभं मध्यमं मध्येष्विन्द्रस्त्रिषु नृपः शुभः ।७।
सङ्ख्यावृन्दे जीविताब्दं यमोऽब्ददशहा ध्रुवम् ।
सूर्य्यभास्येशदुर्गाश्रीविष्णुमन्त्रैलिखेत्कजे ।८।
कठिन्या जप्तया स्पृष्टे गोमूत्राकृतिरेखया ।
आरभ्यैकं त्रिवं यावत् त्रिचतुष्कावसानकम् ।९।
मरुद् व्योममरुदीजैश्चतुःषष्टिपदे तथा ।
अक्षाणां पतनात्स्पर्शाद्विपमादौ शुभादिकम् ।१०।
एकत्रिकादिमारभ्य अन्ते चाष्टत्रिकं तथा ।
ध्वजाद्या याः समाहीना विषमाः शोभनादिदाः ।११।
आइपल्लवितैः काद्यैः षोडशस्वरपूर्वगैः ।
आद्यैस्तैः सस्वरैः काद्यैस्त्रिपुरानाममन्त्रकाः ।१२।
क्ष्रौं बीजाः प्रणवाद्याः स्युर्नमोऽन्ता यत्र पूजने ।
मन्त्रा विंशतिसाहस्राः शत षष्ठ्यधिकं ततः ।१३।

देवताहरूलाई नुहाइदिँदा मानिस देवता बन्दछ । चन्दनको लेपन लगाएर गन्ध आदिले देवपूजन गर्दा त्यसको पनि उस्तै फल प्राप्त हुन्छ । केही आशयसका साथ स्तुति पढेर सधैँ यदि देवताको स्तुति गरिन्छ भने त्यसले भूत-भविष्यको ज्ञान, मन्त्रज्ञान, भोग र मोक्ष प्रदान गर्दछ । यदि कसैले मन्त्रको कलाफलका विषयमा प्रश्न गरे भने प्रश्नकर्ताका सङ्क्षिप्त प्रश्नवाक्यका अक्षर सङ्ख्या गन्नुपर्छ । त्यस सङ्ख्यामा दुईले भाग गर्नुपर्छ । एक बच्यो भने शुभ र शून्य वा दुई बच्यो भने अशुभ फल हुने जान्नुपर्छ । तीनले भाग गर्दा मूल धातुरूप जीवको परिचय प्राप्त हुन्छ अर्थात् एक शेष रहेमा वातजीव, दुई शेष रहेमा पित्तजीव र तीन शेष रहेमा कफजीव हो भनी जान्नू । चारले भाग लगाउँदा ब्राह्मण आदि वर्ण बुद्धि हुन्छ । त्यसको तात्पर्य एक बच्यो भने ब्राह्मण बुद्धि, दुई बचेमा क्षत्रिय बुद्धि, तीन बच्दा वैश्य बुद्धि र चार बच्दा शूद्र बुद्धि हुन्छ । पाँचले भाग लगाउँदा शेषकै अनुसारले भूततत्त्व आदिको बोध हुन्छ । अर्थात् एक शेष रहँदा पृथ्वी आदि तत्त्वको परिचय पाइन्छ । यसै गरी जय-पराजय आदिको ज्ञान पनि प्राप्त गर्नुपर्छ । यदि मन्त्र पदका अन्त्यमा एक त्रिक अर्थात् तीन बीजाक्षर छ, अधिक बिजाक्षर छन् अथवा प, म, क यिनीहरूमध्ये कुनै दुई छन् भने यिनीहरूका प्रथम वर्गबाट अशुभ, बीचको भएमा मध्यम र अन्तिम वर्ग भयो भने शुभ हुन्छ । यदि अन्त्यमा सङ्ख्या-समूह छ भने त्यसले जीवनकालका दस वर्ष सूचित गर्छ । यदि दसकै सङ्ख्या छ भने दस वर्षपछि त्यस मन्त्रका साधकमाथि यमराजको आक्रमण निश्चित रूपमा हुनसक्छ । सूर्य, गणपति, शिव, दुर्गा, लक्ष्मी तथा श्रीविष्णु भगवान्को मन्त्रका अक्षरले जप गर्न तयार हुँदा बुढी आँलाले स्पर्श गरिएका कमलपत्रमा गोमूत्राकार रेखामा एक त्रिकले आरम्भ गरी बाह्र त्रिकसम्म लेख्नुपर्छ । अर्थात् उक्त मन्त्रका तीन अक्षर एकदेखि बाह्रसम्मका समुदाय पृथक्पृथक् लेख्नुपर्छ । यसै गरी चौसठ्ठी कोष्ठको एक मण्डल बनाएर त्यसमा मरुत् यं व्योम हं र मरुत् यं यी तीन बीजको त्रिक पहिलो कोष्ठदेखि आठौँसम्म लेख्नुपर्छ । यी स्थानहरूमा पासा पर्याँक्दा अथवा स्पर्श गर्दा शुभाशुभ थाहा पाइन्छ । बिजोडी सङ्ख्यामा पासा पऱ्यो भने वा स्पर्श गऱ्यो भने शुभ हुन्छ र जोडी सङ्ख्यामा पऱ्यो भने फल शुभ हुन्छ । 'यं हं यं' यी तीन बीजको आठ त्रिक हुन्छ । यी ध्वज आदि आँठ आयका प्रतीक हुन् । यी आयमा भएको सम अशुभ हो । विषम आयलाई शुभप्रद मानिन्छ । क आदि सोह्र अक्षरसँग सोह्र स्वरलाई र सोह्र स्वरलाई क आदि सोह्रसित मुक्त गराई ती सबैमा आं ई पल्लव लगाउनुपर्छ । पल्लवयुक्त यी सस्वर क आदि अक्षरलाई सुरुमा राखेर

आं ह्रीं मन्त्राः सरस्वत्याश्चण्डिकायास्तथैव च ।
तथा गौर्य्याश्च दुर्गाया आं श्रीं मन्त्राः श्रियस्तथा ।१४।
तथा क्ष्रौं कौं मन्त्राः सूर्यस्य आं ह्रौं मन्त्राः शिवस्य च ।
आं गं मन्त्रा गणेशस्य आं मन्त्राश्च तथा हरेः ।१५।
शतार्द्धैकाधिकैः काद्यैस्तथा षोडशभिः स्वरैः ।
काद्यैस्तैः सस्वरैराद्यैः कान्तैर्म्मन्त्रास्तथाखिलाः ।१६।
रवीशदेवीविष्णूनां खाब्धिदेवेन्द्रवर्त्तनात् ।
शतत्रयं षष्ट्यधिकं प्रत्येकं मण्डलं क्रमात् ।
अभिषिक्तो जपेद्ध्यायेच्छिष्यादीन्दीक्षयेद्गुरुः ।१७।

तिनकै साथमा त्रिपुराको नाम मन्त्रलाई पृथक्पृथक् सम्बद्ध गर्नुपर्छ । तिनका सुरुमा ओं ह्रीं जोड्नुपर्छ र अन्त्यमा नमः पद लगाउनुपर्छ । यसरी पूजनकर्मका उपयोगमा आउने यी मन्त्रको प्रस्तार बीस हजार एकसय साठी पुग्दछ । आं ह्रीं यी बीज मन्त्रले युक्त सरस्वती, चण्डी, गौरी र दुर्गाका मन्त्र हुन् । श्रीदेवीको मन्त्र आं श्रीं यी बीजले युक्त हुन्छ । सूर्यको मन्त्र आं क्ष्रौं बीजहरूले युक्त, शिवको मन्त्र ओं ह्रौं यी बीजले, गणेशको मन्त्र आं गं बीजहरूले र श्रीहरिको मन्त्र आं अं बीजहरूले युक्त छ । क आदि व्यञ्जन अक्षर तथा अ आदि सोह्र स्वरहरू मिलाएर एकाउन्न हुन्छ । यस किसिमले सस्वर क आदि अक्षरहरूका सुरुमा र सस्वर क्ष देखि लिएर क सम्मका अक्षरहरूका अन्त्यमा राख्दा सम्पूर्ण मन्त्र बन्दछ । चौध सय चालीस मण्डल सम्पूर्ण हुँदा सूर्य, शिव, देवी, दुर्गा तथा विष्णुमध्ये प्रत्येकलाई तीनसय साठी मण्डल हुन्छन् । अभिषिक्त गुरुले यी सबै मन्त्र र देवताहरूको जपध्यान गर्नुपर्छ र पुत्र तथा शिष्यलाई दीक्षा पनि दिनुपर्छ ।१-१७।

९२. द्विनवतितमोऽध्यायः

प्रतिष्ठाविधि

ईश्वर उवाच
प्रतिष्ठां सम्प्रवक्ष्यामि क्रमात्सङ्क्षेपतो गुह ।
पीठं शक्तिं शिवो लिङ्गं तद्योगः स शिवाणुभिः ।१।
प्रतिष्ठायाः पञ्च भेदास्तेषां रूपं वदामि ते ।
यत्र ब्रह्मशिलायोगा सा प्रतिष्ठा विशेषतः ।२।
स्थापनं तु यथायोगं पीठ एव निवेशनम् ।
प्रतिष्ठाभिन्नपीठस्य स्थितः स्थापनमुच्यते ।३।
उत्थापनं च सा प्रोक्ता लिङ्गोद्धारपुरःसरा ।
यस्यां तु लिङ्गमारोप्य संस्कारः क्रियते बुधैः ।४।
आस्थापनं तदुद्दिष्टं द्विधा विष्ण्वादिकस्य च ।
आसु सर्वासु चैतन्यं नियुञ्जीत परं शिवम् ।५।
यदाधारादिभेदेन प्रासादेष्वपि पञ्चधा ।
परीक्षामथ मेदिन्याः कुर्य्यात्प्रासादकाम्यया ।६।
शुक्लाज्यगन्धा रक्ता च रक्तगन्धा सुगन्धिनी ।

ईश्वरले भने– हे स्कन्द ! अब म क्रमैसँग सङ्क्षिप्त रूपमा प्रतिष्ठाको वर्णन गर्दछु । पीठ शक्ति हुन् र लिङ्ग शिव हुन् । यी शक्ति र शिव अथवा पीठ र लिङ्गका योगमा शिव सम्बन्धी मन्त्रले प्रतिष्ठाको विधि सम्पादन गरिन्छ । प्रतिष्ठा आदि पाँच भेद प्रतिष्ठाका छन् । तिनको स्वरूप म तिमीलाई भन्दै छु । ब्रह्म शिलाको योग जहाँ छ त्यहाँ विशेष किसिमले स्थापना गरिएकालाई प्रतिष्ठा भनिन्छ । पिठमा नै यथायोग्य जुन अर्चा विग्रहरूलाई आसीन गराइन्छ त्यसलाई स्थापन भदन्छन् । ब्रह्मशिला वा प्रतिष्ठाभन्दा भिन्नलाई स्थापित गरिएको छ भने स्थिर स्थाना भनिन्छ । लिङ्गको आधारका रूपमा जुन स्थापना हुन्छ त्यसलाई उत्थापन भनिएको छ । जुन प्रतिष्ठामा लिङ्गलाई आरोपित गरेर जस्तो संस्कार विद्वान्हरूले गरेका छन् त्यसको नाम आस्थापन हो । शिव प्रतिष्ठाका यिनै पाँच भेद छन् । आस्थान र उत्थानका भेदले विष्णु आदिको प्रतिष्ठा दुई किसिमको मानिएको छ । यी सबै प्रतिष्ठाहरूमा चैतन्यस्वरूप परम शिवलाई नियोजन गर्नुपर्छ । पदाध्या आदिका भेदले प्रासादहरूकै पनि पाँच प्रकारको प्रतिष्ठा बताइएको छ । प्रासादको इच्छा गर्नेले पृथ्वीको परिक्षण गर्नुपर्छ । जुन ठाउँमा सेतो रङ्गको माटो छ र घिउको सुगन्ध आउँछ त्यो ब्राह्मणका

पीता कृष्णा सुरागन्धा विप्रादीनां मही क्रमात् ।७।
पूर्वेशोत्तरे सर्वत्र पूर्वा चैषां विशिष्यते ।
आखाते हास्तिके यस्याः पूर्णे मृदधिका भवेत् ।८।
उत्तमां तां महीं विद्यात्तोयाद्यैर्वा समुक्षिताम् ।
अस्थ्यङ्गारादिभिर्दुष्टामत्यन्तं शोधयेद्गुरुः ।९।
नगरग्रामदुर्गार्थं गृहप्रासादकारणम् ।
खननैर्गोकुलावासैः कर्षणैर्वा मुहुर्मुहुः ।१०।
मण्डपे द्वारपूजादि मन्त्रतृप्त्यवसानकम् ।
कर्म्म निर्वर्त्याघोरास्त्रं सहस्रं विधिना यजेत् ।११।
समीकृत्योपलिप्तायां भूमौ संशोधयेद्दिशः ।
स्वर्णदध्यक्षतै रेखाः प्रकृर्वीत प्रदक्षिणम् ।१२।
मध्यादीशानकोष्ठस्थे पूर्णकुम्भे शिवं यजेत् ।
वास्तुमभ्यर्च्य तत्तोयैः सिञ्चेत्कुद्दालकादिकम् ।१३।
बाह्ये रक्षोगणानिष्ट्वा विधिना दिग्बलिं क्षिपेत् ।
भूमिं संसिच्य संस्नाप्य कुद्दालाद्यं प्रपूजयेत् ।१४।
अन्यं वस्त्रयुगच्छन्नं कुम्भं स्कन्धे द्विजन्मनः ।
निधाय गीतवाद्यादिब्रह्मघोषसमाकुलम् ।१५।
पूजां कुम्भे समाहृत्य प्राप्ते लग्नेऽग्निकोष्ठके ।
कुद्दालेनाभिषिक्तेन मध्वक्तेन तु खानयेत् ।१६।
नैर्ऋत्यां क्षेपयेन्मृत्स्नां खाते कुम्भजलं क्षिपेत् ।
पुरस्य पूर्वसीमान्तं नयेद्यावदभीप्सितम् ।१७।
अथ तत्र क्षणं स्थित्वा भ्रामयेत्परितः पुरम् ।
सिञ्चन्सीमान्तचिह्नानि यावदीशानगोचरम् ।१८।
अर्घ्यदानमिदं प्रोक्तं तत्र कुम्भपरिभ्रमात् ।
इत्थं परिग्रहं भूमेः कुर्वीत तदनन्तरम् ।१९।
कर्करान्तं जलान्तं वा शल्यदोषजिघांसया ।
खानयेद्भूकुमारीं चेद्विधिना शल्यमुद्धरेत् ।२०।
अकचटतपयशहान् मानवश्चेत् प्रअक्षराणि तु ।

लागि उत्तम हुन्छ भनिएको छ । यसै गरी क्रमशः क्षत्रियका लागि रातो र लाहाको गन्ध भएको माछो, वैश्यका लागि पहेँलो सुगन्धित माटो र शुद्रका लागि कालो एवं मदिराको गन्ध भएको माटो रोज्नु उत्तम हुन्छ भनिएको छ । पूर्व, ईशान, उत्तर अथवा सबैतिर नै होचो वा मध्यममन्दा उच्च भूमिलाई राम्रो मानिएको छ । एक हात गहिरोसम्म खनेर निकालेको माटो यदि फेरि त्यसै खाडलमा हाल्दा धेरै भयोभने त्यहाँको माटो असल ठान्नुपर्छ । अथवा पानी आदिले पनि त्यसको परीक्षण गर्नुपर्छ । हड्डी वा कोइला आदिले दूषित भूमि खनेर, गाईगोठ, राखेर वा बारम्बार जोत्ने आदि जस्ता काम गरी शुद्ध पार्नुपर्छ । नगर, ग्राम, दुर्ग, गृह र प्रासाद आदिको निर्माण गराउन त्यस किसिमले भूमिको शुद्धि गराउनु आवश्यक छ । मण्डपमा द्वारपूजादेखि मन्त्रतर्पणसम्मका सबै कर्म सम्पादन गरेर विधिपूर्वक घोरास्त्र सहस्रयाग गर्नुपर्छ । बराबर सम्याएर लिपपोत गरिएका भूमिमा दिशाहरूको सस्थान गर्नुपर्छ । सुवर्ण, अक्षत र दहीले प्रदक्षिण क्रममा रेखा खिँच्नुपर्छ । मध्यभागबाट ईशान कोष्ठमा रहेको भरी कलशमा शिवको पूजा गर्नुपर्छ र त्यसपछि वास्तुको पूजा गरेर त्यसै कलशका जलले कोदालो आदि पखाल्नुपर्छ । मण्डपदेखि बाहिर राक्षस र ग्रहहरूको पूजन गरेर दिशाहरूमा विधिपूर्वक बलि दिनुपर्छ । कलशहरूमा पूजन गरिसकेपछि लग्न आएमा अग्निकोणवर्ती कोष्ठमा जसको पहिले अभिषेक गरिएको थियो, महले थोइएको त्यसै कोदालोले धर्ती खन्न लगाउनुपर्छ र माटो नैर्ऋत्यकोणमा फ्याँक्नुपर्छ । खनिएका खाल्टामा कलशको पानी खन्याउनुपर्छ । त्यसपछि भूमिलाई अभिषेक गरेर कोदाला आदि पखाली तिनलाई पूजा गर्नुपर्छ । त्यसपछि अर्को कलशलाई दुई वस्त्रले छोपेर ब्राह्मणका काँधमा राखी बाजागाजा एवं वेदध्वनिका साथ नगरको पूर्वसीमाको अन्त्यसम्म वा जति टाढा पुग्न उचित हुन्छ लैजानुपर्छ र त्यहाँ एकैछिन अडिएर त्यहींबाट प्रदक्षिणा क्रमले नगरको चारैतिर घुम्दै घुमाउँदै ईशानकोणसम्म त्यो कलश पुऱ्याउनुपर्छ । त्यसकासाथै सीमान्त चिह्नहरूलाई अभिषेक पनि गरिरहनुपर्छ । यसै गरी रुद्र कलशलाई नगरका चारैतिर घुमाएर भूमिलाई परिग्रह गर्नुपर्छ । यस क्रियालाई अर्घ्यदान भनिएको छ । त्यसपछि शल्यदोष निवारण गर्नका लागि भूमिलाई यति गहिरो खन्नुपर्छ, जसले ढुङ्गा, गिट्ठी अथवा पानी देखियो अथवा शल्य वा हड्डी आदि भएको थाहा पाइयो भने त्यसलाई विधिपूर्वक खन्त्र लगाएर निकालिदिनुपर्छ । यदि लग्न मण्डपमा कसैले प्रश्न सोध्यो भने र त्यसका मुखबाट

अग्नेर्ध्वजादिपतिताः स्वस्थाने शल्यमाख्यान्ति ।२१।
कर्त्तुश्चाङ्गविकारेण जानीयात्तत्प्रमाणतः ।
पश्वादीना प्रवेशेन कीर्त्तनैर्विरुतैर्दिशः ।२२।
मातृकामष्टवर्गाढ्यां फलके भुवि वा लिखेत् ।
शल्यज्ञानं वर्गवशात्पूर्वा दीशान्ततः क्रमात् ।२३।
अवर्गे चैव लोहं तु कवर्गेऽङ्गारमग्नितः ।
चवर्गे भस्म दक्षे स्याट्टवर्गेऽस्थि च नैर्ऋते ।२४।
तवर्गे चेष्टका चाप्ये कपालं च पवर्गके ।
यवर्गे शवकीटादि शवर्गे लोहमादिशेत् ।२५।
हवर्गे रजतं तद्वदवर्गाच्चानर्थकरानपि ।
प्रोक्ष्यात्मभिः करापूरैरष्टाङ्गुलमृदन्तरैः ।२६।
पादोनं खातमापूर्य्य सजलैर्मुद्गराहतैः ।
लिप्तां समप्लवां तत्र कारयित्वा भुवं गुरुः ।२७।
सामान्यार्घ्यकरो यायान्मण्डपं वक्ष्यमाणकम् ।
तोरणद्वाःपतीनिष्ट्वा प्रत्यग्द्वारेण संविशेत् ।२८।
कुर्य्यात्तत्रात्मशुद्ध्यादि कुण्डमण्डपसंस्कृतिम् ।
कलशं वर्द्धनीसक्तं लोकपालशिवार्च्चनम् ।२९।
अग्नेर्जननपूजादि सर्वं पूर्ववदाचरेत् ।
यजमानान्वितो यायाच्छिलानां स्नानमण्डपम् ।३०।
शिलाः प्रासादलिङ्गस्य पादा धर्म्मादिसंज्ञकाः ।
अष्टाङ्गुलोच्छ्रिताः शस्ताश्चतुरस्राः करायताः ।३१।
पाषाणानां शिलाः कार्य्या इष्टकानां तदर्द्धतः ।
प्रासादे स्म शिलाः शैल इष्टका इष्टकामये ।३२।
आङ्किता नववक्त्राद्यैः पङ्क्तिजैः पङ्क्तिजाङ्किताः ।
नन्दा भद्रा जया रिक्ता पूर्णाख्या पञ्चमी यता ।३३।
आसां पद्मो महापद्मः शङ्खोऽथ मकरस्तथा ।
समुद्रश्चेति पञ्चामी निधिकुम्भाः क्रमादधः ।३४।
नन्दा भद्रा जया पूर्णा अजिताचापराजिता ।

अ, क, च, र, त, प, स, वा ह यी वर्गका अक्षर निस्क्यो भने तिनका दिशामा शल्य रहेको स्थिति सूचित हुन्छ । अथवा द्विज आदि त्यहाँ पछारिए भने यी सबै कुराले त्यस स्थानमा शल्य छ भन्ने कुराको सूचना दिन्छन् । कर्ताको अङ्गविकार भएमा त्यसै बराबरको शल्य भएको निश्चय गर्नुपर्छ । पशु आदिको प्रवेशबाट, कीर्तनबाट र पक्षीहरूको कलरवबाट शल्यका दिशाको ज्ञान प्राप्त गर्नुपर्छ ।१-२२।

कुनै पट्टीमा या भूमिमा अकार आदि वर्गले युक्त मातृका वर्णहरू लेख्नुपर्छ । वर्गकै अनुसार पूर्वदेखि लिएर ईशानसम्मका दिशाहरूमा शल्यको जानकारी प्राप्त गर्नुपर्छ । 'अ' वर्गमा पूर्व दिशामा फलाम भएको अनुमान गर्नपर्छ । क वर्गमा अग्निकोणतर्फ कोइला भएको जानौं । च वर्गमा दक्षिणदिशातर्फ भस्म तथा ट वर्गमा नैर्ऋत्य कोणतर्फ अस्थि भएको मान्नुपर्छ । त वर्गमा पश्चिम दिशातर्फ ईँट, प वर्गमा वायव्यकोणतर्फ खप्पर, य वर्गमा उत्तर दिशातर्फ मुर्दा र कीरा आदि र स वर्गमा ईशान कोणतर्फ फलाम भएको बताउनुपर्छ । यसै गरी ह वर्गमा चाँदी भएको अनुमान गर्नुपर्छ र क्ष वर्गयुक्त दिशाका भागहरूबाट त्यस्ता दिशामा अरू अनर्थकारी वस्तुहरू भएको अनुमान गर्नुपर्छ । एक एक हात लामा नौवटा शिलाखण्डहरूलाई पखालेर तिनलाई आठआठ अङ्गुल माटामुनि गाड्नुपर्छ । त्यसपछि त्यहाँ पानी खन्याएर तिनीहरूमाथि धुर्मसले ठट्टाउनुपर्छ जब ती डुङ्गाको तीन चौथाइ भाग जमिनमुनि गाडिन्छन् त्यसपछि त्यो खाल्टो सम्याएर त्यहाँका जमिनलाई लिपपोत गरी त्यहाँको भूमि समान पार्नुपर्छ । त्यसो गराएर गुरुले सामान्य अर्घ्य हातमा लिई त्यसपछि बताइने मण्डप वा मण्डपतर्फ जानुपर्छ । मण्डपका द्वारमा द्वारपालहरूलाई पूजा गरी पश्चिम द्वारबाट त्यसकाभित्र पस्नुपर्छ । त्यहाँ आत्मशुद्धि आदि गर्दै कुण्ड मण्डपलाई संस्कार गर्नुपर्छ । कलश र वार्धानी आदिलाई स्थापना गरेर लोकपालहरू र शिवको पूजा गर्नुपर्छ । अग्निको उत्पादन र पूजन आदिका सबै कर्म पूर्ववत् नै गर्नुपर्छ । त्यसपछि यजमानसँगै गुरु शिलाहरूलाई स्नान गराउन मण्डपमा जानुपर्छ । ती शिलाहरू प्रासाद लिङ्गका चार खुट्टा वा स्तम्भ हुन् । तिनको नाम क्रमशः— धर्म, ज्ञान, वैराग्य र एश्वर्य तथा अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्य आदि हो । तिनको उचाइ आठ अङ्गुलको भयो भने राम्रो मानिएको छ । तिनीहरू चारकुने हुनुपर्छ र तिनको लम्बाइ एक हातको होस् भन्ने मापन अनुसारका प्रस्तरका शिलाहरू बनाउनुपर्छ । ईँटाहरू शिलाको

विजया मङ्गलाख्या च धरणी नवमी शिला ।३५।
सुभद्रश्च विभद्रश्च सुनन्दः पुष्पनन्दकः ।
जयोऽथ विजयश्चैव कुम्भः पूर्णस्तथोत्तरः ।३६।
नवानां तु यथासङ्ख्यं निधिकुम्भा अमी नव ।
आसनं प्रथमं दत्त्वा ताड्योल्लिख्य शरागुणा ।३७।
सर्वासामविशेषेण तनुत्रेणावगुण्ठनम् ।
मृद्गिर्गोमयगोमूत्रकषायैर्गन्धवारिणा ।३८।
अस्त्रेण हूंफडन्तेन मलस्नानं समाचरेत् ।
विधिना पञ्चगव्येन स्नानं पञ्चामृतेन च ।३९।
गन्धतोयान्तरं कुर्य्यान्निजनामाङ्कितानुना ।
फलरत्नसुवर्णानां गोसृङ्गसलिलैस्ततः ।४०।
चन्दनेन समालभ्य वस्त्रैराच्छादयेच्छिलाम् ।
स्वर्णोत्थमासनं दत्त्वा नीत्वा यागं प्रदक्षिणम् ।४१।
शय्यायां कुशतल्पे वा हृदयेन निवेशयेत् ।
सम्पूज्य न्यस्य बुद्ध्यादि धरान्तं तत्त्वसञ्चयम् ।४२।
त्रिखण्डव्यापकं तत्त्वत्रयं चानुक्रमान्न्यसेत् ।
बुद्ध्यादौ चित्तपर्य्यन्ते चिन्तातन्मात्रकावधौ ।४३।
तन्मात्रादौ धरान्ते च शिवविद्यात्मनां स्थितिः ।
तत्त्वानि निजमन्त्रेण तत्त्वेशांश्च हृदाऽर्च्चयेत् ।४४।
स्थानेषु पुष्पमालादिचिह्नितेषु यथाक्रमम् ओं हूं शिवतत्त्वाय नमः ओं हूं शिवतत्त्वाधिपतये रुद्राय नमः ओं हां विद्यातत्त्वाय नमः ओं हां विद्यातत्त्वाधिपाय विष्णवे नमः ओं हां आत्मतत्त्वाय नमः ओं हां आत्मतत्त्वाधिपतये ब्रह्मणे नमः क्षमाग्नियजमानार्कजलवातेन्दुखानि च ।४५।
प्रतितत्त्वं न्यसेदष्टौ मूर्तीःप्रति शिलां शिलाम् ।
शर्वं पशुपतिं चोग्रं रुद्रं भवमथेश्वरम् ।४६।
महादेवं च भीमं च मूर्तीशांश्च यथाक्रमात् ओं धरामूर्त्तये नमः ओं धराधिपतये नमः इत्यादिमन्त्रौल्लोकपालान्यथासङ्ख्यं निजाणुभिः ।४७।
विन्यस्य पूजयेत्कुम्भांस्तन्मन्त्रैर्वा निजाणुभिः ।

मापभन्दा आधाका हुनुपर्छ । ढुङ्गाका टुक्राले बनेका प्रसादमा जुन शिला उपयोगमा ल्याइन्छन् अथवा इँटाले बनेका मन्दिरमा जुन इँटा लागाइन्छन् तिनीहरूमध्ये नौवटा ढुङ्गा वा इँटा वज्र आदिका चिह्नले अङ्कित हुनुपर्छ अथवा पाँच शिलाहरू कमलका चिह्नले अङ्कित हुनुपर्छ । यिनै अङ्कित चिह्नले नै मन्दिर- निर्माणको कार्य प्रारम्भ गर्नुपर्छ । यी पाँच शिलाहरूको नाम— नन्दा, भद्रा, जया, रिक्ता र पूर्णा यस प्रकार छन् । यी पाँचको निधिकुम्भ— पद्म, महापद्म, शङ्ख, मकर र समुद्र यस किसिमका छन् । नौ शिलाहरूको नाम— नन्दा, भद्रा, जया, रिक्ता, पूर्णा, अजिता, अपराजिता, विजया, मङ्गला र नवौं शिला धरणी हुन् भन्ने छ । यी नौ वटाको निधिकलश क्रमशः— सुभद्र, विभद्र, सुनन्द, पुष्पदन्त, जय, विजय, कुम्भ, पूर्व र उत्तर हो भनी जान्नुपर्छ । प्रणवमय आसन दिएर अस्त्रमन्त्रले ताडन र उल्लेखन गरिसकेपछि यी सबै शिलाहरूलाई सामान्य रूपमा कवच मन्त्रले अवगुन्ठन गर्नुपर्छ। अस्त्रमन्त्रका अन्त्यमा हूं फट् लगाएर त्यसै उच्चारण गर्दै माटो, गोबर, गहुँत, दर्भ र गन्धयुक्त जलले मलस्नान गराउनुपर्छ । त्यसपछि विधिपूर्वक पञ्चगव्य र पञ्चामृतले स्नान गराउनुपर्छ । त्यति गरिसकेर गन्धयुक्त जलले स्नान गराईकन आफ्नो नाम अङ्कित मन्त्रले फल, रत्न, सुवर्ण, तथा गोशृङ्गका जल र चन्दनले शिलालाई सिँगारेर त्यसलाई कपडाले छोप्नुपर्छ ।२३-४०।

खडुत्थ आसन दिएर यागमण्डपलाई परिक्रमा गर्दै त्यो शिला लैजानुपर्छ र हृदयमन्त्रले त्यसलाई शय्या अथवा कुशका विस्तरामा सुताइदिनुपर्छ । त्यस ठाउँमा पूजा गरेर बुद्धिदेखि लिएर पृथ्वीसम्मका तत्त्वसमूहलाई न्यास गरिसकेपछि त्रिखण्ड व्यापक तीन तत्त्वहरूलाई क्रमशः तिनै शिलाहरूमा न्यास गर्नुपर्छ । बुद्धिदेखि लिएर चित्तसम्म, चित्तभन्दा भित्र मातृकासम्म र तन्मात्रादेखि पृथ्वीसम्म शिवतत्त्व, विद्यातत्त्व र आत्मतत्त्वको स्थिति छ । पुष्पमाला आदिले चिह्नित स्थानहरूमा क्रमशः तीनै तत्त्वहरूका आ आफ्ना मन्त्रले तत्त्वेशहरूलाई हृदय मन्त्रद्वारा पूजन गर्नुपर्छ । पूजनको मन्त्र— ओं हूं शिवतत्त्वाय नमः ओं हां शिवतत्त्वाधिपाय रुद्राय नमः ओं हां विद्यातत्त्वाय नमः ओं हां विद्यातत्त्वाधिपाय विष्णवे नमः ओं हां आत्मतत्त्वाय नमः ओं हां आत्मतत्त्वाधिपाय ब्रह्मणे नमः भन्ने छन् । प्रत्येक तत्त्व र प्रत्येक शिलामा पृथ्वी, अग्नि, यजमान, सूर्य, जल, वायु, चन्द्रमा र आकाश यी आठ मूर्तिहरूलाई न्यास गर्नुपर्छ । त्यसपछि क्रमशः शर्व, पशुपति, उग्र, रुद्र, भव, ईश्वर या ईशान, महादेव

इन्द्रादीनां तु बीजानि वक्ष्यमाणक्रमेण तु ।४८।
लूं रूं शूं पूं वूं यूं मूं हूं क्षूमिति उक्तो नवशिलापक्षः
शिला पञ्चपदा तथा प्रतितत्त्वं न्यसेन्मूर्त्तीं सृष्ट्या
ञ्च धरादिकाः ।४९।
ब्रह्माविष्णुस्तथा रुद्र ईश्वरश्च सदाशिवः ।
एते च पञ्च मूर्त्तीशा यष्टव्यास्तासु पूर्ववत् ।५०।
ओं पृथ्वीमूर्त्तये नमः ओं पृथ्वीमूर्त्यधिपतये ब्रह्मणे नमः
इत्यादिमन्त्राः सम्पूज्य कलशान्पञ्च क्रमेण निजनामभिः
नेरुन्धीत विधानेन न्यासो मध्यशिलाक्रमात् ।५१।
हुर्य्यात्प्राकारमन्त्रेण भूतिदर्भैस्तिलैस्ततः ।
कुण्डेषु धारिकां शक्तिं विन्यस्याभ्यर्च्य तर्पयेत् ।५२।
त्तत्त्वत्त्वाधिपान्मूर्तीर्मूर्त्तीशांश्च घृतादिभिः ।
ततो ब्रह्मांशशुद्ध्यर्थं मूलाङ्गं ब्रह्माभिः क्रमात् ।५३।
कृत्वा शतादिपूर्णान्तं प्रोक्ष्याः शान्तिजलैः शिलाः ।
जयेच्च कुशैः स्पृष्ट्वा प्रतितत्त्व मनुक्रमात् ।५४।
ग्निध्यमथ सन्धानं कृत्वा शुद्ध पुनर्न्यसेत् ।
वं भागत्रये कर्म गत्वा गत्वा समाचरेत् ।५५।
ओं आं ईं आत्मतत्त्वविद्यातत्त्वाभ्यां नमः इति ।
स्पृशेद्दर्भमूलार्द्धैब्रह्माङ्गादित्रयं क्रमात् ।
कुर्य्यात्तत्त्वानुसन्धानं ह्रस्वदीर्घप्रयोगतः ।५६।
ओं हां उं विद्यातत्त्वशिवतत्त्वाभ्यां नमः ।
एतेन मधुना पूर्णास्ताम्रकुम्भान्सरत्नकान् ।
पञ्चगव्यार्घसंसिक्तांल्लोकपालाधिदैवतान् ।५७।
जयित्वा निजैर्मन्त्रैः सन्निधौ होममाचरेत् ।
शालानामथ सर्वासां संस्मरेदधिदेवताः ।५८।
द्यारूपाः कृतस्नाना हेमवर्णाः शिलाम्बराः ।
यूनादिदोषमोषार्थं वास्तुभूमेश्च शुद्धये ।
जेदस्त्रेण मूर्द्धान्तमाहुतीनां शतं शतम् ।५९।

तथा भीम यी मूर्तिहरूको न्यास गर्नुपर्छ। मूर्ति तथा मूर्तीश्वरको मन्त्र— ओं धरामूर्तये नमः ओंधराधिपतये शर्वाय नमः भन्ने हुन्। त्यसपछि अनन्त आदि लोकपालहरूलाई क्रमशः आआफनो मन्त्रले न्यास गर्नुपर्छ। इन्द्र आदि लोकपालहरूको बीज अब बताइने क्रमैकै रूपमा जान्नुपर्छ— लूं, रं, शूं, पूं, वूं, यूं, मूं, हूं, क्षूं। यसरी नौ शिलाहरूका पक्षमा बताइयो। जब पाँच पदका शिलाहरू छन् भने प्रत्येक तत्त्वमयी शिलामा स्पर्शपूर्वक पृथ्वीआदि पाँच मूर्तिको न्यास गर्नुपर्छ। उक्त मूर्तिहरूका मुर्तीशहरू— ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिव यिनै पाँच हुन्। यी पाँचलाई पूर्वोक्त पाँच मूर्तिहरूमा क्रमशः पूर्ववत् पूजन गर्नुपर्छ। ओं पृथ्वीमूर्तये नमः ओं पृथिवीमूर्त्यधिपतये ब्रह्मणे नमः इत्यादि मन्त्र पूजाका लागि जान्नुपर्छ। पाँच कलशलाई क्रमशः आ आफ्ना नाम मन्त्रले पूजा गरेर तिनलाई स्थापित गर्नुपर्छ। मध्यशिलालाई क्रमले विधिपूर्वक न्यास गर्नुपर्छ। विभूति, कुश र तिलले अस्त्रमन्त्रद्वारा प्राकारको कल्पना गर्नुपर्छ। कुण्डहरूमा आधारशक्ति न्यास र पूजन गरेर तत्त्वाधिप, मूर्तिहरू र मूर्तीश्वरहरूलाई घिउ आदिले तर्पण गर्नुपर्छ। त्यसपछि ब्रह्मोक्त शुद्धिका लागि मूलको अङ्गका रूपमा रहेका ब्रह्ममन्त्रले क्रमशः सयसय आहुति दिएर पूर्णाहुतिसम्मका होम गरिसकेपछि शान्तिजलले शिलाहरू पखाल्दै पूजा गर्नुपर्छ। कुशले स्पर्श गरेर प्रत्येक तत्त्वमा क्रमशः सान्निध्य र सन्धान गरिसकेपछि शुद्ध न्यास गर्नुपर्छ। यसै किसिमले गर्दै गएर कर्महरू तीन भागमा गर्नुपर्छ। त्यसका लागि— ओं आम् ईम् आत्मतत्त्व विद्यातत्त्वाभ्यां नमः भन्ने मन्त्र छ। कुशका मूल भागले तीन तत्त्वेशहरूलाई स्पर्श गर्नुपर्छ। त्यसपछि ह्रस्व-दीर्घको प्रयोग गर्दै तत्त्वानुसन्धान गर्नुपर्छ। त्यसका लागि— ओं इं ऊं विद्यातत्त्वशिवतत्त्वाभ्यां नमः भन्ने मन्त्र छ। त्यसपछि घिउ र महले भरिएको पञ्चरत्नयुक्त र पञ्चगव्यले अग्रभागमा अभिषिक्त पाँच कलशलाई आ आफ्ना मन्त्रले पूजा गरेर उनैका नजिक होम गर्नुपर्छ। तिनका देवता पञ्चलोकपालहरू हुन्। त्यसो गरिसकेपछि सबै शिलाहरूका अधिदेवताको ध्यान गर्नुपर्छ। ती शिलाधि देवताहरू विद्यास्वरूप हुन्, तिनले स्नान गरिसकेका छन्। तिनको अङ्गकान्ति ज्ञानको जस्तै उद्देश्य छ। तिनले उज्ज्वल वस्त्र धारण गर्दछन् र समस्त आभूषणले सम्पन्न छन् भन्दै ध्यान गरिन्छ। न्यूनतादि दोष निवारण गर्नका लागि र वास्तुभूमिको शुद्धि गर्नका लागि अस्त्रमन्त्रले पूर्णाहुतिसम्मका सयसय आहुति दिनुपर्छ।४९-५९।

९३. त्रिनवतितमोऽध्यायः

वास्तुपूजा

ईश्वर उवाच

ततः प्रासादमासूत्र्य वर्त्तयेद्वास्तुमण्डपम् ।
कुर्य्यात्कोष्ठचतुःषष्टिं क्षेत्रे वेदासके समे ।१।
कोणेषु विन्यसेद्वंशौ रज्जवोऽष्टौ विकोणगाः ।
द्विपदाः षट्पदास्तास्तु वास्तुं तत्राच्चर्येद्यथा ।२।
आकुञ्चितकचं वास्तुमुत्तानमसुराकृतिम् ।
स्मरेत्पूजासु कुड्यादिनिवेशे त्वधराननम् ।३।
जानुनी कूर्परौ सक्थि दिशि वातहुताशयोः ।
पैत्र्यां पादपुटे रौद्र्यां शिरोऽस्य हृदयेऽञ्जलिः ।४।
अस्य देहे समारूढा देवताः पूजिताः शुभाः ।
अष्टौ कोणाधिपास्तत्र कोणार्द्धेष्वष्टसु स्थिताः ।५।
षट्पदास्तु मरीच्याद्या दिक्षु पूर्वादिषु क्रमात् ।
मध्ये चतुष्पदो ब्रह्मा शेषास्तु पदिकाः स्मृताः ।६।
समस्तनाडीसंयोगे महामर्म्मानुजं फलम् ।
त्रिशूलं स्वस्तिकं वज्रं महास्वस्तिकसम्पुटौ ।७।
त्रिकटुं मणिबन्धं च सुविशुद्धं पदं तथा ।
इति द्वादश मर्म्माणि वास्तोर्भित्त्यादिषु त्यजेत् ।८।
साज्यमक्षतमीशाय पर्जन्यायाम्बुजोदकम् ।
ददीताथ जयन्ताय पताकां कुङ्कुमोज्ज्वलाम् ।९।
रत्नवारि महेन्द्राय रवौ धूम्रं वितानकम् ।
सत्याय घृतगोधूममाज्यभक्तं भृशाय च ।१०।
विमांसमन्तरिक्षाय शकुन्तेभ्यस्तु पूर्वतः ।
मधुक्षीराज्यसम्पूर्णां प्रदद्याद्ब्रह्मये स्रुचम् ।११।
लाजान्पूर्णं सुवर्णाम्बु वितथाय निवेदयेत् ।
दद्याद् गृहक्षते क्षौद्रं यमराजे पलौदनम् ।१२।
गन्धं गन्धर्वनाथाय जिह्वां भृङ्गाय पक्षिणः ।

ईश्वरले भने— हे स्कन्द ! त्यसपछि प्रासादलाई सूत्रबद्ध गरेर वास्तुमण्डलको रचना गर्नुपर्छ । समतल चौकोर क्षेत्रमा चौसट्ठी कोष्ठ बनाउनुपर्छ । कुनामा दुई वंशलाई विन्यास गर्नुपर्छ । विकोणगामिनी आठ डोरी हाल्नुपर्छ । तिनीहरू द्विपद र षट्पद स्थानका रूपमा विभक्त हुन्छन् । तिनीहरूमै वास्तुदेवताको पूजा गर्नुपर्छ । त्यसको विधान यस प्रकार छ—थुङ्ग्रे कपाल भएका वास्तुपुरुष उत्तानो परेर सुतेका छन् । उनको आकृति असुरको जस्तै छ । पूजा कालमा यस्तै स्वरूपको स्मरण गर्नुपर्छ तर पर्खाल आदिको जग राख्ने बेलामा उनको ध्यान यसरी गर्नुपर्छ— उनी उँधो मुन्टो लगाएका छन् । कुहिनाले थिचेका उनका दुई घाडा वायव्य र अग्निकोणमा स्थित छन् । अर्थात् दाहिने घुँडो वायव्य र देब्रे घुँडो अग्नि कोणमा स्थित छन् । उनका जोडिएका दुई गोडा नैऋतय दिशामा स्थित छ र शिर ईशान कोणतर्फ छ । उनका हातको अंजुली वक्षस्थलमा रहेको छ । ती वास्तुपुरुषका शरीरमा आरुढ देवताहरूको पूजा गर्नाले शुभकारक हुन्छन् । आठ देवताहरू कोणका अधिपति मानिएका छन् र ती आठ कोणमा नै स्थित छन् । क्रमशः पूर्व आदि दिशामा रहेका मरीचि आदि देवता छ छवटा पदका स्वामी हुन् भनिएको छ र तिनीहरूका बीचमा विराजमान ब्रह्मा चार पदका स्वामी हुन् । शेष देवता सबै एक एक पदका अधिष्ठाता हुन् भनिएको छ । समस्त नाडी-सम्पात, महामर्म, कमल, फल, त्रिशूल, स्वस्तिक, वज्र, महास्वस्तिक, सम्पुट, त्रिकटि, मणिबन्ध र सुविशुद्ध पद यी बाह्रवटा मर्मस्थान हुन् । वास्तुका भित्तामा यी सबैको पूजा गर्नुपर्छ । ईशान नामका कद्रलाई घिउ र अक्षता चढाउनुपर्छ । महेन्द्रलाई रत्नमिश्रित जल, सूर्यलाई धूम्र वर्णको चच्चुवा, सत्यलाई घिउमा मुछेको गहुँ र भृशलाई मासको दाल र भात चढाउनुपर्छ । अन्तरिक्षलाई विमांस नामको फल विशेषको गुदी वा औषधि विशेष अथवा सातु चढाउनुपर्छ । यिनीहरू पूर्व दिशाका आठ देवता हुन् । अग्निदेवलाई मधु, दुध र घिउले भरिएको सुक् अर्पित गर्नुपर्छ । पूपालाई लाजा र वितथ नामका देवतालाई सुवर्ण मिश्रित जल अर्पित गर्नुपर्छ । गृहक्षतलाई मह र यमराजलाई पलोदन चढाइन्छ । गन्धर्वनाथलाई गन्ध, भृङ्गराजलाई पक्षिजिह्वा र मृगलाई यवपर्ण नामको जौका जमरा चढाउनुपर्छ । यी आठ देवतालाई दक्षिण दिशामा पूजा गर्नुपर्छ । पितृदेवताका लागि तिल

मृगाय पद्मपर्णानि याम्यामित्यष्ट देवताः ।१३।
पित्रे तिलोदकं क्षीरं वृक्षजं दन्तधावनम् ।
दौवारिकाय देवाय प्रदद्याद्धेनुमूद्रया ।१४।
सुग्रीवाय दिशेत्पूपान्पुष्पदन्ताय दर्भकम् ।
रक्तं प्रचेतसे पद्ममसुराय सुरासवम् ।१५।
घृतं गुडौदनं शेषे रोगाय घृतमण्डकम् ।
लाजान्वा पश्चिमाशायां देवाष्टकमितीरितम् ।१६।
मारुताय ध्वजं पीतं नागाय नागकेसरम् ।
मुख्ये भक्ष्याणि भल्लाटे मुद्गसूपं सुसंस्कृतम् ।१७।
सोमाय पायसं साज्यं शालूकमूषये दिशेत् ।
लोपीमदितये दित्यै पुरीमित्युत्तराष्टकम् ।१८।
मोदकान्ब्रह्मणः प्राच्यां षट्पदाय मरीचये ।
सवित्रे रक्तपुष्पाणि वह्न्यधःकोणकोष्ठके ।१९।
तदधःकोष्ठके दद्यात्सावित्र्यै च कुशोदकम् ।
दक्षिणे चन्दनं रक्तं षट्पदाय विवस्वते ।२०।
हरिद्रौदनमिन्द्राय रक्षोधःकोणकोष्ठके ।
इन्द्रजाय च मिश्रान्नमिन्द्राधस्तान् निवेदयेत् ।२१।
वारुण्यां षट्पदासीने मित्रे सगुडमोदनम् ।
रुद्राय घृतसिद्धान्नं वायुकोणाधरे पदे ।२२।
तदधो रुद्रदासाय मांसं मार्गमथोत्तरे ।
ददीत माषनैवेद्यं षट्पदस्थे धराधरे ॥२३।
आपाय शिवकोणाधस्तद्वत्साय च तत्स्थले ।
क्रमाद्दद्याद्दधि क्षीरं पूजयित्वा विधानतः ॥२४।
चतुष्पदे निविष्टाय ब्रह्मणे मध्यदेशतः ।
पञ्चगव्याक्षतोपेतं चरुं साज्यं निवेदयेत् ॥२५।
ईशादिवायुपर्य्यन्तकोणेष्वथ यथाक्रमम् ।
वास्तुबाह्ये चरक्याद्याश्चतस्रः पूजयेद्यथा ॥२६।
चरक्यै सघृतं मांसं विदार्य्यै दधिपङ्कजे ।
पूतनायै पलं पित्तं रुधिरं च निवेदयेत् ॥२७।
अस्थीनि पापराक्षस्यै रक्तपित्तपलानि च ।

मिश्रित जल अर्पित गर्नुपर्छ । दौवारिक नाम भएका देवतालाई वृक्षबाट उत्पन्न दुध र दन्तधावन धेनुमुद्रा प्रदर्शन गर्दै अर्पित गर्नुपर्छ । सुग्रीव नामका देवतालाई पुवा चढाउनुपर्छ र पुष्पदन्त नामका देवतालाई कुश चढाउनुपर्छ । वरुणलाई रातो कमल अर्पित गरिन्छ र असुरलाई सुरा एवं मदिरा चढाउनुपर्छ । शेष नामका देवतालाई घिउले मुछेको भात चढाउनुपर्छ र पाप नाम भएका यक्ष्मा रोगलाई घिउको जाउलो अथवा लावा चढाइन्छ । यिनीहरू पश्चिम दिशाका आठ देवता हुन् भनिएको छ । मारुतलाई पहेँलो रङ्गको ध्वजा, नाग देवतालाई नागकेसर, मुख्य नामका देवतालाई भक्ष्य पदार्थ र भल्लाह नामका देवतलाई मुगँको दाल भानेर अर्पित गरिन्छ । सोमलाई घिउ मिसेको खिर, चरकलाई शालूक, अदितिलाई लोपी र दितिलाई पुरी चढाउनुपर्छ । यिनीहरूलाई उत्तर दिशाका आठ देवता हुन् भनिएको छ । बीचमा रहेका ब्रह्माजीलाई मोदक चढाउने । पूर्व दिशामा छ पदका उपभोक्ता मरीचिलाई पनि मोदक नै अर्पित गरिन्छ । ब्रह्माभन्दा तल अग्नि कोणमा रहेका सविता देवतालाई रातो फूल चढाउनुपर्छ । सविताभन्दा तल अग्निकोणमा रहेका कोष्ठमा रहने सावित्री देवीलाई कुशोदक अर्पित गर्नुपर्छ । ब्रह्माभन्दा दक्षिण छ वटा पदका अधिष्ठाता विवस्वान्लाई रातो चन्दन चढाउनुपर्छ ।१-२०।

ब्रह्माभन्दा नैर्ऋत्यतर्फको तल्लो कोणमा इन्द्रदेवताका लागि बेसारयुक्त भात अर्पित गर्नुपर्छ । इन्द्रभन्दा तल नैर्ऋत्यकोणमा इन्द्रजय नामका देवताका लागि मिष्टान्न निवेदित गर्नुपर्छ । ब्रह्माभन्दा पश्चिम पदमा विराजमान मित्र देवतालाई सख्खरमिश्रित भात चढाइन्छ । वायव्य कोणबाट तल्लो पदमा रुद्रदेवतालाई घिउमा पकाएको अन्न अर्पित गरिन्छ । रुद्र देवताभन्दा तलका कोष्ठमा रुद्रदास देवताका लागि आर्द्रमांस नामको औषधिविशेष चढाउनुपर्छ । त्यसपछि उत्तरवर्ती छ पदका अधिष्ठाता पृथ्वीधर नामका देवताका लागि मासले बनेको नैवेद्य चढाइन्छ । ईशान कोणभन्दा तल रहेका पदमा आप नामका देवता र त्यसभन्दा पनि तलका पदमा आपवत्स देवतालाई विधिपूर्वक पूजा गरेर तिनलाई क्रमैसँग दही र खिर चढाउनुपर्छ । त्यसपछि चौसट्ठी पदको वास्तुमण्डलमा मध्यवर्ती क्षेत्रका चार पदमा रहने ब्रह्मालाई पञ्चगव्य, अक्षता र घिउसमेत भएको चरु अर्पित गर्नुपर्छ । त्यसपछि ईशानबाट थालेर वायव्य कोणसम्मका चार कोणहरूमा रहेका चरकी आदि चार मातृकाहरूलाई वास्तुका वाह्य भागमा क्रमशः पूजा क्रमसा भनिएअनुसार गर्नुपर्छ । चरकीलाई घिउसहित फलको दिगुल, विदारीलाई दही र कमल तथा पूतनालाई मासु, पित्त र

ततो माषौदनं प्राच्यां स्कन्दाय विनिवेदयेत् ॥२८।
अर्य्यम्णे दक्षिणाशायां पूपान्कृसरया युतान् ।
जम्भकाय च वारुण्यामामिषं रुधिरान्वितम् ॥२९।
उदीच्यां पिलिपिञ्जाय रक्तान्नं कुसुमानि च ।
यजेद्वा सकलं वास्तुं कुशदध्यक्षतैर्जलैः ।३०।
गृहे च नगरादौ च एकाशीतिपदैर्यजेत् ।
त्रिपदा रज्जवः कार्य्याः षट्पदाश्च विकोणके ।३१।
ईशाद्याः पादिकास्तस्मिन्नागाद्याश्च द्विकोष्ठगाः ।
षट्पदस्था मरीच्याद्या ब्रह्मा नवपदः स्मृतः ।३२।
नगरग्रामखेटादौ वास्तुः शतपदोऽपि वा ।
वंशद्वयं कोणगतं दुर्जयं दुर्धरं सदा ।३३।
यथा देवालये न्यासस्तथा शतपदे हितः ।
ग्रहाः स्कन्दादयस्तत्र विज्ञेयाश्चैव षट्पदाः ।३४।
चरक्याद्या भूतपदा रज्जुवंशादि पूर्ववत् ।
देशसंस्थापने वास्तुश्चतुस्त्रिंशच्छतं भवेत् ।३५।
चतुःषष्टिपदो ब्रह्मा मरीच्याद्याश्च देवताः ।
चतुष्पञ्चाशत्पदिका आपाद्यष्टौ रसाग्निभिः ।३६।
ईशानाद्या नवपदाः स्कन्दाद्याः शक्तिकाः स्मृताः ।
चरक्याद्यास्तद्वदेव रज्जुवंशादि पूर्ववत् ।३७।
ज्ञेयो वंश सहस्रैस्तु वास्तुमण्डलगः पदैः ।
न्यासो नवगुणस्तत्र कर्त्तव्यो देशवास्तुवत् ।३८।
पञ्चविंशतिपदो वास्तुर्वेतालाख्याश्चितौ स्मृतः ।
अन्यो नवपदो वास्तुः षोडशांघ्रिस्तथापरः ।३९।
षडस्रत्र्यस्रवृत्तादेर्म्मध्ये स्याच्चतुरस्रकम् ।
खाते वास्तो समं पृष्ठे न्यासे ब्रह्मशिलात्मके ।४०।
शावाकस्य निवेशे च मूर्तिसंस्थापने तथा ।
पायसेन तु नैवेद्यं सर्वेषां वा प्रदापयेत् ।४१।
उक्तानुक्ते तु वै वास्तुः पञ्चहस्तप्रमाणतः ।
गृहप्रासादमानेन वास्तुः श्रेष्ठस्तु सर्वदा ।४२।

रक्त अर्पित गर्नुपर्छ। पाप नामकी राक्षसीलाई हड्डी, मांस, पित्त र रक्त चढाइन्छ। त्यसभन्दा पछि पूर्व दिशामा स्कन्दलाई मासको दाल-भात चढाइन्छ। दक्षिण दिशामा अर्यमालाई खिचडी र पुवा चढाइन्छ अनि पश्चिम दिशामा जम्भकलाई रक्त-मांस अर्पित गर्नुपर्छ। उत्तर दिशामा पिलिपिच्छलाई रातो वर्णको अन्न र पुष्प निवेदन गरिन्छ। अथवा सम्पूर्ण वास्तुमण्डललाई नै कुश, दही, अक्षता र जलले पूजा गरिन्छ। घर र नगर आदिमा एक्काइस पदयुक्त वास्तुमण्डलको पूजा गरिन्छ। यस्ता वास्तु मण्डलमा त्रिपद र षट्पद डोरी पहिलेकै जसरी बनाउनुपर्छ। त्यसमा ईश आदि देवतालाई पदिक भनेर एक एक पदका अधिष्ठाता मान्नुपर्छ। आप आदि देवताहरूको स्थिति दुईदुई कोष्ठमा रहेको बताइएको छ। मरीचि आदि देवता छवटा पदमा अधिष्ठित हुन्छन् र ब्रह्मालाई नौ पदका अधिष्ठाता हुन् भनिएको छ। नगर, ग्राम आदिमा सातपद वास्तुको विधान पनि छ। त्यसमा दुईवटा वंश कोणगत रूपमा रहेका हुन्छन्। तिनीहरूलाई सधैं नै दुर्जय र दुर्धर भन्ने गरिन्छ। देवताका विषयमा जस्तो नियम बताइएको छ, शतपद वास्तुमण्डलमा पनि त्यस्तै गर्ने विधान छ। त्यसमा स्कन्द आदि ग्रह षट्पद भनी छवटा पदका अधिष्ठाता हुन्छन् भनी जान्नुपर्छ। मरीचि आदि देवताका अधिकारमा चउन्न चउन्न पद हुने गर्दछन्। आप आदि आठ देवताका छत्तिसछत्तिसवटा स्थान हुन्छन् भन्ने बताइएको छ। त्यहाँ ईशान आदि नौनौ पदका अधिष्ठाता हुन् भनिएको छ र स्कन्द आदिलाई सयसय पदका मान्नुपर्छ। चरको आदिका पदहरू पनि त्यसैअनुसार छन्। रज्जु, वंश आदिको कल्पना पहिलेकै जस्तो गर्ने जान्नुपर्छ। बीस हजार पदका वास्तुमण्डलमा पनि वास्तुदेवको पूजा गरिन्छन् भनी जान्नुपर्दछ। त्यसमा देश-वास्तुको जस्तै नौ गुणा बढी न्यास गर्नुपर्छ। पच्चीस पदको वास्तुमण्डललाई चिता स्थापनाका समयमा गरिन्छ भन्ने नियम छ। त्यसको नाम वाताल हो। अर्को नौ पदको पनि हुन्छ। त्यसबाहेक एक खालेसोह्र पदको पनि वास्तुमण्डल हुन्छ। षट्कोण, त्रिकोण र वृत्त आदिका मध्यभागमा चारकुने वास्तुमण्डलको पनि विधान छ। यस्तो वास्तु जग राख्ने आदि काममा खनेका खाडलका लागि उपयुक्त हुन्छ। यही जस्तै वास्तु ब्रह्मशिलात्मक पृष्ठन्यासमा, श्यावाकको स्थापनामा र मूर्ति स्थापनामा पनि उपयोगी हुन्छ। वास्तुमण्डलमा रहेका समस्त देवताहरूलाई खिरको नैवेद्य अर्पित गर्नुपर्छ। यहाँ बताइएका वा नबताइएका जुनसुकै कामका लागि सामान्यतया पाँच हात लम्बाइ-चौडाइ पारेर वास्तुमण्डल बनाउनुपर्छ। गृह र प्रासादको परिमाणअनुसार नै निर्माण गरिएको वास्तुमण्डल नै सधैं श्रेष्ठ हुन्छ भनिएको छ।२१-४२।

९४. चतुर्णवतितमोऽध्यायः

शिलाविन्यास

र उवाच

ादिषु चरक्याद्याः पूर्ववत् पूजयेद्गिहिः ।
हुतित्रितयं दद्यात्प्रतिदेवमनुक्रमात् ।१।
वा भूतबलिंलग्ने शिलान्याससमनुक्रमात् ।
यसूत्रे न्यसेच्छक्तिं कुम्भं जान्वन्तमुत्तमम् ।२।
ारारूढमूलेन कुम्भेऽस्मिन्धारयेच्छिलाम् ।
न्भानष्टौ सुभद्रादीन्दिक्षु पूर्वादिषु क्रमात् ।३।
कपालाणुभिर्न्यस्य श्वभ्रेषु न्यस्तशक्तिषु ।
लास्तेष्वथ नन्दाद्याः क्रमेण विनिवेशयेत् ।४।
न्बरैर्मूर्तिनाथानां यथा स्युर्भित्तिमध्यतः ।
सु धर्म्मादिकानष्टौ कोणात्कोणं विभागशः ।५।
द्रादिषु नन्दाद्याश्चतस्रोऽरन्यादिकोणगाः ।
जेताद्याश्च पूर्वादिजयादिष्वथ विन्यसेत् ।६।
ह्मणं चोपरि न्यस्य व्यापकं च महेश्वरम् ।
न्तयेदेषु चाधानं व्योमप्रासादमध्यगम् ।७।
लं दत्त्वा जपेदस्त्रं विघ्नदोषनिवारणम् ।
लापञ्चकपक्षेऽपि मनागुद्दिश्यते यथा ।८।
य्ये पूर्णशिलान्यासः सुभद्रकलशेऽर्द्धतः ।
ादिषु च नन्दाद्याः कोणेष्वरन्यादिषु क्रमात् ।९।
य्यभावे चतस्रोऽपि मातृवद्भावसम्मत्ताः ।
पूर्णे त्वं महाविद्ये सर्वसन्दोहलक्षणे ।१०।
र्व सम्पूर्णमेवात्र कुरुष्वाङ्गिरसः सुते ।
नन्दे त्वं नन्दिनी पुंसां त्वामत्र स्थापयाम्यहम् ।११।

ईश्वरले भने— हे स्कन्द ! ईशान आदि कोणमा वास्तुमण्डलका बाहिर पूर्ववत् चरकी आदिलाई पूजा गरिन्छ। प्रत्येक देवतालाई क्रमशः तीनतीन आहुति दिइन्छ। भूतबलि दिएर निश्चित लग्नमा शिलान्यासका कार्यक्रम गर्नुपर्छ । खाडलका बीचमा आधार शक्तिलाई स्थापित गरिन्छ। त्यहाँ अनन्त नामका शेषनागका मन्त्रले मन्त्रिएको उत्तम कलश पनि स्थापित गर्नुपर्छ । लं पृथिव्यै नमः भन्ने मूलमन्त्रले कलशमा पृथ्वी रूपा शिला स्थापना गर्नुपर्छ। त्यसका पूर्व आदि सबै दिशाहरूमा क्रमशः सुभद्र आदि आठवटा कलश स्थापना गरिन्छन् । तिनीहरूका लागि पहिले नै खाडल खनेर तिनमा आधारशक्तिलाई न्यास गरिन्छ र त्यसपछि उक्त कलशमा इन्द्र आदि लोकपालहरूका मन्त्रले स्थापित गर्नुपर्छ। त्यसपछि ती कलशमा क्रमशः नन्दा आदि शिलाहरू राख्नुपर्छ । ती शिलाहरू अधिदेवता सम्बन्धी तत्त्वमूर्तिको शस्त्रले मुक्त हुनुपर्छ। जसरी भित्ता वा पर्खालमा मूर्ति तथा शस्त्रको अङ्कन गरिएको हुन्छ, त्यसै गरी ती शिलाहरूमा पनि शर्व आदिका मूर्ति एवं ती देवताका शस्त्रास्त्र अङ्कित गरिऊन् । ती शिलाहरूमा कोण र दिशाहरूको विभाजन गरेर धर्म आदि आठ देवताहरू स्थापना गरिन्छन् । सुभद्र आदि चार कलशहरूमा नन्दा आदि चार शिला अग्नि आदि चार कोणमा स्थापना गर्नुपर्छ । त्यसपछि जय आदि चार कलशहरूमा अजिता आदि चार शिलाहरूलाई पूर्व आदि चार दिशामा स्थापना गर्नुपर्छ। ती सबैका मास्तिर ब्रह्मा र व्यापक महेश्वरलाई स्थापित गरेर मन्दिरको मध्यवर्ती आकाश नामका अध्वाको चिन्तन गर्नुपर्छ । यी सबैलाई बलि अर्पित गरेर विघ्नदोष निवारणका लागि अस्त्रमन्त्रको जप गर्नुपर्छ। जहाँ पाँचवटा शिला स्थापना गर्ने विधि छ, त्यसकै विषयमा पनि केही निवेदन अब गरिन्छ। मध्य भागको सुभद्र कलशमाथि पूर्णा नामको शिला स्थापना गरिन्छ र अग्नि आदि कोणमा क्रमशः पद्म आदि कलशहरूमा नन्दा आदि शिला स्थापना गर्नुपर्छ। मध्य शिला नभएका अवस्थामा चार शिलाहरूलाई पनि मातृभावले सम्मानित गरी स्थापना गर्न सकिन्छ । उक्त पाँच शिलाको प्रार्थना यसरी गरिन्छ— ओं सर्वसन्दोहस्वरूपे महाविद्ये पूर्णे ! तिमी अङ्गिरा ऋषिकी पुत्री हौ। यस प्रतिष्ठा कर्ममा सबै कामहरू उचित रूपले पूर्ण गराऊ: । हे नन्दे ! समस्त पुरुषलाई तिमी नै आनन्दित गराउँछ्यौ। म तिमीलाई

प्रासादे तिष्ठ सन्तृप्ता यावच्चन्द्रार्कतारकम् ।
आयुः कामं श्रियं नन्दे देहि वासिष्ठि देहिनाम् ।१२।
अस्मिन् रक्षा सदा कार्य्या प्रासादे यत्नतस्त्वया ।
ओं भद्रे त्वं सर्वदा भद्रं लोकानां कुरु काश्यपि ।१३।
आयुर्दा कामदा देवि श्रीप्रदा च सदा भव ।
ओं जयेऽत्र सर्वदा देवि श्रीदाऽऽयुर्दा सदा भव ।१४।
ओं जयेऽत्र सर्वदा देवि तिष्ठ त्वं स्थापिता मया ।
नित्यं जयाय भूत्यं च स्वामिनी भव भार्गवि ।१५।
ओं रिक्तेऽतिरिक्तदोषघ्ने सिद्धिमुक्तिप्रदे शुभे ।
सर्वदा सर्वदेशस्थे तिष्ठास्मिन्विश्वरूपिणि ।१६।
गगनायतनं ध्यात्वा तत्र तत्त्वत्रयं न्यसेत् ।
प्रायश्चित्तं ततो हुत्वा विधिना विसृजेन्मखम् ।१७।

यहाँ स्थापित गराउँछु । यस प्रसादमा तिमी सम्पूर्ण रूपले सन्तुष्ट भएर तबसम्म स्थायी भएर बस जबसम्म आकाशमा चन्द्रमा, सूर्य र ताराहरू प्रकाशमान रहन्छन् । हे वसिष्ठनन्दिनी नन्दे ! तिमी शरीरधारीहरूलाई आयु, सम्पूर्ण मनोरथ र लक्ष्मी प्रदान गर । सधैं प्रासादमा रहेर यसको यत्नपूर्ण रक्षा तिमीले गरिदिनुपर्छ । ओ हे कश्यपनन्दिनी भद्रे ! समस्त लोकलाई तिमी सधैं कल्याण गर । हे देवी ! हामीलाई सधैं तिमी आयु, मनोरथ र लक्ष्मी प्रदान गरिराख । ओं हे दवी जया ! हाम्रा लागि सधैं तिमी लक्ष्मी र आयु प्रदान गर्ने होऊ । हे भृगुपुत्री देवी जये ! तिमी स्थापित भएर सधै यहाँ बस र मलाई यस मन्दिरको अधिष्ठाता यजमान भनी नित्य-निरन्तर विजय तथा ऐश्वर्य प्रदान गर्ने होऊ । ओं हे रिक्ते ! तिमी थपिएर आउने अन्य दोषहरू नाश गर्दै सिद्धि र मोक्ष प्रदान गर्ने होऊ । हे शुभे ! सम्पूर्ण देश कालमा तिम्रो निवास छ । हे ईशरूपिणी ! तिमी सधैं यस प्रासादमै स्थित भई बस । त्यसपछि आकाशस्वरूप मन्दिरको ध्यान गरेर त्यसमा तीन तत्त्वलाई न्यास गर्नुपर्छ । त्यसपछि विधिवत् प्रायश्चित्त होम गरेर यज्ञको विसर्जन गरिन्छ ।१-१७।

९५. पञ्चनवतितमोऽध्यायः

प्रतिष्ठासामग्री

ईश्वर उवाच
वक्ष्ये लिङ्गप्रतिष्ठां च प्रासादे भुक्तिमुक्तिदाम् ।
तां चरेत्सर्वदा मुक्तौ भुक्तौ देवदिने सति ।१।
विना चैत्रेण माघादौ प्रतिष्ठा मासपञ्चके ।
गुरुशुक्रोदये कार्या पथमे करणत्रये ।२।
शुक्लपक्षे विशेषेण कृष्णेऽप्यापञ्चमं दिनम् ।
चतुर्थीं नवमीं षष्ठीं वर्जयित्वा चतुर्दशीम् ।३।
शोभनास्तिथयः शेषाः क्रूरवारविवर्जिताः ।
शतभिषा धनिष्ठार्द्रा अनुराधोत्तरात्रयम् ।४।
रोहिणी श्रवणं चेति स्थिरारम्भे महोदयाः ।
लग्ने च कुम्भसिंहालितुलास्त्रीवृषधन्विनाम् ।५।

ईश्वरले भने— हे स्कन्द ! अब म मन्दिरमा लिङ्ग स्थापनाको विधिलाई बयान गर्छु र यसैले भोग तथा मुक्ति प्रदान गर्दछ । यदि मुक्तिका लागि लिङ्गप्रतिष्ठा गर्ने हो भने त्यो काम जुनसुकै बेला गर्न सकिन्छ, तर भोग सिद्धिका उद्देश्यल लिङ्ग स्थापना गर्ने विचार हुन्छ भने देवताहरूका दिन अर्थात् उत्तरायण भएपछि नै त्यस्तो कार्य गर्नुपर्दछ । माघदेखि पछि चैत्र छोडेर अरू पाँच महिनामा देवस्थापना गर्ने विधि छ । बृहस्पति र शुक्र उदाएपछि बव, बालव र कौलव यी पहिला तीन करणहरूमा स्थापना गर्नुपर्छ । विशेष गरी शुक्लपक्षका अथवा कृष्णपक्षकै पनि पञ्चमीसम्मको समय प्रतिष्ठाका लागि शुभ भनिएको छ । चतुर्थी, नवमी, षष्ठी र चतुर्दशी छोडेर बाँकी तिथिहरू क्रूर ग्रहका दिन नभएमा उत्तम नै मानिएका छन् । शतभिषा, धनिष्ठा, आर्द्रा, अनुराधा, तीनैवटा उत्तरा, रोहिणी र श्रवण यी नक्षत्रहरू स्थिर, प्रतिष्ठा आरम्भ गर्नका लागि महान् अभ्युदयकारक हुन्छन् भनिएको छ । कुम्भ, सिंह, वृश्चिक, तुला, कन्या, वृष यी लग्नहरू श्रेष्ठ हुन्छन् भनिएको छ । तृतीय, अष्टम र द्वादश स्थान छोडेर

स्तो जीवो नवर्क्षेषु सप्तस्थानेषु सर्वदा ।
धः षडष्टदिक्सप्ततुर्येषु विनर्तुं शितः ।६।
प्तर्त्तुत्रिदशादिस्थः शशाङ्को बलदः सदा ।
वेर्दशत्रिषट्संस्थो राहुस्त्रिदशषङ्गतः ।७।
ट्त्रिस्थानगताः शस्ता मन्दाङ्गारार्ककेतवः ।
ुभाः क्रूराश्च पापाश्च सर्व एकादशस्थिताः ।८।
षां दृष्टिर्मुनौ पूर्णा त्वार्द्धिकी ग्रहभूतयोः ।
ादिकी रामदिक्स्थाने चतुरष्टौ पादवर्जिता ।९।
ादन्यूनचतुर्नाडीभोगः स्यान्मीनमेषयोः ।
ृषकुम्भौ च भुञ्जाते चतसः पादवर्जिताः ।१०।
ककरो मिथुनं पञ्च चापालिहरिकर्कटाः ।
ादोनाः षट् तुलाकन्ये घटिकाः सार्द्धपञ्च च ।११।
केसरी वृषभः कुम्भः स्थिराः स्युः सिद्धिदायकाः ।
वरा धनुस्तुलामेषा द्विःस्वभावास्तृतीयकाः ।१२।
शुभः शुभग्रहैर्दृष्टः शस्तो लग्नः शुभाश्रितः ।
गुरुशुक्रबुधैर्युक्तो लग्नो दद्याद्बलायुषी ।१३।
राज्यं शौर्य्यं बलं पुत्रान् यशो धर्म्मादिकं बहु ।
प्रथमः सप्तमस्तुर्य्यो दशमः केन्द्र उच्यते ।१४।
गुरुशुक्रबुधास्तत्र सर्वसिद्धिप्रदायकाः ।
त्येकादशचतुर्थस्था लग्नात्पापग्रहाः शुभाः ।१५।
अतोऽप्यनीचकर्मार्थं योज्यास्तिथ्यादयो बुधैः ।
धान्नः पञ्चगुणां भूमिं त्वक्त्वा वा धानसम्मिताम् ।१६।
हस्ताद् द्वादशसोपानात्कुर्य्यान्मण्डपमग्रतः ।
चतुरस्त्रं चतुर्द्वारं स्नानार्थं तु तदर्द्धतः ।१७।
एकास्यं चतुरास्यं वा रौद्र्यां प्राच्युत्तरेऽथ वा ।

अन्यमा बृहस्पति नै स्थापना शुभ मानिएको छ। सातौं स्थानमा त बृहस्पति सधैं शुभ नै हुन्छ। छैठौं, आठौं, दसौं, सातौं र चौथो स्थानको बुध रहेको छ भने त्यो शुभकारक हुन्छ। यिनै स्थानमध्ये छैठौंलाई छोडेर यदि शुक्र रहेको छ भने त्यसलाई शुभ मानिएको छ। प्रथम, तृतीय, सप्तम, षष्ठ, दशम, द्वितीय र नवम स्थानमा रहेको चन्द्रमा सधैं बलदायक मानिन्छ। सूर्य दसौं, तेस्रो र छैठौं भावमा रहेको छ भनेदेखि शुभफल प्रदान गर्ने हुन्छ। तेस्रो, छैठौं र दसौंभने राहुलाई पनि शुभ फलकारक हुन्छ भनिएको छ। छैठौं र तेस्रो स्थानमा रहँदा शनिश्चर, मङ्गल र केतु प्रशंसित हुन्छन् भनिएको छ। शुभग्रह, क्रूरग्रह र पापग्रह यी सबै नै एघारौं स्थानमा रहँदा श्रेष्ठ हुन्छन भनिएको छ। आफ्ना ठाउँदेखि सातौं स्थानमा नै यी सबै ग्रहको दृष्टि पूर्ण वा चार पाउयुक्त हुन्छ। पाँचौं र नवौं स्थानमा यिनको दृष्टि आधा वा दुई चरणयुक्त पर्दछ भनिएको छ। तेस्रो र दसौं स्थानमा यी ग्रह एक पाउले देख्दछन् र चौथो एवं आठौं स्थानमा यी ग्रहको दृष्टि तीन चरणयुक्त हुन्छ। मीन र मेष राशिको भोग पौने चार नाडीसम्म हुन्छ। वृष र कुम्भ पनि पौने चार नाडी नै उपभोग गर्दछन्। मकर र मिथुनले पाँच नाडी, धन, वृश्चिक, सिंह र कर्कटले पौने छ नाडी तथा तुला एवं कन्या राशीले साढे पाँच नाडीसम्म उपभोग गर्दछन्। सिंह, वृष र कुम्भ यी स्थिर लग्न सिद्धिदायक हुन्छन्। धन, तुला र मेष यी चर हुन् भनिएको छ। तीन-तीन सङ्ख्याका मिथुन, कन्या आदि लग्नलाई द्विस्वभाव भनिएको छ। कर्कट, मकर र वृश्चिक यिनी प्रव्रज्या वा सन्यास हुनाले कार्यका नाशक हुन्छन्। जुन लग्न शुभ ग्रहले देखेको हुन्छ त्यो शुभ हुन्छ र जुन लग्नमा शुभग्रह अडिएको छ त्यो श्रेष्ठ मानिएको छ। बृहस्पति, शुक्र, र बुधसित सम्बन्धी लग्नले धन, आयु, राज्य, शौर्य, सौख्य, बल, पुत्र, यश तथा धर्म आदि वस्तुहरू अधिक मात्रामा प्रदान गर्दछ। कुण्डलीका बाँहौं भावमध्ये प्रथम, चतुर्थ, सप्तम र दशमलाई केन्द्र भन्दछन्। ती केन्द्रस्थानहरूमा यदि गुरु, शुक्र र बुध भएमा सम्पूर्ण सिद्धि प्रदाता हुन्छन्। लग्नस्थानबाट तेस्रो, एघारौं र चौथो स्थानमा पापग्रह भएमा तिनीहरू शुभकारक हुन्छन्। त्यसैले यिनलाई र यिनीहरूभन्दा भिन्न शुभग्रह तथा शुभ तिथिहरूलाई विद्वान् पुरुषले प्रतिष्ठा कर्मका लागि नियोजित गर्नुपछ। मन्दिरका अगाडि त्यसभन्दा पाँचगुना अथवा मन्दिरकै बराबर नै अथवा सिँढीभन्दा दस हात अगाडिसम्मको जमिन छोडेर मन्दिर निर्माण गर्नुपर्दछ। त्यस्तो मण्डप चारकुने र चारै ढोका भएको हुनपर्छ। त्यसको आधा भूमि ओगटेर स्नानका लागि मण्डप बनाउनुपर्छ। त्यसमा पनि एक या चार ढोका हुनुपर्छ। त्यस्तो स्नान मण्डप ईशान, पूर्व अथवा उत्तर दिशामा हुनुपर्छ। प्रथम मण्डप आठ

हास्तिको दशहस्तो वै मण्डपोऽर्ककरोऽथवा ।१८।
द्विहस्तोत्तरया वृद्ध्या शेषं स्यान्मण्डपाष्टकम् ।
वेदिश्चतुष्करा मध्ये कोणस्तम्भेन संयुता ।१९।
वेदिपादान्तरं त्वक्त्वा कुण्डानि नव पञ्च वा ।
एकं वा शिवकाष्ठायां प्राच्यां वा तद्गुरोः परम् ।२०।
मुष्टिमात्रं शतार्द्धं स्याच्छते चारन्तिमात्रकम् ।
हस्तं सहस्रहोमे स्यान्नियुते तु द्विहास्तिकम् ।२१।
लक्षे चतुष्करं कुण्डं कोटिहोमेऽष्टहस्तकम् ।
भगाभमग्नौ खण्डेन्दु दक्षे त्र्यस्त्रं च नैर्ऋते ।२२।
षडस्रं वायवे पद्मं सौम्ये चाष्टास्रकं शिवे ।
तिर्य्यक्पातं शिवं खातमूर्ध्वं मेखलया सह ॥२३।
तद्वह्निर्मेखलास्तिस्रो वेदवह्नियमाङ्गुलैः ।
अङ्गुलैः षड्भिरेका वा कुण्डाकारास्तु मेखलाः ॥२४।
तासामुपरि योनिः स्यान्मध्येऽश्वत्थदलाकृतिः ।
उच्छ्रायेणाङ्गुलं तस्माद्विस्तारेणाङ्गुलाष्टकम् ॥२५।
दैर्घ्यं कुण्डार्द्धमानेन कुण्डकण्ठसमोऽधरः ।
पूर्वाग्नियाम्यकुण्डानां योनिः स्यादुत्तरानना ॥२६।
पूर्वानना तु शेषाणामैशान्येऽन्यतरा तयोः ।
कुण्डानां यश्चतुर्विंशो भागः सोऽङ्गुल इत्यतः ॥२७।
प्लक्षोदुम्बरकाश्वत्थवटजास्तोरणाः क्रमात् ।
शान्तिभूतिबलारोग्यपूर्वाद्या नामतः क्रमात् ॥२८।
पञ्चषट्सप्तहस्तानि हस्तखातस्थितानि च ।
तदर्द्धविस्तराणि स्युर्युतान्याम्रदलादिभिः ॥२९।
इन्द्रायुधोपमा रक्ता कृष्णा धूम्रा शशिप्रभा ।
शुक्लाभा हेमवर्णा च पताका स्फाटिकोपमा ।३०।

हातको, दस हातको अथवा बाह्र हातको हुनुपर्छ। बाँकी आठ मण्डपहरूलाई दुईदुई हात बढाएर राख्नुपर्छ। यस किसिमले जम्मा नौ मण्डप हुन्छन्। पाद आदिका हिसाबले वृद्धलिङ्गको स्थापनामा पाउअनुसारकै मण्डप बनाउनुपर्छ। बाणलिङ्ग, रत्नजलिङ्ग र लौहलिङ्गको स्थापनाका समयमा आठ हातको हास्तिक मण्डपकै अनुसार अरू सबै थोक बनाउनुपर्छ। अथवा जुन देवीको प्रासाद हो, त्यसैअनुसार मण्डप बनाउनुपर्छ। सबै लिङ्गका लागि प्रासाद निर्माण गर्ने विधि शैवशास्त्रकै अनुसार हुने जानुपर्छ। धन, घोष, विराग, काञ्चन, काम, राम, सुवेश, धर्म र दक्ष यी नौ लिङ्गका लागि राखिएका नौ मण्डपका नाम हुन्। चारै कुनामा चार खम्बा हुनुपर्छ र ढोकामा दुईदुई हुन्छन्।यस्तो सबै कुरो हास्तिक मण्डपका विषयमा भनियो। त्यसभन्दा जसरी त्यसको शोभा सम्भव हुन्छ उसै रूपमा अन्य खम्बाहरूको उपयोग गर्न सकिन्छ। मध्य मण्डलमा चार हातको वेदी बनाउनुपर्छ। त्यसका चारै कुनामा चारवटा खम्बा हुनुपर्छ। वेदी र पाउका बीचको स्थान छोडेर कुण्ड निर्माण गर्नुपर्छ। तिनको सङ्ख्या नौ अथवा पाँच हुनुपर्छ। ईशान या पूर्व दिशामा एउटै कुण्ड बनाउनुपर्छ। त्यो गुरुको स्थान हो।१-२०।

यदि पचास आहुति दिनुपर्ने छ भने मुठी बाँधेका हातले एक हात हुनुपर्छ। सय आहुति दिने हो भने कुहिनादेखि कान्छी औंलासम्म नापेर एक अरत्लि वा एक हातको कुण्ड बनाउनुपर्छ। एक हजार आहुतिको होम गर्ने हो भने एक हात लम्बाइ-चौडाइ र गहिराइको कुण्ड हुनुपर्छ। दसहजार आहुतिका लागि त्यसको दोब्बर नापको कुण्ड हुनुपर्छ। लाख आहुतिका लागि चार हातको र करोड आहुतिका लागि आठ हातको कुण्ड बनाउने विधान छ। अग्निकोणमा भगको आकार, दक्षिण दिशामा अर्धचन्द्राकार, नैर्ऋत्यकोणमा त्रिकोण, पश्चिममा चन्द्रभैं गोलाकार, वायव्यमा षट्कोण, उत्तर दिशामा कमलाकार, ईशानमा अष्टकोण र पूर्व दिशामा चतुष्कोण कुण्डको निर्माण गर्नुपर्छ। कुण्ड सबै तर्फबाट एकसमान र ओरालो परेको हुनुपर्छ। माथिल्लो भागमा मेखलाहरू बनाउनुपर्छ, बाहिरी भागमा क्रमशः चार, तीन र दुई अङ्गुल चौडा मेखला हुन्छन्। अन्य वा एउटै मेखला छ अङ्गुल फराकिलो भए पनि हुन्छ। मेखलाहरू कुण्डकै बराबर आकारका हुन्छन्। तिनका माथि मध्य भागमा योनि हुन्छ र त्यसको आकृति पिपलका पातको जस्तै हुन्छ। त्यसको उचाइ एक अङ्गुल र चौडाइ आठ अङ्गुलको हुनुपर्छ। लम्बाइ कुण्डको आधा बराबरको हुनुपर्छ। योनिको मध्यभाग कुण्डको कण्ठजस्तै होस्। पूर्व, अग्निकोण र

पूर्वादितोऽब्जे रक्ता नीलाऽनन्तस्य नैर्ऋते ।
पञ्चहस्तास्तदर्द्धाश्च ध्वजा दीर्घाश्च विस्तराः ।३१।
हस्तप्रदेशिता दण्डा ध्वजानां पञ्चहस्तकाः ।
वल्मीकादन्तिदन्ताग्रात्तथा वृषभशृङ्गतः ।३२।
पद्मषण्डाद्वराहाच्च गोष्ठादपि चतुष्पथात् ।
मृत्तिका द्वादश ग्राह्या वैकुण्ठेऽष्टौ पिनाकिनी ।३३।
न्यग्रोधोदुम्बराश्वत्थचूतजम्बूत्वगुद्भवम् ।
कषायपञ्चकं ग्राह्यमार्त्तवं च पलाष्टकम् ।३४।
तीर्थाम्भांसि सुगन्धीनि तथा सर्वौषधीजलम् ।
शस्तं पुष्पफलं वक्ष्ये रत्नगोशृङ्गवारि च ।३५।
स्नानायापाहरेत्पञ्च पञ्चगव्यामृतं तथा ।
पिष्टनिर्मितवस्त्रादिद्रव्यं निर्म्मज्जनाय च ।३६।
सहस्रसुषिरं कुम्भं मण्डलाय च रोचना ।
शतमौषधिमूलानां विजया लक्ष्मणा बला ।३७।
गुडूच्यतिबला पाठा सहदेवौ शतावरी ।
ऋद्धिः सुवर्चसा वृद्धिः स्नाने प्रोक्ता पृथक्पृथक् ।३८।
रक्षायै तिलदर्भौघो भस्मस्नानं तु केवलम् ।
यवगोधूमबिल्वानां चूर्णानि च विचक्षणः ।३९।
विलेपनं सकर्प्पूरं स्नानार्थं कुम्भगण्डकान् ।
खट्वां च तूलिकायुग्मं सोपधानं सवस्त्रकम् ।४०।
कुर्य्याद्वित्तानुसारेण शयने लक्ष्यकल्पने ।
घृतक्षौद्रयुतं पात्रं कुर्य्यात्स्वर्णशलाकिकाम् ।४१।
वर्द्धनीं शिवकुम्भं च लोकपालघटानपि ।
एकं निद्राकृते कुम्भे शान्त्यर्थं कुण्डसङ्ख्यया ।४२।
द्वारपालादिधर्मादिप्रशान्तादिघटानपि ।

दक्षिण दिशाका कुण्डको योनि उत्तरतर्फ फर्केको हुनुपर्छ । बाँकी अन्य दिशाका कुण्डका योनिहरू पूर्व फर्केका होउन् र ईशानकोणका कुण्डको यानि माथि बताइएमध्ये कुनै एक प्रकारले कि त पूर्वाभिमुख कि उत्तराभिमुख रहन सक्छ । कुण्डको जुन चौबीसौं भाग हुन्छ, त्यसलाई अङ्गुल भनिन्छ । यसैका अनुसार विभाजन गरी मेखला, कण्ठ र नाभीलाई निश्चित गर्नुपर्छ । मण्डपका पूर्व आदि दिशामा जुन चारवटा ढोका हालिएका हुन्छन् तिनमा क्रमशः पाखी, डुम्री, पिपल र वरको काठ रहेको हुनुपर्छ । पूर्व आदि दिशाहरूकै क्रमले यिनको नाम क्रमशः शान्ति, भूति, बल र आरोग्य हो । ढोकाको उचाइ पाँच, छ वा सात हात हुन्छ । तिनीहरू एक हात गहिरो खनिएका खाडलमा बनाइएका हुन्छन् । तिनको फैलावट उचाइ वा लम्बाइको तुलनामा आधा हुन्छ । तिनमा आम्रपल्लव आदिले सजावट लगाइएको हुन्छ । मण्डपका पूर्व आदि दिशाहरूमा क्रमशः इन्द्रायुधभैं तीनरङ्गी राता, काला, ध्वाँसे, जुनेलीभैं उज्यालो, सुगाको प्वाँखभैं हरिया, सुनौला र स्फटिक मणिभैं सफा वर्णका पताकाहरू फर्फराइनुपर्छ । ईशान र पूर्वका मध्यभागमा ब्रह्माका लागि रातो रङ्गको र नैर्ऋत्य तथा पश्चिमका बीचमा अनन्त वा शेषनागका लागि नीलो रङ्गको पताका चढाइदिनुपर्छ । ध्वजका पताकाहरू पाँच हात लामा र त्यसको आधा चौडा हुनुपर्छ । ध्वजदण्डको उचाइ पाँच हातको हुनुपर्छ । ध्वजाको मोटाइ दुई हातले समाउन सकिने किसिमको हुनुपर्छ । पर्वत, शिखर, राजद्वार, नदीतट, तबेला, हात्तीसार, बिमौट, हातीका दाँतले खनेको, साँढेका सिँङले खनेको, कमल फूलका फेदको सुँगुरले खनेको, गाईगोठ र चौबाटो यी बाह्र ठाउँको बाह्र किसिमको माटो भेला पार्नुपर्छ । भगवान् विष्णुको स्थापनामा यी बाह्र खालको माटो र भगवान् शिवका स्थापनामा आठ किसिमको माटो ग्राह्य हुन्छ । वर, हुम्री, पिपल, आँप र जामुनका बोक्राबाट निस्केको पाँच किसिमको खोटो जम्मा पार्नुपर्छ । आठ किसिमका ऋतुफल ल्याउन लगाउनुपर्छ । तीर्थजल, सुगन्धित जल, सर्वौषधिमिश्रित जल, शस्यपुष्प मिश्रित जल, स्वर्ण मिश्रितजल, रत्न मिश्रित एवं गाईका सिँङले छोएको जल, पञ्चगव्य र पञ्चामृत यी सबै वस्तु देवस्नानका लागि एकत्र गर्नुपर्छ । विघ्नकर्ताहरूलाई तर्साउनका लागि पिठोले बनाएका वज्र आदि आयुधहरू पनि तयार गरिराख्नुपर्छ । हजार छिद्रयुक्त कलश र गोरोचन पनि राख्नुपर्छ । सय किसिमका औषधिका जरा, विजया, लक्ष्मणा, बला, गुरुचि, अतिबला, पाठा, सहदेवा, शतावरी, त्रद्धि, सवर्चला र ऋद्धि, सुवर्चला र वृद्धि यिनीहरूलाई स्नानको उपयोगका लागि पृथक् पृथक् राख्ने बताइएको छ । रक्षाका

वास्तुलक्ष्मीगणेशानां कलशानपरानपि ।४३।
धान्यपुञ्जकृताधारान्सवस्त्रान्स्रग्विभूषितान् ।
सहिरण्यान्समालब्धान्गन्धपानीयपूरितान् ।४४।
पूर्णपात्रफलाधारान्पल्लवाद्यान्सलक्षणान् ।
वस्त्रैराच्छादयेत्कुम्भानाहरेद्वौरसर्षपान् ।४५।
विकिरार्थं तथा लाजांज्ञानखड्गं च पूर्ववत् ।
समिधश्च चरुस्थालीं दर्वीं च ताम्रनिर्मिताम् ।४६।
घृतक्षौद्रान्वितं पात्रं पादाभ्यङ्गकृते तथा ।
विष्टरांस्त्रिंशतीर्दर्भदलैर्बाहुप्रमाणकाम् ।४७।
चतुरश्चतुरस्तद्वत्पालाशान्परिधीनपि ।
तिलपात्रं हविःपात्रमर्घपात्रं पवित्रकम् ।४८।
पलविंशाष्टमानानि घटी धूपप्रदानकम् ।
स्रुक्स्रुवौ पिटकं पीठं व्यजनं शुष्कमिन्धनम् ।४९।
पुष्पं पत्रं गुग्गुलुं च घृतैर्दीपांश्च धूपकम् ।
अक्षतानि त्रिसूत्रीं च गव्यमाज्यं यवांस्तिलान् ।५०।
कुशाः शान्त्यै त्रिमधुरं समिधो दशपर्विकाः ।
बाहुमात्रं स्रुवं हस्तकर्मादिग्रहशान्तये ।५१।
समिधोऽर्कपलाशोत्थाः खादिरामार्गपिप्पलाः ।
उदुम्बरशमीदूर्वाः कुशोत्थाः शतमष्ट च ।५२।
तदभावे यवतिला गृहोपकरणं तथा ।
स्थालीदर्वीपिधानादि देवादिभ्योऽंशुकद्वयम् ।५३।
मुद्रामुकुटवासांसि हारकुण्डलकङ्कणान् ।
कुर्य्यादाचार्यपूजार्थं वित्तशाठ्यं विवर्जयेत् ।५४।
तत्पादपादहीना च मूर्त्तिभृदस्त्रजापिनाम् ।
पूजा स्याज्जापिभिस्तुल्या विप्रदैवज्ञशिल्पिनाम् ।५५।

लागि तिल र कुश आदि जम्मा पार्नुपर्दछ । भस्म स्नानका लागि भस्म जुटाउनुपर्छ । विद्वान् पुरुषले स्नान गर्नका लागि गहुँ र जौको पिठो, बेलको धुलो, विलेपन् कपुर, कलश, गाग्री आदि जम्मा पार्नुपर्छ । खाट, कपासका सिरक-ठसना, सिरानी, चादर आदि आवश्यक वस्त्र आदि पनि आफ्नै गच्छेअनुसार तयार गराउनुपर्छ र विविध चिह्नले सजिएका शयन कक्षमा तिनलाई राख्नुपर्छ । घिउ र मधुले भरिएको पात्र, सुनको सलाई, पूजायोग्य जलपात्र भरेको, शिवकलश र लोकपालका लागि पनि कलश जम्मा पार्नुपर्छ । एउटा कलश निद्राका लागि पनि हुनुपर्छ । कुण्डको सङ्ख्या अनुसार उति नै शान्ति कलश पनि राख्नुपर्छ ।२१-४२।

द्वारपाल, धर्म तथा प्रशान्त आदिका लागि पनि कलश जुटाउनुपर्छ । वास्तुदेव, लक्ष्मी र गणेशका लागि पनि अरू विभिन्न छुट्टाछुट्टै कलशको खाँचो पर्छ । ती कलशका मुनिको आधार भूमिमा धानको थुप्रो राखेको हुनुपर्छ । सबै कलशलाई वस्त्र एवं फूलमालालाले सजाइएको हुनुपर्छ । यिनका भित्र सुनको स्पर्श गराइएको हुनुपर्छ र यिनलाई सुगन्धित जलले भर्नुपर्छ । सबै कलशका माथि पूर्णपात्र र फल राख्नुपर्छ । तिनका मुखमा पञ्चपल्लव राख्नुपर्छ र ती कलश उत्तम लक्षणले सम्पन्न हुनुपर्छ । कलशहरूलाई कपडाले छोपिदिनुपर्छ । सबैतिर छर्नका लागि पहेँलो सर्स्यु र लावा सङ्ग्रह गर्नुपर्छ । पहिले बताइएअनुसारले ज्ञान खड्गको सम्पादन पनि गर्नैपर्छ । चरु राख्नकालागि आरी र त्यसको बिर्को मागिराख्नुपर्छ । तामाको पन्यु र गोडामा घस्नका लागि घिउ र महका पात्र पनि जम्मा पार्नुपर्छ । तीस तीस दल कुशले बनेका दुईदुई हात लम्बाइ चौडाइका चारचार आसन जम्मा पार्नुपर्छ । यसै किसिमले पलासले बनेका चारचार परिधि पनि जटाऊँ । तिलपात्र, हविष्यपात्र, अर्घ्यपात्र र पवित्रक एकत्र गर्नुपर्छ । यिनको परिमाण बीसबीस पल हुनुपर्ने भनिन्छ । घन्टी र धुप हाल्ने भाँडो पनि मागौं । स्रुक् स्रुवा, डाली, पिर्का, पङ्खा, सुकेका दाउरा, गुग्गुल घिउको दियो, धुप, अक्षता, तीनसरो धागो, गाईको घिउ, जौ, तिल, कुश, शान्तिकर्मका लागि मह-सख्खर-घिउ यी तीन मधुर पदार्थ, दस पर्वका समिधा, एक बाहाँ अथवा एक हातको स्रुवा, सूर्य आदि ग्रह-शान्तिका समिधा, आँक, पलास, खयर, अपामार्ग, पिप्पल, डम्री, शमी, दुबो र कुश पनि बटुलिराख्नुपर्छ । आक आदिका सबै समिधाहरू एकसय आठका दरले हुनुपर्छ । यिनीहरू पाइएनन् भने यिनका ठाउँमा जौ र तिलको नै आहुति दिनुपर्छ । यिनका अतिरिक्त अन्य घरेलु आवश्यकताका वस्तुहरू जुटाउनुपर्छ । आरी, पन्यु, छोप्ने आदि जम्मा गर्नुपर्छ ।

वज्रार्कशान्तौ नीलातिनीलमुक्ताफलानि च ।
पुष्पपद्मादिरागं च वैदूर्य्यं रत्नमष्टमम् ।५६।
उशीरमाधवक्रान्तारक्तचन्दनकागुरुम् ।
श्रीखण्डं सारिकं कुष्ठं शङ्खिनी ह्योषधीगणः ।५७।
हेमताम्रमयं रक्तं राजतं च सकांस्यकम् ।
सीसकं चेति लोहानि हरितालं मनःशिला ।५८।
गैरिकं हेममाक्षीकं पारदो वह्निगैरिकम् ।
गन्धकाभ्रकमित्यष्टौ धातवो व्रीहयस्तथा ।५९।
गोधूमान्सतिलान्माषान्मुद्गानप्याहरेद्यवान् ।
नीवाराञ्छ्यामकानेवं व्रीहयोऽप्यष्ट कीर्त्तिताः ।६०।

देवता आदि प्रत्येकलाई दुई दुईवटा वस्त्र दिनुपर्छ। आचार्यको पूजाका लागि मुद्रा, मुकुट, वस्त्र, हार, कुण्डल र अन्य गहना तयार गर्न लगाउनुपर्छ। धन खर्च गर्नमा कन्जुस्याइँ गर्नु हुँदैन। मूर्ति धारण गर्ने र अस्त्रमन्त्र जप गर्ने ब्राह्महरूलाई आचार्यको हेरी एक चौथाइ कम दक्षिणा दिनुपर्छ। अरू सामान्य ब्राह्मण, ज्योतिषि र शिल्पीलाई पनि जयकर्ताकै बराबरको पूजा गर्नुपर्छ । हीरा, सूर्यकान्तमणि, नीलमणि, अतिनिलमणि, मुक्ताफल, पुष्पराज, पद्मराज र औँठा वैदूर्यमणि आदि पनि सङ्ग्रह गर्नुपर्छ । उशीर, विष्णुक्रान्ता, रक्तचन्दन, अगुरु, श्रीखण्ड, शरिवा, कुण्ठ र शङ्खिनी आदि औषधिको समुदाय पनि भेला गर्ने पर्दछ। सुन, चाँबा, फलाम, राङ, चाँदी, काँस र सिसा - यी सबैलाई लोहा भन्ने गरिन्छ । यिनीहरू पनि जम्मा पार्नुपर्छ । हरिताल, मैनसिल, गेरु, हेममाक्षीक, पारा, वह्निगैरिक, गन्धक र अभ्रक यी आठ धातुहरू जम्मा पार्नुपर्छ। यसैं गरी आठ ब्रीहिहरू पनि जुटाउनुपर्छ । तिनको नाम - धान, गहुँ, तिल, मास, मुगी, जौ, तिन्नी र साँवा हो ।४३-६०।

९६. षण्णवतितमोऽध्यायः
अधिवासनविधि

ईश्वर उवाच
स्नात्वा नित्यद्वयं कृत्वा प्रणवार्थकरो गुरुः ।
सहायैर्मूर्त्तिपैर्विप्रैः सह गच्छेन्मखालयम् ।१।
शान्त्यादितोरणांस्तत्र पूर्ववतत्पूजयेत्क्रमात् ।
प्रदक्षिणक्रमादेषां शाखायां द्वारपालकान् ।२।
प्राचिनन्दिमहाकालौ याम्ये भृङ्गिविनायकौ ।
वारुणे वृषभस्कन्दौ देवीचण्डौ तथोत्तरे ।३।
तच्छाखामूलदेशस्थौ प्रशान्तशिशिरौ घटौ ।
पर्ज्जन्यशोकनामानौ भूतसञ्जीवनामृतौ ।४।
धनदश्रीपदौ द्वौद्वौ पूजयेदनुपूर्वशः ।
स्वनामभिश्चतुर्थ्यन्तैः प्रणवादिनमोऽन्तकैः ।५।
लोकग्रहावसुद्वाःस्थस्रवन्तीनां द्वयंद्वयम् ।
भानुत्रयं युगं वेदो लक्ष्मीर्गणपतिस्तथा ।६।

ईश्वरले भने— हे स्कन्द ! पुरोहितले बिहान र दिउँसोको स्नान गरी दुवै समयका नित्यकर्म सम्पन्न गरेपछि मूर्तिरक्षक सहायक ब्राह्मणहरूका साथमा यज्ञमण्डलमा आउनुपर्छ । त्यसपछि त्यहाँ शान्ति आदि द्वारहरूलाई पहिलेकै जस्तो क्रमशः पूजा गर्नुपर्छ । यी द्वारका दुवै शाखाहरूमा प्रदक्षिणाक्रमले द्वारपालहरूको पूजा गर्नुपर्छ । पूर्व दिशामा द्वारपाल नन्दी र महाकाललाई, दक्षिण दिशामा भृङ्गी र विनायकलाई, पश्चिम दिशामा वृषभ र स्कन्दलाई एवं उत्तर दिशामा देवी र चण्डलाई पूजा गर्नुपर्छ। द्वारशाखाका मूलभागमा पूर्व आदिका क्रमले दुईदुई कलशको पूजा गर्नुपर्छ । तिनको नाम क्रमशः यसप्रकार छ— पूर्व दिशामा प्रशान्त र शिशिर, दक्षिणमा पर्जन्य र अशोक, पश्चिममा भूतसञ्जीवन र अमृत तथा उत्तरमा धनद र श्रीप्रद। यही नै दुईदुई कलशको क्रमशः पूजा गर्ने विधान हो। यिनका नामका अगाडि प्रणव जोडेर अन्त्यमा नमः जोड्दै चतुर्थी विभक्ति अन्तिममा रहेको रूप राख्नुपर्छ। यही नै यिनका पूजाको मन्त्र हो। जस्तै ओं प्रशान्तशिशिराभ्यां नमः इत्यादि। लोक दुई, ग्रह दुई वसु दुई, द्वारपाल दुई, नदी

इति देवा मखागारे तिष्ठन्ति प्रतितोरणम् ।
विघ्नसङ्घापनोदाय क्रतोः संरक्षणाय च ।७।
वज्रं शक्तिं तथा दण्डं खड्गं पाशं ध्वजं गदाम् ।
त्रिशूलं चक्रमम्भोजं पताकास्वर्च्चयेत्क्रमात् ।८।
ओं हूं फट् नमः ओं हूं फट् द्वाःस्थशक्तये हूं फट् नमः
इत्यादिमन्त्रैः कुमुदः कमुदाक्षश्च पुण्डरीकोऽथ वामनः
शङ्कुकर्णः सर्वनेत्रः सुमुखः सुप्रतिष्ठितः ।९।
ध्वजेऽष्टदेवताः पूज्याः पूर्वादौ भूतकोटिभिः ।
ओं कौं कुमुदाय नम इत्यादिमन्त्रैस्तथा ।१०।
हेतुकं त्रिपुरघ्नं च शक्त्याख्यं यमजिह्वकम् ।
कालं करालिनं षष्ठमेकांघ्रिं भीममष्टकम् ।११।
तथैव पूजयेद्दिक्षु क्षेत्रपाननुक्रमात् ।
बलिभिः कुसुमैर्धूपैः सन्तुष्टान्परिभावयेत् ।१२।
कम्बलास्तृतेषु वर्णेषु वंशस्थूणाष्वनुक्रमात् ।
पञ्च क्षित्यादितत्त्वानि सद्योजातादिभिर्यजेत् ।१३।
सदाशिवपदव्यापि मण्डपं धाम शाङ्करम् ।
पताकाशक्तिसंयुक्तं तत्त्वदृष्ट्यावलोकयेत् ।१४।
दिव्यान्तरिक्षभूमिष्ठविघ्नानुत्सार्य्यपूर्ववत् ।
प्रविशेत्पश्चिमद्वारा शेषद्वाराणि दर्शयेत् ।१५।
प्रदक्षिणक्रमाद् गत्वा निविष्टो वेदिदक्षिणे ।
उत्तराभिमुखः कुर्य्याद्भूतशुद्धिं यथा पुरा ।१६।
अन्तर्य्यागं विशेषार्घ्यं मन्त्रद्रव्यादिशोधनम् ।
कुर्व्वीत स्वात्मनः पूजां पञ्चगव्यादिपूर्ववत् ।१७।
साधारं कलशं तस्मिन्विन्यसेत्तदनन्तरम् ।
विशेषाच्छिवतत्त्वाय तत्त्वत्रयमनुक्रमात् ।१८।
ललाटस्कन्धपादान्तं शिवविद्यात्मकं परम् ।
रुद्रनारायणब्रह्मदैवतं निजसञ्चरैः ।१९।
ओं हं हां मूर्तीस्तदीश्वरांस्तत्र पूर्ववद्विनिवेशयेत् ।

दुई, सूर्य तीन, युग एक, वेद एक, लक्ष्मी तथा गणेश यति देवताहरू मञ्जमण्डपका प्रत्येक द्वारमा रहेका हुन्छन् । यिनको कार्य विघ्नसमूहको निवारण र यज्ञको संरक्षण गर्ने हो । पूर्व आदि दस दिशामा वज्र, शक्ति, दण्ड, खड्ग, पाशं, ध्वज, गदा, त्रिशूल, चक्र र कमलको पूजा क्रमशः गर्नुपर्छ र प्रत्येक दिशामा दिक्पालका पताकाको पूजा पनि गर्नुपर्छ ।पूजाका मन्त्रको स्वरूप ओं हूं हः वज्राय हूं फट्, ओं हूं हः शक्तये हूं फट् इत्यादि रहेको छ । कुमुद, कुमुदाक्ष, पुण्डरीक, वामन, शङ्कुकर्ण, सर्वनेत्र, कुमुख र सुप्रतिष्ठित यिनीहरू आठ ध्वजाका देवता हुन् र पूर्व आदि दिशामा करोडौं भूतहरूका साथ यिनीहरू पूजनीय छन् । यिनीहरूको पूजासम्बन्धी मन्त्र ओं कुं कुमुदाय नमः इत्यादि हुन्छ । हेतुक, त्रिपुरघ्न, शक्ति, यमजिह्व, काल, छैठौं कराली, सातौं एकाङ्घ्रि र आठौं भीम– यिनीहरू क्षेत्रपाल हुन् । यिनीहरूलाई क्रमशः पूर्व आदि आठ दिशामा पूजा गर्नुपर्छ । बलि, पुष्प र धुप चढाएर यी सबैलाई सन्तुष्ट गर्नुपर्छ । त्यसपछि उत्तम एवं पवित्र तृण अथवा बाँसका खम्बामा क्रमशः पृथिवी आदि पाँच तत्त्वको स्थापना गरेर एद्योजात आदि पाँच मन्त्रले तिनलाई पूजा गर्नुपर्छ । सदाशिवव्यापी मण्डप भगवान् शङ्करको धाम हो र त्यो पताका एवं शक्तिले सम्पन्न छ भने तत्त्वदृष्टिले त्यसलाई अवलोकन गर्नुपर्छ । पहिलेकै जसरी दिव्य अन्तरिक्ष र भूलोकमा भएका विघ्नसमूहलाई हटाएर पश्चिम द्वारमा प्रवेश गर्नुपर्छ र बाँकी ढोका बन्द गराउनुपर्छ । प्रदक्षिणका क्रमले मण्डपभित्र गएर वेदीका दक्षिण भागमा उत्तरतिर फर्केर बस्नुपर्छ पूर्ववत् भूतशुद्धि गर्नुपर्छ । अन्तर्याग, विशेषार्घ्य, मन्त्रद्रव्यादि शोधन, स्वात्मपूजन र पञ्चगव्यादिका कार्य पहिलेकै सरह गर्नुपर्छ । त्यसपछि त्यहाँ आधारशक्तिलाई प्रतिष्ठा गरेर कलशस्थापन गर्नुपर्छ । शिवको ध्यान विशेष रूपमा गरिन्छ । त्यसपछि क्रमशः तीन तत्त्वको चिन्तन गर्नुपर्छ । ललाटमा शिवतत्त्वको, स्कन्धमा विद्यातत्त्वको र पादान्तमा उत्तम आत्मातत्त्वको ध्यान गरिन्छ । शिवतत्त्वका रुद्र, विद्यातत्त्वका नारायण र आत्मातत्त्वका ब्रह्मा देवता हुन् । यिनलाई आआफ्नो नाम मन्त्रले पूजा गर्नुपर्छ । यी तत्त्वको आदि बीज क्रमशः ओम् ईम् आम् हुन् । मुर्ति मूर्तीश्वरहरूलाई त्यहाँ विधिपूर्वक स्थापना गर्नुपर्छ । त्यसैमा व्यापक शिवको साङ्ग पूजन गरेर शिरमा शिवहस्त राख्नुपर्छ । भावनाद्वारा ब्रह्मरन्ध्रका मार्गबाट प्रविष्ट भएका तेजले आपना भित्र र बाहिरको अन्धकारलाई नाश

तद्व्यापकं शिवं साङ्गं शिवहस्तं च मूर्द्धनि ।२०।
ब्रह्मरन्ध्रप्रविष्टेन तेजसा बाह्यसान्तरम् ।
तमःपटलमाधूय प्रद्योतितदिगन्तरम् ।२१।
आत्मानं मूर्तिपैः सार्द्धं स्रग्वस्त्रकुसुमादिभिः ।
भूषयित्त्वा शिवोऽस्मीति ध्यात्वा बोधासिमुद्धरेत् ।२२।
चतुष्पादान्तसंस्कारैः संस्कुर्य्यान्मखमण्डपम् ।
विक्षिप्य विकिरादीनि कुशकूर्चोपसंहरेत् ।२३।
आसनीकृत्य वर्द्धन्यां वास्त्वादीन्पूर्ववद्यजेत् ।
शिवकुम्भास्त्रवर्द्धन्यौ पूजयेच्च स्थिरासने ।२४।
स्वदिक्षु कलशारूढाँल्लोकपालाननुक्रमात् ।
वाहायुधादिसंयुक्तान्पूजयेद्विधिना यथा ।२५।
ऐरावत गजारूढं स्वर्णवर्ण किरीटिनं ।
सहस्र नयनं शक्रं वज्रपाणिं विभावयेत् ।२६।
सप्तार्चिषं च बिभ्राणमक्षमालां कमण्डलुम् ।
ज्वालामालाकुलं रक्तं शक्ति हस्तं अजासनम् ।२७।
महिषस्थं दण्डहस्तं यमं कालानलं स्मरेत् ।
रक्त नेत्रं खरारूढं खड्गहस्तं च नैर्ऋतम् ।२८।
वरुणं मकरे श्वेतं नागपाशधरं स्मरेत् ।
वायुं च हरिणे नीलं कुबेरं मेषसंस्थितम् ।२९।
त्रिशूलिनं वृषे चेशं कूर्म्मेऽनन्तं तु चक्रिणम् ।
ब्रह्माणं हंसगं ध्यायच्चतुवक्त्रं चतुर्भुजम् ।३०।
स्तम्भमूलेषु कुम्भेषु वेद्यां धर्मादिकान्यजेत् ।
दिक्षु कुम्भेष्वनन्तादीन्पूजयन्त्यपि केचन ।३१।
शिवाज्ञां श्रावयेत्कुम्भं भ्रामयेदात्मपृष्ठगम् ।
पूर्ववत्स्थापयेदादौ कुम्भं तदनुवर्द्धनीम् ।३२।
शिवं स्थिरासनं कुम्भे शस्त्रार्थं च ध्रुवासनम् ।
पूजयित्वा यथापूर्वं स्पृशेदुद्भवमुद्रया ।३३।
निजयागं जगन्नाथ रक्ष भक्तानुकम्पया ।

गराएर आत्मस्वरूपको त्यसले सम्पूर्ण दिशामण्डलहरूलाई प्रकाशित गरिरहेको छ भन्दै चिन्तन गर्नुपर्छ। मूर्तिपालकहरूका साथै आफूलाई पनि हार, वस्त्र र मुकुट आदिले सजाएर म नै शिव हुँ भन्ने चिन्तन गर्दै बोधासि नामको ज्ञानमय खड्ग उठाउनुपर्छ। चतुष्पदान्त संस्कारले यज्ञमण्डपलाई संस्कारित गर्नुपर्छ। छर्नयोग्य वस्तुहरू सबैतिर छरेर कुशको कुचाले तिनलाई बटुल्नुपर्छ। तिनलाई आसनमुनि पारेपछि वार्धानीका जलले पहिलेकै जस्तो गरी वास्तु आदिको पूजन गर्नुपर्छ। शिवकुम्भास्त्र र वार्धानीको सुस्थिर आसनलाई पनि पूजा गर्नुपर्छ। आआफ्ना दिशामा कलशमा विराजमान इन्द्र आदि लोकपालहरूलाई क्रमशः उनका वाहन र आयुधहरूसहित विधिपूर्वक पूजन गर्नुपर्छ। पूर्व दिशामा इन्द्रको चिन्तन गर्नुपर्छ। उनी ऐरावत हात्तीमा बसेका छन्। उनको अङ्गकान्ति सुवर्णझैं चम्किलो रहेको छ। मस्तकमा किरीट शोभायमान भइरहेको छ। उनले हजार आँखा लिएका छन्। उनका हातको वज्र सुहाउँदिलो बनेको छ। १-२६।

अग्निकोणमा सातवटा ज्वालामयी जिह्वा लिएका, अक्षमाला र कमण्डलु बोकेका, ज्वालाले छोपिएका, रातो वर्णका अग्निदेवताको ध्यान गरिन्छ। उनका हातमा शक्ति सजिएको छ र उनको वाहन बाख्रो छ। दक्षिणमा महिषासुरमाथि चढेका दण्डधारी यमराजको चिन्तन गर्नुपर्छ र उनी कालाग्नि जस्तैकै प्रकाशित भएका हुन्छन्। नैर्ऋत्य कोणमा राता आँखा भएका नैर्ऋत्यकै चिन्तन गर्नुपर्छ र उनले हातमा तरबार बोकेर मृतकमाथि चढेका हुन्छन्। पश्चिममा गोहीमाथि चढ्ने, सेतो वर्णका, नागपाश बोक्ने वरुणको चिन्तन गर्नुपर्छ। वायव्य कोणमा मृगमाथि चढेका, नील वर्णका वायुदेवलाई र उत्तरमा भेडोमाथि चढेका कुबेरलाई ध्यान गरिन्छ। ईशान कोणमा त्रिशूल धारण गरी वृषभमा चढेका ईशानलाई, नैर्ऋत्य तथा पश्चिमका बीचमा कछुवामा चढेका चक्रधारी भगवान् अनन्तलाई, ईशान र पूर्वका बीचमा चार मुख एवं चार भुजा हुने हाँसमाथि चढेका ब्रह्मालाई ध्यान गर्नुपर्छ। खम्बाको फेदमा रहेका कलशमा र वेदीमा धर्म आदिलाई पूजा गर्नुपर्छ। कतिपय मानिसहरू सबै दिशाहरूमा रहेका कलशमा अनन्त आदिलाई पूजा पनि गर्दछन्। त्यसपछि शिवको आज्ञा सुनाउनुपर्छ र कलशहरूलाई आफ्नो पिठ्युँतिरसम्म घुमाउनुपर्छ। त्यसपछि पहिले कलशलाई र अनि फेरि वार्धानीलाई पहिलेकै सरह आआफ्नो स्थानमा

एभिः संश्राव्य रक्षार्थं कुम्भे खड्गं निवेशयेत् ।३४।
दीक्षास्थापनयोः कुम्भे स्थण्डिले मण्डलेऽथवा ।
मण्डलेऽभ्यर्च्य देवेशं व्रजेद्वै कुण्डसन्निधौ ।३५।
कुण्डनाभिं पुरस्कृत्य निविष्टा मूर्तिधारिणः ।
गुरोरादेशतः कुर्य्युर्निजकुण्डेषु संस्कृतिम् ।३६।
जपेयुर्जापिनोऽसङ्ख्यं मन्त्रमन्ये तु संहिताम् ।
पठेयुर्ब्राह्मणाः शान्तिं स्वशाखा वेदपारगाः ।३७।
श्रीसूक्तं पावमानीश्च मैत्रकं च वृषाकपिम् ।
ऋग्वेदी पूर्वदिग्भागे सर्वमेतत्समुच्चरेत् ।३८।
देवव्रतं तु भारुण्डं ज्येष्ठसाम रथन्तरम् ।
पुरुषं गीतिमेतानि सामवेदी तु दक्षिणे ।३९।
रुद्रं पुरुषसूक्तं च श्लोकाध्यायं विशेषतः ।
ब्राह्मणं च यजुर्वेदी पश्चिमायां समुच्चरेत् ।४०।
नीलरुद्रं तथाथर्वी सूक्ष्मासूक्ष्मं तथैव च ।
उत्तरेऽथर्वशीर्षं च तत्परस्तु समुद्धरेत् ।४१।
आचार्य्यश्चाग्निमुत्पाद्य प्रतिकुण्डं प्रदापयेत् ।
वह्नेः पूर्वादिकान्भागान्पूर्वकुण्डादितः क्रमात् ।४२।
धूपदीपचरूणां च ददीताग्निं समुद्धरेत् ।
पूर्ववच्छिवमभ्यर्च्य शिवाग्नौ मन्त्रतर्पणम् ।४३।
देशकालादिसम्पत्तौ दुर्निमित्तप्रशान्तये ।
होमं कृत्वा तु मन्त्रज्ञः पूर्णां दत्त्वा शुभावहाम् ।४४।
पूर्ववच्चरुकं कृत्वा प्रतिकुण्डं निवेदयेत् ।
यजमानालङ्कृतास्तु व्रजेयुः स्नानमण्डपम् ।४५।
भद्रपीठे निधायेशं ताडयित्वावगुण्ठयेत् ।
स्नापयेत्पूजयित्वा तु मृदा काषायवारिणा ।४६।
गोभूतैर्गोमयेनापि वारिणा चान्तरान्तरा ।
पञ्चगव्येन गन्धतोयेन फडन्तास्त्रेण वारिणा ।४७।
वेशिकी मूर्त्तिपैः सार्द्धं कृत्वा कारणशोधनम् ।

राखिदिनुपर्छ । स्थिर आसन भएका शिवलाई कलशमा र शस्त्रका लागि ध्रुवासनलाई पूर्ववत् पूजा गरेर उद्भव मुद्राले स्पर्श गर्नुपर्छ । त्यसबेलामा भगवान्सित – हे जगन्नाथ ! तिमी आफ्ना भक्तजनमाथि कृपा गरेर आफ्ना यस यज्ञलाई रक्षा गर भनी प्रार्थना गर्नुपर्छ । रक्षाका निम्ति यस्तो प्रार्थना सुनाएर कलशमा खड्ग स्थापना गर्नुपर्छ । दीक्षा र स्थापनाका समयमा कलशमा, वेदीमा अथवा मण्डलमा भगवान् शिवलाई पूजा गर्नुपर्छ । मण्डलमादेवेश्वर शिवको पूजा गरिसकेपछि कुण्डका नजिक जानुपर्छ । कुण्डको केन्द्रमा सम्मुख बसेका मूर्तिधारी पुरुषले गुरुको आज्ञा अनुसार आआफ्ना कुण्ड सफा गर्नुपर्छ । जप गर्ने ब्राह्मणले सङ्ख्यारहित मन्त्र जप गर्नुपर्छ । अरूले संहिता पाठ गर्नुपर्छ । आआफ्नो शाखा अनुसार वेदका विशिष्ट ज्ञाता विद्वान्हरू शान्तिपाठमा लागिरहून् । ऋग्वेदी विद्वानले पूर्व दिशामा श्रीसूक्त, पावमानी ऋचा, मैत्रेय ब्राह्मण र वृषाकपि मन्त्रको पाठ गरून् । सामवेदी विद्वान्ले दक्षिणमा देवव्रत भारुन्ड, ज्येष्ठसाम, रथन्तरसाम र पुरुषगीत आदि सबैको गायन गरिरहून् । यजुर्वेदी ब्राह्मणले पश्चिममा रुद्रसूक्त, पुरुषसूक्त, श्लोकाध्याय र विषेश गरी ब्राह्मणभागको पाठ गरून् । अथर्ववेदी ब्राह्मणले उत्तर दिशामा नीलरुद्र, सूक्ष्मसूक्ष्म तथा अथर्वशीर्षको पाठ तत्परतापूर्वक गरून् । अरणी मन्थन गरी आचार्यले अग्नि उत्पादन गरेर प्रत्येक कुण्डमा त्यो स्थापित गर्नुपर्छ । अग्निलाई पूर्व आदि भागका क्रमले पूर्व कुण्डदेखि नै ध्रुव, दीप र चरुका निम्ति उद्धार गर्नुपर्छ । त्यसपछि पहिले बताइएअनुसार भगवान् शङ्करको पूजा गरेर शिवाग्नि मन्त्र तर्पण गर्नुपर्छ । देश, काल आदिको सम्पन्नता र दुर्दशा शान्तिका लागि होम गरेर मन्त्रका ज्ञाता आचार्यले मङ्गलकारिणी पूर्णाहुति प्रदान गर्नुपर्छ र पहिलेकै जस्तो चरु तयार गर्नुपर्छ । त्यसपछि त्यो चरु सबै कुण्डलाई चढाउनुपर्छ । यजमानबाट वस्त्राभूषणले सजिएर सम्मानित भएका मूर्तिपालक ब्राह्मण स्नान मण्डपमा जाउन् । भद्रपीठमा भगवान् शिवको प्रतिमा स्थापित गरेर ताडन र अवगुण्ठन कर्म गर्नुपर्छ । पूर्वको वेदीमा पूजा गरेर माटो, काषाय जल, गोबर र गहुँतले अनि बीचबीचमा जलले भगवान्का प्रतिमालाई स्नान गराउनुपर्छ । त्यसपछि भस्म तथा गन्धयुक्त जलले नुहाइदिनुपर्छ । त्यसपछि आचार्यले अस्त्राय फट् भन्ने मन्त्रले मन्त्रिएको जलले मूर्तिपालकहरूसँगै हात धोएर कवचमन्त्रले मन्त्रिएका पिताम्बरले मूर्ति छोपेर सेता फूलले त्यसमा पूजा

धर्मजप्तेन संछाद्य पीतवर्णेन वाससा ।४८।
सम्पूज्य सितपुष्पैश्च नयेदुत्तरवेदिकाम् ।
तत्र दत्तासनायां च शय्यायाँ सन्निवेश्य च ।४९।
कुङ्कुमालिप्तसूत्रेण विभज्य गुरुरालिखेत् ।
शलाकया सुवर्णस्य अक्षिणी शस्त्रकर्मणा ।५०।
अञ्जयेल्लक्ष्मकृत्पश्चाच्छास्त्रदृष्टेन कर्मणा ।
कृतकर्मा च शस्त्रेण लक्ष्मी शिल्पी समुत्क्षिपेत् ।५१
त्र्यंशादर्द्धोऽथ पादार्द्धादर्द्धाया अर्द्धतोऽथ वा ।
सर्वकामप्रसिद्ध्यर्थं शुभं लक्ष्मावतारणम् ।५२।
लिङ्गदीर्घविकारांशे त्रिभक्ते भागवर्णनात् ।
विस्तारो लक्ष्म देहस्य भवेल्लिङ्गस्य सर्वतः ।५३।
यवस्य नवभक्तस्य भागैरष्टाभिरावृता ।
हस्तिके लक्ष्मरेखा च गाम्भीर्य्याद्विस्तरादपि ।५४।
एवमष्टांशवृद्ध्या तु लिङ्गे सार्द्धकरादिके ।
भवेदष्टयवा पृथ्वी गम्भीरात्र च हास्तिके ।५५।
शाम्भवेषु च लिङ्गेषु पादवृद्धेषु सर्वतः ।
लक्ष्म देहस्य विष्कम्भो भवेद्वै यववर्द्धनात् ।५६।
गम्भीरत्वपृथुत्वाभ्यां रेखापित्र्यंशवृद्धितः ।
सर्वेषु च भवेत्सूक्ष्मं लिङ्गमस्तकमस्तकम् ।५७।
लक्ष्मक्षेत्रेऽष्टधा भक्ते मूर्द्निं भागद्वये शुभे ।
षड्भागपरिवर्त्तेन मुक्त्वा भागद्वयं त्वधः ।५८।
रेखात्रयेण सम्बद्धं कारयेत्पृष्ठदेशगम् ।
रत्नजे लक्षणोद्धारो यवौ हेमसमुद्भवे ।५९।
स्वरूपं लक्षणं तेषां प्रभा रत्नेषु निर्मला ।
नयनोन्मीलनं वक्त्रै सान्निध्याय च लक्ष्म तत् ।६०।
लक्ष्मणोद्धाररेखां च घृतेन मधुना तथा ।
मृत्युञ्जयेन सम्पूज्य शिल्पिदोषनिवृत्तये ।६१।
अर्च्चयच्च ततो लिङ्गं स्नापयित्वा मृदादिभिः ।

गर्नुपर्छ । त्यसपछि त्यसलाई उत्तर वेदीतर्फ लिएर जानुपर्छ । ओछ्यान लगाइएका शय्यामा सुताएर त्यहाँ कुङ्कुमले रङाएका धागोले अङ्गहरूको विभाजन गरी सुनका छिनाले आचार्यले त्यस प्रतिमाका दुवै आँखा अङ्कित गर्नुपर्छ ।२७-५०।

यस्तो कार्य शस्त्र क्रियाकै अनुसार सम्पन्न हुनुपर्छ । पहिले चिह्न बनाउने गुरुले आँखाको ठाउँ अञ्जनले कोर्नुपर्छ । त्यसपछि पहिले पनि मूर्ति बनाउने काम गरिसकेका सिपालु कारिगरले चिह्न अनुसार नै आँखा बनाउने काम हतियारले गर्नुपर्छ । अर्चाभन्दा तीन अंशले कम अथवा एक चौथाइ भाग वा आधा भागमा सम्पूर्ण कामना सिद्धिका लागि शुभ लक्षणको चिह्न उतार्नुपर्छ । शिवलिङ्गका लम्बाइको मानलाई तीनले भाग लगाएर एक भाग छोड्दा जुन भाग निस्कन्छ, त्यति नै लिङ्गका लक्ष्मदेहका वरिपरिको विस्तार हुनुपर्छ । एक हातका टुङ्गाका टुक्राले जुन लक्ष्मरेखा बन्छ, त्यसको गहिराइ र चौडाइ पनि त्यति नै हुन्छ । अर्थात् नौवटा जौबाट एउटा छोडेर आठवटा लिएजस्तो त्यसको परिणाम हुन्छ । यसप्रकार डेढ हात वा दुई हातकादेखि लिएर नौ हातसम्मका लिङ्गमा क्रमश भाग वृद्धि गर्दै लक्ष्मरेखा बनाउनुपर्छ । यसै गरी नौ हातका लिङ्गमा आठ जौ बराबर मोटो र गहिरो लक्ष्मरेखा हुनुपर्छ । जुन शिव लिङ्ग परस्परको अन्तर रहँदै उत्तरोत्तर सबाबराबर बृद्धि हुन्छन् तिनका लक्ष्मदेहको विस्तार एक एक जौ जति नै बढाउँदै लैजानुपर्छ । गहिराइ र मोटाइको वृद्धिकै अनुसार रेखा पनि एक तिहाइ बढ्दै जान्छ । सबै शिव लिङ्गमा लिङ्गको माथिल्लो भाग नै त्यसको सूक्ष्म मस्तक हुन्छ । लक्ष्म वा चिह्नको क्षेत्र जति छ त्यसलाई आठ भाग गरी दुई भागलाई मस्तक अन्तर्गत राख्नुपर्छ । बाँकी छ भागमध्ये तल्ला दुई भाग छोडेर बीचमा रहेका भागमा तीन रेखा बनाउनुपर्छ र तिनलाई पछिल्ला भागमा लगेर जोड्नुपर्छ । रत्नका लिङ्गमा लक्षणोद्धारको आवश्यकता छैन । जमिनबाट आफैं उत्पन्न भएका वा नर्भदा आदि नदीमा उत्पन्न भएका शिवलिङ्गमा पनि लक्ष्मोद्धारको आवश्यकता छैन । रत्नमय लिङ्गका रत्नमा भएको निर्मल प्रभा हो, त्यो नै त्यसको स्वरूपको परिचायक हो । मुखमण्डलमा जुन आँखाको खाका बनाइन्छ त्यो आवश्यक छ र त्यसैको सन्निधान गर्न त्यस्तो लक्ष्म वा चिह्न बनाइन्छ लक्षण तयार गर्न कोरिएका रेखलाई घिउ र महले मृत्युञ्जय मन्त्रपूर्वक पूजा गरेपछि शिल्पिदोष निवारण गर्नका लागि मृत्तिका आदिले स्नान गराएर लिङ्गलाई अर्चना

शिल्पिनं तोषयित्वा तु दद्याद्गां गुरवे ततः ।६२।
लिङ्गं धूपादिभिः प्रार्च्य गायेयुर्भर्तृगाः स्त्रियः ।
सव्येन चापसव्येन सूत्रेणाथ कुशेन वा ।६३।
स्मृत्वा च रोचनं दत्त्वा कुर्य्यान्निर्मञ्जनादिकम् ।
गुडलवणधान्याकदानेन विसृजेच्च ताः ।६४।
गुरुर्मूर्तिधरैः सार्द्धं हृदा वा प्रणवेन वा ।
मृत्स्नागोमयगोमूत्रभस्मभिः सलिलान्तरम् ।६५।
स्नापयेत्पञ्चगव्येन पञ्चामृतपुरःसरम् ।
विरूक्षणं कषायैश्च सर्वौषधिजलेन वा ।६६।
शुभ्रपुष्पफलस्वर्णरत्नशृङ्ग्यवोदकैः ।
तथा धारासहस्रेण दिव्यौषधिजलेन च ।६७।
तीर्थोदकेन गाङ्गेन चन्दनेन च वारिणा ।
क्षीरार्णवादिभिः कुम्भैः शिवकुम्भजलेन च ।६८।
विरूक्षणं विलेपं च सुगन्धैश्चन्दनादिभिः ।
सम्पूज्य ब्रह्मभिः पुष्पैर्वर्मणा रक्तचीवरैः ।६९।
रक्तरूपेण नीराज्य रक्षातिलकपूर्वकम् ।
घृतौघैर्जलदुग्धैश्च कुशाद्यैरर्घ्यसूचितैः ।७०।
द्रव्यैः स्तुत्यादिभिस्तुष्टमर्चयेत्पुरुषाणुना ।
समाचम्य हृदा देवं ब्रूयादुत्थीयतां प्रभो ।७१।
देवं ब्रह्मरथेनैव क्षिप्रं द्रव्याणि तन्नयेत् ।
मण्डपे पश्चिमद्वारे शय्यायां विनिवेशयेत् ।७२।
शक्त्यादिशक्तिपर्यन्ते विन्यसेदासने शुभे ।
पश्चिमे पिण्डिकां तस्य न्यसेद् ब्रह्मशिलां तदा ।७३।
शस्त्रमस्त्रशतालब्धनिद्राकुम्भं ध्रुवासनम् ।
प्रकल्प्य शिवकोणे च दत्त्वार्घ्यं हृदयेन तु ।७४।
उत्थाप्योक्तासने लिङ्गं शिरसा पूर्वमस्तकम् ।
समारोप्य न्यसेत्तस्मिन्सृष्ट्या धर्मादिवन्दनम् ।७५।
दद्याद्धूपं च सम्पूज्य तथा वासांसि वर्मणा ।

गर्नुपर्छ । त्यसपछि दान मान आदिले शिल्पीलाई सन्तुष्ट गराएर आचार्यलाई गोदान गर्नुपर्छ । त्यसपछि सौभाग्यवती स्त्रीले धुप, दीप आदिले लिङ्गको विशेष पूजा गरेर मङ्गल गीत गाउनुपर्छ र सव्य वा अपसव्य भावले सूत्र अथवा कुशले स्पर्श गर्दै रोचना अर्पित गरेर न्यौछावर गर्नुपर्छ । त्यसपछि यजमानले सस्वर, नुन र धनियाँ दान गरी ती स्त्रीहरूलाई विदा गर्नुपर्छ । त्यसपछि गुरुले मूर्तिरक्षक ब्राह्मणहरूसँग नमः या प्रणव मन्त्रले माटो, गोबर, गहुँत र भस्मले अलग अलग स्नान गराउनुपर्छ । प्रत्येक स्थानपछि बीचमा जलले स्नान गराइरहनुपर्छ । त्यसपछि पञ्चगव्य, पञ्चामृत र खस्रो मेटाउने कषाय द्रव्य, सर्वौषधि मिश्रित जल, श्वेत पुष्प, फल, सुवर्ण, रत्न, सिँङ एवं जौ मिसिएका जल, सहस्रधारा, दिव्यौषधियुक्त जल र शिवकलशका जलले अभिषेक गर्नुपर्छ । रुखो वा खस्रोपन हटाउने विलेपन लगाएपछि उक्त गन्ध र चन्दन आदिले पूजा गरिसकेपछि ब्रह्ममन्त्रले पुष्प तथा कवच मन्त्रले रातो वस्त्र चढाउनुपर्छ । त्यसपछि अनेकौं प्रकारले आरती उतारेर रक्षा र तिलक लगाउने काम गर्दै गीत, वाद्य आदिका साथमा विविध द्रव्यहरूसहित जयजयकार र स्तुति आदिले भगवान्लाई सन्तुष्ट गराएर पुरुष मन्त्रले पूजा गर्नुपर्छ । त्यसपछि हृदय मन्त्रले आचमन गरी इष्टदेवसित– हे प्रभु ! अब उठ भन्नुपर्छ । त्यसपछि इष्टदेवालाई ब्रह्मरथमा बसाएर त्यसै रथले उनलाई सबैतिर घुमाउँदै र द्रव्य छर्दै मण्डपको पश्चिम ढोकामा लैजानुपर्छ र त्यहींको शय्यामा भगवान्लाई बसाउनुपर्छ । आसनका आदि र अन्त्यमा शक्तिको भावना बनाएर उनलाई त्यहाँ विराजमान गरिन्छ । पश्चिमतर्फ फर्केका प्रासादमा पश्चिम दिशातर्फ पिण्डिका स्थापना गरेर त्यसैमाथि ब्रह्मशिला राखिन्छ । शिवकोणमा सय अस्त्रमन्त्रले मन्त्रिएका निद्राकलश र शिवासन कल्पना गरेर हृदय मन्त्रले अर्घ्य दिनुपर्छ ।५१–७५।

देवतालाई उठाएर लिङ्गमय आसनमा शिरोमन्त्रले पूर्वतर्फ टाउको गराई आरोपित र स्थापित गरिन्छ । यस किसिमले ती परमात्माको साक्षात्कार भएपछि चन्दन र धुप चढाउँदै पूजा गर्नुपर्छ र कवच मन्त्रले वस्त्र अर्पित गर्नुपर्छ । साथै घरका सबै उपकरणहरू अर्पित गर्नुपर्छ । त्यसपछि आफ्नो शक्तिअनुसार नमस्कार आदि गर्दै नैवेद्य निवेदन गरिन्छ । अभ्यङ्ग कर्मका लागि घिउ र मधुले युक्त पात्र इष्टदेवका चरणमा राखिदिनुपर्छ । आचार्यशक्तिदेखि लिएर

ुद्रोपकृतिनैवेद्यं हृदा दद्यात्स्वशक्तितः ।७६।
घृतक्षौद्रयुतं पात्रमभ्यङ्गाय पदान्तिके ।
शिकश्च स्थितस्तत्र षट्त्रिंशत्तत्त्वसञ्चयम् ।७७।
ात्तत्त्वादिभूमिपर्य्यन्तं स्वतत्त्वाधिपसंयुतम् ।
वेन्यस्य पुष्पमालाभिस्त्रिखण्डं परिकल्पयेत् ।७८।
ायापदेशक्तत्र्यन्तं तुर्य्यांशाष्टांशवर्त्तुलम् ।
त्रात्मतत्त्वविद्याख्यं शिवं सृष्टिक्रमेण तु ।७९।
ैकशः प्रतिभागेषु ब्रह्मविष्णुहराधिपान् ।
वेन्यस्य मूर्तिमूर्तीशान्पूर्वादिक्रमतो यथा ।८०।
न्मावह्नियजमानार्क्कजलवायुनिशाकरान् ।
ाकाशमूर्तिरूपांस्तान् न्यसेत्तदधिनायकान् ।८१।
ार्वं पशुपतिं चोग्रं रुद्रं भवमखेश्वरम् ।
महादेवं च भीमं च मन्त्रास्तद्वाचका इमे ।८२।
नवशषचयसाश्च हकारश्च त्रिमात्रिकाः ।
णवो हृदयाणुवा मूलमन्त्रोऽथ वा क्वचित् ।८३।
ञ्चकुण्डात्मके यागे मूर्तीः पञ्चाथ वा न्यसेत् ।
ृथिवीजलतेजांसि वायुमाकाशमेव च ।८४।
क्रमात्तदधिपान्पञ्च ब्रह्माणं धरणीधरम् ।
द्रमीशं सदाख्यं च सृष्टिन्यायेन मन्त्रवित् ।८५।
मुमुक्षोर्वा निवृत्ताद्या अजाताद्यास्तदीश्वराः ।
त्तत्त्वं वाथ सर्वत्र न्यसेद्व्याप्त्यात्मकारणम् ।८६।
ुद्धे चात्मनि विद्येशा अशुद्धे लोकनायकाः ।
ष्टव्या मूर्त्तिपाश्चैव भोगिनो मन्त्रनायकाः ।८७।
ञ्चविंशत्तथेवाष्ट पञ्च त्रीणि यथाक्रमम् ।
षां तत्त्वं तदीशानामिन्द्रादीनां ततो यथा ।८८।
ौं हाँ शक्तितत्त्वाय नम इत्यादि ओं हाँ
ाक्तितत्त्वाधिपाय नम इत्यादि ओं हाँ क्ष्मामूर्त्तये
मः ओं हाँ क्ष्मामूर्त्यधीशाय शिवाय नम इत्यादि

भूमिपर्यन्त त्यहाँ उपस्थित छत्तीस तत्त्वको समूह र तिनका अधिपतिहरूलाई समेत स्थापित गरेर फूलको मालाहरूले तिनलाई तीन भाग लगाइएको कल्पना गर्नुपर्छ । ती तीन भाग भर्नका मायादेखि शक्तिसम्मका हुन् । तिनमा पहिलो भाग चतुष्कोण, दोस्रो भाग अष्टकोण र तेस्रो भाग वर्तुलाकार हुन्छ । प्रथम भागमा आत्मतत्त्व, द्वितीय भागमा विद्यातत्त्व र तृतीय भागमा शिवतत्त्वको स्थिति छ । यी भागमा सृष्टि क्रमले एकएक अधिपति छन् र तिनीहरू ब्रह्मा, विष्णु र शिवका नामले प्रसिद्ध छन् । त्यसपछि मूर्ति र मूर्तिका अधिपतिलाई पूर्व आदि दिशाका क्रमले न्यास गरिन्छ । पृथ्वी, अग्नि, यजमान, सूर्य, जल, वायु, चन्द्रमा र आकाश यी आठ मूर्तिरूप हुन् ।यिनीहरूको न्यास गरिसकेपछि यितका अधिपतिको नन्यास गर्नुपर्छ । तिनीहरूको नाम— शर्व, पशुपति, उग्र, भव, ईश्वर, महादेव र भीम हो । यिनका वाचक मन्त्र निम्नलिखित रुप्मा— लं रं शं खं चं पं सं हं हुन् । अथवा त्रिमात्रिक प्रणव तथा हां अथवा हृदय मन्त्र अथवा कतैकतै मूल मन्त्र पनि यिनका पूजनमा उपयोगी हुन आउँछन् । अथवा पञ्चकुण्डात्मक यज्ञमा पृथ्वी, जल, तेज, वायु र आकाश यिनै पाँच मूर्तिको पनि न्यास गरिन्छ । अनि क्रमशः यिनका पाँच अधिपति— ब्रह्मा, शेषनाग, रुद्र, ईश र सदाशिवलाई मन्त्रज्ञ पुरुषले सृष्टि क्रमले न्यास गर्दछन् । यदि यजमान मोक्षको इच्छा गर्ने छन् भने उनले पाँच मूर्तिका स्थानमा निवृत्ति आदि पाँच कला अथवा अजात आदि तिनका अधिपतिलाई न्यास गर्नुपर्छ । अथवा सर्वत्र व्यापक कारणात्म त्रितत्त्वलाई न्यास गर्नुपर्छ । शुद्ध अध्वामा विद्याधरलाई र अशुद्धमा लोकनाथहरूलाई मूर्तिका रूपमा दर्शन गर्नुपर्छ । भोगी भनिने सर्पका राजा पनि मन्त्रका अधिपति हुन् । पैंतीस, आठ, पाँच र तीन मूर्तिरूप तत्त्व क्रमशः बताइएका छन् । यिनका तत्त्व यिनीहरू नै हुन् । यी तत्त्वका अधिपतिहरूका मन्त्रको ओं हां शक्तितत्त्वाय नमः इत्यादिले दिग्दर्शन मात्रै गराइएको छ । ओं हां शक्तितत्त्वाधिपतये नमः इत्यादि । ओं हाँ क्ष्मामूर्तये नमः ओं हां क्ष्मामूर्त्यधिपतये ब्रह्मणे नमः इत्यादि । ओं हां शिवतत्त्वाय नमः । ओं हां शिवतत्त्वाधिपतय रुद्राय नमः इत्यादि मन्त्रहरु नाभीमूलबाट उच्चरित भएर घण्टानादजस्तै सबैतिर फैलने, ब्रह्म आदि कारणहरूलाई त्याग गर्दै द्वादश स्थान प्राप्त गर्दछन् । मनबाट अभिन्न र आनन्द रसका उद्गमलाई प्राप्त गराउने मन्त्रलाई र अठतीस कलाका,

ओं हाँ पृथिवीमूर्तये नमः ओं हाँ मूर्त्यधिपाय ब्रह्मणे नमः इत्यादि ओं हाँ शिवतत्त्वाधिपाय रुद्राय नम इच्यादि नाभिकन्दात्समुच्चार्य्य घण्टानादविसर्ज्जनम् ब्रह्मादिकारणत्यागाद्वादशान्तसमाश्रितम् ।८९।

मन्त्रं च मनसा मित्रं प्राप्तानन्दरसोपमम् ।

द्वादशान्तात्समानीय निष्कलं व्यापकं शिवम् ।९०।

अष्टत्रिंशत्कलोपेतं सहस्रकिरणोज्ज्वलम् ।

सर्वशक्तिमयं साङ्गं ध्यात्वा लिङ्गे निवेशयेत् ।९१।

जीवन्यासो भवेदेवं लिङ्गे सर्वार्थसाधकः ।

पिण्डिकादिषु तु न्यासः प्रोच्यते साम्प्रतं तथा ।९२।

पिण्डिकां च कृतस्नानां विलिप्तां चन्दनादिभिः ।

सद्वस्त्रैश्च समाच्छाद्य रन्ध्रे च भगलक्षणे ।९३।

पञ्चरत्नादिसंयुक्तां लिङ्गस्योत्तरतः स्थिताम् ।

लिङ्गवत्कृतविन्यासां विधिवत्समभ्यर्चयेत् ।९४।

कृतस्नानादिकां तत्र लिङ्गमूले शिलां न्यसेत् ।

कृतस्नानादिसंस्कारं शक्त्यन्तं वृषभं तथा ।९५।

प्रणवपूर्वं हूं पूं ह्रीं मध्यादन्यतमेन च ।

क्रियाशक्तियुतां पिण्डीं शिलामाधाररूपिणीम् ।९६।

भस्मदर्भतिलैः कुर्य्यात्प्राकारत्रितयं ततः ।

रक्षायै लोकपालांश्च सायुधान्याजयेद्बहिः ।९७।

ओं हूं हं क्रियाशक्तये नमः ओं हूं हां हः महागौरी रुद्रदयिते स्वाहेति च पिण्डिकायाम् ओं हां आधारशक्तये नमः ओं हां वृषभाय नमः धारिका दीप्तिमत्युग्रा ज्योत्स्ना चैता बलोत्कटाः तथा धात्री विधात्री च न्यसेद्वा पञ्चनायिकाः ।९८।

वामा ज्येष्ठा क्रिया ज्ञाना वेधा तिस्रोऽथ वा न्यसेत् ।

क्रिया ज्ञाना तथेच्छा च पूर्ववच्छान्तिमूर्तिषु ।९९।

तमी मोहा क्षमी निष्ठा मृत्युर्मायाभवज्वराः ।

पञ्च चाथ महामोहा घोरा च त्रितयज्वरा ।१००।

सहस्र किरणले युक्त भएका प्रकाशमान, सर्वशक्तिमय, साङ्ग, निष्कल व्यापक शिवलाई ध्यान गर्दै ल्याएर द्वादशान्तबाट ल्याएर उनलाई शिवलिङ्गमा स्थापित गर्नुपर्दछ । यस किसिमले शिवलिङ्गमा जीवन्यास गर्नुपर्दछ र यो नै सम्पूर्ण पुरुषार्थलाई सिद्ध गराउने हुन्छ । पिण्डिका आदिमा कसरी न्यास गर्नुपर्दछ भन्ने कुरो अब भनिनेछ । पिण्डिकालाई स्नान गराएर त्यसमा चन्दन आदिको लेपन गराउनुपर्छ र त्यसलाई सुन्दर वस्त्रले छोपेर त्यसको भगका रूपमा राखिएको छिद्रमा पञ्चरत्न आदि हालेर त्यस पिण्डिकालाई लिङ्गभन्दा उत्तरतिर स्थापित गराउनुपर्दछ । त्यसमा पनि लिङ्गकै जसरी न्यास गरेर विधिपूर्वक पूजा गर्नुपर्दछ । त्यसको स्नान आदि पूजाको कार्य सकेर लिङ्गका मूल भागमा शिवको न्यास गर्नुपर्दछ र अनि शक्त्यन्त वृषभलाई पनि स्नान आदि संस्कार गरेर स्थापना गर्नुपर्दछ । त्यसपछि पहिले प्रणवको र अनि ह्रां ह्रूं ह्रीं यी तीन बीजहरूमध्ये कुनै एकको उच्चारण गर्दै क्रियाशक्तिसहित आधाररूपिणी शिलापिण्डिकालाई पूजा गर्नुपर्दछ । भस्म, कुश र तिलले तीनवटा किल्ला बनाउनुपर्दछ र रक्षाका लागि आयुधहरुका साथै लोकपालहरूलाई बाहिर तैनाथ गरेर पूजा गर्नुपर्दछ । पूजनको मन्त्र— ओं ह्रीं क्रियाशक्तये नमः ओं ह्रीं महागौरि रुद्रदयिते स्वाहा भन्ने किसिमका छन् । पिण्डिकामा निम्नाङ्कित मन्त्रले नै पूजन गर्नुपर्छ— ओं ह्रीं आधारशक्तये नमः ओं ह्रां वृषभाय नमः । धारिका, दीप्ता, अत्युग्रा, ज्योत्स्ना, बलोत्कटा, धात्री र विधात्री – यिनीहरूलाई पिण्डिकामा न्यास गरिन्छ अथवा वामा, ज्येष्ठा, क्रिया, ज्ञाना र वेधा – यी पाँच नायिकाहरूलाई न्यास गर्नुपर्छ । अथवा क्रिया, ज्ञाना र इच्छा यी तीनको नै न्यास गर्नुपर्छ । पहिलेको जस्तै गरी शान्तिमूर्तिहरूमा तमी, मोहा, क्षमा, निष्ठा, मृत्यु, माया, जरा र भया यतिलाई न्यास गर्नुपर्छ अथवा तमा, मोहा, घोरा, रति, अयज्वरा यी पाँचलाई न्यास गरिन्छ या त क्रिया, ज्ञाता, र इच्छा यिनै तीन अधिनायिकाहरूलाई नै आत्मा आदि तीन तीव्र मूर्ति भएका तत्त्वमा न्यास गर्नुपर्छ ।७६–१०२।

यहाँ पनि पिण्डिका, ब्रह्मशिला आदिमा पहिलेकै जसरी गौरी आदिकै मन्त्रले सबै कार्य विधिवत् सम्पन्न गर्नुपर्छ । यस किसिमका न्यास कर्म गरिसकेर कुण्डका नजिक गई त्यसैभित्र महेश्वरलाई, मेखलाहरूमा चतुर्भुजालाई, नाभीमा क्रियाशान्तिलाई र ऊर्ध्वभागमा नादलाई न्यास गरिन्छ । त्यसपछि कलश, वेदी, अग्नि र शिवद्वारा नाडीसन्धानको

न्त्रोऽथ वा क्रिया ज्ञाना तथा बाधाधिनायिका ।
ात्मादित्रिषु तत्त्वेषु तीव्रमूर्तिषु विन्यसेत् ।१०१। अत्रापि
ण्डिका ब्रह्मशिलादिषु यथाविधि ।
ौर्य्यादिसंवरैरेव पूर्ववत्सर्वमाचरेत् ।१०२।
ृवं विधाय विन्यासं गत्वा कुण्डान्तिकं ततः ।
ुण्डमध्ये महेशानं मेखलासु महेश्वरम् ।१०३।
क्रियाशक्तिं तथान्यासु नादमोष्ठे च विन्यसेत् ।
टं स्थण्डिलवह्नीशैर्नाडीसन्धानकं ततः ।१०४।
द्धतन्तुसमां शक्तिमुद्घातेन समुद्यताम् ।
वेशन्तीं सूर्य्यमार्गेण निःसरन्तीं समुद्रताम् ।१०५।
ुनश्च शून्यमार्गेण विशन्तीं स्वस्य चिन्तयेत् ।
एवं सर्वत्र सन्धेयं मूर्तिपैश्च परस्परम् ।१०६।
म्पूज्य धारिकां शक्तिं कुण्डे सन्तर्प्य च क्रमात् ।
त्त्वतत्त्वेश्वरान्मूर्त्तिमूर्तीशांश्च घृतादिभिः ।१०७।
म्पूज्य तर्प्पयित्वा तु सन्निधौ सहिताणुभिः ।
ातं सहस्रमर्द्धं वा पूर्णया सह मोहयेत् ।१०८।
त्त्वतत्त्वेश्वरान्मूर्त्तिमूर्तीशांश्च करेणुकान् ।
तथा सन्तर्प्य सान्निध्ये जहुयुर्मूर्त्तिपा अपि ।१०९।
ततो ब्रह्मभिरङ्गैश्च द्रव्यकालानुरोधतः ।
सन्तर्प्य शक्तिं कुम्भाम्भः प्रोषिते कुशमूलतः ।११०।
लिङ्गमूलं च संस्पृश्य जपेयुर्होमसङ्ख्यया ।
सन्धिधानं हृदा कुर्य्युर्वर्म्मणा चावगुण्ठनम् ।१११।
एवं संशोध्य ब्रह्मादि विष्वन्तादि विशुद्धये ।
वेधाय पूर्ववत्सर्वं होमसङ्ख्याजपादिकम् ।११२।
कुशमध्याग्रयोगेन लिङ्गमध्याग्रकं स्पृशेत् ।
यथायथा च सन्धानं तदिदानीमिहोच्यते ।११३।
ओं हां हैं ओं ओं ओं एँ ओं भूँ भूँ वाह्यमूर्त्तये नमः ओं
हौं वौं ओं ओं ओं पौं आं भूँ भूँ वौं वह्निमूर्त्तये नमः ।
एवं च यजमानादिमूर्त्तिभिरभिसन्धेयम् ।
पञ्चमूर्त्यात्मकेऽप्येवं सन्धानं हृदयादिभिः ।११४।
मूलेन स्वीयबीजैर्वा ज्ञेयं तत्त्वत्रयात्मके ।
शिलापिण्डीवृषेष्वेवं पूर्णाच्छिन्नं सुसंवरैः ।११५।

कर्म गरिन्छ । कमल तन्तुको जस्तै सूक्ष्मशक्ति उर्ध्वगत वायुका सहायतालै माथि उठ्छ र शून्य मार्गबाट शिवमा प्रवेश गर्दछ । त्यसपछि त्यो ऊर्ध्वगत शक्ति त्यहाँबाट निस्कन्छ र शून्यमार्गले आफूभित्रै प्रवेश गर्दछ भन्ने खालको चिन्तन गर्नुपर्छ । मूर्तिपालकहरूले पनि सर्वत्र यसै किसिमले सन्धान गर्नुपर्छ । कुण्डमा आधारशक्तिको पूजा गरी तर्पण गरिसकेपछि क्रमशः तत्त्व, तत्त्वेश्वर, मूर्ति र मूर्तीश्वरलाई घिउ आदिले पूजन र तर्पण गर्नुपर्छ । त्यसपछि तत्त्व र तत्त्वेश्वर वा मूर्ति र मूर्तीश्वर तीं दुवैलाई संहिता मन्त्रले एक सय एक सहस्र अथवा आधा सहस्र आहुति दिनुपर्छ । त्यससँगै पूर्णाहुति पनि अर्पण गर्नुपर्छ । तत्त्व र तत्त्वेश्वर तथा मूर्ति र मूर्तीश्वर पूर्वोक्त रीतिले एकअर्काको सन्निधानमा तर्पण गरी मूर्तिपालकका लागि पनि आहुति दिनुपर्छ । त्यसभन्दा पछि द्रव्यव र काल अनुसार वेद र वेदका अङ्गहरूले तर्पण गरी शान्तिकलशका जलले पखालेका कुशमूलले लिङ्गको मूल भाग स्पर्श गरी होम सङ्ख्याजति नै जप गर्नुपर्छ । होम मन्त्रले सन्निधापन र कवच मन्त्रले अवगुण्ठन गर्नुपर्छ । यसै किसिमले संशोधन गरी लिङ्गका ऊर्ध्व भागमा ब्रह्मा र अन्त्य वा मूल भागमा विष्णुलाई पूजन गरी पहिले बताइएकै अनुसार सम्पूर्ण कार्य शुद्धिका लागि गर्नुपर्छ र होम सङ्ख्याकै अनुसार जप सङ्ख्या पनि गर्नुपर्छ । कुशका मध्य भागले लिङ्गका मध्य भागलाई र कुशका अग्र भागले लिङ्गका अग्र भागलाई स्पर्श गर्नुपर्छ । जुन मन्त्रले जसरी सन्धान गरिन्छ, अहिले त्यसैलाई बताइने छ— ओं हां हैं ओं ओं ऐं ओं भूं भूं बाह्यमूर्तये नमः । ओं हौं वां आं ओं आं षां ओं भूं भूं वां वह्निमूर्तये नमः भन्दै यजमान आदिले मूर्तिहरूसित पनि अभिसन्धान गर्नुपर्छ । पञ्चमूर्त्यात्मक शिवका लागि पनि हृदय आदि मन्त्रले यसै किसिमले सन्धानकर्म गर्नुपर्छ भन्ने विधान छ । त्रितत्त्वात्मक स्वरूपमा मूलमन्त्र अथवा उसैका बीजमन्त्रले सन्धानकर्म गर्ने विधि छ भन्ने जान्नुपर्छ । शिला, पिण्डिका एवं वृषभका लागि यसै किसिमले सन्धान गर्नुपर्ने आवश्यक छ । प्रत्येक भागको शुद्धिका लागि आआफ्ना मन्त्रले सय आदि होम गर्नुपर्छ र त्यसलाई पूर्णाहुतिले पृथक् गराउनुपर्छ । न्यूनता आदि दोषबाट मुक्त हुनका लागि शिवमन्त्रले एक सय आठ आहुति दिनुपर्छ र जेजति कर्म गरिएका छन् ती सबै शिवका कानैमा अर्पित गर्दै— हे प्रभु ! तिम्रै शक्तिले नै मेरो यो कर्म सम्पादन भएको छ। ओं भगवान् रूपलाई मेरो नमस्कार छ। हे रुद्रदेव ! तिमीलाई मेरो

भागाभागविशुद्ध्यर्थं होमं कुर्य्याच्छतादिकम् ।
न्यूनादिदोषमोषाय शिवेनाष्टाधिकं शतम् ।११६।
हुत्वाथ यत्कृतं कर्म्म शिवश्रोत्रे निवेदयेत् ।
एतत्समन्वितं कर्म त्वच्छक्तौ च मया प्रभो ।११७।
ओं नमो भगवते रुद्राय रुद्रदेव नमोऽस्तु ते ।
विधिपूर्णमपूर्णं वा स्वशक्त्यापूर्य्य गृह्यताम् ।११८।
ओं न्हीं शाङ्करि पूरय स्वाहा इति पिण्डिकायाम् ।
अथ लिङ्गे न्यसेज्ज्ञानी क्रियाख्यं पीठविग्रहे ।११९।
आधाररूपिणीं शक्तिं न्यसेद्ब्रह्मशिलोपरि ।
निबध्य सप्तरात्रं वा पञ्चरात्रं त्रिरात्रकम् ।१२०।
एकरात्रमथो वापि यद्वा सद्योऽधिवासनम् ।
विनाधिवासनं यागः कृतोऽपि न फलप्रदः ।१२१।
स्वमन्त्रैः प्रत्यहं देयमाहुतीनां शतं शतम् ।
शिवकुम्भादिपूजां च दिग्बलिं च निवेदयेत् ।१२२।
गुर्वादिसहितो वासो रात्रौ नियमपूर्वकम् ।
अधिवासः स वसतेवधेर्भावः समीरितः ।१२३।

नमस्कार छ । यो कार्य विधिपूर्वक सम्पन्न होस् अथवा अपूर्ण नै रहोस् तर तिमीले आफ्ना शक्तिले यसलाई पूर्ण गराइदेऊ भन्नुपर्छ । ओं ह्रीं शाङ्करी पूरय स्वाहा भन्दै पिण्डिकामा न्यास गर्नुपर्छ । त्यसपछि ज्ञानी पुरुषले लिङ्गमा क्रियाशक्तिलाई र पीठ विग्रहा ब्रह्मशिलामाथि आधाररूपिणी शक्तिलाई न्यास गर्नुपर्छ। सात, पाँच, तीन अथवा एक रातसम्म त्यसलाई रोकेर अथवा तत्काल नै भए पनि त्यसलाई अधिवासन गर्नुपर्छ । अधिवासन नगरी सम्पन्न गरिएका कुनै पनि यज्ञ फलदायक हुँदैनन् । त्यसैले अधिवासन अवश्य गर्नैपर्छ । अधिवासनका समयमा प्रतिदिन देवताहरूलाई आआफ्ना मन्त्रले सय सय आहुति दिनुपर्छ र शिवकलश आदिको पूजा गरेर दिशाहरूका लागि बलि अर्पित गर्नुपर्छ । गुरु आदिसँगै रातमा नियमपूर्वक गरिएको वासलाई अधिवास भनिन्छ । अधि उपसर्ग लागेको वस् धातुका भावमा घञ् लागेको छ र यसैले यो अधिवास शब्द सिद्ध भएको हो ।१०३-१२३।

९७. सप्तनवतितमोऽध्यायः

शिवप्रतिष्ठानविधान

ईश्वर उवाच
प्रातर्नित्यविधिं कृत्वा द्वारपालप्रपूजनम् ।
प्रविश्य प्राग्विधानेन देहशुद्ध्यादिमाचरेत् ।१।
दिक्पतींश्च समभ्यर्च्य शिवकुम्भं च वर्द्धनीम् ।
अष्टमुष्टिकया लिङ्गं वह्निं सन्तर्प्य च क्रमात् ।२।
शिवाज्ञातस्ततो गच्छेत्प्रासादं शस्त्रमुच्चरन् ।
तदगतान्प्रक्षिपेद्विघ्नान्हुम्फडन्तशराणुना ।३।
न मध्ये स्थापयेल्लिङ्गं वेधदोषविशङ्कया ।
तस्मान्मध्यं परित्यज्य यवार्द्धेन यवेन वा ।४।
किञ्चिदीशानमाश्रित्य शिलामध्ये निवेशयेत् ।
मूलेन तामनन्ताख्यां सर्वाधारस्वरूपिणीम् ।५।
सर्वगां सृष्टियोगेन विन्यसेदचलां शिलाम् ।
अथवानेन मन्त्रेण शिवस्यासनरूपिणीम् ।६।

ईश्वरले भने– हे स्कन्द ! बिहानको नित्य कर्म गरिसकेपछि द्वारदेवताहरूलाई पूजा गरेर यज्ञ मण्डपमा प्रवेश गर्नुपर्छ। पूर्वोक्त विधिले देह शुद्धि आदिको अनुष्ठान गर्नुपर्छ। दिक्पाल, शिवकलश र वार्धानी नामक जलपात्रको पूजा गरेर अष्टपुष्पिकाद्वारा शिवलिङ्गको अर्चना गर्नुपर्छ र क्रमशः आहुति दिएर अग्निदेवतालाई सन्तुष्ट गर्नुपर्छ । त्यसपछि शिवको आज्ञा लिएर अस्त्राय फट् भन्ने उच्चारण गर्दै मन्दिरमा प्रवेश गर्नुपर्छ र अस्त्राय हुं फट् भनी त्यहाँका सबै विघ्नहरू भगाउनुपर्छ । शिलाको ठीक मध्य भागमा शिवलिङ्गको स्थापना गर्नु हुँदैन । किनकी त्यसो गर्दा वेध-दोषको आशङ्का रहेको हुन्छ । त्यसैकारण मध्य भागलाई छोडेर एक या आधा जौ अथवा केही ईशान भागको आड लिएर आधारशिलामा शिवलिङ्ग स्थापना गर्नुपर्छ। मूल मन्त्रको उच्चारण गर्दै अनन्त नामधारी, सर्वाधारस्वरूपिणी, सर्व व्यापिनी त्यस शिलालाई सृष्टियोगद्वारा अविचल भावले स्थापित गर्नुपर्छ । अथवा निम्नाङ्कित मन्त्रले शिवकी आसनस्वरुप त्यस शिलालाई

नमो व्यापिनि भगवति स्थिरेऽचले ध्रुवे ह्नं लं ह्नीं
ाहा त्वया शिवाज्ञया शक्ते स्थातव्यमिह सन्ततम्
।
युक्त्वा च समभ्यर्च्य निरुध्याद्रौद्रमुद्रया ।
ब्रादीनि च रत्नानि तथोशीरादिकौषधीः ।८।
हान्हेमादिकांस्यान्तान्हरितालादिकांस्तथा ।
न्यप्रभृतिशस्यांश्च पूर्वमुक्ताननुक्रमात् ।९।
मारागत्वदेहत्ववीर्य्यशक्तिमयानिमान् ।
वयन्नेकचित्तस्तु लोकपालेशशम्भवैः ।१०।
र्त्रादिषु च गर्तेषु न्यसेदेकैकशः क्रमात् ।
मजं तारजं कूर्म्मं वृषं वा द्वारसम्मुखम् ।११।
रित्तटमृदा युक्तं पर्वताग्रमृदाथवा ।
क्षिपेन्मध्यगर्त्तादौ यद्वा मेरुं सुवर्णजम् ।१२।
धूकाक्षतसंयुक्तमञ्जनेन समन्वितम् ।
थिवीं राजतीं यद्वायद्वा हेमसमुद्भवाम् ।१३।
र्वबीजसुवर्णाभ्यां समायुक्तां विनिक्षिपेत् ।
वर्णजं राजतं वापि सर्वलोहसमुद्भवम् ।१४।
ुवर्णं कृशरायुक्तं पद्मनालं ततो न्यसेत् ।
वदेवस्य शक्त्यादिमूर्तिपर्य्यन्तमासनम् ।१५।
कल्प्य पायसेनाथ लिप्त्वा गुरगुलुनाथ वा ।
भ्रमाच्छाद्य वस्त्रेण तनुत्रेणास्त्ररक्षितम् ।१६।
क्षपतिभ्यो बलिं दत्त्वा समाचान्तोऽथ देशिकः ।
शवेन वा शिलाश्वभ्रसङ्गदोषनिवृत्तये ।१७।
ास्त्रेण वा शते सम्यग्जुहुयात्पूर्णया सह ।
ुकैकाहुतिदानेन सन्तर्प्य वास्तुदेवताः ।१८।
मुत्थाप्य हृदा देवमासनं मङ्गलादिभिः ।
ुरुर्देवाग्रतो गच्छेन्मूर्त्तिपैश्च दिशि स्थितैः ।१९।
वतुर्भिः सह कर्त्ता तु देवयज्ञस्य पृष्ठतः ।
ासादादि परिभ्रम्य भद्राख्यद्वारसम्मुखम् ।२०।
लिङ्गं संस्थाप्य दत्त्वार्घ्यं प्रासादं सन्निवेशयेत् ।
द्वारेण द्वारबन्धेन द्वारदेशेन तच्छिला ।२१।
द्वारबन्धे शिखाशून्ये तदर्द्धनाथ तदृते ।

पूजा गर्नुपर्छ— ओं नमो व्यापिनि भगवति स्थिरेचले ध्रुवे ह्रीं लं ह्रीं स्वाहा । पूजाभन्दा पहिले आधारशक्ति स्वरूपिणी हे शिला ! भगवान् शिवका आज्ञाले तिमील यहाँ नित्यनिरन्तर स्थिर भएर रहनू भनुपर्छ । त्यसो भनिसकेर पूजा गरेपछि अवराधिनी मुद्राले शिलालाई अवरुद्ध वा स्थायी रूपमा स्थापित गर्नुपर्छ । हीरा आदि रत्न, उशीर आदि औषधि, लोहा, सुवर्ण काँस आदि धातु, हरिताल आदि, धान आदिका बिरुवा र पूर्वकथित अन्य वस्तुहरू क्रमशः एकत्र गर्नुपर्छ र मनैमन— यी सबै वस्तु कान्ति, आरोग्य, देह, वीर्य र शक्तिस्वरूप हुन् भन्ने भावना बनाउनुपर्छ । यसै गरी एकाग्र चित्तले भावना बनाउँदै लोकपाल र शिवसम्बन्धी मन्त्रले पूर्व आदि कुण्डमा यी वस्तुहरू एक एकगरी हाल्नुपर्छ । सुन या चाँदीले बनेको कछुवा वा वृषभलाई द्वारका सम्मुख राखेर नदीकिनारको वा पर्वतशिखरको माटो मिसाएर त्यसलाई बीचको अग्निकुण्डमा हालिदिनुपर्छ । अथवा सुवर्ण निर्मित मेरुलाई मधूक, अक्षत र अञ्जनले युक्त गरेर त्यसमा हाल्नुपर्छ अथवा सुन या चाँदीले बनेको पृथ्वीलाई सम्पूर्ण बीज र सुवर्णले युक्त गरी त्यसै मध्यम कुण्डमा हालिदिनुपर्छ । अथवा सुन, चाँदी वा जुनसुकै प्रकारले लौह निर्मित एवं सुवर्ण केशरयुक्त कमल या शेषनागको मूर्तिमा त्यसलाई छोडनुपर्छ । शक्तिदेखि लिएर मूर्तिसम्मको तत्त्वले देवाधिदेव महादेवका लागि आसन बनाएर त्यसमा खिर वा गुग्गुलको लेपन गर्नुपर्छ । त्यसपछि वस्त्रले खाडल छोपेर कवच र अस्त्रमन्त्रले त्यसलाई रक्षा गर्नुपर्छ । त्यसपछि दिक्पालहरूलाई बलि दिएर आचार्यले आचमन गर्नुपर्छ । शिला र गर्तको सङ्गदोष निवृत्तिका लागि शिवमन्त्रले अथवा अस्त्रमन्त्रले सय आहुति दिनुपर्छ । अनि साथसाथै पूर्णाहुति पनि गर्नुपर्छ । वास्तुदेवतालाई एकएक आहुति दिएर तृप्त गरिसकेपछि हृदय मन्त्रले भगवान्लाई उठाएर मङ्गल वाद्य र मङ्गल पाठ आदिका साथै लिएर गुरु भगवान्का अघिअघि हिँड्छन् ।१-१९।

चार दिशामा रहेका चार मूर्तिपालकहरूसँग यजमान स्वयं भगवान्को सवारीका पछिपछि हिँड्दछन् । मन्दिर आदिका वरिपरि घुमाएर शिवलिङ्गलाई भद्रद्वारका सम्मुखमा नुहाइदिनुपर्छ र अर्घ्य दिएर त्यसलाई मन्दिरभित्र लैजानुपर्छ । खुलाद्वार वा द्वारका लागि तयार गरिएका निश्चित स्थानबाट शिवलिङ्गलाई मन्दिरमा लगिन्छ । यी सबैका अभावमा द्वार बन्द गर्ने शिलाबाट, शून्य मार्गबाट अथवा शिलाका माथिबाट मन्दिरमा प्रवेश गर्ने विधान छ । त्यसो त ढोकाबाटै महेश्वरलाई मन्दिरमा लानुपर्छ तर ढोकामा त्यसले छुन भने दिनु हुँदैन । यदि

वर्जयन्द्वारसंस्पर्शं द्वारेणैव महेश्वरम् ।२२।
देवगृहसमारम्भे कोणेनापि प्रवेशयेत् ।
अयमेव विधिर्ज्ञेयो व्यक्तलिङ्गेऽपि सर्वतः ।२३।
गृहेप्रवेशनं द्वारे लोकैरपि समीरितम् ।
अपद्वारप्रवेशेन विदुर्गोत्रक्षयं गृहम् ।२४।
अथ पीठे च संस्थाप्य लिङ्गं द्वारस्य सम्मुखम् ।
तूर्य्यमङ्गलनिर्घोषैर्दूर्व्वाक्षतसमन्वितम् ।२५।
समुत्तिष्ठ हृदेत्युक्त्वा महापाशुपतं पठेत् ।
अपनीय घटं श्वभ्राद्देशिकौ मूर्त्तिपैः सह ।२६।
मन्त्रं सन्धारयित्वा तु विलिप्तं कुङ्कुमादिभिः ।
शक्तिशक्तिमतोरैक्यं ध्यात्वा चैव तु रक्षितम् ।२७।
लयान्तं मूलमुच्चार्य्य सृष्ट्वा श्वभ्रे निवेशयेत् ।
अंशेन ब्रह्मभागस्य यद्वा अंशद्वयेन च ।२८।
अर्द्धेन वाष्टमांशेन सर्वस्याथ प्रवेशनम् ।
पिधाय सीसकं नाभिदीर्घाभिः सुसमाहितः ।२९।
श्वभ्रं वालुकयापूर्य्य ब्रूयात्स्थिरीभवेति च ।
ततो लिङ्गे स्थिरीभूते ध्यात्वा सकलरूपिणम् ।३०।
मूलमुच्चार्य्य शक्त्यन्तं सृष्ट्या च निष्कलं न्यसेत् ।
स्थाप्यमानं यदा लिङ्गं यां यां दिशमथाश्रयेत् ।३१।
तत्तद्दिगीशमन्त्रेण पूर्णान्तं दक्षिणान्वितम् ।
सव्ये स्थाने च वक्त्रे च चलिते स्फुटितेऽपि वा ।३२।
जुहुयान्मूलमन्त्रेण बहुरूपेण वा शतम् ।
किञ्चान्येष्वपि दोषेषु शिवशान्तिं समाश्रयेत् ।३३।
युक्तं न्यासादिभिर्लिङ्गं कुर्वन्नेवं न दोषभाक् ।
पीठबन्धमतः कृत्वा लक्षणस्यांशलक्षणम् ।३४।
गौरीमन्त्रं लयं नीत्वा सृष्ट्या पिण्डीं च विन्यसेत् ।
सम्पूर्य्य पार्श्वसंसिद्धिं वालुकावज्रलेपनम् ।३५।
ततो मूर्त्तिधरैः सार्द्धं गुरुः शान्तिघटोद्धर्वतः ।
संस्थाप्य कलशैरन्यैस्तद्वत्पञ्चामृतादिभिः ।३६।
विलिप्य चन्दनाद्यैश्च सम्पूज्य जगदीश्वरम् ।
उमामहेशमन्त्राभ्यां तौ स्पृशेल्लिङ्गमुद्रया ।३७।
ततस्त्रितत्त्वविन्यासं षडर्चादिपुरःसरम् ।

देवालय निर्माणको आरम्भ मात्रै हुँदै छ भने जुनसुकै कुनाबाट शिवलिङ्गलाई मन्दिरभित्र लैजान सकिन्छ । व्यक्त अथवा स्थूल शिवलिङ्ग मन्दिरभित्र प्रवेश गर्नका लागि सर्वत्र यस्तै विधि छ भन्ने जानुपर्छ । घरमा प्रवेश मार्ग भनेको नै ढोका हो भन्ने कुराको प्रत्यक्ष अनुभव साधारण मानिसहरूमा पनि छँदै छ । यदि ढोकाविनै घरमा प्रवेश गराइन्छ भने त्यसले गोत्रका सबैको नाश गर्छ भन्ने मान्यता रहेको छ । त्यसपछि पीठमा, द्वारका अगाडि शिवलिङ्ग स्थापित गरेर विभिन्न किसिमका वाद्य तथा मङ्गलसूचक ध्वनिहरूका साथमा त्यसलाई दुबो र अक्षता चढाउनुपर्छ र समुत्तिष्ठ नमः भन्दै महापाशुपत मन्त्रको पाठ गर्नुपर्छ । त्यसपछि आचार्यले खाल्टामा राखिएको घडा त्यहाँबाट हटाएर मूर्तिपालकहरूसँगै यन्त्रमा स्थापित गराउँछन् र त्यसमा कुङकुम आदिको लेपन गरेर शक्ति र श्रीमान्को एकता भएको चिन्तन गर्दै लयान्त मूल मन्त्र उच्चारण गरी उसै आलम्बन लक्षित घटलाई स्पर्श गर्दै फेरि उसै खाल्टामा स्थापित गर्नुपर्छ । ब्रह्म भागको एक अंश, दुई अंश, आधा अंश अथवा आठौं अंशसम्म वा सम्पूर्ण ब्रह्म भागलाई नै खाडलमा प्रवेश गराउनुपर्छ । त्यसपछि नाभीसम्मका दीर्घीहरूलाई सिसाले छापेर एकाग्र चित्त भई खाडलको तल्लो भाग बालुवाले पुर्नुपर्छ र— हे भगवान् ! तिमी यहाँ स्थिर भएर बस भन्नुपर्छ । त्यसरी लिङ्ग स्थिर भइसकेपछि सम्पूर्ण अवयवले सम्पन्न रूप भएका परमेश्वरलाई ध्यान गरेर शक्त्यन्त मूलमन्त्र उच्चारण गर्दै शिवलिङ्गलाई स्पर्श गरी त्यसमा निष्कलीकरण न्यास गरिन्छ । शिवलिङ्गको स्थापना जुनबेला भइरहेको हुन्छ त्यसबेला जुन जुन दिशाको आश्रय लिइन्छ, ती ती दिशाका दिक्पालसम्बन्धी मन्त्र उच्चारण गर्दै पूर्णाहुतिसम्मका होम गरेर दक्षिणा दिनुपर्छ । यदि शिवलिङ्गबाट शब्द प्रकट हुन्छ वा त्यसको मुख्य भाग हल्लिन्छ वा छुटफुट हुन्छ भने मूल मन्त्रले वा बहुरूप मन्त्रले सय आहुति दिनुपर्ने हुन्छ । यसै गरी अन्य प्रकारका दोष फेला परे भनेदेखि शिवशास्त्रोक्त शान्ति गर्नुपर्छ । उक्त विधिले यदि शिवलिङ्ग न्यासको विधान गरिन्छ भने कर्ता दोषको भागी हुँदैन । त्यसपछि लक्षण स्पर्शरूप पीठबन्ध गरेर गौरीमन्त्रले त्यसलाई लय गर्नुपर्छ । त्यसपछि पिण्डीमा सृष्टिन्यास गर्नुपर्छ । लिङ्गका पार्श्वभागमा सन्धि वा छिद्र भए भने बालुवा र सिमन्टीले भर्नुपर्छ । त्यसपछि गुरुले मूर्तिपालकहरूका साथमा शक्तिकलशका आधा जलले शिवलिङ्गलाई नुहाइदिएर अन्य कलश एवं पञ्चामृत आदिले पनि अभिषेक गर्नुपर्छ । अनि चन्दन आदिको लेप लगाएर जगदीश्वर शिवलाई पूजा गरी उमामहेश्वर मन्त्रले लिङ्गमुद्राका साथमा ती दुवैलाई स्पर्श गर्नुपर्छ । त्यसपछि छ

कृत्वा मूर्तिं तदीशाननामङ्गानां ब्रह्मणामथ ।३८।
ज्ञानी लिङ्गे क्रियापीठे विन्यस्य स्नापयेत्ततः ।
गन्धैर्विलिप्य सन्धूप्य व्यापित्वेन शिवे न्यसेत् ।३९।
स्रग्धूपदीपनैवेद्यैर्हृदयेन फलानि च ।
विनिवेद्य यथाशक्ति समाचम्य महेश्वरम् ।४०।
दत्त्वार्घ्यं च जपं कृत्वा निवेद्य वरदे करे ।
चन्द्रार्कतारकं यावन्मन्त्रेण शैवमूर्तिपैः ।४१।
स्वेच्छयैव त्वया नाथ स्थातव्यमिह मन्दिरे ।
प्रणम्यैवं बहिर्गत्वा हृदा वा प्रणवेन वा ।४२।
संस्थाप्य वृषभं पश्चात्पूर्ववद्वलिमाचरेत् ।
न्यूनादिदोषमोषाय ततो मृत्युजिता शतम् ।४३।
शिवेन सशिवो हुत्वा शान्त्यर्थं पायसेन च ।
ज्ञानाज्ञानकृतं यच्च तत्पूरय महाविभो ।४४।
हिरण्यपशुभूम्यादिगीतवाद्यादिहेतवे ।
अम्बिकेशाय तद्भक्त्या शक्त्या सर्वं निवेदयेत् ।४५।
दानं महोत्सवं पश्चात्कुर्य्यादिनचतुष्टयम् ।
त्रिसन्ध्यं त्रिदिनं मन्त्री होमयेन्मूर्त्तिपैः सह ।४६।
चतुर्थेहनि पूर्णां च चरुकं बहुरूपिणा ।
निवेद्य सर्वकुण्डेषु सम्पातहुतिशोधितम् ।४७।
दिन चतुष्टयं यावत्तन्निर्म्माल्यं तदूर्ध्वतः ।
निर्म्माल्यापनयं कृत्वा स्नापयित्वा तु पूजयेत् ।४८।
पूजा सामान्यलिङ्गेषु कार्य्या साधारणाणुभिः ।
विहाय लिङ्गचैतन्यं कुर्य्यात्स्थाणुविसर्जनम् ।४९।
असाधारणलिङ्गेषु क्षमस्वेति विसर्ज्जनम् ।
आवाहनमभिव्यक्तिर्विसर्गः शक्तिरूपता ।५०।
प्रतिष्ठान्ते कचित्प्रोक्तं स्थिराद्याहुतिसप्तकम् ।
स्थिरस्तथाप्रमेयश्चानादिबोधस्तथैव च ।५१।
नित्योऽथ सर्वगश्चैवाविनाशी दृष्ट एव च ।
एते गुणा महेशस्य सन्निधानाय कीर्तिताः ।५२।
ओं नमः शिवाय स्थिरो भवेत्याहुतीनां क्रमः ।
एवमेतच्च सम्पाद्य विधाय शिवकुम्भवत् ।५३।
कुम्भद्वयं च तन्मध्यादेककुम्भाम्भसा भवम् ।

वटै अध्वाहरूलाई न्यास गर्दै त्रितत्त्व न्यास गरेर मूर्तिन्यास, दिक्पालन्यास, अङ्गन्यास र ब्रह्मन्यासपूर्वक ज्ञानशक्तिलाई लिङ्गमा र क्रियाशक्तिलाई पीठमा न्यास गराई त्यसपछि स्नान गराउनुपर्छ। गन्धलेपन गराएपछि धुप दिनुपर्छ र व्यापक रूपमा शिवलाई न्यास गरिन्छ । हृदयमन्त्रले पुष्पमाला, धुप, दीप, नैवेद्य र फल निवेदन गर्नुपर्छ । यी वस्तु यथाशक्ति निवेदन गरेर महादेवलाई आचमन गराउनुपर्छ । अनि विशेषार्घ्य दिएर मन्त्र जप्नुपर्छ र भगवान्का वरदायक हातमा त्यो जप अर्पित गर्नुपर्छ र त्यसपछि हे नाथ ! जबसम्म चन्द्रमा सूर्य र ताराको अस्तित्त्व रहन्छ त्यसबेलासम्म मूर्ति र मूर्तिपालकका साथ तिमी स्वेच्छापूर्वक नै यस मन्दिरमा स्थित भइराख भन्नुपर्छ । यसो भन्दै प्रणाम गरिसकेपछि बाहिर जानुपर्छ र हृदय वा प्रणव मन्त्रले वृषभ वा नन्दिकेश्वरलाई स्थापना गर्दै पहिलेकै जसरी फेरि बलि अर्पित गर्नुपर्छ। त्यसपछि न्यूनता आदि दोष निवारण गर्नका लागि मृत्युञ्जय मन्त्रले सयपटक समिधाको आहुति दिनुपर्छ र शान्तिका लागि खिरको होम गर्नुपर्छ । त्यसपछि— हे महाविभु ! जानेर वा नजानीकन कर्ममा जेजति त्रुटि रहेका छन् तिनलाई तिमी पूरा गरिदेऊ भनेर प्रार्थना गर्नुपर्छ ।२०-४४।

यसो भन्दै सकेअनुसार सुवर्ण, पशु र भूमि आदि सम्पत्तिका साथै गीतवाद्य आदि उत्सव सर्वकारणनाथ शिवलाई भक्तिपूर्वक समर्पित गर्नुपर्छ । त्यसपछि चार दिनसम्म लगातार दान एवं महान् उत्सव गरिरहनुपर्छ। मन्त्रज्ञ आचार्यले यी मध्येका तीन दिनभरि मूर्तिपालकहरूसँगै बसेर होम गर्नुपर्छ र चौथो दिन पूर्णाहुति दिएर बहुरूपसम्बन्धी मन्त्रले चरु निवेदन गर्नुपर्छ । सम्पूर्ण कुण्डहरूमा सम्पात आहुतिले शोधन गरिएको चरु अर्पित गर्नुपर्छ । उक्त चार दिनसम्म निर्माल्य हटाउनु हुँदैन । चौथो दिन निर्माल्य हटाएर स्नान गराइसकेपछि पूजा गर्नुपर्छ । साधारण लिङ्गमा साधारण मन्त्रले नै पूजा गर्नुपर्छ । लिङ्ग चैतन्यलाई छोडेर स्थाणु विसर्जन गर्नुपर्छ । असाधारण लिङ्गमा क्षमस्व इत्यादि भनेर विसर्जन गरिन्छ । आवाहन, अभिव्यक्ति, विसर्ग, शक्तिरूपता र प्रतिष्ठा यी पाँच कुरा मुख्य हुन् । कतैकतै प्रतिष्ठाका अन्त्यमा स्थिरता आदि गुण सिद्धिका लागि सात आहुति दिने विधान पनि छ। भगवान् शिव स्थिर, अप्रमेय, अनादि, बोधस्वरूप, नित्य, सर्वव्यापी, अविनाशी एवं आत्मतृप्त हुन् । महेश्वरको सन्निधि या उपस्थितिका लागि नै यी गुणको कुरो गरिएको हो । आहुतिको क्रम यस प्रकार छ— ओं नमः शिवाय स्थिरो भव नमः स्वाहा इत्यादि । यस किसिमले यी कार्यहरू सम्पन्न गरेर शिवकलशकै जस्तो अरू दुई कलश तयार गर्नुपर्छ । तिनीमध्ये एक कलशका जलले भगवान्

संस्नाप्य तद् द्वितीयं तु कर्तृस्नानाय धारयेत् ।५४।
दत्त्वा बलिं समाचाम्य बहिर्गच्छेच्छिवाज्ञया ।
जगतीवाह्यतश्चण्डमैशान्यां दिशि मन्दिरे ।५५।
धामगर्भप्रमाणे च सपीठे कल्पितासने ।
पूर्ववन्न्यासहोमादि विधाय ध्यानपूर्वकम् ।५६।
संस्थाप्य विधिवत्तत्र ब्रह्माङ्गैः पूजयेत्ततः ।
अङ्गानि पूर्वयुक्तानि ब्रह्माणि त्वर्चना यथा ।५७।
एवं सद्योजाताय ओं ह्रूं फट् नमः ओं विं वामदेवाय ह्रूं फट् नमः ओं वुं अघोराय ह्रूं फट् नमः ओं तत्पुरुषाय ओंवौमीशानाय च ह्रूं फट् नमः जपं निवेद्य सन्तर्प्य विज्ञाप्य नतिपूर्वकम् देवः सन्निहितो यावत्तावत्त्वं सन्निधौ भव ।५८।
न्यूनाधिकं च यत्किञ्चित्कृतमज्ञानतो मया ।
त्वत्प्रसादेन चण्डेश तत्सर्वं परिपूरय ।५९।
बाणलिङ्गे बाणरोहे सिद्धलिङ्गे स्वयम्भुवि ।
प्रतिमासु च सर्वासु न चण्डोऽधिकृतो भवेत् ।६०।
अद्वैतभावनायुक्ते स्थण्डिलेशविधावपि ।
अभ्यर्च्य चण्डं ससुतं यजमानं हि भार्य्यया ।६१।
पूर्वस्थापितकुम्भेन स्नापयेत्स्नापकः स्वयम् ।
स्नापकं यजमानोऽपि सम्पूज्य च महेशवत् ।६२।
वित्तशाठ्यं विना दद्याद्धिरण्यादिदक्षिणाम् ।
मूर्तिपान्विधिवत्पश्चाज्जापकान्ब्राह्मणांस्तथा ।६३।
दैवज्ञं शिल्पिनं प्रार्च्य दीनानाथादि भोजयेत् ।
अद्य सम्मुखीभावे खेदितो भगवन् मया ।६४।
क्षमस्व नाथ तत्सर्वं कारुण्याम्बुनिधे मम ।
इति विज्ञप्तियुक्ताय यजमानाय सद्गुरुः ।६५।
प्रतिष्ठापुण्यसद्भावं स्फुरत्तारकसप्रभम् ।
कुशपुष्पाक्षतोपेतं स्वकरेण समर्पयेत् ।६६।
ततः पाशुपतोपेतं प्रणम्य परमेश्वरम् ।
ततोऽपि बलिभिर्भूतान्सन्निधाय निबोधयेत् ।६७।
स्थातव्यं भवता तावद्यावत्सन्निहितो हरः ।
गुरुर्वस्त्रादिसंयुक्तं गृह्णीयाद्यागमण्डपम् ।६८।

शिवलाई स्नान गराएर अर्को यजमानले स्नान गर्न राख्नुपर्छ । त्यसपछि बलि दिएर आचमन गरी शिवका आज्ञाले बाहिर जाँदा हुन्छ । यागमण्डपको बाहिर मन्दिरका ईशानकोणमा चण्डको स्थापना गरी पूजा गर्नुपर्छ । त्यसपछि मण्डपमा धामकै गर्भजत्रै उत्तम पीठमा आसनको कल्पना गरेर पूर्ववत् न्यास होम आदिको अनुष्ठान गर्नुपर्छ । अनि ध्यानपूर्वक सद्योजात आदिलाई स्थापना गरेर त्यहीँ ब्रह्माङ्गद्वारा विधिवत् पूजा गर्नुपर्छ । ब्रह्माङ्गको वर्णन पहिले नै गरिएको छ । अब मन्त्रले पूजा जसरी गर्ने हो, त्यसका विषयमा सुन– ओं वं सद्योजाताय ह्रूं फट् नमः ओं विं वामदेवाय ह्रूं फट् नमः ओं वुं अघोराय ह्रूं फट् नमः जस्तै गरी ओं वें तत्पुरुषय ह्रूं फट् नमः र ओं वौं ईशानाय ह्रूं फट् नमः भन्ने यिनै मन्त्रहरू हुन् । यस किसिमले जप निवेदन गरेर तर्पण गरिसकेपछि स्तुतिपूर्वक विज्ञापना दिएर चण्डेशसँग प्रार्थना गर्दै– हे चण्डेश ! जबसम्म यहाँ श्रीमहादेवजी विराजमान हुन्छन् त्यसबेलासम्म तिमी पनि यहाँ नजिकै विराजमान होऊ; मैले अज्ञानवश जेजस्ता घटीबढी कर्म गरेको छु त्यो सबै तिम्र कृपाप्रसादले पूर्ण होस; तिमी स्वयंले त्यसलाई पूर्ण गराऊ भन्नुपर्छ । जुन ठाउँमा बाणलिङ्ग भनिने नर्मदेश्वर छन्, जहाँ लोहमय चल लिङ्ग छन्, जहाँ सिद्ध लिङ्ग छन् तथा जहाँ स्वयम्भु लिङ्ग छन् ती ठाउँमा र सबै किसिमका प्रतिमामा चढाइएका निर्माल्यमा चण्डेश्वरको अधिकार हुँदैन । अद्वैत भावना युक्त यजमानमाथि र स्थण्डिलेश विधिमा पनि चण्डेशको अधिकार हुँदैन । चण्डको पूजा गरिसकेर स्नापक भनिने अभिषेककर्ता गुरुले स्वयं नै पत्नी र पुत्रसहित यजमानलाई पूर्व स्थापित कलशका जलले स्नान गराउनुपर्छ । यजमानले पनि स्नापक गुरुलाई महेश्वरकै सरह पूजा गरेर धनको कन्जुस्याइँ नगरी उनैलाई भूमि र सुवर्ण आदिको दक्षिणा दिनुपर्छ । त्यसपछि मूर्तिपालक जपकर्ता ब्राह्मण, ज्योतिषी र शिल्पीहरूलाई पनि विधिवत् उचित किसिमले पूजा गरेर अनाथ आदिलाई भोजन गराउनुपर्छ । यसपछि यजमानले गुरुसित– हे भगवान् ! यहाँ सम्मुख गर्नका लागि मैले जेजति यहाँलाई कष्ट दिएको छु त्यो सबै क्षमा गर; हे नाथ ! किनभने तिमी करुणाका सागर हौ; त्यसैले मेरो अपराध बिसिंदेऊ भनी प्रार्थना गर्नुपर्छ । यस किसिमले प्रार्थना गर्ने यजमानलाई सद्गुरुले आफ्नै हातले कुश, पुष्प र अक्षताको थुप्रोसँगै प्रतिष्ठाबाट प्राप्त पुण्यको सत्ता समर्पित गर्दछन् । त्यसको स्वरूप जग्मगाउँदो ताराको जस्तै दीप्तिमान हुन्छ ।४५–६६।

त्यसपछि पाशुपत मन्त्रले जप गरेर परमेश्वरलाई प्रणाम गरिसकेपछि भूतगणका लागि बलि अर्पित गर्नुपर्छ

सर्वोपकरणं शिल्पी तथा स्नापनमण्डपम् ।
अन्ये देवादयः स्थाप्या मन्त्रैरागमसम्भवैः ।६९।
वर्णस्य भेदाद्वा सुतत्त्वव्याप्तिभावितः ।
साध्यप्रमुखदेवाश्च सरिदोषधयस्तथा ।७०।
क्षेत्रपाः किन्नराद्याश्च पृथिवीतत्त्वमाश्रिताः ।
स्नानं सरस्वतीलक्ष्मीनदीनामम्भसि क्वचित् ।७१।
भुवनाधिपतीतां च स्थानं यत्र व्यवस्थितिः ।
अण्डवृद्धिप्रधानान्तं त्रितत्त्वं ब्रह्मणं पदम् ।७२।
तन्मात्रादिप्रधानान्तं पदमेतत् त्रिकं हरेः ।
नाट्येशगणमातृणां यक्षेशशरजन्मनाम् ।७३।
अण्डजाः शुद्धविद्यान्तं पदं गणपतेस्तथा ।
मायांशदेशशक्त्यन्तं शिवाशिवोप्तरोचिषाम् ।७४।
पदमीश्वरपर्य्यन्तं व्यक्ताचर्चासु च कीर्तितम् ।
कूर्मार्चं कीर्त्तितं यच्चयच्च रत्नादिपञ्चकम् ।७५।
प्रक्षिपेत्पीठगर्त्ते च पञ्च ब्रह्मशिलां विना ।
षड्भिर्विभाजिते गर्त्ते त्यक्त्वा भागं च पृष्ठतः ।७६।
स्थापनं पञ्चमांशे च यदि वा वसुभाजिते ।
स्थापनं सप्तमे भागे प्रतिमासु सुखावहम् ।७७।
धारणाभिर्विशुद्धिः स्यात्स्थापने लेपचित्रयोः ।
स्नानादि मानसं तत्र शिलारत्नादिवेशनम् ।७८।
नेत्रोद्घाटनमन्त्रेष्टमासनादिप्रकल्पनम् ।
पूजा निरम्बुभिः पुष्पैर्यथा चित्रं न दुष्यति ।७९।
विधिस्तु चललिङ्गेषु सम्प्रत्येव निगद्यते ।
पञ्चभिर्वा त्रिभिर्वापि पृथक्कुर्य्याद्विभाजिते ।८०।
भागत्रयेण भागांशो भवेद्भागद्वयेन वा ।
स्वापीठेष्वपि तद्वत्स्याल्लिङ्गेषु तत्त्वभेदतः ।८१।
सृष्टिमन्त्रेण संस्कारो विधिवत्स्फाटिकादिषु ।
किञ्च ब्रह्मशिलारत्नप्रभूतेश्चानिवेदनम् ।८२।
योजनं पिण्डिकायाश्च मनसा परिकल्पयेत् ।
स्वयम्भुबाणलिङ्गादौ संस्कृतौ नियमो न हि ।८३।

र यसै गरी ती सबैलाई समीप ल्याएर– यहाँ जहिलेसम्म महादेव विराजमान हुन्छन् त्यसबेलासम्म तिमीहरू पनि यहीँ बसिदिनुपर्छ भन्ने प्रार्थना निवेदन गर्नुपर्छ । वस्त्र आदिले युक्त यागमण्डपलाई गुरुले आफ्नो अधिकारमा लिनुपर्छ र समस्त उपकरणले युक्त स्नापन मण्डपलाई शिल्पीले ग्रहण गर्नुपर्छ । अन्य देवताहरूलई पनि आगमले बताएको मन्त्रले स्थापना गर्नुपर्छ । सूर्यको वर्णभेदकै अनुसार ती देवताहरूको पनि वर्णभेद रहेको बुझ्नुपर्छ । उनीहरू आ आफ्ना तेजस तत्त्वमा व्याप्त हुन्छन् भन्ने भावना बनाउनुपर्छ । साध्य आदि देवता, सरिता, औषधि, क्षेत्रपाल र किन्नर आदि यी सबै पृथ्वीतत्त्वका आश्रित हुन् । कतैकतै सरस्वती, लक्ष्मी र नदीको स्थान जलमा हुन्छ पनि भनिएको छ । भुवनपतिको स्थान त्यही हो जहाँ उनको स्थिति छ । अहङ्कार, बुद्धि र प्रकृति यी तीन तत्त्व ब्रह्माका स्थान हुन् । तन्मात्रादेदि लिएर प्रधानसम्मका तीन तत्त्व श्रीहरिका स्थान हुन् । नाट्येश, गण, मातृका, यक्षराज, कार्त्तिकेय तथा गणेशका अण्डज औदि शुद्ध विद्यान्त तत्त्व हो । मायांश देशबाट लिएर शक्तिसम्मका तत्त्व शिवा, शिव तथा उग्रतेज सम्पन्न सूर्यको स्थान हो । व्यक्त प्रतिमाहरूका लागि ईश्वरपर्यन्त पद बताइएको छ । स्थापनाका सामग्रमा जुन कूर्म आदिको वर्णन छ, रत्न आदि जुन पाँच वस्तुहरूको कुरो छ ती सबै देवपीठका गर्तमा हाल्नुपर्छ तर त्यहाँ पाँच ब्रह्मशिलाहरू भने हाल्नु हुँदैन । मन्दिरका गर्भलाई छ भागमा विभाजन गरेर छैठौँ भाग छोडी पाँचौँ भागमा देवतालाई स्थापना गर्नुपर्छ । अथवा मन्दिरको भित्री भागलाई आठ भाग लगाई सातौँ भागमा प्रतिमा स्थापित गरिन्छ भने त्यो सुखप्रद हुन्छ । लेप अथवा चित्रमय विग्रहको स्थापना गर्दा पञ्चमहाभूतको विशुद्धि धारणाले नै हुन्छ । त्यसमा स्नान आदिको कार्य जलले नगरी भावनाले गरिन्छ । त्यसो त विग्रहलाई शिला एवं रत्न आदिका भवनमा राख्नुपर्छ । तिनमा नेत्रोन्मीलन तथा आसन आदिको पनि कल्पना गर्नु राम्रो हुन्छ । तिनको पूजा जलसहित पुष्पले चित्रलाई दुषित नपार्ने गरी गर्नुपर्छ । यसपछि चल लिङ्ग स्थापनाको विधि बताइन्छ । गर्भस्थानलाई पाँच अथवा तीन भाग गरेर एक भाग छोड्नुपर्छ र तेस्रो वा दोस्रो भागमा चल लिङ्ग स्थापना गर्नुपर्छ । तिनको पीठका लागि पनि उसै गर्नुपर्छ । लिङ्गमा भएको तत्त्व भेदकै हिसाबले पूजनका प्रक्रियामा पनि भेद हुने गर्छ । स्फटिक आदिका लिङ्गमा इष्ट मन्त्रले विधिपूर्वक संस्कार गरेको हुनुपर्छ । त्यसबाहेक त्यसमा ब्रह्मशिला र रत्नभूतिका अर्पित गर्नु अपेक्षित रहँदैन । पिण्डिकाको योजना पनि मनले नै गर्नुपर्छ । स्वयम्भूलिङ्ग र बाणलिङ्ग आदिमा संस्कारको नियम छैन । ती लिङ्गलाई

स्नापनं संहितामन्त्रैर्न्यासं होमं च कारयेत् ।
नदीसमुद्ररोहाणां स्थापनं पूर्ववन्मतम् ।८४।
ऐहिकं मृण्मयं लिङ्गं पिष्टकादि च तत्क्षतम् ।
कृत्वा सम्पूजयेच्छुद्धं दीक्षणादिविधानतः ।८५।
समादाय ततो मन्त्रानात्मानं सन्निधाय च ।
तज्जले प्रक्षिपेल्लिङ्गं वत्सरात्कामदं भवेत् ।
विष्ण्वादिस्थापनं चैव पृथङ्मन्त्रैः समाचरेत् ।८६।

संहिता मन्त्रले स्नान गराउनुपर्छ वैदिक विधिले नै तिनको न्यास र होम गर्नुपर्छ । नदी, समुद्र तथा रोह आदिलाई स्थापन गराउने विधान पनि पूर्ववत् नै रहेको छ । संसारमा जुन माटो वा पिठोका शिवलिङ्गको पूजन गरिन्छ त्यो तात्कालिक नै हो । अर्थात् लिङ्ग निर्माण गरी पूजनकालमा नै वीक्षण आदिका विधानले तिनलाई शुद्धि गरिन्छ । त्यसपछि विधिवत् पूजन गर्नुपर्ने हुन्छ । पूजनपछि मन्त्रले तिनलाई आफैंमा स्थापित गरिन्छ र त्यस लिङ्गलाई पानीमा हालिन्छ । एक वर्षसम्म यो गर्नाले त्यो लिङ्ग र त्यसका पूजनले मनको रहरअनुसार फल दिन्छन् । विष्णु आदि देवताको स्थापना गर्ने मन्त्र अर्कै छन् । तिनै मन्त्रले तिनलाई स्थापना गर्नुपर्छ ।६७-८६।

९८. अष्टनवतितमोऽध्यायः
गौरीप्रतिष्ठा

ईश्वर उवाच
वक्ष्ये गौरीप्रतिष्ठां च पूजया सहितां शृणु ।
मण्डपाद्यं पुरो यच्च संस्थाप्य चाधिरोपयेत् ।१।
शय्यायां तांश्च विन्यस्य मन्त्रान्मूर्त्यादिकान्गुह ।
आत्मविद्याशिवान्तं च कुर्यादीशनिवेशनम् ।२।
शक्तिं परां ततो न्यस्य हुत्वा जप्त्वा च पूर्ववत् ।
सन्धाय च तथा पिण्डीं क्रियाशक्तिस्वरूपिणीम् ।३।
सदेशव्यापिकां ध्यात्वा न्यस्ते रत्नादिकान्तथा ।
एवं संस्थाप्य तां पश्चाद्देवीं तस्यां नियोजयेत् ।४।
परशक्तिस्वरूपां तां स्वाणुना शक्तियोगतः ।
ततो न्यसेत्क्रियाशक्तिं पीठे ज्ञानं च विग्रहे ।५।
ततोऽपि व्यापिनीं शक्तिं समावाह्य नियोजयेत् ।
अम्बिकां शिवनाम्नीं च समालभ्य प्रपूजयेत् ।६।
ओं आधारशक्तये नमः ओं कूर्माय नमः ओं स्कन्दाय च तथा नमः ओं ह्रीं नारायणाय नमः ओं ऐश्वर्याय नमः ओं अं अधश्छदनाय नमः ओं पद्मासनाय नमः ओं ऊर्ध्वच्छदनाय नमः ओं पद्मासनाय नमः अथ सम्पूज्याः केशवास्तथा ओं ह्रीं कर्णिकायै नमः ओं क्षं

ईश्वरले भने– हे स्कन्द ! अब म पूजासहित गौरीको प्रतिष्ठा गर्ने विधि वर्णन गर्छु सुन । पहिलेकै जस्तो मण्डप आदि रचना गरेर देवीको स्थापना एवं शय्याधिवासन गर्नुपर्छ। पूर्वोक्त मन्त्र र मूर्त्यादिकहरूलाई न्यास गरेर आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्वलाई परमेश्वरमा स्थापन गर्नुपर्छ । त्यसपछि पराशक्तिको न्यास, होम र जप पहिलेकै जसरी गरेर क्रियाशक्तिस्वरूपिणी पिण्डीलाई सन्धान गर्नुपर्छ । सर्वस्वापिनी पिण्डीलाई ध्यान गरेर त्यही नै रत्न आदि न्यास गर्नुपर्छ । यस विधिले पिण्डीलाई स्थापना गरेर त्यसैमाथि देवीलाई स्थापित गर्नुपर्छ । ती देवी परमशक्तिस्वरूपा हुन् । उनलाई उनकै मन्त्रले सृष्टि न्यास गर्दै स्थापना गर्नुपर्छ । त्यसपछि पीठमा क्रियाशक्तिलाई र देवीका विग्रहमा ज्ञानशक्तिलाई न्यास गर्नुपर्छ । त्यसपछि सर्वव्यापिनी शक्तिलाई आवाहन गरेर देवीका प्रतिमामा तिनलाई नियोजन गर्नुपर्छ । त्यसपछि शिवा नाम भएकी अम्बिका देवीलाई स्पर्श गर्दै पूजा गर्नुपर्छ । पूजाका मन्त्र– ओं आं आधारशक्तिये नमः ओं कूर्माय नमः ओं कन्दाय नमः ओं ह्रीं नासयणाय नमः ओं ऐश्वर्याय नमः ओं अधश्छनाय नमः ओं पद्मासनाय नमः भन्ने हुन् । त्यसपछि केसरहरूको पूजा गर्नुपर्छ । अनि ओं ह्रीं कर्णिकायै नमः ओं क्षं पुष्कराक्षेभ्यो नमः भन्ने मन्त्रहरूले कर्णिका एवं कमलक्षिहरूलाई पूजा गर्नुपर्छ । त्यसपछि ओं हां पुष्ट्यै नमः ओं ह्रीं ज्ञानायै नमः ओं ह्रूं क्रियायै नमः भन्ने यी मन्त्रहरूले पुष्टि, ज्ञाना र क्रिया शक्तिको पूजा गर्नुपर्छ । ओं नालाय नमः

ुष्काराक्षेभ्य इहार्चयेत् ओं हां पुष्ट्यै ह्रीं च ज्ञानायै हूं
क्रियायै ततो नमः ओं नालाय नमः रुं धर्माय नमः रं
ानाय वै नमः ओं वैराग्याय नमः ओं वै अधर्माय नमः
ों रं अज्ञानाय वै नमः ओं अवैराग्याय वै नमः ओं
नैश्वर्याय नमः हुं वा चे हुं च रागिण्यै क्रैं ज्वालिन्यै
ातो नमः ओं ह्रौं शमायै च नमः हुं ज्येष्ठायै ततो
मः ओं ह्रौं रौं क्रौं नवशक्तयै गौं च गौर्यासनाय च
ौं गौरीमूर्त्तये नमः गौर्य्या मूलमथोच्यते ओं ह्रीं साः
महागौरि रुद्रदयिते स्वाहा गौर्य्यै नमः गां हूं ह्रीं शिखा
ूं स्याच्छिखायै कवचाय च गों नेत्राय च गों अस्त्राय
ों गौं विज्ञानशक्तये ।७।

ों गूं क्रियाशक्तये नमः पूर्वादौ शक्रादिकान् ।

ों सुं सुभगायै नमः ह्रीं बीजललिता ततः ।८।

ों ह्रीं कामिन्यै च नमः ओं हूं स्यात् कामशालिनी ।
मन्त्रैर्गौरीं प्रतिष्ठाप्य प्राच्यं जप्त्वाथ सर्वभाक् ।९।

ओं रं धर्माय नमः ओं रुं ज्ञानाय नमः ओं वैराग्याय नमः ओं
अधर्माय नमः ओं रं अज्ञानाय नमः ओं अवैराग्याय नमः ओं
अनैश्वराय नमः भन्ने यी मन्त्रहरूले नाल आदिको पूजा गरिन्छ।
ओं हूं वाचे नमः ओं हूं रागिण्यै नमः ओं हूं ज्वालिन्यै नमः ओं
ह्रौं शमायै नमः ओं हूं ज्येष्ठायै नमः ओं ह्रौं रौं क्रौं नवशक्त्यै
नमः यी मन्त्रले वाक् आदि शक्तिहरूको पूजा गर्नुपर्छ। ओं गौं
गौर्यासनाय नमः ओं गौं गौरीमूर्तये नमः भनेपछि अब गौरीको
मूलमन्त्र बताइन्छ। औं ह्रीं सः महागौरि रुद्रदायिने स्वाहा गौर्यै
नमः ओं गां हृदयाय नमः ओं गीं शिरसे स्वाहा ओं गूं शिखायै
वषट् ओं गैं कवचाय हुम् ओं गौं नेत्रत्रयाय वौषट् ओं गः
अस्त्राय फट् ओं गौं विज्ञानशक्तये नमः भन्ने यी मन्त्रले शिखा
आदिको पूजा गर्नुपर्छ। ओं गूं क्रियाशक्तये नमः भन्ने यस
मन्त्रले क्रिया शक्तिलाई पूजा गरिन्छ। पूर्व आदि दिशाहरूमा
इन्द्र आदि देवताहरूको पूजा गर्नुपर्छ। यिनको मन्त्र पहिले
नै बताइसकिएको छ। ओं सुं सुभगायै नमः भन्ने यस मन्त्रले
सुभगालाई, ओं ह्रीं ललितायै नमः यसले ललितालाई पूजा
गर्नुपर्छ। ओं ह्रीं कामिन्यै नमः ओं हूं काममालिन्यै नमः भन्ने
मन्त्रले गौरीको प्रतिष्ठा, पूजा र जप गर्दा उपासकले सबै कुरो
प्राप्त गर्दछ।१-९।

९९. ऊनशततमोऽध्यायः

सूर्य्यप्रतिष्ठा

ईश्वर उवाच
वक्ष्ये सूर्य्यप्रतिष्ठां च पूर्ववन्मण्डपादिकम् ।
स्नानादिकं च सम्पाद्य पूर्वोक्तविधिना ततः ।१।
वेद्यामासनशय्यायां साङ्गं विन्यस्य भास्करम् ।
त्रितत्त्वं विन्यसेत्तत्र सस्वरं खादिपञ्चकम् ।२।
शुद्ध्यादि पूर्ववत्कृत्वा पिण्डीं संशोध्य पूर्ववत् ।
सदेशपदपर्य्यन्तं विन्यस्य तत्तु पञ्चकम् ।३।
शक्त्या च सर्वतोमुख्या संस्थाप्य विधिवत्ततः ।
स्वाणुना विविधत्सूर्य्यं शक्त्यन्तं स्थापयेद् गुरुः ।४।
स्वाम्यन्तमथ वादित्यं पादान्तं नाम धारयेत् ।
सूर्य्यमन्त्रास्तु पूर्वोक्ता द्रष्टव्याः स्थापनेऽपि च ।५।

ईश्वरले भने— हे स्कन्द ! अब म सूर्यदेवताको प्रतिष्ठा गर्ने विधि वर्णन गर्दछु। पहिलेको जस्तै मण्डप निर्माण र स्नान आदि कार्य सम्पन्न गरेर पूर्वोक्त विधिले विद्या तथा साङ्ग सूर्यदेवलाई आसन शय्यामा न्यास गरेर त्रितत्त्व, ईश्वर र आकाश आदि पाँच भूतलाई न्यास गर्नुपर्छ। पूर्ववत् शुद्धि आदि गरेर पिण्डिका शोधन गर्नुपर्छ। अनि सदेशपद पर्यन्त तत्त्व पञ्चकको न्यास गर्नुपर्छ। त्यसपछि त्यसपछि सर्वतोमुखी शक्तिका साथै विधिपूर्वक स्थापना गरेर गुरुले सूर्यसम्बन्धी मन्त्र पद्दै शक्त्यन्त सूर्यलाई विधिवत् स्थापना गर्नुपर्छ। श्रीसूर्यलाई स्वामी वा पाद अन्त्यमा रहेको नाम राखिन्छ। सूर्यको मन्त्र पहिले नै बताइसकिएको छ। स्थापना कालमा तिनलाई नै साक्षात्कार गर्नुपर्छ।१-५।

१००. शततमोऽध्यायः

द्वारप्रतिष्ठा

ईश्वर उवाच

द्वाराश्रितप्रतिष्ठाया वक्ष्यामि विधिमप्यथ ।
द्वाराङ्गाणि कषायाद्यैः संस्कृत्य शयने न्यसेत् ।१।
मूलमध्याग्रभागेषु त्रयमात्मादिसेश्वरम् ।
विन्यस्य सन्निवेश्याथ हुत्वा जप्त्वात्र रूपतः ।२।
द्वारादधो यजेद्वास्तुं तत्रैवानन्तमन्ततः ।
रत्नादिपञ्चकं न्यस्य शान्तिहोमं विधाय च ।३।
यवसिद्धार्थकाक्रान्ता ऋद्धिवृद्धिमहातिलाः ।
गोमृत्सर्षपरागेन्द्रमोहनीलक्ष्मणाऽमृताः ।४।
रोचानारुग्वचोदूर्वा प्रासादाधश्च पोटलिम् ।
प्रकृत्योदुम्बरे बद्ध्वा रक्षार्थं प्रणवेन तु ।५।
द्वारमुत्तरतः किञ्चिदाश्रितं सन्निवेशयेत् ।
आत्मतत्त्वमधो न्यस्य विद्यातत्त्वं च शाखयोः ।६।
शिवमाकाशदेशे च व्यापकं सर्वमण्डले ।
ततो महेशनाथं च विन्यसेन्मूलमन्त्रतः ।७।
द्वाराश्रितांश्च तत्पादीन्कृतयुक्तैः स्वनामभिः ।
जुहुयाच्छतमर्द्धं वा द्विगुणं शक्तितोऽथ वा ।८।
न्यूनादिदोषमोषार्थं हेततो जुहुयाच्छतम् ।
दिग्बलिं पूर्ववद्धुत्त्वा प्रदद्याद्दक्षिणादिकम् ।९।

ईश्वरले भने— हे स्कन्द ! अब म द्वारको प्रतिष्ठा गर्ने विधिलाई बयान गर्दछु । ढोकाको अङ्गको रूपमा रहेका उपकरणहरूलाई टर्रो पानी आदिले सफा गरेर तिनलाई शय्यामाथि राख्नुपर्छ । द्वारको मूल, मध्य र अग्रभागमा आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्वको न्यास गरेर सन्निरोधिनी मुद्राले तिनलाई निरोध गर्नुपर्छ । त्यसपछि त्यही अनुरूप होम र जप गरेर द्वारका तल्लो भागमा अनन्त देवताका मन्त्रले वास्तुदेवताको पूजा गर्नुपर्छ । त्यसै ठाउँमा पाँच खालका रत्न आदि स्थापित गरेर शान्तिहोम गर्नुपर्छ । त्यसपछि जौ, सर्स्यु ऋद्धि-वृद्धि नामका औषधिहरू, तोरी, तिल, गोपी चन्दन, हिङ्गुल, नागकेसर, मोहिनी, बरहन्टा, लक्ष्मणा, अमृता, गोरोचन, लाल कमल, आरग्वध र दूर्वा यी औषधिहरू मन्दिरका तल्लो भाग वा जगमा हाल्नुपर्छ र यिनैको पोको बनाएर ढोकाको माथिल्लो भागमा उसै ढोकाको रक्षाका लागि बाँध्नुपर्छ । बाँध्ने बेलामा प्रणवको मन्त्र उच्चारण गर्नुपर्छ । ढोकालाई अलिक उत्तर दिशातिर अड्याएर स्थापित गर्नुपर्छ । द्वारको अधो भागमा आत्मतत्त्वलाई, दुवै छेउमा विद्यातत्त्वलाई र खाली भाग वा सम्पूर्ण ढोकाभरि नै सर्वव्यापी शिवतत्त्वलाई न्यास गर्नुपर्छ। त्यसदेखि पछि मूलमन्त्रले महेशनाथलाई न्यास गर्नुपर्छ। द्वारको आश्रय लिएर रहने नन्दी आदि द्वारपालहरूका लागि नमः पद जोडिएका उनैका आ आफ्नै मन्त्रले सय अथवा पचास आहुति दिनुपर्छ । अथवा सकेदेखि त्यसको दोब्बर आहुति दिनुपर्छ। कमबेसीबाट लाग्ने दोषबाट छुटकारा पाउनकालागि अस्त्रमन्त्रले सय आहुति दिनुपर्छ । त्यसपछि पहिले भनेकै अनुसार दिशाहरूमा बलि दिएर दक्षिणा आदि प्रदान गर्नुपर्छ ।१-९।

१०१. एकाधिकशततमोऽध्यायः

प्रासादप्रतिष्ठा

ईश्वर उवाच

प्रासादस्थापनं वक्ष्ये तच्चैतन्यं स्वयोगतः ।
शुकनासासमाप्तौ तु पूर्ववेद्याश्च मध्यतः ।१।
आधारशक्तितः पद्मे विन्यस्ते प्रणवेन च ।

ईश्वरले भने— हे स्कन्द ! अब म मन्दिर वा प्रासाद प्रतिष्ठाको वर्णन गर्दछु । त्यसमा म चैतन्यंको सम्बन्ध देखाइरहेको छु । जहाँ मन्दिरको गुम्बज समाप्त हुन्छ त्यहीं पूर्ववेदीका मध्यभागमा आधारशक्तिलाई चिन्तन गरेर प्रणव मन्त्रले कमलको न्यास गर्नुपर्छ । त्यसका माथि

स्वर्णाद्येकतमोद्भूतं पञ्चगव्येन संयुतम् ।२।
मधुक्षीरयुतं कुम्भं न्यस्तरत्नादिपञ्चकम् ।
स्रग्वस्त्रं गन्धलिप्तं च गन्धवत्पुष्पभूषितम् ।३।
चूतादिपल्लवानाञ्च कृती कृत्यं च विन्यसेत् ।
पूरकेण समादाय सकलीकृतविग्रहः ।४।
सर्वात्मभिन्नमात्मानं स्वाणुना स्वान्तमारुतः ।
आज्ञया बोधयेच्छम्भौ रेचकेन ततो गुरुः ।५।
द्वादशान्तात्समादाय स्फुरद्वह्निकणोपमम् ।
निक्षिपेत्कुम्भगर्भे च न्यस्ततन्त्रातिवाहिकम् ।६।
विग्रहं तद्गुणानां च बोधकं च कलादिकम् ।
क्षान्तं वागीश्वरं तत्तु व्रातं तत्र निवेशयेत् ।७।
दश नाडीर्दश प्राणानिन्द्रियाणि त्रयोदश ।
तदधिपांश्च संयोज्य प्रणवाद्यैः स्वनामभिः ।८।
स्वकार्य्यकारणत्वेन मायाकाशनियामिकाः ।
विद्येशान्प्रेरकाञ्छम्भुं व्यापिनं च सुसम्बरैः ।९।
अङ्गानि च विनिक्षिप्य निरुन्ध्याद्रोधमुद्रया ।
सुवर्णाद्युद्भवं यद्वा पुरुषं पुरुषानुगम् ।१०।
पञ्चगव्यकषायाद्यैः पूर्ववत्संस्कृतं ततः ।
शय्यायां कुम्भमारोप्य ध्यात्वा रुद्रमुमापतिम् ।११।
तस्मिंश्च शिवमन्त्रेण व्यापकत्वेन विन्यसेत् ।
सन्निधानाय होमं च प्रोक्षणं स्पर्शनं जपम् ।१२।
सान्निध्याबोधनं सर्वं भागत्रयविभागतः ।
विधायैवं प्रकृत्यन्ते कुम्भे तं विनिवेशयेत् ।१३।

सुवर्ण आदिमध्ये कुनै एका धातुले बनेको कलश स्थापित गर्नुपर्छ । त्यसमा पञ्चगव्य, मधु र दुध परेको हुनुपर्छ । रत्न आदि पाँच वस्तुहरू हालिएको हुनुपर्छ । कलशमा गन्धको लेपन भएको हुनुपर्छ । त्यसलाई वस्त्रले बेरेको हुनुपर्छ र त्यहाँ सुगन्धित पुष्पले सुवासित पारिएको हुनुपर्छ । त्यस कलशका मुखमा आम आदि पाँच किसिमका वृक्षका पल्लव हालिएको हुनुपर्छ । हृदय मन्त्रले हृदयकमलको भावना गर्दै त्यस कलशलाई त्यहाँ स्थापना गरिन्छ । त्यसपछि गुरुले पूरक प्राणायाम गर्दै श्वास भित्र तानेर शरीरद्वारा सकलीकरण क्रिया सम्पन्न गरेर स्वसम्बन्धी मन्त्रले कुम्भक प्राणायाम गर्दै प्राणवायुलाई भित्रै रोक्नुपर्छ । अनि भगवान् शङ्करका आज्ञाले सर्वात्मासित अभिन्न रहेको जीवचैतन्य रूप आत्मालाई जागृत गराउनुपर्छ । त्यसपछि रेचक प्राणायामद्वारा द्वादशान्त स्थानबाट प्रज्वलित अग्निकण समानको जीवचैतन्यलाई ल्याएर कलशभित्र स्थापित गर्नुपर्छ र त्यसमा आतिवाहिक पनि त्यसैमा निवेश गर्नुपर्छ । त्यसपछि उक्त कलशमा दस नाडी, दस प्राण तथा मन-बुद्धि-अहङ्कारसहित तेह्र इन्द्रिय र तिनका अधिपतिलाई पनि त्यसै कलशमा स्थापना गरेर प्रणव आदि नाम-मन्त्रले तिनको पूजा गर्नुपर्छ । आ आफ्ना कार्यका कारकका रूपमा रहेका जे जति मायापाशका नियमहरू हुन्छन् ती सबैलाई, तिनका प्रेरक विद्येश्वरलाई र सर्वव्यापी शिवलाई पनि आ आफ्ना मन्त्रले त्यहीं न्यास गरेर पूजा गर्नुपर्छ । समस्त अङ्गहरूलाई पनि न्यास गरेर अवरोधिनी मुद्राले ती सबैलाई निरुद्ध गर्नुपर्छ । अथवा सुवर्ण आदि धातुले निर्मित पुरुषहरूको आकृति मानवशरीरसमान छ भने त्यसलाई पञ्चगव्य एवं दर्भो जलले पहिलेकै जसरी शुद्ध पार्नुपर्छ । अनि त्यसलाई शय्यामा आसीन गराएर उमापति रुद्रदेवतालाई ध्यान गर्दै शिवमन्त्रले त्यस मानवपरिमाण शरीरमा उनलाई व्यापक रूपमा न्यास गर्नुपर्छ । तिनको सन्निधानका लागि होम, प्रोक्षण, स्पर्श र जप गर्नुपर्छ । सन्निधापन र रोधक आदि सम्पूर्ण कार्य तीन तीन भागमा विभाजन गर्दै सम्पन्न गर्नुपर्छ । यस किसिमले प्रकृतिपर्यन्त सम्पूर्ण न्यासको विधान पूरा गरेर त्यस पुरुषलाई पूर्वोक्त कलशमा स्थापित गर्नुपर्छ ।१-१३।

१०२. द्व्यधिकशततमोऽध्यायः

ध्वजारोपण

ईश्वर उवाच

चूलकेध्वजदण्डे च ध्वजे देवकुले तथा ।
प्रतिष्ठा च यथोद्दिष्टा तथा स्कन्द वदामि ते ।१।
तडागार्द्धप्रवेशाद्वा यद्वा सर्वार्द्धवेशनात् ।
ऐष्टके दारुजः शूलः शैलजे धाम्नि शैलजः ।२।
वैष्णवादौ च चक्राढ्यः कुम्भः स्यान्मूर्तिमानतः ।
स च त्रिशूलयुक्तस्तु अग्रचूलाभिधो मतः ।३।
ईशशूलः समाख्यातो मूर्ध्नि लिङ्गसमन्वितः ।
बीजपूरकयुक्तो वा शिवशास्त्रेषु तद्विधः ।४।
चित्रो ध्वजश्च जङ्घातो यथा जङ्घार्द्धतो भवेत् ।
भवेद्वा दण्डमानस्तु यदि वा तद्यदृच्छया ।५।
महाध्वजः समाख्यातो यस्तु पीठस्य वेष्टकः ।
शक्रैर्ग्रहै रसैर्वापि हस्तैर्दण्डस्तु सम्मितः ।६।
उत्तमादिक्रमेणैव विज्ञेयः सूरिभिस्ततः ।
वंशजः शालजादिर्वा स दण्डः सर्वकामदः ।७।
अयमारोप्यमाणस्तु भङ्गमायाति वै यदि ।
राज्ञोऽनिष्टं विजानीयाद्यजमानस्य वा तथा ।८।
मन्त्रेण बहुरूपेण पूर्ववच्छान्तिमाचरेत् ।
द्वारपालादिपूजां च मन्त्राणां तर्पणं तथा ।९।
विधाय चूलकं दण्डं स्नापयेदस्त्रमन्त्रतः ।
अनेनैव तु मन्त्रेण ध्वजं सम्प्रोक्ष्य देशिकः ।१०।
मृदु कषायादिभिः स्नानं प्रासादङ्कारयेत्ततः ।
विलिप्य रसमाच्छाद्य शय्यायां न्यस्य पूर्ववत् ।११।
चूलके लिङ्गवन्न्यासो न च ज्ञानं न च क्रिया ।
विशेषार्था चतुर्थी च न च कुण्डस्य कल्पना ।१२।
दण्डे तयार्थतत्त्वं च विद्यातत्त्वं द्वितीयकम् ।
सद्योजातानि वक्त्राणि शिवतत्त्वं पुनर्ध्वजे ।१३।
निष्कलं च शिवं तत्र न्यस्ताङ्गानि प्रपूजयेत ।
चूडके च ततो मन्त्री सान्निध्ये सहिताणुभिः ।१४।

ईश्वरले भने— हे स्कन्द ! देवमन्दिरमा शिखर, ध्वजदण्ड र ध्वजको प्रतिष्ठा जसरी गर्नुपर्छ भनी बताइयो त्यसको वर्णन तिमीलाई गर्दछु । शिखरका आधा भागमा शूलको प्रवेश भयो भने अथवा सम्पूर्ण शूलको आधा भाग नै शिखरमा प्रवेश गराएर भए पनि प्रतिष्ठा गर्नुपर्छ । इँटाले बनेका मन्दिरमा काठको शूल हुनुपर्दछ र ढुङ्गाले बनेका मन्दिरमा ढुङ्गाकै हुन्छ । विष्णु आदिका मन्दिरमा कलशलाई चक्रसित संयुक्त गराउनुपर्छ । त्यो कलश देवमूर्तिको नापकै अनुसारको हुनुपर्छ । कलश यदि त्रिशूलसँग संयुक्त भएको छ भने त्यसलाई अग्रचूल वा अग्रचूढ नामले प्रसिद्ध रहेको मान्नुपर्छ । यदि त्यसको शिर शिवलिङ्ग भएको रहेछ भने त्यसलाई ईश शूल भन्नुपर्छ। अथवा शिरोभागमा विजोर निबुको आकृति रहेछ भने पनि त्यसको नाम यही हुन्छ। शैव शास्त्रमा यस्तै शूलको वर्णन पाइन्छ। जसको उचाइ जङ्घादेवीको समान अथवा जङ्घादेवीभन्दा आधा जत्रो छ त्यसलाई चित्रध्वज भनिन्छ । अथवा त्यसको नाप ध्वजाको बराबर हुनुपर्छ, होइन भने आफ्नो इच्छानुसारको राख्दा हुन्छ। जसले पीठलाई नै बेर्न पुग्छ, त्यस्तालाई महाध्वज भन्ने गरिन्छ । चौध, नौ अथवा छ हातका दण्डलाई क्रमशः उत्तम, मध्यम र अधम भन्ने गरिन्छ भनी विद्वान् पुरुषले जानेको हुनु पर्दछ । ध्वजाको दण्ड बाँस अथवा साखुवाको भयो भने सम्पूर्ण कामनाहरू सिद्ध गराउने हुन्छ । यसरी ध्वजा आरोपण गर्दा यदि भाँचियो भने राजा अथवा यजमानका लागि हानीकारक हुन्छ भन्ने पनि जानुपर्ने हुरो हो । त्यस्ता अवस्थामा बहुरूप मन्त्रले पूर्ववत् शान्ति गर्नु पर्दछ । द्वारपाल आदिलाई पूजन तथा मन्त्रले तर्पण गरेर ध्वजा र त्यसका दण्डलाई अस्त्र मन्त्रले नुहाइदिनुपर्छ । गुरुले त्यसै मन्त्रले ध्वजालाई पखालेर माटो अथवा टर्रो जल आदिले मन्दिरलाई पनि स्नान गराउनुपर्छ । ध्वजाको चुली भागमा गन्ध आदि लेपन गरेर अस्त्र मन्त्रले ढाक्नुपर्छ । अनि पूर्ववत् त्यसलाई शय्यामा राखेर त्यसमा लिङ्गकै जस्तो गरी न्यास गर्नुपर्छ । तर पनि चुलीमा ज्ञानशक्ति र क्रियाशक्तिलाई न्यास गर्नु पर्दैन । यहाँ विशेष भन्ने बोधक चतुर्थी पनि गर्नु अपेक्षित छैन र त्यसका लागि कुम्भ अथवा कुण्डको कल्पना पनि आवश्यक छैन । दण्डमा आत्मतत्त्व, विद्यातत्त्व र सद्योजात आदि पाँच मुख न्यास गर्नुपर्छ। अनि ध्वजामा शिवतत्त्व न्यास गरिन्छ । त्यसमा निष्कल शिवलाई न्यास गरेर हृदय आदि अङ्गको पूजा गर्नुपर्छ। त्यसपछि मन्त्रज्ञान भएका गुरुले ध्वजा

होमयेत्प्रतिभागं च ध्वजे तैस्तु फडन्तकैः ।
अन्यधापि कृतं यच्च ध्वजसंस्करणं क्वचित् ।१५।
अस्त्रयागाविधावेवं तत्सर्वमुपदर्शितम् ।
प्रासादे कारिते स्थाने स्रग्वस्त्रादिविभूषिते ।१६।
जङ्घा वेदी तदूर्ध्वे तु त्रितत्त्वादि निवेश्य च ।
होमादिकं विधायाथ शिवं सम्पूज्य पूर्ववत् ।१७।
सर्वतत्त्वमयं ध्यात्वा शिवं च व्यापकं न्यसेत् ।
अनन्तं कालरुद्रं च विभाव्य च पदाम्बुजे ।१८।
कूष्माण्डहाटकौ पीठं पातालनरकैः सह ।
भुवनैर्लोकपालैश्च शतरुद्रादिभिर्वृतम् ।१९।
ब्रह्माण्डकमिदं ध्यात्वा जङ्घायाञ्च विभावयेत् ।
वारितेजोऽनिलव्योमपञ्चाष्टकसमन्वितम् ।२०।
सर्वावरणसंज्ञं च बुद्धियोन्यष्टकान्वितम् ।
योगाष्टकसमायुक्तं नासावधि गुणत्रयम् ।२१।
पटस्थं पुरुषं सिंहं वामं च परिभावयेत् ।
मञ्जरीवेदिकायां च विद्यादिकचतुष्टयम् ।२२।
कण्ठे मायां सरुद्रां च विद्याश्चामलसारके ।
कलशे चेश्वरं विन्दुं विद्येश्वरसमन्वितम् ।२३।
जटाजुटं च तं विद्याच्छूलं चन्द्रार्द्धरूपकम् ।
शक्तित्रयं च तत्रैवं दण्डे नादं विभाव्य च ।२४।
ध्वजे च कुण्डलीं शक्तिमिति धाम्नि विभावयेत् ।
जगत्या वाथ सन्धाय लिङ्गं पिण्डिकयाथ वा ।२५।
समुत्थाप्य सुमन्त्रैश्च विन्यस्ते शक्तिपङ्कजे ।
न्यस्तरत्नादिके तत्र स्वाधारे विनिवेशयेत् ।२६।
यजमानो ध्वजे लग्ने बन्धुमित्रादिभिः सह ।
धाम प्रदक्षिणीकृत्य लभते फलमीहितम् ।२७।
गुरुः पाशुपतं ध्यायन् स्थिरमन्त्राधिपैर्युतम् ।
अधिपाञ्छस्त्रयुक्तांश्च रक्षणाय निबोधयेत् ।२८।
न्यूनादिदोषशान्त्यर्थं हुत्वा दत्त्वाच दिग्बलिम् ।
गुरवे दक्षिणां दद्याद्यजमानो दिवं व्रजेत् ।२९।
प्रतिमालिङ्गवेदीनां यावन्तः परमाणवः ।
तावद्युगसहस्राणि कर्त्तुर्भोगभुजः फलम् ।३०।

र ध्वजाको अग्र भागमा सन्निकणका लागि अन्त्यमा फट् लाग्ने संहिता मन्त्रले प्रत्येक भागमा होम गर्नुपर्छ । कुनै अरू नै किसिमले ध्वजाको संस्कार गरिन्छ भने त्यसमा पनि यसै किसिमले अस्त्रयाग गरेर नै गर्नुपर्छ । यस्ता खालका सबै कुरा मनीषी पुरुषले गरेरै देखाएका छन् । मन्दिरलाई धोईपखाली, फूलका माला र वस्त्र आदिले सजाउनुपर्दछ ।१-१६।

जङ्घादेखिका माथिल्ला भागमा तीन तत्त्व आदिलाई न्यास, होम आदिको विधान र शिवको पूजा पूर्ववत् गरी उनैको सर्वतत्त्वमय व्यापक रूपलाई ध्यान गर्दै व्यापक न्यास गर्नुपर्छ । भगवान शिवका चरणकमलमा अनन्त र कालरुद्रको कल्पना गरी पीठमा कूष्माण्ड, हाटक, पाताल र नरकको चिन्तन गर्नुपर्छ । यसपछि भुवन, लोकपाल, शतरुद्र आदिले घेरिएका यस ब्रह्माण्डको चिन्तन ध्यान गरी जङ्घादेवीमा स्थापित गर्नुपर्छ । पृथ्वी, जल, तेज, वायु र आकाशरूपी पञ्चाष्टक सर्वावरण संज्ञक, बुद्धियोन्यष्टक, योगाष्टक, प्रलय पर्यन्त रहने त्रिगुण, परस्य पुरुष र वामसिंह यी सबैलाई पनि जङ्घादेवीमा नै चिन्तन गर्नुपर्छ । तर पनि मञ्जुरी वेदिकामा विद्याआदि चार तत्त्वको चिन्तन गर्नै पर्छ । काण्डमा माया र रुद्र, अमलसारमा विद्या तथा कलशमा ईश्वरविन्दु एवं विद्येश्वरलाई चिन्तन गरिन्छ । चन्द्रार्धस्वरूपका शूलमा जटाजूट भावना गरिन्छ । उसै शूलमा त्रिविध शक्तिको चिन्तन गरिन्छ । यसै गरी मन्दिरका अवयवहरूमा विभिन्न तत्त्वहरूको भावना गर्नुपर्छ । जगतीसित धामरूपी प्रासाद वा मन्दिरको र पिण्डिकासित लिङ्गको सन्धान गरेपछि अरू सबै विधान यसमा पनि पूर्ववत रूपमै गर्नुपर्छ । त्यति गरेपछि गुरुले वाद्यको मङ्गलमय धुन र वेद ध्वनि सँगै मूर्तिरक्षकहरूका साथमा शिवरूप मूल भएको ध्वजदण्डलाई उचालेर मन्त्रोच्चारणपूर्वक शक्तिमय कमलको न्यास भयो र रत्न आदि पञ्चकको पनि न्यास भयो भन्ने विचार गरी त्यहाँ आधारभूमिमा त्यसलाई स्थापित गर्नुपर्छ । जब प्रासाद शिखरमा ध्वजा लगाइन्छ त्यसपछि यजमानले आफ्ना मित्र एवं बन्धुहरूसँगै मन्दिरको परिक्रमा गरेभने अभीष्ट फलका भागी हुनेछन् । गुरुले पनि अस्त्र आदि सँगै पाशुपतलाई लामो समयसम्म चिन्तन गर्दै ती सबै शस्त्रयुक्त अधिपतिहरूलाई मन्दिरको रक्षा गर्नका लागि प्रार्थना गर्नुपर्छ । न्यूनता आदि दोष शान्त गर्नका लागि होम, दान र दिग्बलि गरेपछि यजमानले गुरुलाई दक्षिणा दिनुपर्छ । यसो गर्नाले उनी दिव्य धाममा जान्छन् । प्रतिमा, लिङ्ग र वेदीका परमाणु जति हुन्छन् त्यति नै सहस्र युगसम्म मन्दिरको निर्माण एवं प्रतिमा गराउने यजमानले दिव्यलोकमा उत्तम फल भोग्दछ । उसले प्राप्त गर्नुपर्ने फल नै यही हो ।१७-३०।

१०३. त्र्यधिकशततमोऽध्यायः

जीर्णोद्धार

ईश्वर उवाच

जीर्णादीनां च लिङ्गानामुद्धारं विधिना वदे ।
लक्ष्मोज्झितं च भग्नं च स्थूलं वज्रहतं तथा ।१।
सम्पुटं स्फुटितं व्यङ्गं लिङ्गमित्येवमादिकम् ।
इत्यादिदुष्टलिङ्गानां योज्या पिण्डी तथा वृषः ।२।
चालितं चलितं लिङ्गमत्यर्थं विषमस्थितम् ।
दिङ्मूढं पातितं लिङ्गं मध्यस्थं पतितं तथा ।३।
एवं विधं च संस्थाप्य निर्व्रणं च भवेद्यदि ।
नद्यादिकप्रवाहेण तदपाक्रियते यदि ।४।
ततोऽन्यत्रापि संस्थाप्य विधिदृष्टेन कर्म्मणा ।
सुस्थितं दुःस्थितं वापि शिवलिङ्गं न चालयेत् ।५।
शतेन स्थापनं कुर्य्यात्सहस्रेण तु चालनम् ।
पूजादिभिश्च संयुक्तं जीर्णाद्यमपि सुस्थितम् ।६।
याम्ये मण्डपमीशे वा प्रत्यग्द्वारैकतोरणम् ।
विधाय द्वारपूजादि स्थण्डिले मन्त्रपूजनम् ।७।
मन्त्रान्सन्तर्प्य सम्पूज्य वास्तुदेवांस्तु पूर्ववत् ।
दिग्बलिं च बहिर्दत्त्वा समाचम्य स्वयं गुरुः ।८।
ब्राह्मणान्भोजयित्वा तु शम्भुं विज्ञापयेत्ततः ।
दुष्टलिङ्गमिदं शम्भो शान्तिरुद्धरणस्य चेत् ।९।
रुचिस्तवादिविधिना अधितिष्ठस्व मां शिव ।
एवं विज्ञाप्य देवेशं शान्तिहोमं समाचरेत् ।१०।
मध्वाज्यक्षीरदूर्वाभिर्मूलेनाष्टाधिकं शतम् ।

ईश्वरले भने— हे स्कन्द ! जीर्ण लिङ्ग आदिको उद्धारका विषयमा वर्णन विधिवत् रूपमा गर्दै छु । जसको चिह्न मेटिएको छ, जो टुटफुट भइसकेको छ, मैला आदिले बाक्लिएको छ, हतियार आदिले चोइटिएको छ, टालिएको छ, जसको अङ्ग भङ्ग भएको छ र जुन यस्तै कुनै विकृतिले ग्रस्त भएको त्यस्ता दूषित लिङ्गको पिण्डी र वृषभलाई तत्काल त्याग गर्नुपर्छ । जुन शिवलिङ्ग कसैले सारेको वा आफैँ सरेको छ वा अत्यन्त होचो भएको छ, असमान ठाउँमा अडिएको छ वा जहाँ दिशा अल्मलिने अवस्था छ वा जसलाई कसैले खसालेको छ वा जो कसैले नखसाई आफैँ ढलेको छ त्यस्ता लिङ्गलाई फेरि उचित किसिमले स्थापना गर्नुपर्छ । तर यदि त्यो चोट नलागेको छ भने मात्रै त्यसो गर्न सकिन्छ । यदि त्यसलाई नदीका भेलले ठाउँ सारिसकेको छ भने शास्त्रीय विधिका अनुसार त्यसलाई अर्कै ठाउँमा सारेर पनि स्थापना गर्न सकिन्छ । जुन शिवलिङ्ग राम्रोसित बलियो रूपमा अडिएको छ त्यसलाई ठाउँ सानुँ वा चलाउन हुँदैन । जुन अस्थिर वा अदृढ भएको छ त्यस शिवलिङ्गलाई चलाइयो भने त्यसको शान्तिका लागि एक सहस्र आहुति दिनुपर्छ र सय आहुति दिएर फेरि त्यसलाई स्थापना गर्नुपर्छ । जीर्णता आदि दोषले युक्त शिवलिङ्गमा पनि यदि नित्य पूजा अर्चना गर्ने काम भइरहेको छ भने त्यसलाई त्यसै रूपमा अडिएर रहन दिनुपर्छ चलाउनु हुँदैन । जीर्णोद्धारका लागि दक्षिण दिशामा एउटा मण्डप बनाउनुपर्छ । ईशान कोणमा पश्चिमद्वारको एउटा ढोका हाल्नुपर्छ । द्वार पूजा आदि गरिसकेर वेदीमा शिवको पूजा गर्नुपर्छ । त्यसपछि मन्त्रले पूजा र तर्पण गरेर पहिलेकै जस्तै वास्तु देवतालाई पूजा गर्नुपर्छ । त्यसपछि बाहिर गएर दिशाहरूमा बलि दिई स्वयंले आचमन गरिसकेपछि गुरु-ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ । त्यसपछि भगवान् शङ्करलाई यस किसिमको प्रार्थना गर्नुपर्छ । हे शम्भु ! यो लिङ्ग दोषयुक्त भइसकेको छ । यसको उद्धार गर्नाले शान्ति हुने छ भन्ने वचन छ । त्यसैले विधिपूर्वक यसको अनुष्ठान हुन लागेको छ । हे शिव ! यसका लागि मभित्र तिमी स्थिर भइदेऊ र अधिष्ठाता भएर यस कार्यलाई सम्पादन गर । देवेश्वर

ततो लिङ्गं च संस्थाप्य पूजयेत्स्थण्डिले तथा ।११।

ओं व्यापकेश्वरायेति नात्यन्तं शिववाहिना ओं व्यापकं हृदयेश्वराय नमः ओं व्यापकेश्वराय शिरसे नमः इत्याद्यङ्गमन्त्राः ततस्तत्राश्रितं तत्त्वं श्रावयेदस्त्रमस्ततः ।१२।

सत्त्वः कोऽपीह यः कोऽपि लिङ्गमाश्रित्य तिष्ठति । लिङ्गं त्यक्त्वा शिवाज्ञाभिर्यत्रेष्टं तत्र गच्छतु ।१३।

विद्याविद्येश्वरैर्युक्तः स भवोऽत्र भविष्यति ।

सहस्रं प्रतिभागे च ततः पाशुपताणुना ।१४।

हुत्वा शान्त्यम्बुना प्रोक्ष्य स्पृष्ट्वा कुशैर्जपेत्ततः ।

दत्त्वार्घ्यं च विलोमेन तत्त्वतत्त्वाधिपांस्तथा ।१५।

अष्टमूर्तिश्वराल्लिङ्गपिण्डिकासंस्थितान्गुरुः ।

विसृज्य स्वर्णपाशेन वृषस्कन्धस्थया तथा ।१६।

रज्ज्वा बद्ध्वा तया नीत्वा शिवमन्त्रं गृणञ्जनैः ।

तज्जले निक्षिपेन्मन्त्री पुष्ट्यर्थं जुहुयाच्छतम् ।१७।

तृप्तये दिक्पतीनां च वास्तुशुद्ध्यै शतं शतम् ।

रक्षां विधाय तद्धाम्नि महापाशुपतास्त्रतः ।१८।

लिङ्गमन्यत्ततस्तत्र विधिवत्स्थापयेद्गुरुः ।

असुरैर्मुनिभिर्गोत्रैस्तन्त्रविद्भिः प्रतिष्ठितम् ।१९।

जीर्णं वाप्यथवा भग्नं विधिनापि न चालयेत् ।

एष एव विधिः कार्यो जीर्णधामसमुद्धृतौ ।२०।

खड्गे मन्त्रगणं न्यस्य कारयेन्मन्दिरान्तरम् ।

सङ्कोचे मरणं प्रोक्तं विस्तारे तु धनक्षयः ।

तद्रव्यं श्रेष्ठद्रव्यं वा तत्कार्यं तत्प्रमाणकम् ।२१।

शिवलाई यस किसिमको प्रार्थना गरेर मधु र घृतमिश्रित खिर र दूर्वा सहित मूल मन्त्रले एक सय आठ आहुति दिएर शान्ति होमको कार्य सम्पन्न गर्नुपर्छ । त्यसपछि लिङ्गलाई स्नान गराएर वेदीमा त्यसलाई पूजा गर्नुपर्छ । पूजा गर्दाको समयमा ओं व्यापकेश्वराय शिवाय नमः भन्ने मन्त्र उच्चारण गर्नुपर्छ । अङ्गपूजा र अङ्गन्यासका मन्त्रहरू ओं व्यापकेश्वराय हृदयाय नमः ओं व्यापकेश्वराय शिरसे स्वाहा ओं व्यापकेश्वराय शिखायै वषट् ओं व्यापकेश्वराय कवचाय हुम् ओं व्यापकेश्वराय नेत्रत्रयाय वौषट् ओं व्यापकेश्वराय अस्त्राय फट् भन्ने हुन् । त्यसपछि त्यही शिवलिङ्गको आश्रयमा रहने भूतलाई अस्त्रमन्त्र उच्चारण गर्दै सुनाउँदै यदि कुनै भूत–प्राणी यहाँ यस लिङ्गको आश्रय लिएर रहेका छन् भनेदेखि भगवान् शिवको आज्ञाले तिनीहरू यस लिङ्गलाई छोडेर जहाँ मन लाग्छ त्यहीँ जाऊन् । अब यहाँ विद्या र विद्येश्वरसँगै साक्षात् भगवान् शम्भु निवास गर्नेछन् भन्नुपर्छ । त्यसपछि पाशुपत मन्त्रले प्रत्येक भागका निम्ति सहस्र आहुति दिएर शान्तिजलले प्रोक्षण गर्नुपर्छ । त्यसपछि कुशले स्पर्श गर्दै उक्त मन्त्र पढ्नुपर्छ । त्यसपछि विलोम क्रममा अर्घ्य दिएर लिङ्ग र पिण्डिकामा रहेका तत्त्वहरू, तत्त्वाधिपतिहरू र अष्टमूर्तीश्वरलाई गुरुले स्वर्ण पाशले विसर्जन गरी वृषभलाई काँधमा डोरीले बाँध्नुपर्छ र लगेर जनसमुदायका साथै शिवको नाम कीर्तन गर्दै त्यो वृषभ वा नन्दीकेश्वरलाई पानीमा खसाल्नुपर्छ । त्यसपछि मन्त्रज्ञान भएका आचार्यले पुष्टिका लागि सय आहुति दिनुपर्छ । दिक्पालहरूको तृप्ति र वास्तुशुद्धिका लागि सय सय आहुति दिएर होम गर्नुपर्छ । त्यसपछि महापाशुपात मन्त्रले त्यस मन्दिरमा रक्षाको व्यवस्था गरेर गुरुले त्यस ठाउँमा विधिपूर्वक अर्को लिङ्ग स्थापना गर्नुपर्छ । असुर, मुनि, देवता तथा तत्त्ववेत्ताहरूले पनि स्थापित लिङ्ग जीर्ण भयो वा भाँचियो भने कुनै पनि नियमले त्यसलाई चलाउनु हुँदैन । जीर्ण मन्दिरको उद्धारमा पनि यही विधिले काम गर्नुपर्छ । मन्त्रसमूहलाई खड्गमा न्यास गरेर अर्को मन्दिर तयार गराउनुपर्छ । यदि पहिलेको भन्दा मन्दिरलाई साँगुरो वा सानो पारियो भने कर्ताको मृत्यु हुन्छ र विस्तार गरियो भने धनको नाश हुन्छ । अतः प्राचीन मन्दिरको द्रव्य लिएर वा अरू कुनै श्रेष्ठ द्रव्य लिएर भए पनि पहिलेको जत्रै मन्दिर उसै ठाउँमा नयाँ निर्माण गर्नु वा गराउनुपर्छ ।१–२१।

१०४. चतुरधिकशततमोऽध्यायः

प्रासादलक्षण

ईश्वर उवाच

वक्ष्ये प्रासादसामान्यलक्षणं ते शिखिध्वज ।
चतुर्भागे कृते क्षेत्रे भित्तेर्भागेन विस्तरात् ।१।
अद्रिभागेन गर्भः स्यात्पिण्डिका पादविस्तरात् ।
पञ्चभागीकृते क्षेत्रे ह्यन्तर्भङ्गे तु पिण्डिका ।२।
सुषिरं भागविस्तीर्णं भित्तयो भागविस्तरात् ।
भागौ द्वौ मध्यमे गर्भे ज्येष्ठभागद्वयेन तु ।३।
त्रिभिस्तु कन्यसागर्भः शेषोभित्तिरिति क्वचित् ।
षोढा भक्तेऽथवा क्षेत्रे भित्तिर्भागैकविस्तरात् ।४।
गर्भो भागेन विस्तीर्णो भागद्वयेन पिण्डिका ।
विस्तारादद्विगुणो वापि सपादद्विगुणोऽपि वा ।५।
अर्द्धार्द्धद्विगुणो वापि त्रिगुणः क्वचिदुच्छ्रयः ।
जगती विस्तरार्द्धेन त्रिभागेन क्वचिद्भवेत ।६।
नेमिः पादोनविस्तीर्णा प्रासादस्य समन्ततः ।
परिधिस्त्र्यंशको मध्ये रथकांस्तत्र कारयेत् ।७।
चामुण्डं भैरवं तेषु नाट्येशं च निवेशयेत् ।
प्रासादार्द्धेन देवानामष्टौ वा चतुरोऽपि वा ।८।
प्रदक्षिणावहिः कुर्य्यात्प्रासादादिषु वा न वा ।
आदित्याः पूर्वतः स्थाप्याः स्कन्दोऽग्निर्वायुगोचरे ।९।
एवं यमादयो न्यस्याः स्वस्यां स्वस्यां दिशि स्थिताः ।
चतुर्द्धा शिखरं कृत्वा शुकनासा द्विभागिका ।१०।
तृतीये वेदिका त्वग्नेः सकण्ठो मलसारकः ।
वैराजः पुष्पकश्चान्यः कैलासो मणिकस्तथा ।११।
त्रिविष्टपं च पञ्चैव मेरुमूर्द्धनि संस्थिताः ।
चतुरस्रस्तु तत्रादो द्वितीयोऽपि तदायतः ।१२।
वृत्तो वृत्तायतश्चान्यो ह्यष्टास्रश्चापि पञ्चमः ।
एकैको नवधा भेदैश्चत्वारिंशच्च पञ्च च ।१३।

ईश्वरले भने— हे स्कन्द ! अब म प्रासादको सामान्य लक्षण बताउँछु । चारकुने क्षेत्रलाई चार भाग लगाएर एक भागमा भित्ताको विस्तार गर्नुपर्छ । बीचको भाग गर्भका रूपमा रहन्छ र एक भागमा पिण्डिका रहनुपर्छ । पाँच भाग भएका क्षेत्रको भित्री भागमा त पिण्डिका हुन्छ नै अर्को एक भागको विस्तार शून्य वा छिद्रका रूपमा रहन्छ र अर्को एक भागको विस्तारलाई भित्ताका उपयोगमा ल्याइएको हुन्छ । मध्यम गर्भमा दुई भाग र ज्येष्ठ गर्भमा पनि दुई भाग नै रहनुपर्छ । तर कनिष्ठ गर्भ तीन भागले सम्पन्न हुन्छ र शेष आठौं भाग भित्ताको उपयोगमा ल्याइएको हुन्छ भन्ने विधान कतै कतै भेटिन्छ । छ वटा भागमा विभाजन भएका क्षेत्रमा एक भागको विस्तार भित्ताको उपयोगमा आउँछ, एक भागको विस्तार गर्भ हुन्छ र दुई भागमा पिण्डिका स्थापित गरिन्छ । कतैकतै भित्ताको उचाइ त्यसको चौडाइको तुलनामा दोब्बर, सवा दुई गुना, अढाई गुना अथवा तीन गुना पनि हुने विधान पाइन्छ । कतैकतै प्रासाद वा मन्दिरका चारैतिर भित्ताको आधा वा पौने गुना विस्तार भएको ठाउँ हुन्छ र चौथाइ विस्तारको नेमी हुन्छ । बीचमा एक तृतीयांशको परिधि हुन्छ । त्यहीं रथ बनाउन लगाउनुपर्छ र त्यहीं नै चामुण्ड-भैरव एवं नाट्येशलाई स्थापना गर्नुपर्छ । प्रासादको आधा विस्तारमा चारैतिर बाहिर पट्टि देवताहरूको लागि आठ वा चार परिक्रमा बनाउन लगाउनुपर्छ । प्रासाद आदिमा यसको निर्माण वैकल्पिक हुन्छ । मन लागे बनाउनुपर्छ मन नलागे पर्दैन पनि । आदित्यको स्थापना पूर्व दिशामा र स्कन्द एवं अग्निको प्रतिष्ठा वायव्य दिशामा गर्नुपर्छ । यसै गरी यम आदि देवताहरूको पनि स्थिति उनीहरूको आ आफ्नो दिशामा हुन्छ भन्ने मानिएको छ । शिखरलाई चार भाग गरेर तल्ला दुई भागलाई शुकनासिका नामको गुम्बज बनाइन्छ । तेस्रो भागमा वेदीको प्रतिष्ठा हुन्छ । त्यसभन्दा अगाडिको जुन भाग हुन्छ त्यसलाई अमलसार भन्ने कण्ठ मान्नुपर्छ । वैराज, पुष्पक, कैलास, मणिक र त्रिविष्टप यी पाँच नै प्रासादको मेरुका शिखरमा विराजमान हुन्छन् । त्यसैले प्रासादका यिनै पाँच भेद मान्निछ । यिनीहरूमध्ये पहिलो वैराज नामको प्रासादका चारकुने आकारको हुन्छ । दोस्रो पुष्पक चारकुने आयत आकारको हुन्छ । तेस्रो कैलास वृत्ताकार हुन्छ । चौथो मणिक वृत्त र आयताकारको हुन्छ । पाँचौं त्रिपिष्टप

प्रासादः प्रथमो मेरुर्द्वितीयो मन्दरस्तथा ।
विमानं च तथा भद्रः सर्वतोभद्र एव च ।१४।
चरुको नन्दिको नन्दिर्वर्द्धमानस्तथापरः ।
श्रीवत्सश्चेति वैराजान्ववाये च समुत्थिताः ।१५।
वलभी गृहराजश्च शालागृहं च मन्दिरम् ।
विशालश्च समो ब्रह्ममन्दिरं भुवनं तथा ।१६।
प्रभवः शिविका वेश्म नवैते पुष्पकोद्भवाः ।
बलयो दुन्दुभिः पद्मो महापद्मक एव च ।१७।
वर्द्धनी वान्य उष्णीषः शङ्खश्च कलशस्तथा ।
खवृक्षश्च तथाप्येते वृत्ताः कैलाससम्भवाः ।१८।
गजोऽथ वृषभो हंसो गरुत्मान्नृक्षनायकः ।
भूषणो भूधरश्चान्ये श्रीजयः पृथिवीधरः ।१९।
वृत्तायतात्समुद्भूता नवैते मणिकाह्वयात् ।
वज्रं चक्रं तथा चान्यत्स्वस्तिकं वज्रस्वस्तिकम् ।२०।
चित्रं स्वस्तिकखड्गं च गदा श्रीकण्ठ एव च ।
विजयो नामतश्चैते त्रिविष्टपसमुद्भवाः ।२१।
नगराणामिमाः संज्ञा लाटादीनामिमास्तथा ।
ग्रीवार्द्धेनोन्नतं चूलं पृथुलं च विभागतः ।२२।
दशधा वेदिकां कृत्वा पञ्चभिः स्कन्धविस्तरः ।
त्रिभिः कण्ठं तु कर्तव्यं चतुर्भिस्तु प्रचण्डकम् ।२३।
दिक्षु द्वाराणि कार्याणि न विदिक्षु कदाचन ।
पिण्डिका कोणविस्तीर्णा मध्यमान्ता ह्युदाहृता ।२४।
क्वचित्पञ्चमभागेन महतां गर्भपादतः ।
उच्छ्राया द्विगुणास्तेषामन्यथा वा निगद्यते ।२५।
षष्ट्यधिकात्समारभ्य अङ्गुलानां शतादिह ।
उत्तमान्यपि चत्वारि द्वाराणि दशहानितः ।२६।
त्रीण्येव मध्यमानि स्युस्त्रीण्येव कनीयांस्यधः ।
उच्छ्रायार्द्धेन विस्तारो ह्युच्छ्रायोऽभ्यधिकस्त्रिधा ।२७।
चतुर्भिरष्टभिर्वापि दशभिरङ्गुलैस्ततः ।
उच्छ्रायात्पादविस्तीर्णा विशाखास्तदुदुम्बरे ।२८।

अष्टकोण आकारको हुन्छ । यी प्रत्येकको नौ नौ भेद भएका कारणले जम्मा पैंतालीस भेद हुन्छ । पहिलो प्रासाद मेरु, दोस्रो मन्दर, तेस्रो विमान, चौथो भद्र, पाँचौं सर्वतोभद्र, छैठौं रुचक, सातौं नन्दक, वा नन्दन, आठौं वर्धमान नन्दि वा नन्दिवर्धन र नवौं श्रीवत्स यी नौ खालका प्रासाद वैराजका कलमा प्रकट भएका हुन् ।१-१५।

वलभी, गृहराज, शालागृह, मन्दिर, विशालचमस, ब्रह्ममन्दिर, भुवन, प्रभव र शिविकावेश्म यी नौ प्रासाद पुष्पकबाट प्रकट भएका हुन् । बलय, दुन्दुभि, पद्म, महापद्म, वर्धनी, उष्णीष, शङ्ख, कलश र श्रवृक्ष यी नौ वृत्ताकार प्रसाद कैलासका कुलमा उत्पन्न भएका हुन् । गज, वृषभ, हंस, गरुत्मान, ऋक्षनायक, भूषण, भूधर, श्रीजय र पृथ्वीधर यी नौ वृत्तायत प्रासाद मणिक नामका मुख्य प्रासादबाट प्रकट भएका हुन् । वज्र, चक्र, स्वस्तिक, वज्रस्वस्तिक वा वज्रहस्क, चित्र, स्वस्तिक खड्ग, गदा, श्रीकण्ठ र विजय यी नौ प्रासादहरू त्रिविष्टपबाट प्रकट भएका हुन् । नगरको नाम पनि यिनै हुन् । यिनै लाट आदिका नाम पनि हुन् । शिखरको जुन ग्रीवा वा कण्ठ हो त्यसको आधा भाग बराबर अग्लो चुली हुनुपर्छ । त्यसको मोटाइ कण्ठको तृतीयांश जति नै हुनुपर्छ । वेदीलाई दश भाग लगाएर पाँच भागले स्कन्धकलाई विस्तार गर्नुपर्छ । तीन भागले कण्ठ र चार भागले त्यसको अण्ड वा प्रचण्ड बनाउनुपर्छ । ढोका पूर्व आदि दिशामै राख्नुपर्छ, कहिल्यै कोणमा राख्नु हुँदैन । पिण्डिका विस्तार भने कोणसम्म हुनुपर्छ र मध्यभागसम्ममा त्यसको समाप्ति हुनुपर्छ भन्ने विधान छ । कतै कतै द्वारहरूको उचाइ गर्भको चौथो वा पाँचौं भागको दोब्बर राखेको हुनुपर्छ । अथवा यस विषयलाई अर्कै किसिमले पनि बताइएको छ । एकसय साठी अङ्गुलको उचाइदेखि लिएर दस-दस अङ्गुल घटाउँदा जुन चारवटा द्वार बन्दछन् ती उत्तम मानिन्छन् । अर्थात् - १६०, १५०, १४० र १३० अङ्गुलका उच्च द्वारलाई उत्तम कोटिमा गणना गरिएको छ । एक सय बीस, एक सय सद र सय अङ्गुलका उच्च द्वारलाई मध्यम श्रेणीको अन्तर्गत राखिएको छ र यसभन्दा कम नब्बे, असी र सत्तरी अङ्गुल अग्लो द्वारहरू कनिष्ठ कोटि हुन् भनिएको छ । द्वारको उचाइ जति हुन्छ चौडाइ त्यसको आधा हुनुपर्छ । उचाइ उक्त माप अनुसार तीन, चार, आठ या दस नै भए पनि त्यो शुभ नै हुन्छ । उचाइको एक चौथाइ बराबर फराकिलो हुनुपर्छ । ढोकाको छेउतिर अथवा तीं सबै ठाउँहरू नै ढोकाको उचाइको आधा हुनुपर्छ भन्ने गरिएको छ । तीन, पाँच, सात वा नौ शाखाले निर्माण भएको द्वारले अभीष्ट फल

विस्तरार्द्धेन बाहुल्यं सर्वेषामेव कीर्त्तितम् ।
द्विपञ्चसप्तनवभिः शाखाभिर्द्वारमिष्टदम् ।२९।
अधःशाखाचतुर्थांशे प्रतीहारौ निवेशयेत् ।
मिथुनैः पादवर्णाभिः शाखाशेषं विभूषयेत् ।३०।
स्तम्भविद्धे भृत्यता स्याद्वृक्षेविद्धेत्वभूतिता ।
कूपविद्धे भयं द्वारे क्षेत्रविद्धे धनक्षयः ।३१।
प्रासादगृहशालादिमार्गविद्धेषु बन्धनम् ।
सभाविद्धेन दारिद्र्यं वर्णविद्धे निराकृतिः ।३२।
उलूखलेन दारिद्र्यं शिलाविद्धेन शत्रुताम् ।
छायाविद्धेन दारिद्र्यं वेधदोषो न जायते ।३३।
छेदादुत्पाटनाद्वापि तथा प्राकारलक्षणात् ।
सीमाया द्विगुणत्यागाद्वेधदोषो न जायते ।३४।

दिने हुन्छ । तल्लो शाखा जुन छ त्यसका एक चौथाइ भागमा दुईवटा द्वारपाल स्थापना गर्नुपर्छ । द्वारका बाँकी शाखाहरूलाई स्त्रीपुरुषका जोडीको आकृतिले सिँगार्नुपर्छ । द्वारको सोझै अगाडि वा माझमा खम्बा पऱ्यो भने स्तम्भवेध नामको दोष लाग्दछ । त्यसले गृहस्वामी दासतामा पर्छ । वृक्ष त्यसरी द्वारको सोझो पऱ्यो भने त्यसले ऐश्वर्य नाश हुन्छ । इनारले द्वारवेध भयो भने डर प्राप्त हुन्छ र क्षेत्रले द्वारवेध भएको छ भने धन हानी हुन्छ । प्रासाद, गृह एवं शाला आदिका द्वारलाई मार्गले वेध गरेको छ भने बन्धन प्राप्त हुन्छ, सभाले वेध गरेको भए दरिद्रता प्राप्त र वर्णले वेध गरेको छ भने तिरस्कार प्राप्त हुन्छ, ओखलले वेध गरेको भएदेखि दारिद्र्य, शिलाले वेध भए शत्रुता र छायाले वेध भए निर्धनता प्राप्त हुन्छ । यी सबैको छेदन अथवा उत्पाटन गरियो भने वेधको दोष लाग्दैन । यिनीहरूका बीचमा चारदिवारी उठाइयो भने पनि वेधबाट लाग्ने दोष हट्छ । अथवा सीमाको दोब्बर भूमि छोडेर यी वस्तुहरू रहेका छन् भने पनि वेधको दोष रहँदैन ।१६-३४।

१०५. पञ्चाधिकशततमोऽध्यायः
नगरादिवास्तुनिरूपण

ईश्वर उवाच
नगरग्रामदुर्गाद्या गृहप्रासादवृद्धये ।
एकाशीतिपदैर्वास्तुं पूजयेत्सिद्धये ध्रुवम ।१।
प्रागास्या दशधा नाड्यस्तासां नामानि च ब्रुवे ।
शान्ता यशोवती कान्ता विशाला प्राणवाहिनी ।२।
सती वसुमती नद्या सुभद्राथ मनोरमा ।
उत्तरा द्वादशान्याश्च एकाशीत्यङ्घ्रिकारिका ।३।
हरिणी सुप्रभा लक्ष्मीर्विभूतिर्विमला प्रिया ।
जया ज्वाला विशोका च स्मृतास्तत्र च पादतः ।४।
ईशाद्यष्टाष्टकं दिक्षु यजेदीशं धनञ्जय ।
शक्रमर्कं तथा सत्यं भृशं व्योमं च पूर्वतः ।५।
हव्यवाहं च पूषाणं वितथं भौममेव च ।
कृतान्तमथ गन्धर्वं भृङ्गं मृगं च दक्षिणे ।६।

ईश्वरले भने— हे स्कन्द ! नगर, ग्राम, दुर्ग आदिमा गृह र प्रासादहरूको वृद्धि होस भन्ने सिद्धिका लागि एकासी पदको वास्तुमण्डल बनाएर त्यसमा अवश्य वास्तुदेवताको पूजा गर्नुपर्छ । पूर्वाभिमुखी दस रेखाहरू दस नाडीको प्रतीकका रूपमा हुन्छन् । ती नाडीको नाम— शान्ता, यशोवती, कान्ता, विशाला, प्राणवाहिनी, सती, वसुमती, नन्दा, सुभद्रा र मनोरमा हो । उत्तराभिमुख प्रवाहित हुने दस नाडी अरू छन् र तिनैले उक्त नौ पदलाई एकासी पदमा विभाजन गर्दछन् । तिनको नाम— हरिणी, सुप्रभा, लक्ष्मी, विभूति, विमला, प्रिया, जया, ज्वाला र विशोका हो । सूत्र राखेर यी नाडीहरू रेखाङ्कित गरिएका हुनाले चिन्तनका विषय बनेका छन् । ईश आदि आठ आठ देवता नै अष्टाक हुन् र तिनलाई चारैतिर पूजा गर्नुपर्छ । ईश, घन, जय, शक्र, अर्क, सत्य, भृश र व्योम यी देवताहरूलाई वायुमण्डलमा पूर्व दिशाको पदमा पूजा गर्नुपर्छ । हव्यवाह, पूषा, वितथ, सौम, कृतान्त, गन्धर्व, भृङ्ग र मृग यी आठ देवतालाई दक्षिण दिशाको पदमा अर्चना गर्नुपर्छ । पितर, द्वारपाल, सुग्रीव, पुष्पदन्त, वरुण, दैत्य, शेष र यक्ष्मा यी आठलाई सधैं नै पश्चिम दिशाका पदमा पूजा गर्नु

पितरं द्वारपालं च सुग्रीवं पुष्पदन्तकम् ।
वरुणं दैत्यशेषौ च यक्ष्माणं पश्चिमे सदा ।७।
रोगाहिमुख्यो भल्लाटः सौभाग्यमदितिर्दितिः ।
नवान्तः पदगो ब्रह्मा पूज्योऽर्द्धे च षडङ्घ्रिगाः ।८।
ब्रह्मेशान्तरकोष्ठस्थमायाख्यां तु पदद्वये ।
तदधश्चापवत्साख्यं केन्द्रान्तरेषु षट्पदे ।९।
मरीचिकाग्निमध्ये तु सविता द्विपदस्थितः ।
सावित्री तदधो द्व्यंशे विवस्वान्षट्पदे त्वधः ।१०।
पितृब्रह्मान्तरे विष्णुमिन्दुमिन्द्रं त्वधो जयम् ।
वरुणब्रह्मणोर्म्मध्ये मित्राख्यं षट्पदे यजेत् ।११।
रोगब्रह्मान्तरे नित्यं द्विपञ्च रुद्रदासकम् ।
तदधो द्व्यङ्घ्रिगं यक्ष्म षट् सौम्येषु धराधरम् ।१२।
चरकीं स्कन्दविकटं विदारीं पूतनां क्रमात् ।
जम्भं पापं पिलिपिच्छं यजेदीशादिबाह्यतः ।१३।
एकाशीतिपदं वेश्म मण्डपश्च शताङ्घ्रिकः ।
पूर्ववद्देवताः पूज्या ब्रह्मा तु षोडशांशके ।१४।
मरीचिश्च विवस्वांश्च मित्रं पृथ्वीधरस्तथा ।
दशकोष्ठस्थिता दिक्षु त्वन्ये वेशादिकोषगाः ।१५।
दैत्यमाता तथेशाग्नी मृगाख्यौ पितरौ तथा ।
पापयक्ष्मानिलौ देवाः सर्वे सार्द्धांशके स्थिताः ।१६।
यत्पाद्यौकः प्रवक्ष्यामि सङ्क्षेपेण क्रमाद्गृह ।
स दिग्विंशतिकरैर्दैर्घ्यादष्टाविंशति विस्तरात् ।१७।
शिशिराश्रयः शिवाख्यश्च रुद्रहीनः सदोभयोः ।
रुद्रद्विगुणितानाहाः पृथुष्णोभिर्विना त्रिभिः ।१८।
स्याद्ग्रहद्विगुणं दैर्घ्यात्तिथिभिश्चैव विस्तरात् ।
सावित्रः सालयः कुड्यान्वेषां पृथक् स्त्रिंशांशतः ।१९।

पर्ने विधि छ। रोग, अहि, मुख्य, भल्लाट, सोम, शैल, अदिति र दिति यी आठलाई उत्तर दिशाको पदमा पूजा गर्नुपर्छ। वास्तुमण्डलका मध्यवर्ती नौ पदमा ब्रह्मा पूजित हुन्छन् र शेष अठचालीस पदहरूमध्ये आधामा त्यस्ता देवता पूजित हुन्छन् जो एकलैले छ पदमा अधिकार लिएका हुन्छन्। ब्रह्मा तथा ईशका मध्यवर्ती कोष्ठकहरूमा जुन दुई पद छन् तिनमा आपलाई र तल्ला दुई पदमा आपवत्सलाई पूजा गर्नुपर्छ। त्यसपछि छ पदहरूमा मरीचिलाई अर्चना गरिन्छ। मरीचि र अग्निका बीचमा रहेका जुन दुई कोणवर्ती पद छन् त्यहाँ सविताको स्थिति हुन्छ र तीभन्दा तलतिर रहेका दुई पदमा सावित्र तेज अथवा सावित्रीको पूजा गरिन्छ। त्यसका तल रहेका छ पदमा विवस्वान् विराजमान छन्। पितृ र ब्रह्माका बीचका दुई पदहरूमा विष्णु-इन्दु रहेका छन् र तिनका तलतिर रहेका दुई पदमा जय-इन्द्र विद्यमान् छन् भनी तिनको पूजा गरिन्छ। वरुण र ब्रह्माका माझमा हुने छ पदमा मित्रदेवतालाई यजन गर्नुपर्छ। रोग तथा ब्रह्माका बीचमा हुने दुई पदमा रुद्र-रुद्रदासलाई पूजा गरिन्छ र तल्ला दुई पदमा यक्ष्मलाई पूजा गरिन्छ। त्यसपछि उत्तरका छ वटा पदमा धराधरलाई यजन गर्नुपर्छ। त्यसपछि मण्डलका बाहिर ईशान आदि कोणहरूमा क्रमैसँग चरकी, स्कन्द, बिदारीविकट, पुतना, जम्भ, पापा र पिलिपिच्छ यी बालगृहको पूजा गर्नुपर्छ। यो एकासी पद भएका वास्तुचक्रको वर्णन हो। एक खालको शतपद मण्डप पनि हुने गर्छ। त्यसमा पनि पूर्ववत् देवताहरूको पूजा गर्ने विधान छ। शतपदचक्रको मध्यवर्ती सोह्र पदमा ब्रह्माको पूजा गर्नुपर्छ। ब्रह्माका पूर्व आदि दिशामा रहेका मरीचि, विवस्वान, मित्र तथा पृथ्वीधरलाई दसदस पदमा पूजा गर्ने विधान छ। अन्य जुन ईशान आदि कोणमा रहेका देवता छन्, जस्तै दैत्य माता दिति र ईश, अग्नि तथा मृग र पितृ तथा पापयक्ष्मा र अनिल यी सबै नै डेढ डेढ पदमा अवस्थित हुन्छन्। हे स्कन्द! अब म यज्ञ आदिका लागि हुने जुन मण्डप हुन् तिनको वर्णन सङ्क्षेपमा क्रमैसँग गर्दछु। तीस हात लामो र अट्ठाईस हात फराकिलो मण्डप शिवको आश्रय हो। लम्बाइ र चौडाइ दुवै तर्फ एघार-एघार हात घटाइदिँदा बनेको उन्नाईस हात लामो र सत्र हात चौडा मण्डपको नाम शिव हो। बाईस हात लामो र उन्नाईस हात फराकिलो अथवा अठार हात लामो र पन्ध्र हात फराकिलो मण्डप छ भने त्यसलाई सावित्र नामको भनिन्छ। अरू गृहको आंशिक विस्तार हुन्छ। भित्ताका मोटा जुन कुर्सी आकारका उपजङ्घा हुन्छन् तिनको उचाइभन्दा भित्ताको उचाइ तीन गुना हुनुपर्छ। भित्ताका निम्ति धागो लगाएर निश्चित

कुड्यपृथूपजङ्घोच्चात्कुड्यं तु त्रिगुणोच्छ्रयम् ।
कुड्यसूत्रसमा पृथ्वी वीथिभेदादनेकधा ।२०।
भद्रे तुल्यं च वीथीभिद्वारवीथी विनाग्रतः ।
श्रीजयं पृष्ठतो हीनं भद्रोऽयं पार्श्वयोर्विना ।२१।
गर्भपृथुसमा वीथी तदर्द्धार्द्धेन वा क्वचित् ।
वीथ्यर्द्धेनोपवीथ्याद्यमेकद्वित्रिपुरान्वितम् ।२२।
सामान्यान्यगृहं वक्ष्ये सर्वेषां सर्वकामदम् ।
एकद्वित्रिचतुःशालमष्टशालं यथाक्रमात् ।२३।
एकं याम्ये च सौमास्यं द्वे चेत्पश्चात्पुरोमुखम् ।
चतुःशालं तु साम्मुख्यात्तयोरिन्द्रेन्द्रमुक्तयोः ।२४।
शिवास्यमम्बुपास्यैष इन्द्रास्ये यमसूर्य्यकम् ।
प्राक्सौम्यस्थे च दण्डाख्यं प्राग्याम्ये वातसंज्ञकम् ।२५।
आप्येन्दौ गृहबल्याख्यं त्रिशूलं तद्विनर्द्धिकृत् ।
पूर्वशालाविहीनं स्यात्सुक्षेत्रं वृद्धिदायकम् ।२६।
याम्ये हीने भवेच्छ्रेष्ठं त्रिशालं वृद्धिकृत् परम् ।
यक्षघ्नं जलहीनौकः सुतघ्नं बहुशत्रुकृत् ।२७।
इन्द्रादिक्रमतो वक्ष्मि ध्वजाद्यष्टौ गृहाण्यहम् ।
प्रक्षालानुस्रगावासमग्नौ तस्य महानसम् ।२८।
याम्ये रसक्रिया शय्या धनुःशस्त्राणि रक्षसि ।
धनभुक्त्यम्बुपेशाख्ये सम्यगन्धौ च मारुते ।२९।
सौम्ये धनपशू कुर्य्यादीशे दीक्षावरालयम् ।
स्वामिहस्तमितं वेश्म विस्तारायामपिण्डिकम् ।३०।
त्रिगुणं हस्तसंयुक्तं कृत्वाष्टांशैर्हृतं तथा ।
तच्छेषोऽयं स्थितस्तेन वायसान्तं ध्वजादिकम् ।३१।
त्र्यपक्षाग्निवेदेषु रसर्षिवसुतो भवेत् ।
सर्वनाशकरं वेश्म मध्ये चान्ते च संस्थितम् ।३२।

गरिएको परिमाण जति छ त्यसकै समान त्यस अगाडिको मझेरी भुईं हुनुपर्छ । वीथीको भेदअनुसार त्यो पनि अनेकौं प्रकारको हुन्छ ।१–२०।

भद्र नामका प्रासादमा वीथीहरूकै समान द्वारवीथी हुन्छन् । द्वारवीथीमा केवल वीथीको अग्रभाग हुँदैन । श्रीजय नामका प्रासादमा द्वारवीथी जुन हुन्छ त्यसमा वीथीको पृष्ठभाग हुँदैन । वीथीका पार्श्वभागलाई द्वारवीथीमा घटाइयो भने त्यसबाट उपलक्षित प्रासादको पनि नाम भद्र नै हुन्छ । गर्भको विस्तारभन्दै वीथीको पनि विस्तार हुन्छ । कतैकतै त्यसको आधा वा चौथाइ भागको बराबर पनि हुने गर्छ । वीथीको आधा परिमाणले उपवीथी आदिको निर्माण गर्नुपर्छ । त्यो एक, दुई अथवा तीन पुरले युक्त भएको हुन्छ । अब अरू साधारण गृहका विषयमा बताइन्छ । गृहको स्वरूप त्यस्तो भयो भने त्यसले सबैका सबै खालका मनोकामना पूरा गराउँछ । त्यो क्रमशः एक, दुई, तीन, चार र आठ शाला युक्त हुन्छ । एक शाला भएका घरको शाला दक्षिणतर्फ बन्दछ र त्यसको ढोका उत्तरतिर हुने गर्छ । यदि दुई शाला बन्दछन् भने पश्चिम र पूर्वमा बनाउन लगाउनु पर्छ र तिनको ढोका पूर्वपश्चिम पारेर आमनेसामने गराउनुपर्छ । चार शाला भएको घर चारद्वार एवं भ्यालहरूसहितको हुने हुँदा त्यो सर्वतोमुखी हुन्छ । गृहस्वामीकालागि त्यो कल्याणकारक हुन्छ । पश्चिमतर्फ दुई शाला भए भने त्यस्ता द्विशाल घरलाई यमसूर्यक भनिन्छ । पूर्व तथा उत्तरमा शालाहरू छन् भने त्यस घरको नाम दण्ड हो र पूर्व तथा दक्षिणमा दुई शाला छन् भने त्यस गृहको नाम वात हुने गर्छ । तीन शाला भएका जुन घरमा पूर्वतिर शाला छैनन् त्यसलाई सुक्षेत्र भनिएको छ र त्यो बुद्धिदायक हुने गर्छ । यदि दक्षिण दिशामा कुनै शाला छैनन् भने त्यस घरलाई विशाल भनिन्छ । त्यो कुलक्षयकारी र अत्यन्त भयदायक हुन्छ । जुन घरमा पश्चिमतिर शाला बनेका छैनन् त्यस विशाल गृहलाई पक्षघ्न भन्दछन् । त्यस्तो गृह पुत्र हानीकारक र बहुत शत्रु उत्पादक हुनेगर्छ । अब म पूर्व आदि दिशाका क्रमले ध्वज आदि आठ गृहको वर्णन गर्दछु । पूर्व दिशामा स्नान र अनुग्रहका लागि घर बनाइन्छ । त्यसको अग्निकोणमा भान्साघर हुनुपर्छ । दक्षिण दिशामा रस क्रिया र शयनघर बनाउनुपर्छ । नैर्ऋत्य कोणमा शस्त्रागार रहनुपर्छ । पश्चिम दिशामा धन, रत्न आदिको कोषघर बनाउनुपर्छ । वायव्यकोणमा अन्न भण्डारका लागि उचित घर बनाउनुपर्छ । उत्तर दिशामा धन र पशुहरू राख्नुपर्छ र ईशान कोणमा दीक्षाका लागि उत्तम भवन बनाउनुपर्छ । गृहस्वामीका हातले नापेका घरको जुन पिण्ड हुन्छ त्यसको

तस्माच्च नवमे भागे शुभकृन्निलयो मतः ।
तन्मध्ये मण्डपः शस्तः समो वा द्विगुणायतः ।३३।
प्रत्यगाप्ये चेन्दुयमे हट्ट एव गृहावली ।
एकैकभवनाख्यानि दिक्ष्वष्टाष्टकसङ्ख्या ।३४।
ईशाद्यदितिकान्तानि फलान्येषां यथाक्रमम् ।
भयं नारी चलत्वं च जयो वृद्धिः प्रतापकः ।३५।
धर्मः कलिश्च नैस्व्यं च प्रारद्वारेष्वष्टसु ध्रुवम् ।
दाहोऽसुखं सुहृन्नाशो धननाशो मृतिर्धनम् ।३६।
शिल्पित्वं तनयः स्याच्च याम्यद्वारफलाष्टकम् ।
आयुः प्राव्राज्यशस्यानि धनशान्त्यर्गसङ्क्षयाः ।३७।
शोषं भोगं चापत्यञ्च जलद्वारफलानि च ।
रोगो मदार्त्तिमुख्यत्वं चार्थायुः कृशता मतिः ।
मानं च द्वारतः पूर्वे उत्तरस्यां दिशि क्रमात् ।३८।

लम्बाई चौडाइ हातको परिमाणमा तीन गुना पारेर आठले भाग लगाउनुपर्छ । त्यस भागको शेष जे आउँछ त्यसै अनुसार नै ध्वज आदिको आय रहेको हुन्छ । त्यसैबाट ध्वजा आदि काकान्तको जानकारी हुन्छ । दुई, तीन, चार, छ, सात र आठ शेष रहेमा त्यसै अनुसार शुभाशुभ फल हुन्छ । यदि मध्य भनिने पाँच र काक भनिने अन्तिममा गृहको स्थिति रहेको छ भने त्यो गृह सर्वनाशकारी हुन्छ । त्यसैले आठौँ भागलाई छोडेर नवौँ भागमा बनेको घर शुभ हुन्छ । त्यस नवौँ भागमा नै मण्डप उत्तम हुन्छ भन्ने मानिएको छ । त्यसको लम्बाइ चौडाइ बराबर रहनुपर्छ अथवा चौडाइभन्दा लम्बाइ दोब्बर रहनुपर्छ । पूर्ववाट पश्चिमतर्फ र उत्तरबाट दक्षिणतर्फ घरका लहर बजारमै मात्र देख्न पाइन्छ । एक एक घरका लागि प्रत्येक दिशामा आठ आठ ढोका पनि हुन्छन् । यी आठै खालका ढोकाको फल पनि फरक फरक नै हुने बताइन्छ । भय, नारीको चपलता, जय, वृद्धि, प्रताप, धर्म, कलह र निर्धनता यी पूर्ववर्ती आठ द्वारका अवश्यम्भावी फल हुन् । दाह, दुःख, मित्रनाश, धननाश, मृत्यु, धन, शिल्पज्ञान र पुत्रप्राप्ति यी दक्षिण दिशाका आठ द्वारका फल हुन् । आयु, सन्यास, सस्य, धन, शान्ति, अर्थनाश, शोषण, भोग एवं सन्तान प्राप्ति यी पश्चिमका आठ द्वारका फल हुन् । रोग, मद, आर्ति, मुख्यता, अर्थ, आयु, कृशता र मान यी क्रमशः उत्तर दिशाका द्वारका फल हुन् ।२१-३८।

१०६. षडधिकशततमोऽध्यायः

नगरादिकवास्तु

ईश्वर उवाच
नगरादिकवास्तुं च वक्ष्ये राज्यादिवृद्धये ।
योजनं योजनार्द्धं वा तदर्थं स्थानमाश्रयेत् ।१।
अभ्यर्च्य वास्तुनगरं प्राकारद्यं तु कारयेत् ।
ईशादित्रिंशत्पदके पूर्वद्वारं च सूर्यके ।२।
गन्धर्वाभ्यां दक्षिणे स्याद्वारुण्ये पश्चिमे तथा ।
सौम्यद्वारं सौम्यपदे कार्या हट्टास्तु विस्तराः ।३।
येनेभादि सुखं गच्छेत्कुर्याद्द्वारं तु षट्करम् ।
छिन्नकर्णं विभिन्नं च चन्द्राद्धभं पुरं न हि ।४।
वज्रसूचीमुखं नेष्टं सकृद्द्वित्रिसमागमम् ।
चापाभं वज्रनागाभं पुरारम्भे हि शान्तिकृत् ।५।
प्रार्च्य विष्णुहरार्कादीन्नत्वा दद्याद बलिं वली ।
आग्नेये स्वर्णकर्मारान्पुरस्य विनिवेशयेत् ।६।

ईश्वरले भने— हे स्कन्द ! अब म राज्यादि वृद्धिका लागि नगरवास्तुको वर्णन गर्दछु । नगर निर्माणका लागि एक योजन अथवा आधा योजन भूमि ग्रहण गर्नुपर्छ । वास्तुनगरलाई पूजा गरेर त्यसलाई आकारसित जोड्नुपर्छ । ईश आदि तीस पदहरूमा सूर्यका सम्मुख पूर्वद्वार, गन्धर्वका नजिक दक्षिणद्वार, वरुणका छेउमा पश्चिमद्वार र सोमका निकट उत्तरद्वार बनाउनुपर्छ । नगरमा फराकिला रूपमा बजार स्थापना गर्नुपर्छ । नगरद्वार छ हात फराकिलो पार्नुपर्छ र त्यसबाट हात्तीहरू सुबिधासाथ आवत-जावत गर्न सक्नुपर्छ । नगर छिन्नकर्ण, भग्न र अर्ध चन्द्राकार हुनुहुँदैन । वज्रसूचीमुख नगर पनि हितकारी हुँदैन । एक, दुई या तीन द्वारले युक्त धनुषाद्वार वज्रनागाभ नगरको निर्माण गराउनु शान्तिप्रद हुन्छ । नगरको आग्नेय कोणमा स्वर्णकारहरूलाई राख्नुपर्छ, दक्षिण दिशामा नाचगान गर्ने वाराङ्गनाहरूको भवन हुनुपर्छ । नैर्ऋत्य

दक्षिणे नृत्यवृत्तीनां वेश्यास्त्रीणां गृहाणि च ।
नटानां चक्रिकादीनां कैवर्त्तदिश्च नैर्ऋते ।७।
रथानामायुधानां च कृपाणानां च वारुणे ।
शौण्डिकाः कर्माधिकृता वायव्ये परिकर्मिणः ।८।
ब्राह्मणा यतयः सिद्धाः पुण्यवन्तस्तथोत्तरे ।
फलाद्याधिविक्रयिण ईशाने च वणिग्जनाः ।९।
पूर्वतश्च बलाध्यक्षा आग्नेये विविधं बलम् ।
स्त्रीणामादेशिनो दक्षे काण्डारान्नैर्ऋते न्यसेत् ।१०।
पश्चिमे च महामात्यान्कोशपालांश्च कारुकान् ।
उत्तरे दण्डनाथांश्च नायकद्विजसङ्कुलान् ।११।
पूर्वतः क्षत्रियान्दक्षे वैश्याञ्च्छूद्रां च पश्चिमे ।
दिक्षु वैद्यान्वाजिनश्च बलानि च चतुर्दिशम् ।१२।
पूर्वेण चरलिङ्ग्यादीञ्छमशानादीनि दक्षिणे ।
पश्चिमे गोधनाद्यं च कृषिकर्तृंस्तथोत्तरे ।१३।
न्यसेन्म्लेच्छांश्च कोणेषु ग्रामादिषु तथा स्थितिम् ।
श्रियं वैश्रवणं द्वारि पूर्व्वे तौ पश्यतां श्रियम् ।१४।
देवादीनां पश्चिमतः पूर्वास्यानि गृहाणि हि ।
पूर्वतः पश्चिमास्यानि दक्षिणे चोत्तराननान् ।१५।
नाकेशविष्ण्वादिधामानि रक्षार्थं नगरस्य च ।
निर्दैवतं तु नगरग्रामदुर्गगृहादिकम् ।१६।
भुज्यते तत्पिशाचाद्यै रोगाद्यैः परिभूयते ।
नगरादि सदैवं हि जयदं भुक्तिमुक्तिदम् ।१७।
पूर्वायां श्रीगृहं प्रोक्तमाग्नेय्यां वै महानसम् ।
शयनं दक्षिणस्यां तु नैर्ऋत्यामायुधाश्रयम् ।१८।
भोजनं पश्चिमायां तु वायव्यां धान्यसङ्ग्रहः ।
उत्तरे द्रव्यसंस्थानमैशान्यां देवतागृहम् ।१९।
चतुःशालं त्रिशालं वा द्विशालं चैकशालकम् ।
चतुःशालगृहाणां तु शालालिन्दकभेदतः ।२०।
शतद्वयं तु जायन्ते पञ्चाशत्पञ्च तेष्वपि ।
त्रिशालानि तु चत्वारि द्विशालानि तु पञ्चधा ।२१।
एकशालानि चत्वारि एकालिन्दानि वच्मि च ।
अष्टाविंशत्दलिन्दानि गृहाणि नगराणि च ।२२।
चतुर्भिः सप्तभिश्चैव पञ्चपञ्चाशदेव तु ।
षडलिन्दानि विंशैव अष्टाभिर्विंश एव हि ।
अष्टालिन्दं भवेदेवं नगरादौ गृहाणि हि ।२३।

कोणमा नर्तक, कुम्भकार र केवटहरूलाई आवासको स्थान हुनुपर्छ। पश्चिममा रथद्वार, आयुधकार र खड्ग निर्माताहरूको निवास हुन्छ । नगरको वायव्य कोणमा मदिरा विक्रेता, कर्मद्वार र दास-भृत्यहरूको प्रवेश हुनुपर्छ । उत्तर दिशामा ब्राह्मण, यति सिद्ध र पुण्यात्मा पुरुष बस्ने हुनुपर्छ । ईशान कोणमा फल आदिको बिक्री गर्ने र व्यापारीहरूले निवास गर्दछन् । पूर्व दिशामा सेनाध्यक्ष रहन्छन् । आग्नेय कोणमा विभिन्न सैन्य, दक्षिणमा स्त्रीलाई ललित कलाको तालिम दिने आचार्यहरू र नैर्ऋत्य कोणमा धनुर्धारी सैनिकहरूलाई राख्नुपर्छ । पश्चिममा मुख्यमन्त्री, अमात्य, कोषपाल र कारिगर, उत्तरमा दण्डाधिकारी, नायक र द्विजहरू, पूर्वमा क्षत्रियहरू, दक्षिणमा वैश्यहरू, पश्चिममा शुद्रहरू, विभिन्न दिशामा वैद्यहरू राख्नुपर्छ। त्यसै गरी अश्व र सेनाहरूलाई चारै दिशामा राख्नुपर्दछ। राजाले पूर्वमा गुप्तचर, दक्षिणमा श्मशान, पश्चिममा गोठ र उत्तरमा किसानहरूलाई राख्नुपर्छ। म्लेच्छलाई दिशाका कोणहरूमा स्थान दिनुपर्छ अथवा गाउँमा स्थापित गर्नुपर्छ । पूर्वी द्वारमा लक्ष्मी र कुबेरलाई स्थापना गर्नुपर्छ । जसले तिनीहरूको दर्शन गर्छ उसलाई लक्ष्मी प्राप्त हुन्छ । पश्चिममा निर्मित देवमन्दिर पूर्व फर्केको, पूर्वमा रहेको पश्चिम फर्केको र दक्षिणमा भएको मन्दिर उत्तर फर्केको हुनुपर्छ । नगरको रक्षाको लागि इन्द्र र विष्णु आदि देवताहरूको मन्दिर बनाउनुपर्छ । देवता विनाका नगर, गाउँ, दुर्ग र गृह आदिलाई पिशाचले उपभोग गर्दछन् र त्यो ठाउँ रोगको गुँड नै बनेको हुन्छ । उपर्युक्त विधिले बनेका नगर आदिहरू सधैँ जयप्रद र भुक्तिमुक्ति प्रदान गर्ने किसिमका हुन्छन् । वास्तुभूमिका पूर्व दिशामा शृङ्गार कक्ष, अग्निकोणमा भान्सा, दक्षिणमा शयन कक्ष, नैर्ऋत्य कोणमा शस्त्रअस्त्रको भण्डार, पश्चिममा भोजन गृह, वायव्य कोणमा अन्नबालीको भण्डार, उत्तरमा धनको भण्डार र ईशानकोणमा देवमन्दिर बनाउनुपर्छ । नगरमा एकशाल, द्विशाल, त्रिशाल वा चतुश्शाल गृह र आँगनका दुई सयौँ भेद हुन्छन् । गृहका पचपन्न, त्रिशालका चार र द्विशाल गृहका पाँच भेद हुन्छन् । एकशाल गृहका चार भेद हुन्छन् । अब म आँगनसहितको घरको विषयमा भन्छु, सुन । गृह-वास्तु र नगर-वास्तुमा अट्ठाईस अलिन्द हुन्छन् । चार तथा सात अलिन्दले पचपन्न, छ अलिन्दले बीस तथा आठ अलिन्दले युक्त भएका पनि बीस खालकै हुन्छन् । यस किसिमले नगर आदिमा आठ अलिन्दयुक्त वास्तु पनि रहेकै हुन्छन् ।१-२३।

१०७. सप्ताधिकशततमोऽध्यायः

स्वायम्भुवसर्ग

अग्निरुवाच

वक्ष्ये भुवनकोशं च पृथ्वीद्वीपादिलक्षणम् ।
अग्नीध्रश्चाग्निबाहुश्च वपुष्मान्द्युतिमांस्तथा ।१।
मेधा मेधातिथिर्भव्यः सवनः पुत्र एव च ।
ज्योतिष्मान्दशमस्तेषां सत्यनामा सुतोऽभवत् ।२।
प्रियव्रतसुताः ख्याताः सप्तद्वीपान्ददौ पिता ।
जम्बूद्वीपमथाग्नीध्रे प्लक्षं मेधातिथेर्ददौ ।३।
वपुष्मते शाल्मलं च ज्योतिष्मते कुशाह्वयम् ।
क्रौञ्चद्वीपं द्युतिमते शाकं भव्याय दत्तवान् ।४।
पुष्करं सवनायादाद्ग्नीध्रेऽदात्सुते शतम् ।
जम्बूद्वीपं पिता लक्षं नाभेर्दत्तं हिमाह्वयम् ।५।
हेमकूटं किम्पुरुषे हरिवर्षाय नैषधम् ।
इलावृते मेरुमध्यं रम्ये नीलाचलाश्रितम् ।६।
हिरण्यवते श्वेतवर्षं कुरूंस्तु कुरवे ददौ ।
भद्राश्वाय च भद्राश्वं केतुमालाय पश्चिमम् ।७।
मेरोः प्रियव्रतः पुत्रानभिषिच्य ययौ वनम् ।
शालग्रामे तपस्तप्त्वा ययौ विष्णोर्लयं नृपः ।८।
यानि किम्पुरुषाद्यानि ह्यष्टवर्षाणि सत्तम ।
तेषां स्वाभाविकी सिद्धिः सुखप्राया ह्ययत्नतः ।९।
जरामृत्युभयं नास्ति धर्माधर्मौ युगादिकम् ।
नाधमं मध्यमं तुल्या हिमाद्देशात्तु नाभितः ।१०।
ऋषभो मेरुदेव्यां च ऋषभाद्भरतोऽभवत् ।
ऋषभो दत्तश्रीः पुत्रे शालग्रामे हरिं गतः ।११।
भरताद्भारतं वर्षं भरतात्सुमतिस्त्वभूत् ।
भरतो दत्तलक्ष्मीकः शालग्रामे हरिं गतः ।१२।
स योगी योगप्रस्तावे वक्षे तच्चरितं पुनः ।
सुमतेस्तेजसस्तस्मादिन्द्रद्युम्नो व्यजायत ।१३।
परमेष्ठी ततस्तस्मात्प्रतीहारस्तदन्वयः ।
प्रतीहारात्प्रतिहर्त्ता प्रतिहर्तुर्भुवस्ततः ।१४।

अग्निदेवले भने— हे वसिष्ठ ! अब म भुवनकोष, पृथ्वी र द्वीप आदिका लक्षणको वर्णन गर्दछु । आग्नीध्र, अग्निबाहु, वपुष्मान्, द्युतिमान्, मेधा, मेधातिथि, भव्य, सवन र क्षय यिनीहरू प्रियव्रतका पुत्र थिए । आफ्नो नामलाई सार्थक गराउने उनका ज्योतिष्मान् नामका दसौं पुत्र थिए । प्रियव्रतका पुत्र विश्वमै प्रसिद्ध थिए । पिताले उनीहरूलाई सातवटा द्वीप प्रदान गरेका थिए । आग्नीध्रलाई जम्बूद्वीप र मेधातिथिलाई प्लक्षद्वीप दिए । वपुष्मान्लाई शाल्मलिद्वीप, ज्योतिष्मान्लाई कुशद्वीप, द्युतिमान्लाई क्रौञ्चद्वीप र भव्यलाई शाकद्वीपमा अभिषिक्त गरे । सवनलाई पुष्करद्वीप प्रदान गरे । लाखौं योजन विस्तृत जम्बूद्वीपलाई आग्नीध्रले आफ्ना छोराहरूमा यस प्रकार विभाजन गरे कि— नाभिलाई हिमवर्ष (आज भारतवर्ष भनिन्छ) प्रदान गरे । किम्पुरुषलाई हेमकूटवर्ष, हरिवर्षलाई नैषधवर्ष, इलावृतलाई बीचमा मेरूपर्वत पर्नेगरी इलावृतवर्ष, रम्यकलाई नीलाचलसहितको रम्यकवर्ष, हिरण्यवान्लाई श्वेतवर्ष र कुरुलाई उत्तरकुरुवर्ष दिए । उनैले भद्राश्वलाई भद्राश्वर्ष र केतुमललाई मेरूपर्वतका पश्चिमतिरको केतुमालवर्षको शासन प्रदान गरे । महाराज प्रियव्रतले आफ्ना पुत्रहरूलाई उपर्युक्त द्वीपहरूमा अभिषेक गरिदिएपछि वनतिर गए । ती राजा शालग्राम क्षेत्रमा तपस्या गरेर विष्णुलोक पुगे । हे मुनिश्रेष्ठ ! किम्पुरुष आदि आठ वर्ष जुन छन् तिनमा सुखको बाहुल्य छ र विना प्रयास नै स्वभावतः समस्त भोगसिद्धि प्राप्त हुन्छन् । तिनमा जरा-मृत्यु आदिको केही डर छैन र त्यहाँ न त धर्म- अधर्मकै अथवा उत्तम, मध्यम, अधम आदिको भेद नै छ । त्यहाँ सबै कुरो समान छ । कहिल्यै त्यहाँ युग परिवर्तन पनि हुँदैन । हिमवर्षका शासक नाभीका मेरुदेवीबाट ऋषभले भरतमाथि राज्यलक्ष्मीको जिम्मेदारी छोडेर शालग्राम क्षेत्रमा गई हरिको शरण परे । भरतकै नामबाट भारतवर्ष प्रसिद्ध भयो । भरतबाट सुमति उत्पन्न भए । त्यसपछि सुमतिलाई राज्यलक्ष्मी जिम्मा लगाई भरत शालग्राम क्षेत्रमा गई श्रीहरिको शरण लिन पुगे । ती योगीराजले योगाभ्यासमा लागेर प्राण परित्याग गरे । यिनको त्यो चरित्र तिमीलाई म फेरि बताउँछु । त्यसपछि सुमतिका वीर्यबाट इन्द्रद्युम्न जन्मिए । तिनीबाट परमेष्ठी र परमेष्ठीबाट

उद्गीतोऽथ च पस्तारो विभुः प्रस्तारतः सुतः।
पृथुश्चैव ततो नक्तो नक्तस्यापि गयः सुतः।१५।
नरो गयस्य तनयस्तत्पुत्रोऽभूद्विराट् ततः।
तस्य पुत्रो महावीर्यो धीमांस्तस्मादजायत।१६।
महान्तस्तत्सुत श्चाभून्मनस्यस्तस्य चात्मजः।
त्वष्टा त्वष्टुश्च विरजा रजस्तस्याप्यभूत्सुतः।१७।
सत्यजिद्रजसस्तस्य जज्ञे पुत्रशतं मुने।
विश्वज्योतिःप्रधानास्ते भारतं तैर्विवर्द्धितम्।
कृतत्रेतादिसर्गेण सर्गः स्वायम्भुव स्मृतः।१८।

प्रतीहार भए। प्रतिहारका प्रतिहर्ता, प्रतिहर्ताका भव, भवका उद्गीथ, उद्गीथका प्रस्तार र प्रस्तारका विभु नामका पुत्र जन्मिए। विभुका पृथु, पृथुका नक्त र नक्तका पुत्र गय भए। गयका पुत्रको नाम नर हो र नरका विराट् नाम भएका पुत्र जन्मिए। विराटका पुत्र महावीर्य थिए। उनीबाट धीमान्को जन्म भयो र धीमान्का पुत्र महान्त भए अनि तिनका पुत्र मनस्यु भए। मनस्युका पुत्र त्वष्टा, त्वष्टाका विरज र विरजका पुत्र रज भए। हे मुनि ! रजका पुत्र शतजितका सय पुत्र उत्पन्न भए, तिनीमध्ये विश्वज्योति प्रमुख थिए। उनीबाटै भारतवर्षको अभिवृद्धि भयो। कृत-त्रेता आदि युगका क्रमले यसलाई स्वायुम्भुव मनुको वंश मानिएको छ।१-१८।

१०८. अष्टाधिकशततमोऽध्यायः

भुवनकोश

अग्निरुवाच
जम्बूप्लक्षाह्वयौ द्वीपौ शाल्मलिश्चापरो महान्।
कुशः क्रौञ्चस्तथा शाकः पुष्करश्चेति सप्तमः।१।
एते द्वीपाः समुद्रैस्तु सप्त सप्तभिरावृताः।
लवणेक्षुसुरासर्पिर्दधिदुग्धजलैः समम्।२।
जम्बूद्वीपो द्वीपमध्ये तन्मध्ये मेरुरुच्छ्रितः।
चतुरशीतिसाहस्रो भूयिष्ठः षोडशाद् विराट्।३।
द्वात्रिंशन्मूर्ध्नि विस्तारात्षोडशाधः सहस्रवान्।
भूयस्तस्यास्य शैलोऽसौ कर्णिकाकारसंस्थितः।४।
हिमवान्हेमकूटश्च निषधश्चास्य दक्षिणे।
नीलः श्वेतश्च शृङ्गी च उत्तरे वर्षपर्वताः।५।
लक्षप्रमाणौ द्वौ मध्ये दशहीनास्तथापरे।
सहस्रद्वितयोच्छ्रायास्तावद्विस्तारिणश्च ते।६।
भारतं प्रथमं वर्षं ततः किम्पुरुषं स्मृतम्।
हरिवर्षन्तथैवान्यन्मेरोर्दक्षिणतो द्विज।७।
रम्यकं चोत्तरे वर्षं तथैवान्यद्धिरण्मयम्।
उत्तराः कुरवश्चैव यथा वै भारतं तथा।८।
नवसाहस्रमेकैकमेतेषां मुनिसत्तम।
इलावृतं च तन्मध्ये सौवर्णो मेरुरुच्छ्रितः।९।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! जम्बू, प्लक्ष, महान् शाल्मलि, कुश, क्रौञ्च, शक र सातौं पुष्कर यी सातै द्वीप चारैतिरबाट नुनिलो जल, उखुको रस, मदिरा, घिउ, दही, दुध र मिठो जलका सात समुद्रले घेरिएका छन्। जम्बू द्वीप ती साथै द्वीपहरूका माझमा रहेको छ र त्यसका पनि बीचबीचमा मेरु पर्वतले छाती फर्काएर ठडिएको छ। त्यसको विस्तार चौरासी हजार योजन छ र यो पर्वतराज्य सोह्र हजार योजन पृथ्वीमा गाडिएको छ। माथिल्लो भागमा यसको विस्तार बत्तीस हजार योजन छ। यस किसिमले यो पर्वत यस पृथ्वीरूपी कमलको कर्णिकाका रूपमा रहेको छ। यसका दक्षिणमा हिमवान् हेमकूट र निषध तथा उत्तरमा नील, श्वेत र शृङ्गी नामका वर्षपर्वत छन्। तिनका बीचमा रहेका निषध र नील नामका दुई पर्वत एकएक लाख योजनसम्म फैलिएका छन्। अन्य पर्वतहरू तिनीभन्दा दसदस हजार योजन कम छन्। ती सबै नै दुईदुई हजार योजन अग्ला र त्यत्ति नै फराकिला छन्। हे द्वीज श्रेष्ठ ! मेरु पर्वतभन्दा दक्षिणतिरको पहिलो वर्ष भारतवर्ष हो र दोस्रो किम्पुरुषवर्ष अनि तेस्रो हरिवर्ष मानिएको छ। उत्तरतिर रम्यक, हिरण्मय र उत्तरकुरुवर्ष छन् र ती भारतवर्ष जत्तिकै छन्। हे मुनिप्रवर ! यिनीहरूमध्ये प्रत्येकको विस्तार नौनौ हजार योजन छ र यी सबैका बीचमा इलावृतवर्ष छ। त्यसमै सुवर्णमय सुमेरु पर्वत ठडिएको छ। हे महाभाग ! इलावृतवर्ष सुमेरुका चारैतिर नौनौ हजार योजनसम्म फैलिएको छ।

मेरोश्चतुर्द्दिशं तत्र नवसाहस्रविस्तृतम् ।
इलावृतं महाभाग चत्वारश्चात्र पर्वताः ।१०।
विष्कम्भा रचिता मेरोर्योजनायुतविस्तृताः ।
पूर्वेण मन्दरो नाम दक्षिणे गन्धमादनः ।११।
विपुलः पश्चिमे पार्श्वे सुपार्श्वश्चोत्तरे स्मृतः ।
कदम्बस्तेषु जम्बूश्च पिप्पलो वट एव च ।१२।
एकादश शतायामाः पादपा गिरिकेतवः ।
जम्बूद्वीपेति संज्ञा स्यात्फलं जम्ब्वा गजोपमम् ।१३।
जम्बूनदीरसेनास्यास्त्विदं जाम्बूनदं परम् ।
सुपार्श्वः पूर्वतो मेरोः केतुमालस्तु पश्चिमे ।१४।
वनं चैत्ररथं पूर्व्वे दक्षिणे गन्धमादनः ।
वैभ्राजं पश्चिमे सौम्ये नन्दनं च सरांस्यथ ।१५।
अरुणोदं महाभद्रं शीतोदं मानसं तथा ।
सिताम्भश्चक्रमुञ्जाद्याः पूर्वतः केशराचलाः ।१६।
दक्षिणेऽद्रेस्त्रिकूटाद्याः शिशिवासमुखा जले ।
शङ्खकूटादयः सौम्ये मेरौ च ब्रह्मणः पुरी ।१७।
चतुर्दशसहस्राणि योजनानां च दिक्षु च ।
इन्द्रादिलोकपालानां समन्ताद् ब्रह्मणः पुरः ।१८।
विष्णुपादात्प्लावयित्वा चन्द्रं स्वर्गात्पतन्त्यपि ।
पूर्वेण शीता भद्राश्चाच्छैलाच्छैलाद् गतार्णवम् ।१९।
तथैवालकनन्दापि दक्षिणेनैव भारतम् ।
प्रयाति सागरं कृत्वा सप्तभेदाथ पश्चिमम् ।२०।
अब्धिं च चक्षुःसौम्याब्धिं भद्रोत्तरकुरूनपि ।
आनीलनिषाधायामौ माल्यवद् गन्धमादनौ ।२१।
तयोर्मध्यगतो मेरुः कर्णिकाकारसंस्थितः ।
भारताः केतुमालाश्च भद्राश्वाः कुरवस्तथा ।२२।
पत्राणि लोकपद्मस्य मर्य्यादाशैलबाह्यतः ।
जठरो देवकूटश्च मर्य्यादापर्वतावुभौ ।२३।
तौ दक्षिणोत्तरायामावानीलनिषधायतौ ।
गन्धमादनकैलासौ पूर्ववच्चायतावुभौ ।२४।
अशीतियोजनायामावर्णवान्तर्व्यवस्थितौ ।
निषधः पारियात्रश्च मर्य्यादापर्वतावुभौ ।२५।

त्यसका चारैतिर चार पर्वत छन् । यी चारै पर्वत मानौं सुमेरु धारण गर्ने ईश्वर निर्मित आधारस्तम्भ हुन् । यिनीहरूमा मन्दराचल पूर्वमा, गन्धमादन दक्षिणमा, विपुल पश्चिम पार्श्वमा र सुपार्श्व उत्तरमा छन् । यी सबै पर्वतहरू दसदस हजार योजन विस्तृत छन् । यी पर्वतहरू एघार एघार यस योजन विस्तृत कदम्ब, जम्बू, पिपल र वरका वृक्षहरू छन् । यिनीहरू ती पर्वतका ध्वजा-पताका जस्ता देखिन्छन् । यिनीहरूमध्ये जम्बू वृक्षकै कारण जम्बूद्वीपको नाम रहन गएको हो । ती जम्बू वृक्षका फल हात्तीभैं विशाल र मोटा हुन्छन् । त्यसका रसबाट जम्बूनदी प्रवाहित हुन्छ । यसैबाट अत्यन्त उत्तम जाम्बूनद सुवर्ण उत्पन्न हुन्छ । मेरुका पूर्वमा भद्राश्ववर्ष र पश्चिममा केतुमालवर्ष छन् । यसै गरी उत्तर-पूर्वतर्फ चैत्ररथ, दक्षिणतर्फ गन्धमादन, पश्चिमतर्फ वैभ्राज र उत्तरतिर नन्दन नामको वन छ । यसै गरी पूर्व आदि दिशाहरूमा अरुणोद, महभद्र, शीतोद र मानस यी चार सरोवर छन् सिताम्भ र चक्रमुञ्ज आदि मेरुका पूर्व दिशामा केसर- स्थानीय अचल छ ।१-१६।

दक्षिणमा त्रिकुट आदि, पश्चिममा शिखिवास आदि र उत्तर दिशामा शङ्खकूट आदि छन् । सुमेरु पर्वतका माथिल्लो भागमा ब्रह्माको पुरी छ । त्यसको विस्तार चौध हजार योजन छ । ब्रह्मपुरीका चारैतिर सबै दिशामा इन्द्र आदि लोकपालहरूका नगर छन् । यसै ब्रह्मपुरीबाट श्रीविष्णुका चरणकमलदेखि निस्केको गङ्गानदी चन्द्रमण्डललाई सेचन गर्दै स्वर्गलोकबाट तल ओर्लेको छ । पूर्वमा शीता नदी भद्राश्व पर्वतबाट निस्केर एक पर्वतबाट दोस्रो पर्वत हुँदै गएर समुद्रमा मिसिन्छ । यसै गरी अलकानन्दा पनि दक्षिण दिशातर्फ भारतवर्षमा आउँछ र सात भागमा विभक्त भई समुद्रमा मिसिन्छ । चक्षु पश्चिम समुद्रमा गएर खस्छ भने भद्राले उत्तर कुरुवर्ष पार गरेर समुद्रमा खस्छ । माल्यवान् र गन्धमादन पर्वत उत्तर तथा दक्षिण तर्फ नीलाचल र निषध पर्वतसम्म फैलिएका छन् । ती दुवैका बीचमा कर्णिका आकारमा मेरूपर्वत रहेको छ । मर्यादा पर्वतहरूका बाहिरी भागमा रहेका भारत, केतुमाल, भद्राश्व र उत्तरकुरुवर्ष यी लोकपद्मका दलहरू हुन् । जठर र देवकूट यी दुवै मर्यादा पर्वत हुन् । यी उत्तर र दक्षिणतर्फ नील तथा निषध पर्वतसम्म फैलिएका छन् । पूर्व र पशिचममा फैलिएका गन्धमादन र कैलास यी दुई पर्वत असी हजार योजन विस्तृत छन् । पूर्वकै जस्तो मेरुका पश्चिमतिर पनि निषध र पारियात्र नामका दुई मर्यादा पर्वत छन् । ती आफ्नो मूलस्थानदेखि समुद्रको भित्रसम्म पसेका

मेरोः पश्चिमदिग्भागे यथा पूर्वे तथा स्थितौ ।
त्रिशृङ्गो रुधिरश्चैव उत्तरौ वर्षपर्वतौ ।२६।
पूर्वपश्चायतावेतावर्णवान्तर्व्यवस्थितौ ।
जाठराद्याश्च मर्य्यादाशैला मेरोश्चतुर्दिशम् ।२७।
केसरादिषु या द्रौण्यस्तासु सन्ति पुराणि हि ।
लक्ष्मीविष्ण्वग्निसूर्य्यादिदेवानां मुनिसत्तम ।२८।
भौमानां स्वर्गधर्माणां न पापास्तत्र यान्ति च ।
भद्राश्वेऽस्ति हयग्रीवो वराहः केतुमालके ।२९।
भारते कूर्मरूपी च मत्स्यरूपः कुरुष्वपि ।
विश्वरूपेण सर्वत्र पूज्यते भगवान् हरिः ।३०।
किम्पुरुषाद्यष्टसु क्षुद्भीतिशोकादिकं न च ।
चतुर्विंशतिसाहस्रं प्रजा जीवन्त्यनामयाः ।३१।
कृतादिकल्पना नास्ति भौमान्यम्भासि नाम्बुदाः ।
सर्वेष्वेतेषु वर्षेषु सप्त सप्त कुलाचलाः ।३२।
नद्यश्च शतशस्तेभ्यस्तीर्थभूताः प्रजज्ञिरे ।
भारते यानि तीर्थानि तानि तीर्थानि वच्मि ते ।३३।

छन् । उत्तरतर्फ त्रिशृङ्ग सधिर नामका वर्षपर्वत छन् । यी दुवै पूर्व र पश्चिमतर्फ समुद्रका गर्भमा व्यवस्थित छन् । यसै गरी जठर आदि मर्यादापर्वत मेरुका चारैतिर सुशोभित भएका छन् । हे ऋषिप्रवर ! केसरपर्वतका मध्यभागमा जुन श्रेणीहरू छन् तिनमा लक्ष्मी, विष्णु, अग्नि र सूर्य आदि देवताहरूको नगर हुन्छ । यी पर्वत भौम भईकन पनि स्वर्गकै समान हुन्छन् । यिनमा पापात्मा पुरुषले प्रवेश गर्न सक्दैनन् । श्री विष्णु भगवान् भद्राश्ववर्षमा हयग्रीवका रूपमा, केतुमान वर्षमा वराहरूपमा, भारतवर्षमा कूर्मरूपमा र उत्तरकुरुवर्षमा मत्स्यका रूपमा निवास गर्दछन् । भगवान् श्रीहरि विश्वरूपले सर्वत्र पूजित हुन्छन् । किम्पुरुष आदि आठ वर्ष पर्वतमा क्षुधा, भय र शोक आदि केही पनि छैन । तिनमा प्रजाहरू चौबीस हजार वर्षसम्म रोगशोकरहित भएर जीवन व्यतीत गर्दछन् । तिनमा कृत-त्रेता आदि युगहरूको कल्पना पनि हुँदैन । न त्यहाँ कहिल्यै वर्षा नै हुन्छ । तिनमा केवल पार्थिव जल रहेको हुन्छ । यी सबै वर्षहरूमा सातसात कुलाचल पर्वत छन् र तिनबाट निस्केका सयौँ तीर्थरूपी नदीहरू छन् । अब म भारतवर्षमा जेजति तीर्थ छन्, तिनको वर्णन तिम्रा सम्मुख गर्दछु ।१७-३३।

१०९. नवाधिकशततमोऽध्यायः

तीर्थमाहात्म्य

अग्निरुवाच
माहात्म्यं सर्वतीर्थानां वक्ष्ये यद्भुक्तिमुक्तिदम् ।
यस्य हस्तौ च पादौ च मनश्चैव सुसंयतम् ।१।
विद्या तपश्च कीर्तिश्च स तीर्थफलमश्नुते ।
प्रतिग्रहादुपावृत्तोलब्धवांहारो जितेन्द्रियः ।२।
निष्पापस्तीर्थयात्री तु सर्वयज्ञफलं लभेत् ।
अनुपोष्य त्रिरात्राणि तीर्थान्यनभिगम्य च ।३।
अदत्त्वा काञ्चनं गाश्च दरिद्रो नाम जायते ।
तीर्थाभिगमने तत्स्याद्यज्ञेनाप्यते फलम् ।४।
पुष्करं परमं तीर्थं सान्निध्यं हि त्रिसन्ध्यकम् ।
दशकोटिसहस्राणि तीर्थानां विप्र पुष्करे ।५।
ब्रह्मा सह सुरैरास्ते मुनयः सर्वमिच्छवः ।
देवाः प्राप्ताः सिद्धिमत्र स्नाताः पितृसुरार्च्चकाः ।६।
अश्वमेधफलं प्राप्य ब्रह्मलोकं प्रयान्ति ते ।

अग्निदेव भन्दछन्— अब म सबै तीर्थको माहात्म्य बताउँछु र तिनले भोग एवं मोक्ष प्रदान गर्दछन् । जसका हात, गोडा र मन उचित किसिमले संयममा रहेका छन् र जसमा विद्या, तपस्या र उत्तम कीर्ति छ, उही नै तीर्थका पुण्यफलको भागी हुन्छ । जसले प्रतिग्रह छोडिसकेको छ, नियमित भोजन गर्छ र इन्द्रियहरूलाई नियन्त्रणमा राख्छ त्यस्तो पापरहित तीर्थयात्रीले सबै यज्ञको फल पाउँछ । जसले कहिल्यै तीन रातसम्मको उपवास गरेन, तीर्थको यात्रा गरेन र सुवर्ण एवं गौदान गरेन त्यो दरिद्र हुन्छ । यज्ञले जुन फल प्राप्त हुन्छ त्यही नै तीर्थ सेवनले प्राप्त हुन्छ । हे ब्रह्मन् ! पुष्कर श्रेष्ठ तीर्थ हो । त्यहाँ तीनै सन्ध्याकालमा हजार करोड तीर्थको निवास हुन्छ । पुष्करमा सम्पूर्ण देवताहरूका साथ ब्रह्माले निवास गरेका हुन्छन् । सबै कुरो खोज्ने मुनि र देवताहरूले त्यहाँ स्नान गरेर सिद्धि प्राप्त गरिसकेका छन् । पुष्करमा देवता र पितृहरूको पूजा गर्ने मानिस अश्वमेध यज्ञको फल प्राप्त गरी

कार्त्तिक्यामन्नदानाच्च निर्म्मलो ब्रह्मलोकभाक् ।७।
पुष्करे दुष्करं गन्तुं पुष्करे दुष्करं तपः ।
दुष्करं पुष्करे दानं वस्तुं चैव सुदुष्करम् ।८।
तत्र वासाज्जपाच्छ्राद्धात्कुलानां शतमुद्धरेत् ।
जम्बूमार्गश्च तत्रैव तीर्थं तण्डुलिकाश्रमम् ।९।
कर्णाश्रमं कोटितीर्थं नर्म्मदा चार्बुदं परम् ।
तीर्थं चर्म्मण्वती सिन्धुः सोमनाथः प्रभासकम् ।१०।
सरस्वत्यब्धिसङ्गश्च सागरं तीर्थमुत्तमम् ।
पिण्डारकं द्वारका च गोमती सर्वसिद्धिदा ।११।
भूमितीर्थं ब्रह्मतुङ्गं तीर्थं पञ्चनदं परम् ।
भीमतीर्थं गिरीन्द्रं च देविका पापनाशिनी ।१२।
तीर्थं विनशनं पुण्यं नागोद्भेदमघार्दनम् ।
तीर्थं कुमारकोटिश्च सर्वदानीरितानि च ।१३।
कुरुक्षेत्रं गमिष्यामि कुरुक्षेत्रे वसाम्यहम् ।
य एवं सततं ब्रूयात्सोऽमलः प्राप्नुयादिवम् ।१४।
तत्र विष्ण्वादयो देवास्तत्र वासाद्धरिं व्रजेत् ।
सरस्वत्यां सन्निहित्यां स्नानकृद् ब्रह्मलोकभाक् ।१५।
पांसवोऽपि कुरुक्षेत्रे नयन्ति परमां गतिम् ।
धर्म्मतीर्थं सुवर्णाख्यं गङ्गाद्वारमनुत्तमम् ।१६।
तीर्थं कनखलं पुण्यं भद्रकर्णह्रदं तथा ।
गङ्गासरस्वतीसङ्गं ब्रह्मावर्त्तमघार्दनम् ।१७।
भृगुतुङ्गं च कुब्जाम्रं गङ्गोद्भेदमघान्तकम् ।
वाराणसी वरं तीर्थमविमुक्तमनुत्तमम् ।१८।
कपालमोचनं तीर्थं तीर्थराजं प्रयागकम् ।
गोमतीगङ्गयोः सङ्गं गङ्गा सर्वत्र नाकदा ।१९।
तीर्थं राजगृहं पुण्यं शालग्राममघान्तकम् ।
वटेशं वामनं तीर्थं कालिकासङ्गमुत्तमम् ।२०।
लौहित्यं करतोयाख्यं शोणं चाथर्षभं परम् ।
श्रीपर्वतं कोल्वगिरिं सह्याद्रिर्म्मलयो गिरिः ।२१।
गोदावरी तुङ्गभद्रा कावेरी वरदा नदी ।
तापी पयोष्णी रेवा च दण्डकारण्यमुत्तमम् ।२२।
कालञ्जरं मुञ्जवटं तीर्थं सूर्पारकं परम् ।
मन्दाकिनी चित्रकूटं शृङ्गवेरपुरं परम् ।२३।
अवन्ती परमं तीर्थमयोध्या पापनाशिनी ।
नैमिषं परमं तीर्थं भुक्तिमुक्तिप्रदायकम् ।२४।

ब्रह्मलोकमा पुग्दछ। जसले कार्त्तिक पूर्णिमामा त्यहाँ अन्नदान गर्दछन् उनीहरू शुद्धचित्त भएर ब्रह्मलोकका भागीदार हुन्छन्। पुष्करमा पुग्न कठिन छ, त्यहाँ निवास गर्ने सौभाग्य प्राप्त गर्नु त झनै दुष्कर छ। त्यहाँ निवास, जप र श्राद्ध गर्‍यो भने मानिसले आफ्ना सय पुस्ता उद्धार गर्दछ। त्यहीं नै जम्बूमार्ग र तण्डुलिकाश्रम तीर्थ पनि छन्। कण्वाश्रम, कोटितीर्थ, नर्मदा र अर्बुद पनि उत्तम तीर्थ हुन्। चर्मण्वती, सिन्धु, सोमनाथ, प्रभास, सरस्वती-समुद्र सङ्गम र सागर पनि श्रेष्ठ तीर्थ हुन्। पिण्डारक क्षेत्र, द्वारका र गोमती यी सबै खालका सिद्धि प्रदान गर्ने तीर्थहरू हुन्। भूमितीर्थ, ब्रह्मतुङ्गतीर्थ र पञ्चनद पनि उत्तम तीर्थ नै हुन्। भीमतीर्थ, गिरीन्दतीर्थ, पापनाशिनी देविका नदी पवित्र विनशनतीर्थ, नागोद्भेद, अघार्दन र कुमारकोटि तीर्थ यी सबैथोक प्रदान गर्ने हुन् भनिएको छ। म कुरुक्षेत्र जान्छु, कुरुक्षेत्रमा निवास गर्छु भनेरसधैं जसले भन्दछ त्यो शुद्ध हुन्छ र त्यसलाई स्वर्गलोक प्राप्त हुन्छ। विष्णु आदि देवता त्यहीं रहन्छन्। त्यहाँ निवास गर्नाले मानिस श्रीहरिका धाममा पुग्छ। कुरुक्षेत्र नजिकै सरस्वती नदी बगेको छ। त्यसमा स्नान गर्ने मानिस ब्रह्मलोकको भागी हुन्छ कुरुक्षेत्रको धुलो पनि परम गति प्राप्त गराउन सक्ने छ। धर्मतीर्थ, सुवर्णतीर्थ, परम उत्तम गङ्गाद्वार, पवित्र तीर्थ कनखल, भद्रकर्ण ह्रद, गङ्गा सरस्वती सङ्गम र ब्रह्मावर्त यी पापनाशक तीर्थ हुन्। भृगुतुङ्ग, कुब्जाम्र तथा गङ्गोद्भेद यी पनि पापलाई पर भगाउने हुन्। वाराणसी सर्वोत्तम तीर्थ हो। त्यसलाई श्रेष्ठ अविमुक्त क्षेत्र पनि भनिन्छ। कपालमोचन तीर्थ पनि उत्तम छ, प्रयाग त सबै तीर्थको राजा नै हो। गोमती र गङ्गाको सङ्गम पनि पावन तीर्थ हो। गङ्गा जहाँसुकै भए पनि सर्वत्र स्वर्गलोक प्राप्त गराउने हुन्छ। राजगृह पवित्र तीर्थ हो। शालग्राम तीर्थ पापनाश गराउने हो। वटेश, वामन र कालिका सङ्गम पनि उत्तम छन्। लौहित्य तीर्थ, करतोया नदी, शोणभद्र र ऋषभतीर्थ पनि श्रेष्ठ छन्। श्रीपर्वत, कालाचल, सह्यगिरी, मलयगिरी, गोदावरी, तुङ्गभद्रा, वरदायिनी, काबेरी नदी, तापी, पयोष्णी, रेवा र दण्डकारण्य पनि उत्तम तीर्थ हुन्। कालञ्जर, मुञ्जवट, शूर्पारक, मन्दाकिनी, चित्रकूट र शृङ्गवेरपुर श्रेष्ठ तीर्थ हुन्। अवन्ती, पनि उत्तम तीर्थ हो। अयोध्या सबै पाप नाश गराउने तीर्थ हो। नैमिषारण्य परम पवित्र तीर्थ हो। त्यसले भोग र मोक्ष प्रदान गराउँछ।१-२४।

११०. दशाधिकशततमोऽध्यायः

गङ्गामाहात्म्य

अग्निरुवाच

गङ्गामाहात्म्यमाख्यास्ये सेव्या सा भुक्तिमुक्तिदा ।
येषां मध्ये याति गङ्गा ते देशाः पावना वराः ।१।
गतिर्गङ्गा तु भूतानां गतिमन्वेषतां सदा ।
गङ्गा तारयते चोभौ वंशौ नित्यं हि सेविता ।२।
चान्द्रायणसहस्राच्च गङ्गाम्भःपानमुत्तमम् ।
गङ्गां मासं तु संसेव्य सर्वयज्ञफलं लभेत् ।३।
सकलाघहरी देवी स्वर्गलोकप्रदायिनी ।
यावदस्थि च गङ्गायां तावत्स्वर्गे स तिष्टति ।४।
अन्धादयस्तु तां सेव्य देवैर्गच्छन्ति तुल्यताम् ।
गङ्गातीर्थसमुद्भूतमृद्धारी सोऽघहार्कवत् ।५।
दर्शनात्स्पर्शनात्पानात्तथा गङ्गेतिकीर्त्तनात् ।
पुनाति पुण्यपुरुषाञ्छतशोऽथ सहस्रशः ।६।

अग्निदेव भन्दछन्— अब म गङ्गाको महिमा बताउँछु। गङ्गाको सेवन सधैं गर्नुपर्छ। त्यसले भोग र मोक्ष प्रदान गर्दछ। जसका बीचबाट गङ्गा बग्दछ ती सबै देश श्रेष्ठ र पवित्र हुन्छन्। उत्तम गति खोज्ने प्राणीका लागि सर्वोत्तम गति गङ्गा नै हो। गङ्गा सेवन गर्दा माता एवं पिता दुवै तर्फका फलको उद्धार हुन्छ। एक हजार चान्द्रायण व्रतको तुलनामा गङ्गाको जल पिउनु उत्तम हुन्छ। एक महिना गङ्गा सेवन गर्ने मानिसले सबै यज्ञको फल पाउँछ। गङ्गा सबै पाप विनाश गर्ने र स्वर्गलोक प्राप्त गराउने देवीसमान हुन्। जहिलेसम्म गङ्गाका पानीमा हड्डी परेको हुन्छ त्यस बेलासम्म त्यस जीवले स्वर्गमा निवास गर्दछ। अन्धा अपाङ्ग पनि गङ्गाको सेवन गरेर देवतातुल्य हुने गर्छन्। गङ्गातीर्थबाट निस्केको माटो धारण गर्ने मानिस सूर्यजस्तै पापनाशक हुन्छ। जुन मानिसले गङ्गाको दर्शन, स्पर्श, जलपान अथवा गङ्गा भन्ने नामको कीर्तन गर्छ उसले आफ्ना सयौं वा हजारौं पुस्ताका मानिसहरूलाई पवित्र गराउँछ।१-६।

१११. एकादशाधिकशततमोऽध्यायः

प्रयागमाहात्म्य

अग्निरुवाच

वक्ष्ये प्रयागमाहात्म्यं भुक्तिमुक्तिप्रदं परम् ।
प्रयागे ब्रह्मविष्ण्वाद्या देवा मुनिवराः स्थिताः ।१।
सरितः सागराः सिद्धा गन्धर्वाप्सरसस्तथा ।
तत्र त्रीण्यग्निकुण्डानि तेषां मध्ये तु जाह्नवी ।२।
वेगेन समतिक्रान्ता सर्वतीर्थपुरस्कृता ।
तपनस्य सुता तत्र त्रिषु लोकेषु विश्रुता ।३।
गङ्गायमुनयोर्मध्यं पृथिव्या जघनं स्मृतम् ।
प्रयागं जघनस्यान्तरूपस्थमृषयो विदुः ।४।
प्रयागं सप्रतिष्ठानं कम्बलाश्वतरावुभौ ।
तीर्थं भोगवती चैव वेदी प्रोक्ता प्रजापतेः ।५।
तत्र वेदाश्च यज्ञाश्च मूर्तिमन्तः प्रयागके ।

अग्निदेव भन्दछन्— हे ब्रह्मन् ! अब म प्रयागको माहात्म्य भन्दछु र यसले भोग एवं मुक्ति प्रदान गर्छ र यो उत्तम छ। प्रयागमा ब्रह्मा—विष्णु आदि देवता र ढूलढूला विशिष्ट मुनिहरूले निवास गर्दछन्। नदी, समुद्र, सिद्ध, गन्धर्व र अप्सराहरू पनि त्यस तीर्थमा निवास गर्दछन्। प्रयागमा तीन अग्नि कुण्ड छन्। तिनीहरूका बीचमा सबै तीर्थहरूलाई लिएर अत्यन्त वेगका साथ गङ्गा बग्दछ। त्यहाँ त्रिभुवन विख्यात सूर्यको कन्या यमुना पनि छिन्। गङ्गा र यमुनाको मध्यभागलाई पृथ्वीको जघन मानिएको छ र प्रयागलाई ऋषिहरूले जघनका बीचको उपस्थ भाग हो भनेका छन्। प्रतिष्ठान-सहरसहित प्रयाग, कम्बल र अश्वतर नाग तथा भोगवती तीर्थ यी ब्रह्माजीका यज्ञका वेदी हुन् भनिएको छ। प्रयागमा वेद र यज्ञ मूर्तिमान भएर रहेका छन्। त्यस तीर्थको स्तुति र नाम-कीर्तनले तथा त्यहाँको माटो स्पर्श गर्नाले मात्रै

स्तवनादस्य तीर्थस्य नामसङ्कीर्त्तनादपि ।६।
मृत्तिकालम्भनाद्वापि सर्वपापैः प्रमुच्यते ।
प्रयागे सङ्गमे दानं श्राद्धं जप्यादि चाक्षयम् ।७।
न वेदवचनाद्विप्र न लोकवचनादपि ।
मतिरुत्क्रमणीया ऽन्ते प्रयागे मरणं प्रति ।८।
दशतीर्थसहस्राणि षष्टिकोट्यस्तथापराः ।
तेषां सान्निध्यमत्रैव प्रयागं परमं ततः ।९।
वासुकेर्भोगवत्यत्र हंसप्रपतनं परम् ।
गवां कोटिप्रदानाच्चत्र्यहं स्नानस्य तत्फलम् ।१०।
प्रयागे माघमासे तु एवमाहुर्म्मनीषिणः ।
सर्वत्र सुलभा गङ्गा त्रिषु स्थानेषु दुर्लभा ।११।
गङ्गाद्वारे प्रयागे च गङ्गासागरसङ्गमे ।
अत्र दानादिवं याति राजेन्द्रो जायतो ऽत्र च ।१२।
वटमूले सङ्गमादौ मृतो विष्णुपुरीं व्रजेत् ।
उर्वशीपुलिनं रम्यं तीर्थं सन्ध्यावटस्तथा ।१३।
कोटितीर्थं चाश्वमेधं गङ्गायमुनमुत्तमम् ।
मानसं रजसा हीनं तीर्थं वासरकं परम् ।१४।

पनि मानिस सबै पापबाट मुक्त हुन्छ। प्रयागमा गङ्गा र यमुनाका सङ्गमा गरिएको दान, श्राद्ध र जप आदि अक्षय हुने गर्दछन्। हे ब्रह्मन् ! वेद वा लोक जोसुकैले भने पनि अन्त्य कालमा प्रयाग तीर्थमा गई मर्ने विचार छोड्नु हुँदैन । प्रयागमा साठी करोड, दस हजार तीर्थको निवास छ । त्यसैले त्यो सबैभन्दा श्रेष्ठ हो । वासुकी नागको स्थान, भोगवती तीर्थ र हंसप्रपतन यी उत्तम तीर्थ हुन् । कोटि गोदानले जुन फल पाइन्छ, त्यही फल त्यहाँ तीन दिनसम्म स्नान मात्र गर्दा पाइन्छ । मनीषी पुरुषहरू-प्रयागमा माघ महिनामा गङ्गा सर्वत्र सुलभ छ तर गङ्गाद्वार, प्रयाग र गङ्गासागरको सङ्गम यी तीनै स्थान पाउन अति कठिन छ भन्दछन् । प्रयागमा दान गर्ने मानिस स्वर्ग जान्छन् र यस लोकमा आउँदा ऊ राजाहरूको पनि राजा हुन्छ । अक्षयवटका फेद छेउमा र सङ्गम आदिमा मृत्यु प्राप्त गर्ने मानिस भगवान् विष्णुका धाममा जान्छ । प्रयागमा अत्यन्त रमणीय उर्वशी-पुलिन, सन्ध्यावट, कोटितीर्थ, दशाश्वमेध घाट, गङ्गा-यमुनाको उत्तम सङ्गम, रजोहीन मानसतीर्थ र वासरक तीर्थ यी सबै परम उत्तम छन् ।१-१४।

११२. द्वादशाधिकशततमो ऽध्यायः

वाराणसीमाहात्म्य

अग्निरुवाच
वाराणसी परं तीर्थं गौर्य्यै प्राह महेश्वरः ।
भुक्तिमुक्तिप्रदं पुण्यं वसतां गृणतां हरि ।१।
रुद्र उवाच
गौरी क्षेत्रं न मुक्तं वै अविमुक्तं ततः स्मृतम् ।
जप्तं तप्तं हुतं दत्तमविमुक्ते किलाक्षयम् ।२।
अश्मना चरणौ हत्वा वसेत्काशीं न हि त्यजेत् ।
हरिश्चन्द्रं परं गुह्यं गुह्यमाम्रातकेश्वरम् ।३।
जप्येश्वरं परं गुह्यं गुह्यं श्रीपर्वतं तथा ।
महालयं परं गुह्यं भृगुश्चण्डेश्वरं तथा ।४।
केदारं परमं गुह्यमष्टौ सन्त्यविमुक्तके ।

अग्निदेवले भने— वाराणसी उत्तम तीर्थ हो । त्यहाँ जसले श्रीहरिको नाम लिँदै निवास गर्दछन् उनीहरू सबैलाई त्यसले भोग र मोक्ष प्रदान गर्दछ । श्रीमहादेवले पार्वतीलाई त्यसको माहात्म्य यसरी बताएका छन् ।१।

महादेवले भने— हे गौरी ! यस क्षेत्रलाई मैले कहिल्यै पनि छोडेको छैनँ, त्यसैले यो क्षेत्र अविमुक्त पनि भनिन्छ । यस अविमुक्त क्षेत्रमा गरिएको जप, तप, होम र दान अक्षय हुन्छ । ढुङ्गाले किचेर दुवै खुट्टा भाँचिराखौँ तर काशी कहिल्यै नछोडौँ । हरिश्चन्द्र, आम्रातकेश्वर, जप्येश्वर, श्रीपर्वत, महालय, भृगु, चण्डेश्वर र केदार तीर्थ यी आठ अविमुक्त क्षेत्रमा परम गोपनीय तीर्थ छन् । त्यो दुई योजन लामो र आधा योजन फराकिलो छ । वरुणा र नासी वा असी यी दुई नदीका बीचमा

गुह्यानां परमं गुह्यमविमुक्तं परं मम ।५।
द्वियोजनं तु पूर्वं स्यादोजनार्द्धं तदन्यथा ।
वरणा च नदी चासीन्मध्ये वाराणसी तयोः ।६।
अत्र स्नानं जपो होमो मरणं देवपूजनम् ।
श्राद्धं दानं निवासश्च यद्यत्स्याद्भुक्तिमुक्तिदम् ।७।

यो वाराणसीपुरी रहेको छ । यसमा स्नान, जप, होम, मृत्यु, देवपूजन, श्राद्ध, दान र निवास जेजति हुन्छ गरेपछि त्यसले भोग र मोक्ष प्रदान गर्दछ ।२- ७।

११३. त्रयोदशाधिकशततमोऽध्यायः

नर्मदादिमाहात्म्य

अग्निरुवाच
नर्मदादिकमाहात्म्यं वक्ष्येहं नर्मदां पराम् ।
सद्यः पुनाति गाङ्गेयं दर्शनाद्वारि नार्म्मदम् ।१।
विस्तराद्योजनशतं योजनद्वयमायता ।
षष्टिस्तीर्थसहस्राणि षष्टिकोट्यस्तथापराः ।२।
पर्वतस्य समन्तातु तिष्ठन्त्यमरकण्टके ।
कावेरीसङ्गमं पुण्यं श्रीपर्वतमतः शृणु ।३।
गौरी श्रीरूपिणी तेपे तपस्तामब्रवीद्धरिः ।
अवाप्स्यसि त्वमध्यात्मनाम्ना श्रीपर्वतस्तव ।४।
समन्ताद्योजनशतं महापुण्यं भविष्यति ।
अत्र दानं तपो जप्यं श्राद्धं सर्वमथाक्षयम् ।५।
मरणं शिवलोकाय सर्वदं तीर्थमुत्तमम् ।
हरोऽत्र क्रीडते देव्या हिरण्यकशिपुस्तथा ।
तपस्तप्त्वा बली चाभून्मुनयः सिद्धिमाप्नुवन् ।६।

अग्निदेव भन्दछन्— अब म नर्मदा आदिको माहात्म्य बताउँछु । नर्मदा क्षेत्र तीर्थ हो । गङ्गाको जल स्पर्श गर्दा मानिस तत्काल पवित्र हुन्छ तर नर्मदाको जल देख्ने बित्तिकै नै त्यसले पवित्र गराउँछ । नर्मदा तीर्थ सय योजन लामो र दुई योजन फराकिलो छ । अमर कण्टक पर्वतका चारैतिर नर्मदा सम्बन्धी साठी करोड, साठी हजार तीर्थ छन् । कावेरी सङ्गम तीर्थ आदि पवित्र छ । अब श्रीपर्वतको कर्णन सुन । कुनै एक समयमा गौरीले श्रीदेवीको रूप लिएर ठूलो तपस्या गरिन् । त्यसबाट प्रसन्न भई श्रीहरिले उनलाई वरदान दिँदै— हे देवी ! तिमीलाई अध्यात्म ज्ञान प्राप्त हुनेछ र तिम्रो यो पर्वत श्रीपर्वत भन्ने नामले प्रसिद्ध हुनेछ, यसका चारैतिर सय योजनसम्मको स्थान अत्यन्त पवित्र हुनेछ भने । यहाँ गरिएको दान, तप, जप तथा श्राद्ध सबै अक्षय हुन्छन् । यस उत्तम तीर्थले सबैथोक दिन्छ । यहाँ भएका मृत्युले शिवलोक प्राप्त गराउँछ । यस पर्वतमा भगवान् शिव सधैं पार्वतीदेवीसित क्रीडा गर्दछन् र यहीं तपस्या गरेर हिरण्यकशिपु अत्यन्त बलवान् भएको थियो । यहाँ तपस्या गरेर मुनिहरूले पनि सिद्धि प्राप्त गरेका छन् ।१-६।

११४. चतुर्दशाधिकशततमोऽध्यायः

गयामाहात्म्य

अग्निरुवाच
गयामाहात्म्यमाख्यास्ये गयातीर्थोत्तमोत्तमम् ।
गयासुरस्तपस्तेपे तत्तपस्तापिभिः सुरैः ।१।
उक्तः क्षीराब्धिगो विष्णुः पालयास्मान्गयासुरात् ।

अग्निदेव भन्दछन्— अब म नर्मदा गयाको माहात्म्य वर्णन गर्दछु । गया श्रेष्ठ तीर्थहरूमध्येको सर्वोत्तम छ । कुनै एक समयको कुरो हो, एउटा गय नामको असुरले निकै ठूलो तपस्या गर्न थालेछ । त्यसबाट देवताहरू सन्तप्त भए र क्षीर सागरमा शयन गरेका भगवान् विष्णुका नजिक गएर— हे

तथेत्युक्त्वा हरिर्दैत्यं वरं ब्रूहीति चाब्रवीत् ।२।
दैत्योऽब्रवीत्पवित्रोऽहं भवेयं सर्वतीर्थतः ।
तथेत्युक्त्वा गतो विष्णुर्दैत्यं दृष्ट्वा न वा हरिम् ।३।
गताः शून्या मही स्वर्गे देवा ब्रह्मादयः सुराः ।
गता ऊचुर्हरिं देवाः शून्या भूस्त्रिदिवं हरे ।४।
दैत्यस्य दर्शनादेव ब्रह्माणं चाब्रवीद्धरिः ।
यागार्थं दैत्यदेहं त्वं प्रार्थय त्रिदशैः सह ।५।
तच्छ्रुत्वा ससुरो ब्रह्मा गयासुरमथाब्रवीत् ।
अतिथिः प्रार्थयामि त्वां देहं यागाय पावनम् ।६।
गयासुर स्तथेत्युक्त्वापतत्तस्य शिरस्यथ ।
यागं चकार चलिते देहि पूर्णाहुतिं विभुः ।७।
पुनर्ब्रह्माब्रवीद्विष्णुं पूर्णकालेऽसुरोऽचलत् ।
विष्णुर्धर्ममथाहूय प्राह देवमयीं शिलाम् ।८।
धारयध्वं सुराः सर्वे यस्यामुपरि सन्तु ते ।
गदाधरो मदीयाथ मूर्त्तिः स्थास्यति सामरैः ।९।
धर्मः शिलां देवमयीं तच्छ्रुत्वाऽधारयत्पराम् ।
या धर्माद्धर्मवत्यां च जाता धर्मव्रता सुता ।१०।
मरीचिर्ब्रह्मणः पुत्रस्तामुवाह तपोन्विताम् ।
यथा हरिः श्रिया रेमे गौर्य्या शम्भुस्तथा तया ।११।
कुशपुष्पाद्यरण्याच्च आनीयातिश्रमान्वितः ।
भुक्त्वा धर्मव्रतां प्राह पादसंवाहनं कुरु ।१२।
विश्रान्तस्य मुनेः पादौ तथेत्युक्त्वा प्रियाकरोत् ।
एतस्मिन्नन्तरे ब्रह्मा मुनौ सुप्ते तथाऽऽगतः ।१३।
धर्मव्रताचिन्तयच्च किं ब्रह्माणं समर्च्चये ।
पादसंवाहनं कुर्वे ब्रह्मा पूज्यो गुरोर्गुरुः ।१४।
विचिन्त्य पूजयामास ब्रह्माणं चार्हणादिभिः ।
मरीचिस्तामपश्यत्स शशापोक्तिव्यतिक्रमात् ।१५।
शिला भविष्यसि क्रोधाद्धर्मव्रताऽब्रवीच्च तम् ।

भगवान् ! तिमी गयासुरबाट हाम्रो रक्षा गर भने । तथास्तु भनेर भगवान् श्रीहरि गयासुरका नजिक गएर कुनै वर माग भने । त्यसो भनेपछि दैत्यले– हे भगवान् ! म सबै तीर्थभन्दा ठूलो हुन पाउँ भनी माग्यो भगवान्ले– ल त्यस्तै होस् भनेर भगवान् त्यहाँबाट हिँडे । त्यसपछि त सबै मानिस त्यस दैत्यको दर्शन गर्दै भगवान् नजिक पुग्दै मर्न थाले । पृथ्वी सुनसान भयो । स्वर्गवासी देवता र ब्रह्मा आदि प्रधान देवताहरू श्रीहरिकहाँ गए– हे देव ! पृथ्वी र स्वर्ग शून्य भइसके । दैत्यको दर्शन गर्ने वित्तिकै सबै जना तिम्रा धाममा जान थाले भने । त्यस्तो कुरो सुनेर श्रीहरिले ब्रह्मासित– तिमी सबै देवताहरूसँग गयासुरकहाँ जाऊ र यज्ञभूमि बनाउनका लागि उसको शरीर माग भने । भगवान्को यस्तो आदेश सुनेपछि देवताहरूसँगै ब्रह्मा गयासुरकहाँ गए र उससित हे दैत्य प्रवर ! म तिम्रो ढोकामा अतिथि बनेर आएको छु र तिम्रो पवित्र शरीर यज्ञका लागि माग्दछु भने । तथास्तु भन्दै गयासुर पृथ्वीमा पल्टियो ब्रह्माले उसका शिरमा यज्ञ आरम्भ गरे । जब पूर्णाहुतिको समय भयो अनि गयासुरको शरीर चक्चकाउन थाल्यो । यस्तो देखेपछि ब्रह्माले प्रभु श्रीहरि विष्णुसित– हे भगवान् ! गयासुर पूर्णाहुतिका समयमा छट्पटाउन थाल्यो भने । त्यसपछि श्रीविष्णुले धर्मलाई बोलाएर– तिमी यस असुरका शरीरमा देवमयी शिला राखिदेऊ । सबै देवता त्यसमाथि बसून् अनि देवताहरूका साथै मेरो गदाधर मूर्ति पनि त्यसैमाथि विराजमान हुनेछ भने । त्यो सुनेर धर्मले देवमयी विशाल शिला त्यस दैत्यका शरीरमा राखिदिए । पत्नी धर्मवतीका गर्भबाट धर्मकी एक कन्या उत्पन्न भएकी थिइन् र तिनको नाम धर्मव्रता थियो । उनी अत्यन्त तपस्विनी थिइन् । ब्रह्माका पुत्र महर्षि मरीचिले उनीसँग विवाह गरे । जसरी भगवान् विष्णु लक्ष्मीसँग र शिव पार्वतीसँग विहार गर्दछन् उसैगरी महर्षि मरीचि पनि धर्मव्रतासित रमण गर्न थाले । एक दिनको कुरो हो, महर्षि जङ्गलबाट कुश र पुष्प आदि लिएर आएकाले अति थाकेका थिए । उनले भोजन गरेर धर्मव्रतासँग प्रिये ! मेरा गोडा मिचिदेऊ भने । हस् त राम्रै हुन्छ भन्दै ती प्रिया धर्मव्रता थाकेर लखतरान भएका पतिका गोडा मिचिदिन थालिन् । मुनि सुतिसकेका थिए । त्यसै बीच त्यहाँ ब्रह्माजी आए । धर्मव्रतालेे– अब म ब्रह्माको पूजनमा लागूँ कि यी मुनिका चरणको सेवा नै गरिरहूँ भन्ने सोचिन् । फेरि ब्रह्मा त गुरुका पनि गुरु नै हुन्, मेरा पतिका पनि पूज्य हुन्, त्यसैले उनको पूजा गर्नु नै उचित् हुन्छ भन्ने विचार गरिन् । यस्तै विचार गर्दै उनी पूजन सामग्री लिएर ब्रह्माको पूजामा लागिन् । निद्रा खुल्दा मरीचि ऋषिले धर्मव्रतालाई आफ्ना

पादाभ्यङ्गं परित्यज्य त्वद्गुरुः पूजितो मया ।१६।
अदोषाहं यतस्त्वं हि शापं प्राप्स्यसि शङ्करात् ।
धर्मव्रता पृथक् शापं धारयित्वाग्निमध्यगात् ।१७।
तपश्चचार वर्षाणां सहस्राण्ययुतानि च ।
ततो विष्णवादयो देवा वरं ब्रूहीति चाब्रुवन् ।१८।
धर्मव्रताऽब्रवीद्देवाञ्छापं निवर्त्तयन्तु मे ।
देवा ऊचुः
दत्तो मरीचिना शापो भविष्यति न चान्यथा ।१९।
शिला पवित्रा देवाङ्घ्रिलक्षिता त्वं भविष्यसि ।
देवव्रता देवशिला सर्वदेवादिरूपिणी ।२०।
सर्वदेवमयी पुण्या निश्चला यासुरस्य हि ।
देवव्रतोवाच
यदि तुष्टाः स्थ मे सर्वे मयि तिष्ठन्तु सर्वदा ।२१।
ब्रह्मा विष्णुश्च रुद्राद्या गौरीलक्ष्मीमुखाः सुराः ।
अग्निरुवाच
देवव्रतावचः श्रुत्वा तथेत्युक्त्वा दिवं गताः ।२२।
सा धर्मेणासुरस्यास्य धृता देवमयी शिला ।
सशिलश्चलितो दैत्यः स्थिता रुद्रादयस्ततः ।२३।
सदेवश्चलितो दैत्यस्ततो देवैः प्रसादितः ।
क्षीराब्धिगो हरिः प्रादात्स्वमूर्त्तिं श्रीगदाधरम् ।२४।
गच्छन्तु भोः स्वयं यास्ये मूर्त्या वै देवगम्यया ।
स्थितो गदाधरो देवो व्यक्ताव्यक्तोभयात्मकः ।२५।
निश्चलार्थं स्वयं देवः स्थित आदिगदाधरः ।
गदो नामासुरो दैत्यः स हतो विष्णुना पुरा ।२६।
तदास्थिनिर्मिता चाद्या गदा या विश्वकर्मणा ।
आद्यया गदया हेतिप्रमुखा राक्षसा हताः ।२७।
गदाधरेण विधिवत्तस्मादादिगदाधरः ।
देवमय्यां शिलायां च स्थिते चादिगदाधरे ।२८।

छेउमा देखेनन्, अनि आज्ञा उल्लङ्घन गरेको अपराधमा शाप दिँदै— तिमी ढुङ्गो होऊ भने । यस्तो सुनेर धर्मव्रता रिसाइन र— हे मुनि ! गोडा मिच्न छोडेर मैले तिम्रा पूज्य पिताको पूजा गरेकी हुनाले म सर्वथा निर्दोष छु । यस्ता वेलामा पनि तिमीले मलाई शाप दियौ । त्यसैले तिमीलाई पनि भगवान् शिवले शाप दिऊन् भन्दै धर्मव्रताले शापलाई पृथक् राखिन् र आफू अग्निमा पसेर त्यहाँ नै हजारैं वर्षसम्म तपस्या गर्न लागिन् । त्यसबाट प्रशन्न भएर श्रीविष्णु आदि देवताहरूले— त वरदान माग भने । धर्मव्रताले देवताहरूसित— तिमीहरू मेरो शाप हटाइदेओ भनिन् ।१-१८।

देवताहरूले भने— हे शुभा ! महर्षि मरीचिले दिएको शाप अन्यथा हुन सक्दैन । तिमी देवताहरूका चरण चिह्न अङ्कित परम पवित्र शिला हुनेछ्यौ । गयासुरको शरीर स्थिर गराएर राख्नका लागि तिमीले शिलाको रूप धारण गर्नु पर्नेछ । त्यस बखत तिमी देवव्रता, देवशिला, सर्वदेवस्वरूपा, सर्वतीर्थमी र पुण्यशिला हुनेछ्यौ ।१९-२०।

देवव्रताले भनिन्— हे देवताहरू हो ! यदि तिमीहरू मसित प्रसन्न भएका छौ भने शिला भइसकेपछि ममाथि ब्रह्मा, विष्णु र रुद्र आदि देवता तथा गौरी, लक्ष्मी आदि देवीहरू सधैं विराजमान रहून् ।२१।

अग्निदेवले भने— देवव्रताको कुरो सुनेर सबै देवताहरू तथास्तु भन्दै स्वर्गतिर लागे । त्यही देवमयी शिला नै धर्मले गयासुरका शरीरमाथि राखेका हुन् । तर ऊ शिला सहितै हल्लिन थाल्यो । यस्तो देखेपछि रुद्र आदि देवताहरू पनि त्यसै शिलामाथि गएर बसे । त्यसपछि ऊ देवताहरूलाई पनि लिएरै हल्लिन मच्चिन थाल्यो । त्यसपछि देवताहरूले क्षीर सागरमा सुतेका भगवान् विष्णुलाई प्रसन्न गराए । श्रीहरिले उनीहरूलाई आफ्नो गदाधर मूर्ति प्रदान गरे र हे देवताहरू हो ! तिमीहरू हिँड ! यस देवगम्य मूर्तिले नै म स्वयं त्यहाँ उपस्थित हुन्छु भने । यस किसिमले त्यस दैत्यको शरीर स्थिर राख्नका लागि व्यक्ताव्यक्त उभयस्वरूप साक्षात् गदाधारी भगवान् विष्णु त्यहाँ स्थित भए । उनी आदि गदाधरका नामले त्यस तीर्थमा विराजमान छन् । उहिले नै 'गद' नामले प्रसिद्ध एउटा भयङ्कर असुर थियो । त्यसलाई श्रीविष्णुले मारे र त्यसका हड्डीबाट विश्वकर्माले गदा निर्माण गरे । त्यो नै आदि गदा हो । त्यस आदि गदाले नै गदाधरले हेति आदि नाम गरेका राक्षसहरूको वध गरे । त्यसैले उनी आदि गदाधर नामले प्रसिद्ध भए । पूर्वोक्त देवमयी शिलामा आदि गदाधर बसेपछि

ायासुरे निश्चलेऽथ ब्रह्मा पूर्णाहुतिं ददौ ।
ायासुरोऽब्रवीद्देवान्किमर्थं वञ्चितो ह्यहम् ।२९।
वेष्णोर्वचनमात्रेण किं न स्यां निश्चलो ह्यहम् ।
ाक्रान्तो यद्यहं देवा दातुमर्हत मे वरम् ।३०।
वा ऊचुः
ीर्थस्य करणे यत्त्वमस्माभिर्न्निश्चलीकृतः ।
वेष्णुः शम्भोर्ब्रह्मणश्च क्षेत्रं तव भविष्यति ।३१।
ासिद्धं सर्वतीर्थेभ्यः पित्रादेर्ब्रह्मलोकदम् ।
त्युक्त्वा ते स्थिता देवा देव्यस्तीर्थादयः स्थिता ।३२।
ागं कृत्वा ददौ ब्रह्मा ऋत्विग्भ्यो दक्षिणां तदा ।
ञ्चकोशं गयाक्षेत्रं पञ्चाशत्पञ्च चार्पयेत् ।३३।
ामान्स्वर्णगिरीन्कृत्वा नदीदुग्धमधुस्रवाः ।
रोवराणि दध्याज्यैर्बहून्नादिपर्वतान् ।३४।
कामधेनुं कल्पतरुं स्वर्णरूप्यगृहाणि च ।
ा याचयन्तु विप्रेन्द्राअल्पानुक्त्वा ददौ प्रभुः ।३५।
र्मयागे प्रलोभात्तु प्रतिगृह्य धनादिकम् ।
स्थिता यदा गयायां ते शप्तास्ते ब्रह्मणा तदा ।३६।
वेद्याविवर्जिता यूयं तृष्णायुक्ता भविष्यथ ।
ुग्धादिवर्जिता नद्यः शैलाः पाषाणरूपिणः ।३७।
ह्मणं ब्राह्मणाश्चोच्चुर्नष्टं शापेन चाखिलम् ।
ीवनाय प्रसादं नः कुरु विप्रांश्च सोऽब्रवीत् ।३८।
ीर्थोपजीविका यूयं सचन्द्रार्कं भविष्यथ ।
ं युष्मान्पूजयिष्यन्ति गयायामागता नराः ।३९।
व्यकव्यैर्धनैः श्राद्धैस्तेषां कुलशतं व्रजेत् ।
रकात्स्वर्गलोकाय स्वर्गलोकात्परां गतिम् ।४०।
ायोऽपि चाकरोद्यागं बह्वन्नं बहुदक्षिणम् ।
ाया पुरी तेन नाम्ना पाण्डवा ईजिरे हरिम् ।४१।

गयासुर अडियो । त्यसपछि ब्रह्माले पूर्णाहुति दिए । त्यसपछि गयासुरले देवताहरूसित— ममाथि कुन कारणले भुक्याउने काम भयो ? के भगवान् विष्णुले भनेकै भरमा स्थिर हुने थिइँन र ? हे देवताहरू हो ! यदि तिमीहरूले दुङ्गामुढाले थिचेर राख्ने हो भने मलाई वरदान दिनुपर्छ भन्यो ।२२-३०।

देवताहरूले भने— हे दैत्यप्रवर ! तीर्थ निर्मणका लागि हामीले तिम्रो शरीर स्थिर गराएका हौं । त्यसैले तिम्रा यस क्षेत्रमा भगवान् विष्णु, शिव तथा ब्रह्माको निवास हुनेछ । सबै तीर्थहरूभन्दा बढी नै यसको प्रसिद्ध हुनेछ र पितृ आदिका लागि पनि यस क्षेत्रले ब्रह्मलोक प्रदान गर्नेछ भने । त्यसो भनेर देवताहरू त्यहाँ नै रहन लागे । देवी र तीर्थहरूले पनि त्यसैलाई आफ्नो निवासस्थान बनाए । ब्रह्माले यज्ञ पूर्ण गरेर त्यसै बेलामा ऋत्विक्हरूलाई दक्षिणा दिए । पाँच कोसको गया क्षेत्र र पचपन्न गाउँ पनि अर्पित गरे । त्यतिमात्रै होइन, उनले सुनका पर्वत पनि अनेकौं बनाएर दिए । दुध र महको धारो बगाउने नदी समर्पित गरे । दही र घिउका तलाउ दान गरे । अन्न आदिका धेरैवटा पहाड, कामधेनु गाई, कल्पवृक्ष र सुन चाँदीका घर पनि दान गरे । भगवान् ब्रह्माले यी सबै कुरा दान गर्दा ब्राह्मणहरूसित— हे ब्राह्मणहरू हो ! अब तिमीहरू मेरो भन्दा थोरै शक्ति भएका अन्य कुनै व्यक्तिसित कहिल्यै माग्ने काम नगर्नू भनेका थिए । त्यसो भनिसकेर उनले ती सबै वस्तु तिनलाई अर्पण गरे । त्यसपछि धर्मले यज्ञ गरे । त्यस यज्ञमा लोभका कारण धन आदि दान लिएर जब ती ब्राह्मण फेरि गयामै बसिरहे अनि ब्रह्माले तिनलाई शाप दिदैं— अब तिमीहरू विद्याविहीन र लोभी होओ, भने । यी नदीमा अब दुध, दहीको अभाव हुनेछ र यी सुनका पहाडहरू पनि दुङ्गाको हुनेछन् भने । त्यसपछि ब्राह्मणहरूले ब्रह्मासित— हे भगवान् ! तिम्रा शापले हाम्रो सर्वस्व नासियो, अब हाम्रो जीविकाका लागि दया गर भने । त्यस्तो सुनेपछि उनले ब्राह्मणहरूसित— अब यसै तीर्थबाट तिमीहरूको जीविका चल्नेछ, जबसम्म सूर्य र चन्द्रमा रहन्छन् त्यस बेलासम्म यसै वृत्तिले तिमीहरू जीविका निर्वाह गर्नेछौ । जुन मानिस गयातीर्थमा आउँछन् उनीहरुले तिमीहरूको पूजा गर्नेछन् । जसले हव्य, कव्य, धन र श्राद्ध आदिले तिम्रो सत्कार गर्दछन् तिनका सय पुस्ताका पितृहरू नरकबाट स्वर्गमा जानेछन् र स्वर्गमै रहेका पितृले परमपद प्राप्त गर्नेछन् भने । महाराज गयले पनि त्यस क्षेत्रमा धेरै अन्न र दक्षिणाले सम्पन्न यज्ञ गरेका थिए । उनैका नामले गयापुरी प्रसिद्ध भयो । पाण्डवहरूले पनि गयामा आएर श्रीहरिको आराधना गरेका थिए ।३१-४१।

११५. पञ्चदशाधिकशततमोऽध्यायः

गयायात्राविधि

अग्निरुवाच त

उद्यतश्चेद्गयां यातुं श्राद्धं कृत्वा विधानतः ।
विधाय कार्पटीवेषं ग्रामस्यापि प्रदक्षिणम् ।१।
कृत्वा प्रतिदिनं गच्छेत्संयतश्चाप्रतिग्रही ।
गृहाच्चलितमात्रस्य गयाया गमनं प्रति ।२।
स्वर्गारोहणसोपानं पितृणां तु पदेपदे ।
ब्रह्मज्ञानेन किं कार्य्यं गोगृहे मरणेन किम् ।३।
किं कुरुक्षेत्रवासेन यदा पुत्रो गयां व्रजेत् ।
गयाप्राप्तं सुतं दृष्ट्वा पितृणामुत्सवो भवेत् ।४।
पङ्क्यामपि जलं स्पृष्ट्वा अस्मभ्यं किं न दास्यति ।
ब्रह्मज्ञानं गयाश्राद्धं गोगृहे मरणं तथा ।५।
वासः पुंसां कुरुक्षेत्रे मुक्तिरेषा चतुर्विधा ।
काङ्क्षन्ति पितरः पुत्रं नरकाद्भयभीरवः ।६।
गयां यास्यति यः पुत्रः स नस्त्राता भविष्यति ।
मुण्डनं चोपवासश्च सर्वतीर्थेष्वयं विधिः ।७।
न कालादिर्गयातीर्थे दद्यात्पिण्डांश्च नित्यशः ।
पक्षत्रयनिवासी च पुनात्यासप्तमं कुलम् ।८।
अष्टकासु च वृद्धौ च गयायां मृतवासरे ।
अत्र मातुः पृथक् श्राद्धमन्यत्र पतिना सह ।९।
पित्रादिनवदैवत्यं तथा द्वादशदंवत ।
प्रथमे दिवसे स्नायात्तीर्थे ह्युत्तरमानसे ।१०।
उत्तरे मानसे पुण्ये आयुरारोग्यवृद्धये ।
सर्वाघौघविघाताय स्नानं कुर्य्याद्विमुक्तये ।११।
सन्तर्प्य देवपित्रादीञ्छ्राद्धकृत्पिण्डदो भवेत् ।
दिव्यान्तरिक्षभौमस्थान्देवान्सन्तर्पयाम्यहम् ।१२।

अग्निदेव भन्दछन्— यदि मानिस गया जान तयार हुन्छ भने विधिपूर्वक श्राद्ध गरेर तीर्थ यात्रीको भेष धारण गरी आफ्ना गाउँको परिक्रमा गर्नुपर्छ । त्यसपछि प्रत्येक दिन नै पैदल यात्रा गरिरहनुपर्छ, मन र इन्द्रियलाई वशमा राख्नुपर्छ, कसैसित केही दान लिनु हुँदैन । गया जानका लागि घरबाट निस्कने बित्तिकै पाइलैपिच्छे पितृलाई स्वर्ग जाने खुड्किला बन्न थाल्दछन् । यदि पितृ श्राद्ध गर्ने रहरले पुत्र जान्छ भने त्यसको पुण्यका सामु ब्रह्मज्ञानको केही मूल्य छैन् । गाईलाई सङ्कटबाट जोगाउन ज्यान दिदाँ पनि कहीँ त्यति पुण्य हुनु सम्भव छ र ? त्यसो हो भने कुरुक्षेत्रमा निवास गर्ने आवश्यकता नै के छ र ? पुत्रले गयामा पुग्दै गरेको देखेर पितृहरूकहाँ उत्सव हुन थाल्छ । उनीहरू— के यसले गोडाले नै भए पनि हामीलाई जलको तर्पण नदेला र ? भन्न थाल्दछन् । ब्रह्मज्ञान, गयामा गरेको श्राद्ध, गाईगोठमा भएको मृत्यु र कुरुक्षेत्रको निवास यी चार मानिसका लागि मुक्तिका साधन हुन् । नरकका भयले पिरोलिएका पितृहरू पुत्रको रहर गर्दछन् । उनीहरू— जुन पुत्र गया जान्छ उसैले हाम्रो उद्धार गर्दछ भनी सोच्दछन् । मुण्डन र उपवास भनेका तीर्थका साधारण विधि हुन् । गया तीर्थमा समय कालको कुनै सीमा छैन । त्यहाँ प्रत्येक दिन पिण्ड दिनुपर्छ । जो त्यहाँ तीन पक्षभरि निवास गर्दछन् तिनले सात पुस्तासम्मका पितृहरूलाई पवित्र गराउँछन् । अष्टका तिथिहरूमा, आभ्युदयिक कार्यमा र पिता आदिका क्षयाह तिथिमा पनि यहाँ गयामा माताका लागि छुट्टै श्राद्ध गर्नुपर्ने विधान छ । अन्य तीर्थमा स्त्रीको श्राद्ध उसैका पतिसँगै हुने गर्छ । गयामा पिता आदिका क्रमले नव देवताका अथवा द्वादश देवताका श्राद्ध गर्नु आवश्यक हुन्छ । पहिलो दिन उत्तर-मानस-तीर्थमा स्नान गरिन्छ । यस परम पवित्र उत्तर-मानस-तीर्थमा गरिएका स्नानले आयु र निरोग वृद्धि गराउँछ, सबै पापसमूहको नाश गर्छ र मोक्षको सिद्धि प्रदान गर्दछ । त्यसैले त्यहाँ अवश्य नै स्नान गर्नुपर्छ । स्नान गरेपछि पहिले देवता र पितृको तर्पण कार्य गरेर श्राद्धकर्ता पुरुषले पितृहरूलाई पिण्डदान गर्नुपर्छ । तर्पणका समयमा— म स्वर्ग, अन्तरिक्ष र भूमिमा हुने सबै देवताहरूलाई तृप्त गराउँछु भन्ने भावना गर्नुपर्छ । स्वर्ग, अन्तरिक्ष र भूमिका देवता आदि एवं

द्व्यान्तरिक्षभौमादि पितृमात्रादि तर्पयेत् ।
पिता पितामहश्चैव तथैव प्रपितामहः ।१३।
माता पितामही चैव तथैव प्रपितामही ।
मातामहः प्रमातामहो वृद्धप्रमातामहः ।१४।
भ्योऽन्येभ्य इमान्पिण्डानुद्धाराय ददाम्यहम् ।
र्यो नमः सूर्य्यदेवाय सौमभौमज्ञरूपिणे ।१५।
जीवशुक्रशनैश्चारिराहुकेतुस्वरूपिणे ।
उत्तरे मानसे स्नात उद्धरेत्सकलं कुलम् ।१६।
सूर्य्यं नत्वा व्रजेन्मौनी नरो दक्षिणमानसम् ।
दक्षिणे मानसे स्नानं करोमि पितृतृप्तये ।१७।
गयायामागतः स्वर्गं यान्तु मे पितरोऽखिलाः ।
श्राद्धं पिण्डं ततः कृत्वा सूर्य्यं नत्वा वदेदिदम् ।१८।
ओं नमो भानवे भर्त्रे भवाय भव मे विभो ।
भुक्तिमुक्तिप्रदः सर्वपितॄणां भवभावितः ।१९।
कव्यवालोऽनलः सोमो यमश्चैवार्य्यमा तथा ।
अग्निष्वात्ता बर्हिषद आज्यपाः पितृदेवताः ।२०।
आगच्छन्तु महाभागा युष्माभी रक्षितास्त्विह ।
मदीयाः पितरो ये च मातृमातामहादयः ।२१।
तेषां पिण्डप्रदाताहमागतोऽस्मि गयामिमाम् ।
उदीच्यां मुण्डपृष्ठस्य देवर्षिगणपूजितम् ।२२।
नाम्ना कनखलं तीर्थं त्रिषु लोकेषु विश्रुतम् ।
सिद्धानां प्रीतिजननैः पापानां च भयङ्करैः ।२३।
लेलिहानैर्महानागै रक्ष्यते चैव नित्यशः ।
तत्र स्नात्वा दिवं यान्ति क्रीडन्ते भुवि मानवाः ।२४।
फल्गुतीर्थं ततो गच्छेन्महानद्यां स्थितं परम् ।
नागाज्जनार्दनात्कूपाद्वटाच्चोत्तरमानसात् ।२५।
एतद्गयाशिरः प्रोक्तं फल्गुतीर्थं तदुच्यते ।
मुण्डपृष्ठनगाद्याश्च सारात्सारमथान्तरम् ।२६।
यस्मिन्तफलति श्रीगौर्वा कामधेनुर्जलं मही ।
दृष्टिरम्यादिकं यस्मात्फल्गुतीर्थं न फल्गुवत् ।२७।

पिता—माता आदिलाई तर्पण गर्नुपर्छ। अनि यसै किसिमले—पिता, पितामह र प्रपितामह; माता, मातामही र प्रमातामही तथा मातामह, प्रमातामह र वृद्ध प्रमातामह यी सबैलाई र अन्य पितृहरूलाई समेत उनीहरूको उद्धारका निम्ति म पिण्ड दिन्छु। सोम, मङ्गल र बुध स्वरूप तथा बृहस्पति, शुक्र, शनिश्चर, राहु र केतु रूप भगवान् सूर्यलाई नमस्कार छ भन्नुपर्छ। उत्तरमानस तीर्थमा स्नान गर्नेले कुलको उद्धार गर्दछ ।१-१६।

सूर्यदेवलाई नमस्कार गरेर मानिसले मौन भावमा रही दक्षिण—मानस—तीर्थ जानुपर्छ र त्यहाँ— म पितृहरूको तृप्तिका लागि दक्षिण-मानस-तीर्थमा स्नान गर्दैछु, म गयामा यसै उद्देश्यले आएको हु र मेरा सबै पितृहरू स्वर्गलोक जाऊन् भन्ने भावना बनाउनुपर्छ। त्यसपछि श्राद्ध र पिण्डदान गरेर भगवान् सूर्यलाई प्रणाम गर्दै— सबैको भरण पोषण गर्ने भगवान् भानुलाई नमस्कार छ, हे प्रभु ! मेरो अभ्युदयका साधक तिमी होऊ, म तिम्रो ध्यान गर्दछु, तिमीले मेरा सबै पितृहरूलाई भोग र मोक्ष प्रदान गर भन्नुपर्छ। साथै कव्यवाट, अनल, सोम, यम, अर्यमा, अग्निष्वात्त बर्हिषद र आज्यप नामका महाभाग पितृदेवहरू यहाँ आऊन् भन्नुपर्छ। त्यसो भन्दै तिमीहरूद्वारा सुरक्षित मेरा पिता, माता, मातामह आदि जति पितृहरू छन् तिनलाई तिनलाई पिण्डदान गर्ने उद्देश्यले म यस गया तीर्थमा आएको हुँ भन्नुपर्छ। मुण्डपृष्ठका उत्तर भागमा देवता र ऋषिहरूले पूजा गरिएको कनखल नामको तीर्थ छ। त्यो तीनै लोकमा विख्यात छ। सिद्ध पुरुषहरूलाई आनन्द प्रदान गर्ने र पापीहरूलाई भयङ्कर ठूला नाग जिब्रो लेब्राइरहेका त्यस तीर्थमा रहन्छन् र त्यसको तिनले रक्षा गर्दछन्। त्यहाँ स्नान गरेर मानिसले यस भूतलमा सुखपूर्वक क्रीडा गर्दछन् र अन्त्यमा स्वर्गलोक जान्छन् । त्यसपछि महानदीमा रहेको परम उत्तम फल्गु तीर्थमा जानुपर्छ। यो नाग, जनार्दन, कूप, वट र उत्तर-मानसभन्दा पनि उत्तम छ। यसलाई गयाको शिरोभाग भन्ने गरिन्छ। गयाशिरलाई नै फल्गु तीर्थ भनिएको छ। यो मुण्डपृष्ठ र नग आदि तीर्थका तुलनामा सारका दृष्टिले उत्कृष्ट एवं सारतम छ। यसमा लक्ष्मी, कामधेनु गाई, जल र पृथ्वी सबै फलदायक हुन्छन् र जेले दृष्टिमा मनोहर, रमणीय वस्तुहरू परेको देखिन्छ त्यो फल्गु तीर्थ नै हो। फल्गु तीर्थ कुनै साधारण भिना मसिना तीर्थजस्तो होइन। फल्गु तीर्थमा स्नान गरेर मानिसले भगवान् गदाधरको दर्शन गरेपछि त्यसबाट पुण्यात्मा मानिसले के कुरो प्राप्त गर्न नसक्ला र ? भूतलमा समुद्रपर्यन्तका जति तीर्थ र

फल्गुतीर्थे नरः स्नात्वा दृष्ट्वा देवं गदाधरम् ।
एतेन किं न पर्य्याप्तं नृणां सुकृतकारिणाम् ।२८।
पृथिव्यां यानि तीर्थानि आसमुद्रात्सरांसि च ।
फल्गुतीर्थं गमिष्यन्ति वारमेकं दिनेदिने ।२९।
फल्गुतीर्थे तीर्थराजे करोति स्नानमादृतः ।
पितृणां ब्रह्मलोकाप्त्यै आत्मनो भुक्तिमुक्तये ।३०।
स्नात्वा श्राद्धी पिण्डदोऽथ नमेद्देवं पितामहम् ।
कलौ माहेश्वरा लोका अत्र देवो गदाधरः ।३१।
पितामहो लिङ्गरूपी तन्नमामि महेश्वरम् ।
गदाधरं बलं काममनिरुद्धं नरायणम् ।३२।
ब्रह्मविष्णुनृसिंहाख्यं वराहादिं नमाम्यहम् ।
ततो गदाधरं दृष्ट्वा कुलानां शतमुद्धरेत् ।३३।
धर्मारण्यं द्वितीयेऽह्नि मतङ्गस्याश्रमे वरे ।
मतङ्गवाप्यां संस्नाय श्राद्धकृत्पिण्डदो भवेत् ।३४।
मतङ्गेशं सुसिद्धेशं नत्वा चेदमुदीरयेत् ।
प्रमाणं देवताः सन्तु लोकपालाश्च साक्षिणः ।३५।
मयागत्य मतङ्गेऽस्मिन्पितृणां निष्कृतिः कृता ।
स्नानतर्पणश्राद्धादिर्ब्रह्मतीर्थेथ कूपके ।३६।
तत्कूपयूपयोर्मध्ये श्राद्धं कुलशतोद्धतौ ।
महाबोधतरुं नत्वा धर्मवान्स्वर्गलोकभाक् ।३७।
तृतीये ब्रह्मसरसि स्नानं कुर्य्याद्यतव्रतः ।
स्नानं ब्रह्मसरस्तीर्थे करोमी ब्रह्मभूतये ।३८।
पितृणां ब्रह्मलोकाय ब्रह्मर्षिगणसेविते ।
तर्पणं श्राद्धकृत्पिण्डं प्रदद्यात्तु प्रसेचनम् ।
कुर्य्याच्च वाजपेयार्थी ब्रह्मयूपप्रदक्षिणम् ।३९।
एको मुनिः कुम्भकुशाग्रहस्त आम्रस्य मूले सलिलं ददाति ।
आम्राश्च सिक्ताः पितरश्च तृप्ता एका क्रिया द्व्यर्थकरी प्रसिद्धा ।४०।
ब्रह्माण च नमस्कृत्य कुलानां शतमुद्धरेत् ।
फल्गुतीर्थे चतुर्थेऽह्नि स्नात्वा देवादितर्पणम् ।४१।

सरोवरहरू छन् ती सबै प्रत्येक दिन एकपटक फल्गु तीर्थमा जाने गर्दछन् । जसले तीर्थराज फल्गुतीर्थमा श्रद्धापूर्वक स्नान गर्दछ उसका त्यसै स्नानले पितृहरूलाई ब्रह्मलोक प्राप्त गराँउछ र उसले आफ्ना लागि भोग र मोक्ष सिद्धि प्राप्त गर्छ। श्राद्ध गर्ने पुरुषले स्नान गरिसकेपछि भगवान् ब्रह्मालाई नमस्कार गर्नुपर्छ । कलियुगमा सबै मानिस महेश्वरका उपासक छन्; तर यस गया तीर्थमा भगवान् गदाधर नै उपास्य भगवान् हुन् । यहाँ लिङ्गस्वरूप ब्रह्माको निवास छ । उनै महेश्वरलाई म नमस्कार गर्दछु । भगवान् वासुदेव, बलराम, प्रद्युम्न, अनिरुद्ध, नारायण, ब्रह्मा, विष्णु, नृसिंह र बराह आदिलाई म प्रणाम गर्दछु भन्नुहुन्छ । त्यसपछि श्री गदाधरलाई दर्शन गरेर मानिसले आफ्ना सय पुस्ताको उद्धार गर्दछ। अर्का दिन धर्मारण्य— तीर्थको दर्शन गर्नुपर्छ । त्यहाँ मतङ्ग मुनिको पवित्र आश्रममा रहेको मतङ्ग - वापी नामका तलाउमा स्नान गरेर श्राद्ध कर्ता पुरुषले पिण्डदान गर्नुपर्छ। त्यहाँ मतङ्गेश्वर र सुसिद्धेश्वरलाई शिर झुकाई नमस्कार गरेर— सम्पूर्ण देवता प्रमाण भएर रहून्, समस्त लोकपाल साक्षी भइदिऊन्, मैले यस मतङ्ग तीर्थमा आएर पितृहरूको उद्धार गरेको छु भन्नुपर्छ। त्यसपछि ब्राह्मतीर्थ नामका कूपमा स्नान, तर्पण र श्राद्ध आदि गर्नुपर्छ । त्यस कूप र कूपका मध्यभागमा गरिएको श्राद्धले सय पुस्ता उद्धार गर्दछ । धर्मात्मा पुरुषले त्यहाँ बोधि गयाको महाबोधि वृक्षलाई नमस्कार गरेर स्वर्ग लोकको भागी हुन्छ तेस्रो दिन नियम र व्रत पालन गर्ने पुरुषले ब्रह्म सरोवर नामका तीर्थमा स्नान गर्नुपर्छ । त्यसबेलामा— म ब्रह्मर्षिहरूले सेवा गरिएको यस ब्रह्मतीर्थ सरोवरमा पितृहरूलाई ब्रह्मलोक प्राप्त गराउनका लागि स्नान गर्दछु भन्ने प्रार्थना गर्नुपर्छ । श्राद्धकर्ता पुरुषले तर्पण गरी पिण्डदान दिनुपर्छ । त्यसपछि त्यस वृक्षलाई सेचन गर्नुपर्छ । वाजपेय यज्ञको फल जसले प्राप्त गर्न खोजेको छ उसले ब्रह्माद्वारा स्थापित यूपलाई प्रदक्षिणा गर्नुपर्छ ।१७-३९।

त्यस तीर्थमा एकजना मुनि रहने गर्दथे । उनी जलको घडा र कुशको टुप्पा हातमा लिएर आँपका फेदमा पानी हाल्ने गर्दथे । त्यसो गर्दा आँपको सेचन पनि हुन्थ्यो र पितृलाई पनि तृप्ति हुन्थ्यो । यसै गरी एउटै कार्य दुई प्रयोजन सिद्ध गर्ने भयो। ब्रह्मालाई नमस्कार गरेर मानिसले आफ्ना सय पुस्ता उद्धार गर्दछ । चौथो दिन फल्गु तीर्थमा स्नान गरेर देवता आदिलाई तर्पण गर्नुपर्छ । त्यसपछि गङ्गा शीर्षमा श्राद्ध र पिण्डदान गर्नुपर्छ। गयाक्षेत्र पाँच कोशको छ। त्यसमा एक कोश केवल गयाशीर्ष नै छ । । त्यसमा पिण्डदान गरेर मानिसले आफ्ना

कृत्वा श्राद्धं सपिण्डं च गयाशिरसि कारयेत् ।
पञ्चकोश गयाक्षेत्रं क्रोशमेकं गयाशिरः ।४२।
तत्र पिण्डप्रदानेन कुलानां शतमुद्धरेत् ।
मुण्डपृष्ठे पदं न्यस्तं महादेवेन धीमता ।४३।
मुण्डपृष्ठे शिरः साक्षाद् गयाशिर उदाहृतम् ।
साक्षाद् गयाशिरस्तत्र फल्गुतीर्थाश्रमं कृतम् ।४४।
अमृतं तत्र वहति पितृणां दत्तमक्षयम् ।
स्नात्वा दशाश्वमेधे तु दृष्ट्वा देवं पितामहम् ।४५।
रुद्रपादं नरः स्पृष्ट्वा नेह भूयोऽभिजायते ।
शमीपत्रप्रमाणेन पिण्डं दत्त्वा गयाशिरे ।४६।
नरकस्था दिवं यान्ति स्वर्गस्था मोक्षमाप्नुयुः ।
पायसेनाथ पिष्टेन सक्तुना चरुणा तथा ।४७।
पिण्डदानं तण्डुलैश्च गोधूमैस्तिलमिश्रितैः ।
पिण्डं दत्त्वा रुद्रपदे कुलानां शतमुद्धरेत् ।४८।
तथा विष्णुपदे श्राद्धपिण्डदो ह्यृणमुक्तिकृत् ।
पित्रादीनां शतकुलं स्वात्मानां तारयेन्नरः ।४९।
तथा ब्रह्मपदे श्राद्धी ब्रह्मलोकं नयेत्पितॄन् ।
दक्षिणाग्निपदे तद्वद्गार्हपत्यपदे तथा ।५०।
पदे वाऽऽहवनीयस्यं श्राद्धी यज्ञफलं लभेत् ।
आवसथ्यस्य चन्द्रस्य सूर्यस्य च गणस्य च ।५१।
अगस्त्यकार्त्तिकेस्य श्राद्धी तारयते कुलम् ।
आदित्यस्य रथं नत्वा कर्णादित्यं नमेन्नरः ।५२।
कनकेशपदं नत्वा गयाकेदारकं नमेत् ।
सर्वपापविनिर्मुक्तः पितृन्ब्रह्मपुरं नयेत् ।५३।
विशालोऽपि गयाशीर्षे पिण्डदोऽभूच्च पुत्रवान् ।
विशालायां विशालोऽभूद्राजपुत्रोऽब्रवीद्द्विजान् ।५४।
कथं पुत्रादयः सुर्म्मे द्विजा ऊचुर्विशालकम् ।
गयायां पिण्डदानेन तव सर्वं भविष्यति ।५५।
विशालोऽपि गयाशीर्षे पितृपिण्डान्ददौ ततः ।
दृष्ट्वाकाशे सितं रक्तं पुरुषांस्तांश्च पृष्टवान् ।५६।

सय पुस्ताको उद्धार गर्नसक्छ । परम बुद्धिमान् महादेवले मुण्डपृष्ठमा आफ्ना गोडा राखेका छन् । मुण्डपृष्ठमा नै साक्षात् गयासुरको शिर हो, त्यसैले त्यसलाई गयाशिर भन्दछन् । जहाँ साक्षात् गयाशिर छ, त्यहीँ नै फल्गुतीर्थको आश्रय छ । फल्गुले अमृतको धारा बगाउँछ । त्यहाँ पितृका लागि गरिएको दान अक्षय हुन्छ । दशाश्वमेध तीर्थमा स्नान र ब्रह्माको दर्शन गरी महादेवका पाउ भएको रुद्रचरणलाई स्पर्श गऱ्यो भने मानिस फेरि यस लोकमा जन्मिदैन । गयातीर्थमा शमीको पातजत्रै पिण्डदान गर्दादेरि पनि नरकमा परेका पितृहरू स्वर्ग जान्छन् र स्वर्गवासी पितृहरूले मोक्ष प्राप्त गर्दछन् । त्यहाँ खिर, पिठो, सातु, चरु र चाममलले पिण्डदान गरिन्छ । तिलमिश्रित गहुँले पनि रुद्रपादमा पिण्डदान गरेर मानिसले आफ्ना सय पुस्तालाई उद्धार गर्नसक्छ । यसै गरी विष्णुपदीमा पनि श्राद्ध र पिण्डदान गर्ने मानिस पितृऋणबाट मुक्ति पाउँछ र पिताआदि माथिल्ला सय पुस्ताका साथै आफूलाई पनि तार्दछ । ब्रह्मपदमा श्राद्ध गर्ने मानिसले आफ्ना पितृहरूलाई ब्रह्मलोकमा पुऱ्याउँछ । दक्षिणाग्नि, गार्हपत्यअग्नि तथा आहवनीय अग्निका स्थानमा श्राद्ध गर्ने पुरुषले यज्ञफल प्राप्त गर्दछ । आवासथ्यान, चन्द्रमा, सूर्य, गणेश, अगस्त्य र कार्तिकेयका स्थानमा श्राद्ध गर्ने मानिसले आफूसहित आफ्ना कुलको उद्धार गर्दछ । मानिसले सूर्यका रथलाई नमस्कार गरेर कर्णादित्यलाई शिर झुकाउनुपर्छ । त्यसो गर्नाले मानिस पापबाट छुटकारा पाएर आफ्ना पितृहरूलाई ब्रह्मलोकमा पुऱ्याउँछ । विशाल पनि गयातीर्थमा पिण्डदान गरेकाले पुत्रवान् भए । विशाला नगरीमा विशाल नामले प्रसिद्ध एक राजपुत्र थिए रे । उनले ब्राह्मणहरूसित— मलाई पुत्र आदि कसरी प्राप्त होलान् भनी सोधेछन् । त्यसो सुनेर ब्राह्मणहरूले विशालसित— गयामा पिण्डदान गर्दा तिमीलाई सबैथोक प्राप्त हुनेछ भने । त्यसपछि विशालले पनि गया शीर्षमा पितृलाई पिण्डदान गरे । त्यसवेला आकाशमा उनले तीन पुरुषलाई देखे । तिनीहरू क्रमशः सेता, रातो र काला थिए । विशालले तिमीहरू को हौ भनी सोधे । तिनीहरूमध्ये सेतो वर्णका पुरुषले विशालसित म तिम्रो पिता हुँ, मेरो वर्ण सेतो छ, म आफ्ना शुभ कर्मले इन्द्रलोक गएको थिएँ । हेर छोरा ! ती रातो वर्णका मेरा पिता र कालो रङ्गका मेरा पितामह हुन् यिनीहरू नरकमा परेका थिए । तिम्रो पिण्डदानले गर्दा हामी ब्रह्मलोकमा जाँदैछौं भन्ने खालका कुरा गर्दै ती तीनैजना गए । विशाललाई पनि पुत्र-पौत्र आदि प्राप्त

के यूयं तेषु चैवैकः सितः प्रोचे विशालकम् ।
अहं सितस्ते जनक इन्द्रलोकं गतः शुभात् ।५७।
मम रक्तः पिता पुत्र कृष्णश्चैव पितामहः ।
अब्रवीन्नरकं प्राप्ता त्वया मुक्तीकृता वयम् ।५८।
पिण्डदानाद् ब्रह्मलोकं व्रजाम इति ते गताः ।
विशालः प्राप्तपुत्रादिः राज्यं कृत्वा हरिं ययौ ।५९।
प्रेतराजः स्वमुक्तयै च वणिजं चेदमब्रवीत् ।
प्रेतैः सर्व्वैः सहार्तः सन्सुकृतं भुज्यते फलम् ।६०।
श्रवणद्वादशीयोगे कुम्भः सान्नश्च सोदकः ।
दत्तः पुरा स मध्याह्ने जीवनायोप्रतिष्ठते ।६१।
धनं गृहीत्वा मे गच्छ गयायां पिण्डदो भव ।
वणिग्धनं गृहीत्वा तु गयायां पिण्डदोऽभवत् ।६२।
प्रेतराजः सह प्रेतैर्मुक्तो नीतो हरेः पुरम् ।
गयाशीर्षे पिण्डदानादात्मानं स्वपितॄंस्तथा ।६३।
पितृवंशे मृता ये च मातृवंशे तथैव च ।
गुरुश्वशुरबन्धूनां ये चान्ये बान्धवा मृताः ।६४।
ये मे कुले लुप्तपिण्डाः पुत्रदारविवर्जिताः ।
क्रियालोपगता ये च जात्यन्धाः पङ्गवस्तथा ।६५।
विरूपा आमगर्भा ये ज्ञाताज्ञाताः कुले मम ।
तेषां पिण्डो मया दत्तो ह्यक्षय्यमुपतिष्ठताम् ।६६।
ये केचित्प्रेतरूपेण तिष्ठन्ति पितरो मम ।
ते सर्वे तृप्तिमायान्तु पिण्डदानेन सर्वदा ।६७।
पिण्डो देयस्तु सर्वेभ्यः सर्वैर्वै कुलतारकैः ।
आत्मनस्तु तथा देयो ह्यक्षयं लोकमिच्छता ।६८।
पञ्चमेऽह्नि गदालोले स्नायान्मन्त्रेण बुद्धिमान् ।
गदाप्रक्षालने तीर्थे गदालोलेऽतिपावने ।६९।
स्नानं करोमि संसारगदशान्त्यै जनार्दन ।
नमोऽक्षयवटायैव अक्षयस्वर्गदायिने ।७०।
पित्रादीनामक्षयाय सर्वपापक्षयाय च ।
श्राद्धं वटतले कुर्य्याद् ब्राह्मणानां च भोजनम् ।७१।

भए । उनले राज्यको सुख भोग गरेर मृत्युदेखि पछि भगवान् श्रीहरिलाई प्राप्त गरे ।४०-५९।

एउटा प्रेतका राजा अन्य प्रेतहरूसित अत्यन्त पीडित रहने गर्दथ्यो । उनले एकदिन एउटा वनियाँसित आफ्नो मुक्तिका विषयमा यसरी भन्यो— हेर भाइ ! हामीले एउटा मात्रै पुण्य गरेका छौं र त्यसको फल यहाँ भोग गरिरहेका छौं । उहिले नै एक पटक श्रवण नक्षत्र र द्वादशी तिथिको योग आउँदा हामीले अन्य र जलसहितको कुम्भदान गरेका थियौं । त्यो नै प्रत्येक दिन मध्याह्नका समयमा हाम्रो जीवनरक्षाका लागि उपस्थित हुन्छ । तिमी हामीबाट धन लिएर गया जाऊ र हाम्रा निम्ति पिण्डदान गर भन्यो । वणिकले उससित धन लियो र गयामा उसका निम्ति पिण्डदान गऱ्यो । त्यसको परिणामस्वरूप त्यो प्रेतराज अरू सबै प्रेतहरूका साथ मुक्त भएर श्रीहरिका धाममा पुग्यो । गयाशीर्षमा पिण्डदान गर्नाले मानिसले आफ्ना पितृहरू तथा आफ्नै पनि उद्धार गर्दछ । त्यहाँ पिण्डदान गर्दाखेरि यसप्रकार भन्नुपर्छ— मेरा पिताका कुलमा, माताका वंशमा, गुरु, ससुरा एवं बन्धुजनहरूका वंशमा जेजतिलाई मृत्यु प्राप्त भएको छ त्यसका अतिरिक्त अरू जेजति बन्धुबान्धव मरेका छन्, मेरा कुलमा जसको श्राद्ध, पिण्डदान भएको छैन, जसका कुनै स्त्री- पुत्र थिएनन्, जसको कुनै श्राद्ध हुन पाएन, जो जन्मजात अन्ध- कुला- लङ्गडा र विकृत रूप भएका थिए, जो बेला नपुगी जन्मिएर खेर गए यसै किसिमका मेरा कुलका जेजति ज्ञात अज्ञात पितृहरू छन् ती सबै मैले दिएका पिण्डदानले सधैंका लागि तृप्त भइरहुन् । आफ्नो कुल तार्न खोज्ने सबै सन्तानको कर्तव्य पनि आफ्ना सम्पूर्ण पितृहरूकै उद्देश्यले त्यहाँ पिण्ड दिइन्छ र जो अक्षयलोकको इच्छा गर्ने हुन्छन् तिनले आफ्ना लागि पनि पिण्डदान गर्नुपर्छ । बुद्धिमान् पुरुषले पाँचौं दिन गदालोल नामका तीर्थमा स्नान गर्नुपर्छ । त्यसबेलामा यस मन्त्रको पाठ गरिन्छ— हे भगवान् जनार्दन ! जहाँ तिम्रो गदा पखालिएको थियो त्यस अत्यन्त पवित्र गदालोल नामका तीर्थमा म संसाररूपी रोग निको पार्न स्नान गर्दछु । अक्षय स्वर्ग प्राप्त गराउने अक्षयवटलाई नमस्कार छ । जुन पिता, पितामह आदिका लागि आश्रय भएको छ र जसले सबै पापहरूलाई क्षय गराउँछ त्यस अक्षयवटलाई नमस्कार छ भन्ने यस्तै प्रार्थना गरेर ब्राह्मण भोजन गराउनुपर्छ । त्यस ठाउँमा एक ब्राह्मणलाई भोजन गराउनाले करोड ब्राह्मणलाई भोजन गराएको पुण्य हुन्छ । अझ धेरै ब्राह्मणलाई भोजन

एकस्मिन्भोजिते विप्रे कोटिर्भवति भोजिता ।
किम्पुनर्बहुभिर्भुक्तैः पितृणां दत्तमक्षयम् ।७२।
गयायामन्नदाता यः पितरस्तेन पुत्रिणः ।
वटं वटेश्वरं नत्वा पूजयेत्प्रपितामहम् ।७३।
अक्षयाँल्लभते लोकान्कुलानां शतमुद्धरेत् ।
क्रमतोऽक्रमतो वापि गयायात्रा महाफला ।७४।

गराइन्छ भनेदेखि त त्यसका पुण्यको कुरो नै कति गर्ने र ? त्यहाँ पितृहरूका उद्देश्यले जे जति दिइन्छ त्यो अक्षय नै हुन्छ। पितृहरू त्यस्तै पुत्रले आफूलाई पुत्रमान् मान्दछन् जो गयामा गएर उनीहरूका लागि अन्नदान गर्दछ । वट र वटेश्वरलाई नमस्कार गरेर आफ्ना प्रपितामहलाई पूजा गर्नुपर्छ । त्यस्तो गर्ने पुरुष अक्षय लोकमा जान्छ र आफ्ना सय पुस्तालाई उद्धार गर्दछ । क्रम मिलाएर होस् वा क्रम नमिलाई नै भए पनि गयाको यात्राले महान् फल दिएकै हुन्छ ।६०-७४।

११६. षोडशाधिकशततमोऽध्यायः

गयायात्रा

अग्निरुवाच
गायत्र्यैव महानद्यां स्नातः सन्ध्यां समाचरेत् ।
गायत्र्या अग्रतः प्रातः श्राद्धपिण्डमथाक्षयम् ।१।
मध्याह्ने चोचति स्नात्वा गीतवाद्यैर्ह्युपास्य च ।
सावित्रीपुरतः सन्ध्यां पिण्डदानं च तत्पदे ।२।
अगस्त्यस्य पदे कुर्य्याद्योनिद्वारं प्रविश्य च ।
निर्गतो न पुनर्योनिं प्रविशेन्मुच्यते भवात् ।३।
बलिं काकशिलायां च कुमारं च नमेत्ततः ।
स्वर्गद्वार्य्यां सोमकुण्डे वायुतीर्थेऽथ पिण्डदः ।४।
भवेदाकाशगङ्गायां कपिलायां च पिण्डदः ।
कपिलेशं शिवं नत्वा रुक्मिकुण्डे च पिण्डदः ।५।
कोटीतीर्थे च कोटीशं नत्वामोधपदे नरः ।
गदालोले वानरके गोप्रचारे च पिण्डदः ।६।
दत्वा गावं वैतरण्यामेकविंशकुलोद्धृतिः ।
श्राद्धपिण्डप्रदाता स्यात् कौञ्चपादे च पिण्डदः ।७।
तृतीयायां विशालायां निश्चिरायां च पिण्डदः ।
ऋणमोक्षे पापमोक्षे भस्मकुण्डेऽथ भस्मना ।८।
स्नानकृत्मुच्यते पापान्नमेद्देवं जनार्दनम् ।
एष पिण्डो मया दत्तस्तव हस्ते जनार्दन ।९।
परलोकगते मह्यमक्षय्यमुपतिष्ठताम् ।
गयायां पितृरूपेण स्वयमेव जनार्दनः ।१०।
तं दृष्ट्वा पुण्डरीकाक्षं मुच्यते वै ऋणत्रयात् ।

अग्निदेव भन्दछन्— गायत्री मन्त्रले नै महानदीमा स्नान गरेर सन्ध्योपासन गर्नुपर्छ । प्रातः काल गायत्रीका सम्मुख गरिएको श्राद्ध र पिण्डदान अक्षय हुने गर्दछ। सूर्योदयको समय र मध्याह्न कालमा स्नान गरेर गीत र वाद्यद्वारा सावित्री देवीको उपासना गरिन्छ र त्यसपछि उनैका सम्मुख पिण्डदान गर्नुपर्छ। त्यसपछि अगस्त्यपादमा पिण्डदान गरिन्छ । अनि त्यसपछि ब्रह्मयोनि नामको योनिद्वारमा प्रवेश गरेर निस्कनुपर्छ । यसो भएपछि ऊ फेरि माताका योनिमा प्रवेश गर्दैन र पुनर्जन्मबाट मुक्त नै हुन्छ । त्यसपछि काकशिलामाथि बलि दिएर कुमार कार्त्तिकेयलाई नमस्कार गरिन्छ । त्यसभन्दा पछि स्वर्गद्वार, सोमकुण्ड र वायुतीर्थमा पिण्डदान गर्नुपर्छ । त्यसपछि आकाशगङ्गा र कपिलाका तटमा पिण्डदान गरिन्छ । त्यहाँ कपिलेश्वर शिवलाई प्रणाम गरेर रुक्मिणीकुण्डमा पिण्डदान गर्नुपर्छ । कोटी तीर्थमा भगवान् कोटीश्वरलाई नमस्कार गरेर मानिसले अमोधपद, गदालोल, वानरक र गोप्रचार तीर्थमा पिण्डदान गर्नुपर्छ । वैतरणीमा गाईलाई नमस्कारका साथ दान गरेर मानिसले आफ्ना एक्काईस पुस्तालाई उद्धार गर्दछ । वैतरणीका तटमा श्राद्ध एवं पिण्डदान गर्नुपर्छ । त्यसपछि क्रौञ्चपादमा पिण्ड दिइन्छ । तृतीया तिथिमा विशाला, निश्चिरा, ऋणमोक्ष र पापमोक्ष तीर्थमा पनि पिण्डदान गर्नुपर्छ । भस्म कुण्डमा भस्मले स्नान गर्ने मानिस पापबाट मुक्त भइहाल्छ । त्यहाँ भगवान् जनार्दनलाई प्रणाम गर्नुपर्छ र यसप्रकार प्रार्थना गर्नुपर्छ— हे जनार्दन ! यो पिण्ड मैले तिम्रा हातमा समर्पित गरेको छु । परलोकमा जाँदाखेरि यो मलाई अक्षय रूपमा प्राप्त होस् । गयामा साक्षात् विष्णुदेव नै पितृका रूपमा विराजमान् छन् । ती भगवान् कमलनयनलाई दर्शन गरेपछि मानिस तीनैवटा ऋणबाट मुक्त हुने गर्छ । त्यसपछि मार्कण्डेश्वरलाई प्रणाम गरेर मानिसले गृध्रेश्वरलाई नमस्कार

मार्कण्डेयेश्वरं नत्वा नमेद्गृध्रेश्वरं नरः ।११।
मूलक्षेत्रे महेशस्य धारायां पिण्डदो भवेत् ।
गृध्रकूटे गृध्रवटे धौतपादे च पिण्डदः ।१२।
पुष्करिण्यां कर्दमाले रामतीर्थे च पिण्डदः ।
प्रभासेशं नमेत्प्रेतशिलायां पिण्डदो भवेत् ।१३।
दिव्यान्तरिक्षभूमिष्ठाः पितरो बान्धवादयः ।
प्रेतादिरूपा मुक्ताः स्युः पिण्डैर्दत्तैस्मयाखिलाः ।१४।
स्थानत्रये प्रेतशिला गयाशिरसि पावनी ।
प्रभासे प्रेतकुण्डे च पिण्डदस्तारयेन्कुलम् ।१५।
वसिष्ठेशं नमस्कृत्य तदग्रे पिण्डदो भवेत् ।
गयानाभौ सुषुम्णायां महाकोष्ठ्यां च पिण्डदः ।१६।
गदाधराग्रतो मुण्डपृष्ठे देव्याश्च सन्निधौ ।
मुण्डपृष्ठं नमेदादौ क्षेत्रपालादिसंयुतम् ।१७।
पूजयित्वा भयं न स्याद्विघ्नरोगादिनाशनम् ।
ब्रह्माणं च नमस्कृत्य ब्रह्मलोकं नयेत्कुलम् ।१८।
सुभद्रां बलभद्रं च प्रपूज्य पुरुषोत्तमम् ।
सर्वकामसमायुक्तः कुलमुद्धृत्य नाकभाक् ।१९।
हृषीकेशं नमस्कृत्य तदग्रे पिण्डदो भवेत् ।
माधवं पूजयित्वा च देवो वैमानिको भवेत् ।२०।
महालक्ष्मीं प्रार्च्य गौरीं मङ्गलां च सरस्वतीम् ।
पितॄनुद्धृत्य स्वर्गस्थो भुक्तभोगोऽत्र शास्त्रधीः ।२१।
द्वादशादित्यमभ्यर्च्य वह्निं रेवन्तमिन्द्रकम् ।
रोगादिमुक्तः स्वर्गी स्याच्छ्रीकपर्दिविनायकम् ।२२।
प्रपूज्य कार्त्तिकेयं च निर्विघ्नः सिद्धिमाप्नुयात् ।
सोमनाथं च कालेशं केदारं प्रपितामहम् ।२३।
सिद्धेश्वरं च रुद्रेशं रामेशं ब्रह्मकेश्वरम् ।
अष्टलिङ्गानि गुह्यानि पूजयित्वा तु सर्वभाक् ।२४।
नारायणं वराहं च नारसिंहं नमेच्छ्रिये ।
ब्रह्मविष्णुमहेशाख्यं त्रिपुरघ्नमशेषदम् ।२५।
सीतां रामं च गरुडं वामनं सम्प्रपूज्य च ।
सर्वकामानवाप्नोति बह्मलोकं नयेत्पितॄन् ।२६।
देवैः सार्द्धं सम्प्रपूज्य देवमादिगदाधरम् ।

गर्नुपर्छ । महादेवको मूलक्षत्र धारामा पनि पिण्डदान गर्नुपर्छ । यसै गरी गृध्रकूट, गृध्रवट र धौतपादमा पनि पिण्डदान गर्नु उचित हुन्छ । पुष्करिणी, कर्टमाल र रामतीर्थमा पिण्डदान दिनुपर्छ । त्यसपछि प्रभासेश्वरालाई नमस्कार गरेर प्रेतशिलामा पिण्डदान गर्नुपर्छ । त्यसबेलामा— दिव्यलोक, अन्तरिक्ष लोक र भूमिलोकमा मेरा पितृ र बन्धुबान्धवहरू प्रेतका रूपमा रहेका छन् उनीहरू सबैले मैले दिएका पिण्डका प्रभावले मुक्ति लाभ गर्न सकून् भन्नुपर्छ । प्रेतशिला तीन ठाउँका अत्यन्त पवित्र मानिएको छ— गयाशीर्ष, प्रभासतीर्थ र प्रेतकुण्ड । यिनमा पिण्डदान गर्ने पुरुषले आफ्ना कुलको उद्धार गर्दछ । वसिष्ठेश्वरलाई नमस्कार गेर तिनका अगाडि पिण्डदान गर्नुपर्छ गयानाभी, सुषुम्ना र महाकोष्ठीमा पनि पिण्डदान गर्नुपर्छ । भगवान् गदाधरका सामु मृगपृष्ठमा देवीका समीप पिण्डदान गर्नुपर्छ । पहिले क्षेत्रपाल आदिसहित मृगपृष्ठलाई नमस्कार गरेको हुनुपर्छ । तिनको पूजन गर्नाले भय नाश हुन्छ, विष, रोग आदिको कुप्रभाव पनि पर हट्छ । ब्रह्मालाई नमस्कार गर्नाले मानिसले आफ्ना कुललाई ब्रह्मलोकमा पुऱ्याउँछ । सुभद्रा, बलभद्र र पुरुषोत्तमलाई प्रणाम गर्नाले मानिसले सम्पूर्ण कामना प्राप्त गर्दछ र आफ्नो कुललाई उद्धार गर्दछ अनि अन्त्यमा स्वर्गलोकको भागी बन्दछ । भगवान् हृषिकेश नमस्कार गरेर उनका अगाडि पिण्डदान गर्नुपर्छ श्रीमाधवलाई पूजा गरेर मानिस विमानमा विचरण गर्ने देवता हुन्छ ।१-२०।

भगवती महालक्ष्मी, गौरी र मङ्गलमयी सरस्वतीको पूजा गरेपछि मानिसले आफ्ना पितृ उद्धार गर्छ, स्वयं पनि स्वर्गलोक जान्छ र त्यहाँको भोग गरिसकेपछि यस लोकमा आएर शास्त्रमाथि विचार गर्ने पण्डित हुन्छ । त्यसपछि बाह्र आदित्य, अग्नि, रेवन्त र इन्द्रको पूजा गरेर मानिस रोग आदिबाट छुटकारा पाउँछ र अन्त्यमा स्वर्गलोकको निवास हुन्छ । श्रीकपर्दि विनायक र कार्तिकेयको पूजा गर्नाले मानिसलाई निर्विघ्नतापूर्वक सिद्धि प्राप्त हुन्छ । सोमनाथ, कालेश्वर, केदार, प्रपितामह, सिद्धेश्वर, रुद्रेश्वर, रामेश्वर तथा ब्रह्मकेश्वर यी आठ गुप्त लिङ्गमा पूजा गर्नाले मानिसले सबै कुरा प्राप्त गर्दछ । यदि लक्ष्मी प्राप्तिको कामना छ भने भगवान् नारायण, वराह, नरसिंहलाई नमस्कार गर्नुपर्छ । ब्रह्मा, विष्णु तथा त्रिपुरनायक महेश्वरलाई पनि प्रणाम गर्नुपर्छ । उनीहरू सबै कामना प्रदान गर्ने हुन् । सीता, राम, गरुड तथा वामनको पूजा गर्दा मानिसले आफ्ना सम्पूर्ण कामना प्राप्त गर्दछ र पितृहरूलाई ब्रह्मलोक प्राप्ति गराउँछ । देवताहरूका साथै भगवान् श्रीआदिगदाधरको पूजा गर्नाले मानिसले तीन ऋणबाट मुक्तभई सम्पूर्ण कुललाई तार्दछ । प्रेतशिला देवरूपा हुनाले परम पवित्र छ । गयामा त्यो शिला देवमय नै छ । गयामा तीर्थ नभएको त्यस्तो कुनै ठाउँ नै

ऋणत्रयविनिर्मुक्तस्तारयेत्सकलं कुलम् ।२७।
देवरूपा शिला पुण्या तस्माद्देवमयी शिला ।
गयायां न हि तत्स्थानं यत्र तीर्थं न विद्यते ।२८।
यन्नाम्ना पातयेत्पिण्डं तन्नयेद् ब्रह्म शाश्वतम् ।
फल्गवीशं फल्गुचण्डीं च प्रणम्याङ्गारकेश्वरम् ।२९।
मतङ्गस्य पदे श्राद्धी भरताश्रमके भवेत् ।
हंसतीर्थे कोटितीर्थे यत्र पाण्डुशिलान्नदः ।३०।
तत्र स्यादग्निधारायां मधुस्रवसि पिण्डदः ।
रुद्रेशं किलिकिलेशं नमेद् वृद्धि विनायकम् ।३१।
पिण्डदो धेनुकारण्ये पदे धेनोर्नमेच्च गाम् ।
सर्वान्पितॄंस्तारयेच्च सरस्वत्यां च पिण्डदः ।३२।
सन्ध्यामुपास्य सायाह्ने नमेद्देवीं सरस्वतीम् ।
त्रिसन्ध्याकृद्भवेद्विप्रो वेदवेदाङ्गपारगः ।३३।
गयां प्रदक्षिणीकृत्य गयाविप्रान्प्रपूज्य च ।
अन्नदानादिकं सर्वं कृतं तत्राक्षयं भवेत् ।३४।
स्तुत्वा सम्प्रार्थयेदेवमादिदेवं गदाधरम् ।
गदाधरं गयावासं पित्रादीनां गतिप्रदम् ।३५।
धर्म्मार्थकाममोक्षार्थं योगदं प्रणमाम्यहम् ।
देहेन्द्रियमनोबुद्धिप्राणाहङ्कारवर्जितम् ।३६।
नित्यशुद्धं बुद्धियुक्तं सत्यं ब्रह्म नमाम्यहम् ।
आनन्दमद्वयं देवं देवदानववन्दितम् ।३७।
देवदेवीवृन्दयुक्तं सर्वदा प्रणमाम्यहम् ।
कलिकल्मषकालार्त्तिन्दमनं वनमालिनम् ।३८।
पालिताखिललोकेशं कुलोद्धरणमानसम् ।
व्यक्ताव्यक्तविभक्तात्माविभक्तात्मानमात्मनि ।३९।
स्थितं स्थिरतरं सारं वन्दे घोराघमर्दनम् ।
आगतोऽस्मि गयां देव पितृकार्य्यं गदाधर ।४०।
त्वं मे साक्षीभवाद्येह अनृणोऽहमृणत्रयात् ।
साक्षिणः सन्तु मे देवा ब्रह्मेशानादयस्तथा ।४१।
मया गयां समासाद्य पितॄणां निष्कृतिः कृता ।
गयामाहात्म्यपठनाच्छ्राद्धादौ ब्रह्मलोकभाक् ।
पितॄणामक्षयं श्राद्धमक्षयं ब्रह्मलोकदम् ।४२।

छैन । गयामा जसका नामले पिण्ड दिए पनि त्यसले उसलाई सनातन ब्रह्ममा स्थापित गराउँछ। फलवीश्वर, फल्गुचण्डी तथा अङ्गारकेश्वरलाई प्रणाम गरेर श्राद्धकर्ता पुरुषले मतङ्गमुनिका स्थानमा पिण्डदान गर्नुपर्छ । त्यसपछि भरतका आश्रममा पनि पिण्ड दिनुपर्छ । यसै गरी हंस तीर्थ र कोटी तीर्थमा गर्नुपर्छ । जहाँ पाण्डुशिला नदी छ, त्यहाँ अग्निधारा तथा मधुश्रवा तीर्थमा पिण्डदान गर्नुपर्छ । त्यसपछि इन्द्रेश्वर, किलकिलेश्वर तथा वृद्धिविनायकलाई प्रणाम गर्नुपर्छ र धेनुकारण्यमा पिण्डदान गर्नुपर्छ। धेनुपदमा गाईलाई नमस्कार गर्नुपर्छ। त्यसबाट उसले आफ्ना समस्त पितृहरूलाई उद्धार गर्दछ । त्यसपछि सरस्वती तीर्थमा गएर पिण्ड दिनुपर्छ । सांयकालीन सन्ध्योपासना गरेर सरस्वती देवीलाई प्रणाम गर्नुपर्छ । यसो गर्नाले मानिसले तीनै कालका सन्ध्योपासनमा तत्पर वेद-वेदाङ्गहरूको पारङ्गत विद्वान् ब्राह्मण हुन्छ । गयाको परिक्रमा गरेर त्यहाँका ब्राह्मणहरूलाई पूजा गर्नाले गया तीर्थमा गरेको अन्नदान आदि सम्पूर्ण पुण्य अक्षय हुन्छ । भगवान् गदाधरलाई स्तुति गरेर यस किसिमले स्तुति गर्नुपर्छ— जुन आदिदेवताले गर्दा धारण गर्दछन्, गयाका निवासी तथा पितृ आदिलाई सद्गति प्रदान गर्दछन्, उनै योगदाता भगवान् गदाधरलाई म धर्म, अर्थ, काम र मोक्षका लागि प्रणाम गर्दछु । देह, इन्द्रिय, मन, बुद्धि, प्राण र अहङ्कारले उनी शून्य छन् । नित्य शुद्ध, बुद्ध, मुक्त, द्वैत शून्य तथा देवता एवं दानवहरूबाट उनी वन्दित छन् । देवता र देवीहरूको समुदाय सधैं उनकै सेवामा उपस्थित रहेका हुन्छन् । म उनैलाई नमस्कार गर्दछु । उनले कलिको कल्मष र कालको पीडा नाश गराउँछन् । उनका कण्ठमा वनमाला सुशोभित भइरहेको हुन्छ । सम्पूर्ण लोकपालहरूको पनि पालन उनैबाट हुन्छ । उनले सबैको मन कुलको उद्धार गर्नमा लगाइदिन्छन् । व्यक्त र अव्यक्त सबैमा आफ्नो स्वरूप विभक्त गरेर स्थित भइरहेका भए तापनि उनी वास्तवमा अविभक्तात्मा नै हुन् । उनको स्थिति उनैका स्वरूपमा रहेको छ । उनी अत्यन्त स्तिर र सारभूत हुन् र भयङ्कर पापलाई उनले मर्दन गर्दछन् । म उनैका चरणमा शिर झुकाउँछु । हे भगवान् गदाधर देव ! म पितृको श्राद्ध गर्नका निम्ति गयामा आएको छु । तिमी यहाँ मेरो साक्षी भइदिनू । आज म तीनवटै ऋणबाट मुक्त भएको छु । ब्रह्मा र शङ्कर आदि देवताहरू पनि मेरा लागि साक्षी भइदिऊन् । मैले गयामा आएर आफ्ना पितृहरूलाई उद्धार गरिसकें भन्दै प्रार्थना गर्नुपर्छ । श्राद्ध आदिमा गयाको यो माहात्म्य पाठ गर्नाले मानिस ब्रह्मलोकको भागी हुन्छ । गयामा पितृहरूको श्राद्ध अक्षय हुन्छ त्यही अक्षयले ब्रह्मलोक प्रदान गर्दछ ।२१-४२।

११७. सप्तदशाधिकशततमोऽध्यायः

श्राद्धकल्पः

अग्निरुवाच

कात्यायनो मुनिनाह यथा श्राद्धं तथा वदे।
श्राद्धं गयादौ कुर्वीत सङ्क्रान्त्यादौ विशेषतः ।१।
कालेवाऽपरपक्षे च चतुर्थ्यामूर्ध्वमेव वा।
सम्पाद्य च पदर्क्षे च पूर्वेद्युश्च निमन्त्रयेत् ।२।
यतीन्गृहस्थसाधून्वा स्नातकाञ्छ्रोत्रियान्द्विजान्।
अनवद्यान्कर्म्मनिष्ठाञ्शिष्टानाचारसंयुतान् ।३।
वर्ज्जयेच्चवित्रिकुष्ठ्यादीन्न गृह्णीयान्निमन्त्रितान्।
स्नाताञ्छुचींस्तथा दान्तान्प्राङ्मुखान्देवकर्म्मणि ।४।
उपवेशयेत्त्रीन्पित्र्यादिनैकैकमुभयत्र वा।
एवं मातामहादेश्च शाकैरपि च कारयेत् ।५।
तदह्नि ब्रह्मचारी स्यादकोपोऽत्वरितो मृदुः।
सत्योऽप्रमत्तोऽनध्वन्यो अस्वाध्यायश्च वाग्यतः ।६।
सर्वांश्च पङ्क्तिमूर्द्धन्यान्पृच्छेत्प्रश्ने तथासने।
दर्भानास्तीर्य्य द्विगुणान्पित्रे देवादिकं चरेत् ।७।
विश्वान्देवानावाहयिष्ये पृच्छदेवाहयेति च।
विश्वेदेवास आवाह्य विकीर्य्याथ यवाञ्जपेत् ।८।
विश्वेदेवाः शृणुतेमं पितृनावाहयिष्ये च।
पृच्छेदावाहयेत्युक्ते उशन्तस्त्वा समाह्वयेत् ।९।
तिलान्विकीर्य्याथ जपेदायन्त्वित्यादि पैतृके।
सपवित्रे निषिञ्चेद्वा शन्नो देवीरभिञ्चृचा ।१०।
यवोऽसीति यवान्दत्त्वा पित्रे सर्वत्र वै तिलान् तिलोऽसि सोमदेवत्यो गोसवो देवनिर्म्मितः प्रत्नवद्भिः पृक्तः स्वधयेहि इमान्पितॄन् लोकान् प्रीणाहि नः स्वधा नमः

अग्निदेव भन्दछन्— महर्षि कात्यायनले जसरी श्राद्धको वर्णन गरेका थिए त्यसको बयान म गर्दछु। गया आदि तिर्थमा विशेषतः सङ्क्रान्ति आदि अवसरमा श्राद्ध गर्नुपर्दछ। अपराह्न कालमा कृष्णपक्षमा चतुर्थी तिथि अथवा त्यसभन्दा पछिल्ला तिथिहरूमा श्राद्धका लागि उपयोगी सामग्री एकत्रित गरेर उत्तम नक्षत्रमा श्राद्ध गर्नुपर्छ। श्राद्धको एकदिन पहिले नै ब्राह्मणलाई निमन्त्रित गर्नुपर्छ। सन्यासी, गृहस्थ, साधु अथवा स्नातक तथा श्रोत्रिय ब्राह्मणहरू निन्दाका पात्र नभएका वा आफ्नै कार्यमा लागिरहेका र शिष्ट एवं सदाचारी छन् भने निम्त्याउनुपर्छ। जसका जिउमा सेता दाग छन्, जो कोर आदि रोगले ग्रस्त छ त्यस्ता ब्राह्मणलाई छोड्दिनुपर्छ; श्राद्धमा सामेल गर्नुहुँदैन। निम्त्याइएका ब्राह्मणले स्नान र आचमन गरेर पवित्र भइसकेपछि देवकर्ममा तिनीहरूलाई पूर्व मुख पारेर बसाउनुपर्छ। देवश्राद्ध, पितृ श्राद्धमा तीन तीन ब्राह्मण रहनुपर्छ अथवा यी दुवैमा एक एक ब्राह्मण हुनुपर्छ। यसै गरी मातामह आदिका श्राद्धमा पनि हुनुपर्छ भन्ने सम्झना राख्नुपर्छ। साग आदिले नै श्राद्ध कर्म गराउनुपर्छ। श्राद्धका दिन ब्रह्मचारी भई बस्नुपर्छ, क्रोधी र उत्ताउलो बन्नु हुँदैन। नम्र, सत्यवादी र सावधान हुनुपर्छ। त्यस दिन लामो बाटो हिँड्नु हुँदैन र स्वाध्याय पनि गर्नु हुँदैन, मौन रहनुपर्छ। सम्पूर्ण पङ्क्ति मूर्धन्य ब्राह्मणसित प्रत्येक कार्यका विषयमा सोध्नुपर्छ। आसनमा कुश ओछ्याउनुपर्छ। पितृ कार्यमा कुशलाई दुईसरो दोब्र्याउनुपर्छ। पहिले देवकर्म गरेपछि पितृकर्म गर्नुपर्छ। देव धर्ममा अडिएका ब्राह्मणसित— म विश्वदेवतालाई निम्त्याऊँ ? भनी प्रश्न गर्नुपर्छ। ब्राह्मणले— आह्वान गर भन्ने अनुमति दिनुपर्छ। अनि विश्वेदेवास आगत शृणुताम इमं हवं एवं बर्हिर्निषीदत भन्ने मन्त्रले विश्वेदेवलाई आवाहन गरेर आसनमा जौ छर्नुपर्दछ। त्यति गरेपछि विश्वेदेवाः शृणुतेमं हवं मे ये अन्तरिक्षे य उपद्यविष्ठि। ये अग्निजिह्वा उत वा यजत्रा आद्यास्मिन् बर्हिषि मादयध्वम् भन्ने मन्त्रको जप गर्नुपर्दछ। त्यसपछि पितृकर्ममा नियुक्त ब्राह्मणसित म पितृहरुलाई आवाहन गरूँ भनेर सोध्नुपर्दछ र ब्राह्मणले गर भन्ने अनुमति दिनुपर्दछ। त्यसपछि उशन्तस्त्वा. भन्ने मन्त्र पाठ गर्दै आह्वान गर्नुपर्छ। त्यसपछि पवित्रकसहित अर्घ्यपात्रमा जल हाल्दै शं नो देवी भन्ने मन्त्र पढ्नुपर्छ। त्यसपछि यवोऽसि भन्ने मन्त्रले जौ दिएर पितृका निमित्त सर्वत्र तिलको उपयोग

इति श्रीश्च ते इति ददेत्पुष्पं पात्रे हैमेऽथ राजते ।११।

औदुम्बरे वा खड्गे वा पर्णपात्रे प्रदक्षिणम् ।

देवानामपसव्यं तु पितृणां सव्यमाचरेत् ।१२।

एकैकस्य एकैकेन सपवित्रकरेषु च या दिव्या आपः पयसा सम्भूवुर्या अन्तरिक्ष उत पार्थिवीर्य्याः हिरण्यवर्णा यज्ञियास्ता न आपः शिवाः शँ स्योनाः सुवहा भवन्तु विश्वेदेवा एष वोऽर्घः स्वाहा च पितरेष ते ।१३।

स्वधैवं पितामहादेः संन्नवात्प्रथमे चरेत् ।

पितृभ्यः स्थानमसीति न्युब्जपात्रं करोत्यधः ।१४।

अत्र गन्धपुष्पधूपदीपाच्छादनदानकम् ।

घृताक्तमन्नमुद्धृत्य पृच्छत्यग्नौ करिष्ये च ।१५।

कुरुष्वेत्यभ्यनुज्ञातो जुहुयात्साग्निको नमेत् ।

अनग्निकः पितृहस्ते सपवित्रे तु मन्त्रतः ।१६।

अग्नये कव्यवाहनाय स्वाहेति प्रथमाहुतिः ।

सोमाय पितृमतेऽथ यमायाङ्गिरसे परे ।१७।

हुतशेषं चान्नपात्रे दत्त्वा पात्रं समालभेत् पृथिवी ते पात्रं द्यौरपिधानं ब्रह्मणस्त्वा मुखे अमृते अमृतं जुहोमि स्वाहेति जप्त्वेदं विष्णुरित्यन्ने द्विजाङ्गुष्ठं निवेशयेत् ।१८।

अपहतेति च तिलान् विकीर्य्यान्नं प्रदापयेत् ।

जुषध्वमिति चोक्त्वाथ गायत्र्यादि ततो जपेत् ।१९।

देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च ।

नमः स्वधायै स्वाहायै नित्यमेव नमो नमः ।२०।

तृप्तां ज्ञात्वान्नं विकिरेदपो दद्यात्सकृत्सकृत् ।

गायत्रीं पूर्ववज्जप्त्वा मधु मद्विति वै जपेत् ।२१।

तृप्ताः स्थ इति सम्पृच्छेत्तृप्ताः स्म इति वै वदेत् ।

शेषमन्नमनुज्ञाप्य सर्वमन्नमथैकतः ।२२।

उद्धृत्योच्छिष्टपार्श्वे तु कृत्वा चैवावनेजनम् ।

गर्नुपर्छ । पानी हाल्ने काम भएपछि– तिलोऽसि सोमदेवत्यो गोसवे देवनिर्मितः । प्रत्नवद्भिः प्रत्तः स्वधया पितृँल्लोकान् पृणीहि नः स्वधा भवे मन्त्र पढदै तिल हाल्नुपर्छ । अनि श्रीश्च ते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे नक्षत्राणि रूपमश्विनौ व्यात्तम् । इष्णन्निषाणमु म इषाण सर्वलोकं म इषाण भन्ने मन्त्रले अर्घ्यपात्रमा फूल हाल्नुपर्छ । अर्घ्यपात्र सुनको, चाँदीको, काठको वा पत्ताको हुनुपर्छ । त्यसैमा देवतालाई सव्य भावले र पितृलाई अपसव्य भावले उक्त वस्तुहरू राख्नुपर्छ । एक–एकका लागि अलग–अलग एक एक नै अर्घ्यपात्र हुनु उचित हुन्छ । पितृका हातमा पहिले पवित्री, राखेपछि नै तिनलाई अर्घ्य दिनुपर्दछ । त्यसपछि अर्घ्यपात्र हातमा लिई निम्नाङ्कित मन्त्र पढनुपर्छ– ओं या दिव्या आपः पयसा सम्भबूर्या अन्तरिक्ष उत पार्थिवीर्याः । हिरण्यवर्णा यज्ञियस्ता न आपः शिवा शं स्योनाः सुहवा भवन्तु । अनि सङ्कल्प पढदै– ओं अद्यामुक गोत्राणां पितृपितामहप्रपितामहानाम् अमुकामुक शर्मणाम् अमुक श्राद्ध सम्बन्धिनो विश्वेदेवाः एष वो हस्तार्घ्यः स्वाहा भनेर देवताहरूलाई अर्घ्य दिई पात्रलाई दक्षिण भागमा सोझो राखिदिनुपर्छ । यसै गरी पिता आदिका लागि पनि अर्घ्य दिनुपर्छ । त्यसको सङ्कल्प– ओमद्य अमुक गोत्र पितः अमुक शर्मन् अमुक श्राद्ध एष हस्तार्घ्यः ते स्वधा भन्ने हो । यसै गरी पितामह आदिलाई पनि दिनुपर्छ । त्यसपछि सबै पात्रमा बचेको अर्घ्य पहिलो अर्थात् प्रपितामहका पात्रमा खन्याउनुपर्छ । त्यस अर्घ्यमा रहेको जल आदि सबै वस्तु पितामहका पात्रमा खन्याउनुपर्छ । त्यसपछि त्यो सबै पिताका अर्घ्यपात्रमा हाल्नुपर्छ । पिताको अर्घ्यपात्र पितामहका अर्घ्यपात्रमाथि राख्नुपर्छ । त्यसपछि ती दुवैलाई प्रपितामहका अर्घ्यपात्रमाथि राख्नुपर्छ । अनि ती तीनैवटालाई पिताका आसनको बायाँ भागमा–पितृभ्य स्थानमसि भन्दै घोप्ट्याइदिनुपर्छ । त्यसपछि त्यहीं देवता र पितृहरूका लागि गन्ध, पुष्प, धुप, दीप र वस्त्र आदि दान गर्नुपर्ने हुन्छ । त्यसपछि श्राद्धकर्ता पुरुषले पात्रबाट थिउयुक्त अन्न निकालेर ब्राह्मणसित–म यस अन्नलाई अग्निमा हवन गरुँ भनी सोध्नुपर्छ । ब्राह्मणले–गर भनी आज्ञा दिनुपर्छ । त्यसपछि साग्निक पुरुषले अग्निमा हवन गर्दछन् र निरग्निक पुरुषले पितृका पवित्रीयुक्त हातमा वा जलमा मन्त्रसहित आहुति दिन्छन् । पहिलो आहुति–अग्नये कव्यवाहनाय स्वाहा भनेर दिइन्छ । दोस्रो आहुति–सोमाय पितृमते स्वाहा भन्ने मन्त्रले दिनुपर्छ । अरू विद्वान्हरूका मतमा यम र अङ्गिराका उद्देश्यले पनि आहुति दिनुपर्छ । हवन गरेर शेष बचेका अन्नबाटै क्रमशः देवता र पितृलाई पस्किनुपर्छ र पात्रलाई हातले छोप्नुपर्छ । त्यसबेलामा– ओं पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्य मुखेऽमृतेऽमृतं जुहेमि स्वाहा । इदं

दद्यात्कुशेषु त्रीन्पिण्डानाचान्तेषु परे जगुः ।२३।
आचान्तेषूदकं पुष्पाण्यक्षतानि प्रदापयेत् ।
अक्षय्योदकमेवाथ आशिषः प्रार्थयेन्नरः ।२४।
अघोराः पितरः सन्तु गोत्रं नो वर्द्धतां सदा ।
दातारो नोऽभिवर्द्धन्तां वेदाः सन्ततिरेव च ।२५।
श्रद्धा च नो माव्यगमद्बहु देयं च नोऽस्त्विति ।
अन्नं च ना बहु भवेदतिथींश्च लभेमहि ।२६।
याचितारश्च नः सन्तु मा च याचिष्म कञ्चन ।
स्वधावाचनीयान्कुशानास्तीर्य्य सपवित्रकान् ।२७।
स्वधां वाचयिष्ये पृच्छेदनुज्ञातश्च वाच्यताम् ।
पितृभ्यः पितामहेभ्यः प्रपितामहमुख्यके ।२८।
स्वधोच्यतामस्तु स्वधा उच्यमानस्तथैव च ।
अपो निषिञ्चेदुत्तानं पात्रं कृत्वाथ दक्षिणाम् ।२९।
यथाशक्ति प्रदद्याच्च दैवे पैत्रेऽथ वाचयेत् ।
विश्वेदेवाः प्रीयन्तां च वाजेवाजे विसर्जयेत् ।३०।
आमावाजस्येत्यनुव्रज्य कृत्वा विप्रान्प्रदक्षिणम् ।
गृहे विशेदमावास्यां मासिमासि चरेत्तथा ।३१।
एकोद्दिष्टं प्रवक्ष्यामि श्राद्धं पूर्ववदाचरेत् ।
एकं पवित्रमेकार्घमेकं पिण्डं प्रदापयेत् ।३२।
नावाहनाग्नौकरणं विश्वेदेवा न चात्र हि ।
तृप्तिप्रश्ने स्वदितमिति वदेत्सुस्वदितं द्विजः ।३३।
उपतिष्ठतामित्यक्षय्ये विसर्गे चाभिरम्यताम् ।
अभिरताः स्म इत्यपरे शेषं पूर्ववदाचरेत् ।३४।
सपिण्डीकरणं वक्ष्ये अब्दान्ते मध्यतोऽपि वा ।
पितॄणां त्रीणि पात्राणि एकं प्रेतस्य पात्रकम् ।३५।
सपवित्राणि चत्वारि तिलपुष्पयुतानि च ।

विष्णोर्विचक्रमे त्रेधा निदधे पदम् समूढमस्य पांसुरे स्वाहा । कृष्ण हव्यमिदं रक्ष मदीयम् भन्ने मन्त्रको जप गर्नुपर्छ । यसरी पढेर अन्त्यमा ब्राह्मणका औंठाले स्पर्श गराउनुपर्छ र पितृका पात्रमा अपहता असुरा रक्षांसि वेदिषदः भन्ने मन्त्रले तिल छर्दै सङ्कल्प गरेर अन्न अर्पण गर्नुपर्छ । जुषध्वम् भनेर अन्न ग्रहण गर्ने प्रार्थना गरी गायत्री आदि मन्त्रको जप गर्नुपर्छ । देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च नमः स्वधायै स्वाहायै नित्यमेव नमोनमः भन्ने मन्त्रको पनि जप गर्नुपर्छ । पितृहरूलाई तृप्त भएको जानेपछि पात्रमा अन्न छर्नुपर्छ । त्यसपछि एक एकपटक सबैलाई जल चढाउनुपर्छ । पहिलेको जस्तै गरी सव्य भावले नै गायत्री मन्त्र जप गरेर मधुवाता भन्ने ऋचाको पनि जप गर्नुपर्छ ।१-२९।

त्यसो भइसकेपछि ब्राह्मणहरूसित— यहाँहरू तृप्त हुनु भो ? भनी सोध्नुपर्छ । ब्राह्मणहरूले— अँ हामी तृप्त भयौं भन्दछन् । त्यसपछि ब्राह्मणहरूको आज्ञा लिई बचेको अन्न सबै जम्मा पार्नुपर्छ । त्यसपछि पिण्ड बनाउनका लागि पात्रबाट झिकिएको र पितृको जुठो अन्नका नजिकै अवनेजन बनाएर सङ्कल्प गरी कुशमाथि तीनवटा पिण्ड दान गरिन्छ । अरू कसैको मत अनुसार ब्राह्मणले भोजन गरिसकेपछि हातमुख धोई आचमन गरेर मात्र पिण्डदान गर्नुपर्छ भनिएको छ । आचमन गरिसकेपछि जल, फूल र अक्षता प्रदान गरिन्छ । त्यसपछि अक्ष्य्योदक दिएर मानिसले आशीर्वादका लागि प्रार्थना गर्नुपर्छ । ओं अघोराः पितरः सन्तु भन्दै जल खन्याउनुपर्छ । त्यसपछि प्रार्थना गर्दै— हाम्रो गोत्र सधैँ बढिरहोस्, हाम्रा दाता पनि सधैँ उन्नतिपथमा लागेका होऊन्, वेदको पठन-पाठन प्रणाली सधैँ बढोस्, सन्तानहरू पनि बडिरहून्, हाम्रो श्रद्धामा कमी नहोस्, हामीसित दान दिन योग्य वस्तु सधैँ सञ्चित रहून्, हामीकहाँ अन्न पनि धेरै होस्, हामीलाई अतिथि प्राप्त भइरहून्, हाम्रा घरमा अतिथि आइरहून्, हाम्रा घरमा माग्ने आइरहून् तर हामी कसै कहाँ माग्न जानु नपरोस् भन्नुपर्छ । त्यसपछि स्वधा वाचनका लागि पिण्डमाथि पवित्रक सहितको कुश ओछ्याउनुपर्छ र ब्राह्मणसित— अब म स्वधा वाचन गराऊँ भनी सोध्नुपर्छ । ब्राह्मणले— हुन्छ, स्वधावाचन गराऊ भन्ने आज्ञा दिन्छन् । त्यसपछि— हे ब्राह्मण हो ! तिमीहरू मेरा पिता, पितामह र प्रपितामहका लागि स्वधा वाचन गर भन्नुपर्छ । ब्राह्मणले— अस्तु स्वधा भन्नुपर्छ । त्यसपछि— ऊर्जं वहन्तीरमृतं घृतं पयः कीलालं परिसुतम् स्वधा स्थ तर्पयत मे पितॄन् भन्ने यजुर्वेदीय मन्त्रले दुधमिश्रित जल कुशमाथि दाहिनेतर्फबाट धारा लगाई बगाउनुपर्छ । त्यसपछि अर्घ्यपात्रलाई उत्तानो पारेर देवश्राद्ध तथा पितृश्राद्धको प्रतिष्ठाका लागि यथाशक्ति सुवर्ण र रजत्

गन्धोदकेन युक्तानि पूरयित्वाभिषिञ्चति ।३६।
प्रेतपात्रं पितृपात्रे ये समाना इति द्वयात् ।
पूर्ववत्पिण्डदानादि प्रेतानां पितृता भवेत् ।३७।
अथाभ्युदयिकं श्राद्धं वक्ष्ये सर्वं तु पूर्ववत् ।
जपेत्पितृमन्त्रवर्ज्जं पूर्वह्णि तत्प्रदक्षिणम् ।३८।
उपचारा ऋजुकुशास्तिलार्थैश्च यवैरिह ।
तृप्तिप्रश्नस्तु सम्पन्नं सुसम्पन्नं वदेद्द्विजः ।३९।
दध्यक्षतवदराद्याः पिण्डा नान्दीमुखान्पितॄन् ।
आवाहयिष्ये पृच्छेच्च प्रीयन्तामिति चाक्षये ।४०।
नान्दीमुखाश्च पितरो वाचयिष्येऽथ पृच्छति ।
नान्दीमुखान्पितृगणान्प्रीयन्तामित्यथो वदेत् ।४१।
नान्दीमुखाश्च पितरस्तृप्यता प्रपितामहः ।
मातामहः प्रमातामहो वृद्धप्रमातृकामहः ।४२।
स्वधाकारं न युञ्जीत युग्मान्विप्रांश्च भोजयेत् ।
तृप्तिं वक्ष्ये पितृणां च ग्राम्यैरोषधिभिस्तथा ।४३।
मासं तृप्तिस्तथारण्यैः कन्दमूलफलादिभिः ।
मत्स्यैर्मासद्वयं मार्गैस्त्रयं वै शाकुनेन च ।४४।
चतुरो रौरवेणाथ पञ्च षट् छागलेन तुः ।
कूर्मेण सप्त चाष्टौ च वाराहेण नवैव तु ।४५।
मेषमांसेन दश च माहिषैः पार्षतैः शिवैः ।
संवत्सरं तु गव्येन पयसा पायसेन वा ।४६।
वार्द्धीनसस्य मांसेन तृप्तिर्द्वादशवार्षिकी ।
खड्गमांसं कालशाकं लोहितच्छागलो मधु ।४७।
महाशल्काश्च वर्षासु मघाश्राद्धमथाक्षयम् ।
मन्त्राध्याय्यग्निहोत्री च शाखाध्यायी षडङ्गवित् ।४८।
त्रिणाचिकेतः त्रिमधुर्धर्मद्रोणस्य पाठकः ।
त्रिसपर्णज्येष्टसामज्ञानी स्युः पङ्क्तिपावनाः ।४९।
काम्यानां कल्पमाख्यास्ये प्रतिपत्सु धनं बहु ।

क्रमशः दक्षिणा दिनुपर्छ । त्यसपछि– विश्वेदेवाः प्रीयन्ताम् भनेर देवताहरूको विसर्जन गर्नुपर्छ र वाजेबाजे ऽवत वाजिनो नो धनेषु विप्रा अमृता ऋतज्ञाः । अस्य मध्वः पिबत मादयध्वं तृप्ता यात पथिभिर्देवयानैः भन्ने मन्त्रले पिता आदिलाई विसर्जन गर्नुपर्छ । त्यसपछि– आ मा वाजस्य इत्यादि मन्त्र पढ्दै ब्राह्मका पछिपछि गई ब्राह्मणलाई परिक्रमा गरेर आ आफ्ना घरमा जानुपर्छ । प्रत्येक महिनाको अमावस्यामा यसै किसिमले पार्वण श्राद्ध गर्नुपर्छ । अब म एकोद्दिष्ट श्राद्धको वर्णन गर्दछु । यो श्राद्ध पहिलेकै जसरी गरिन्छ । यसमा यति नै विशेषता छ कि—एउटै पवित्रक, एउटै अर्घ्य र एउटै पिण्ड दिनुपर्छ । यसमा आवाहन, अग्निकरण र विश्वेदेव पूजन हुँदैन । जहाँ तृप्ति सोधिन्छ त्यस अवस्थामा– स्वदितम् भनेर सोध्नुपर्छ । ब्राह्मणले सुस्वदितम् भनेर उत्तर दिन्छन् । उपतिष्ठताम् भनेर अर्पण गर्नुपर्छ । अक्षय्योदक पनि दिनुपर्छ । विसर्जनका समयमा पनि अभिरम्यताम् भन्ने उच्चारण गर्नुपर्छ । ब्राह्मणले– अभिरताः स्मः भन्नुपर्छ । बाँकी सबै कुरो पहिलेका श्राद्धमा बताइएको जस्तै हो । अब सपिण्डीकरणको वर्णन गर्दछु । यो वर्षको अन्त्यमा वा मध्यमा पनि हुन्छ यसमा पितृका लागि तीन पात्र हुन्छन् र प्रेतका लागि एक पात्र अलग हुन्छ । चारैवटा अर्घ्यपात्रमा पवित्री, तिल, फूल, चन्दन र जल हालेर भरिन्छ । अनि श्राद्धकर्ता पुरुषले तिनैले अर्घ्य दिन्छ । ये समानाः भन्ने यजुर्वेदका मन्त्रले प्रेतका अर्घ्यपात्रलाई क्रमैसँग तीनैवटा पितृका अर्घ्यपात्रमा मिसाइन्छ । यसै गरी पहिलोकै रीतिअनुसार नै पिण्डदान, दान आदि कार्य गरेर प्रेतलाई पितृका पिण्डमा मिसाइन्छ । यसैबाट प्रेतलाई पितृको पद प्राप्त हुन्छ । अब आभ्युदयिक श्राद्धको कुरो गर्दछु । यसको सबै विधि पूर्ववत् नै हो । यसमा पितृसम्बन्धी मन्त्रका अतिरिक्त अन्य मन्त्रको पनि जप गर्नुपर्छ । आभ्युदयिक श्राद्ध र त्यसको दक्षिणा पूर्वाह्न कालमा नै गरेर त्यसको प्रदक्षिणा गर्नुपर्छ । यसको उपचार कोमल कुश नै हो । यसमा तिनका स्थानमा जौको नै उपयोग गरिन्छ । ब्राह्मणसित पितृको तृप्तिका विषयमा प्रश्न गर्दा सम्पन्नम् भनेर गरिन्छ र ब्राह्मणले उत्तर दिँदा सुसम्पन्नम् भन्ने गर्दछन् । यसमा दही, अक्षता र बयर आदिकै पिण्ड हुने गर्दछ । आवाहन गर्ने बेलामा म नान्दिमुख नामका पितृको तृप्ति वाचन गराउँछु भनी सोध्नुपर्छ । ब्राह्मणको आज्ञा लिएर नन्दीमुखाः पितरः प्रीयन्ताम भन्नुपर्छ । पिता, पितामह, प्रपितामह, मातामह, प्रमातामह र वृद्धप्रमातामह यिनीहरू नै नान्दीमुख पितृहरू हुन् ।२२-४२।

आभ्युदयिक श्राद्धमा स्वधा शब्दको प्रयोग गर्नुहुँदैन र जोडी ब्राह्मणलाई भोजन गराउनुपर्छ । अब म पितृहरूको तृप्तिका विषयमा भन्दछु । ग्राम्य अन्नले जङ्गली कन्दमूल फल

स्त्रियः परा द्वितीयायां चतुर्थ्यां धर्मकामदः ।५०।
पञ्चम्यां पुत्रकामस्तु षष्ठ्यां च श्रैष्ठ्यभागपि ।
कृषिभागी च सप्तम्यामष्टम्यामर्थलाभकः ।५१।
नवम्यां च एकशफा दशम्यां गोगणो भवेत् ।
एकादश्यां परिवारी द्वादश्यां धनधान्यकम् ।५२।
ज्ञातिश्रैष्ठ्यं त्रयोदश्यां चतुर्दश्यां च शस्त्रतः ।
मृतानां श्राद्धं सर्वाप्तममावास्यां समीरितम् ।५३।
सप्त व्याधा दशारण्ये मृगाः कालञ्जरे गिरौ ।
चक्रवाकाः शरद्वीपे हंसाः सरसि मानसे ।५४।
तेऽपि जाताः कुरुक्षेत्रे ब्राह्मणा वेदपारगाः ।
प्रस्थिता दूरमध्वानं यूयं तेभ्योऽवसीदत ।५५।
श्राद्धादौ पठिते श्राद्धं पूर्णं स्याद् ब्रह्मलोकदम् ।
श्राद्धं कुर्य्याच्च पुत्रादिः पितुर्जीवति तत्पितुः ।५६।
तत्पितुस्तत्पितुः कुर्य्याज्जीवति प्रपितामहे ।
पितुः पितामहस्याथ परस्य प्रपितामहात् ।५७।
एवं मात्रादिकस्यापि तथा मातामहादिके ।
श्राद्धकल्पं पठेद्यस्तु स लभेच्छ्राद्धकृत्फलम् ।५८।
तीर्थे युगादौ मन्वादौ श्राद्धं दत्तमथाक्षयम् ।
अश्वयुक्छुक्लनवमी द्वादशी कार्त्तिके तथा ।५९।
तृतीया चैव माघस्य तथा भाद्रपदस्य च ।
फाल्गुनस्याप्यमावास्या पौषस्यैकादशी तथा ।६०।
आषाढस्यापि दशमी माघमासस्य सप्तमी ।
श्रावणे चाष्टमी कृष्णा तथाषाढे च पूर्णिमा ।६१।
कार्त्तिकी फाल्गुनी तद्वज्ज्येष्ठे पञ्चदशी सिता ।
स्वायम्भुवाद्या मनवस्तेषामाद्याः किलाक्षयाः ।६२।
गया प्रयागो गङ्गा च कुरुक्षेत्रं च नर्म्मदा ।
श्रीपर्वतः प्रभासश्च शालग्रामो वराणसी ।
गोदावरी तेषु श्राद्धं श्रीपुरुषोत्तमादिषु ।६३।

आदिले एक महिनासम्म पितृहरूलाई तृप्ति भइरहन्छ र गाईको दुध एवं खिरले एक वर्षसम्म पितृहरूलाई तृप्ति रहन्छ र वर्षा ऋतुमा त्रयोदशी नक्षत्र अझ विशेषगरी मघा नक्षत्रमा गरिएको श्राद्ध अक्षय नै हुन्छ। मन्त्र पाठ गर्ने, अग्निहोत्री, शाखा अध्ययन गर्ने, छवटै अङ्गको अध्ययन गरेका विद्वान् त्रिणाचिकेत, त्रिमधु, धर्मद्रोण पाठ गर्ने, त्रिसुपर्ण र बृहत् सामको ज्ञान भएका यी सबै पङ्क्तिपावन ब्राह्मण हुन् भन्ने मानिएको छ। अब म काम्य श्राद्धकल्पको वर्णन गर्छु। प्रतिपदामा श्राद्ध गर्नाले धन धेरै प्राप्त हुन्छ। द्वितीयाका दिन श्राद्ध गर्दा राम्री स्त्री प्राप्त हुन्छे। चतुर्थीका दिन गरिएका श्राद्धले धर्म र काम प्रदान गर्दछ। पुत्रको इच्छा गर्ने पुरुषले पञ्चमीमा श्राद्ध गर्नुपर्छ। षष्ठीका दिन श्राद्ध गर्ने मानिस श्रेष्ठ हुन्छ। सप्तमीमा श्राद्ध गर्दा खेतीमा लाभ हुन्छ र अष्टमी श्राद्ध गर्नाले धनलाभ हुन्छ। नवमीका दिन श्राद्धको अनुष्ठान गर्दा घोडा आदि एक खुर भएका पशु प्राप्त हुन्छन्। दशमी श्राद्ध गर्दा गाईगोठ प्राप्त हुन्छ। एकादशी श्राद्ध गर्दा परिवार र द्वादशी श्राद्ध गर्दा धनधान्य प्राप्त एवं वृद्धि हुन्छ। त्रयोदशीमा श्राद्ध गर्नाले आफ्ना जातिको श्रेष्ठता बढ्छ। चतुर्दशीका दिन तिनैको श्राद्ध गरिन्छ, जसको वध शस्त्रले गरिएको छ। सम्पूर्ण मृत व्यक्तिको श्राद्ध अमावस्यामा गर्ने विधान छ। दशार्णदेशका वनमा जुन सात व्याधा थिए तिनीहरू नै कालञ्जर गिरिमा मृग भए, शरद्वीपमा चखेवा भए र मानस सरोवरमा हंस भए। अहिले तिनीहरू नै कुरु क्षेत्रमा वेदका पारङ्गत विद्वान् ब्राह्मण भएका छन्। अहिले तिनले धेरै टाढासम्मको मार्ग पार गरिसकेका छन्। तिमीहरू तीभन्दा धेरै पछि रहेर कष्ट पाइरहेका छौ। श्राद्ध आदिका अवसरमा यस्तो पाठ गर्नाले श्राद्ध पूर्ण हुन्छ र ब्रह्मलोक प्रदान गर्ने पनि हुन्छ। यदि पितामह जीवित छन् भने पुत्रले पिताको, पितामहका पिताको र तिनका पिताको श्राद्ध गर्नुपर्छ। यदि प्रपितामह जीवित छन् भने पिता, पितामह र वृद्धप्रपितामहको श्राद्ध गरिन्छ। यसै गरी माता आदि तथा मातामह आदिका श्राद्धका विषयमा पनि गर्न जान्नु पर्दछ। जसले यो श्राद्धकल्प पाठ गर्दछ उसलाई श्राद्ध गरेकै फल प्राप्त हुन्छ। उत्तम तीर्थमा युग आदि र मनुआदि तिथिमा गरेको श्राद्ध अक्षय हुन्छ। आश्विन शुक्ल नवमी, कार्तिकको द्वादशी, माघ तथा भाद्रपदको द्वितीया, फाल्गुनको अमावस्य, पौषको शुक्ल एकादशी, आषाढको दशमी, माघ महिनाको सप्तमी, श्रावण कृष्णको अष्टमी, आषाढ, कार्तिक, फाल्गुन र ज्येष्ठको पूर्णिमा यी स्वायम्भुव आदि मनुसित सम्बन्धित तिथिहरू हुन्। यिनका आदि भागमा गरिएको श्राद्ध अक्षय हुन्छ। गया, प्रयाग, गङ्गा, कुरुक्षेत्र, नर्मदा, श्रीपर्वत, प्रभास, शालग्रामतीर्थ, काशी, गोदावरी र श्रीपुरुषोत्तमक्षेत्र आदि क्षेत्रमा श्राद्ध गर्नु उत्तम हुन्छ।४३-६३।

११८. अष्टादशाधिकशततमोऽध्यायः

भारतवर्षवर्णन

अग्निरुवाच
उत्तरं यत्समुद्रस्य हिमाद्रेश्चैव दक्षिणम् ।
वर्षं तद्भारतं नाम नवसाहस्रविस्तृतम् ।१।
कर्मभूमिरियं स्वर्गमपवर्गं च गच्छताम् ।
महेन्द्रो मलयः सह्यः शुक्तिमान् हेमपर्वतः ।२।
विन्ध्यश्च पारिपात्रश्च सप्तात्र कुलपर्वताः ।
इन्द्रद्वीपः कसेरुश्च ताम्रवर्णो गभस्तिमान् ।३।
नागद्वीपस्तथा सौम्यो गान्धर्वस्त्वथ वारुणः ।
अयं तु नवमस्तेषां द्वीपः सागरसंवृतः ।४।
योजनानां सहस्राणि द्वीपोऽयं दक्षिणोत्तरात् ।
नव भेदा भारतस्य मध्यभेदेथ पूर्वतः ।५।
किराता यवनाश्चापि ब्राह्मणाद्याश्च मध्यतः ।
वेदस्मृतिमुखा नद्यः पारिपात्रोद्भवास्तथा ।६।
विन्ध्याच्च नर्मदाद्याः स्युः सह्यात्तापी पयोष्णिका ।
गोदावरी भीमरथी कृष्णवेणादिकास्तथा ।७।
मलयात्कृतमालाद्यास्त्रिसामाद्या महेन्द्रजाः ।
कुमाराद्याः शुक्तिमतो हिमाद्रश्चन्द्रभागका ।
पश्चिमे कुरूपाञ्चालमध्यदेशादयः स्थिताः ।८।

अग्निदेवता भन्दछन्— समुद्रदेखि उत्तर र हिमालयदेखि दक्षिणमा रहेको जुन वर्ष छ, त्यसको नाम भारत हो । त्यसको विस्तार नौ हजार योजन छ । स्वर्ग र अपवर्ग प्राप्त गर्न खोज्ने पुरुषका लागि यो कर्मभूमि हो । महेन्द्र, मलय, सह्य, शुक्तिमान्, हिमालय, विन्ध्य र पारियात्र यी सात यहाँका कुलपर्वत हुन् । इन्द्रद्वीप, कसेरु, ताम्रवर्ण, गभस्तिमान्, नागद्वीप, सौम्य, गान्धर्व र वारुण यी आठ द्वीप हुन् । समुद्रले छेकेको नवौं द्वीप हो । भारतद्वीप उत्तरदेखि दक्षिणमा हजारौं योजन लामो छ । भारतका उपर्युक्त नौ भाग छन् । भारतको स्थिति बीचमा छ । यसको पूर्वमा किरात र पश्चिममा यवन बस्ने गर्दछन् । मध्यभागमा ब्राह्मणवर्ण आदिको बसोबास छ । वेद-स्मृति आदि नदीहरू पारियात्र पर्वतबाट निस्कन्छन् । विन्ध्याचलबाट नर्मदा आदि प्रकट भएका छन् । सह्य पर्वतबाट तापी, पयोष्णी, गोदावरी, भीमरथी र कृष्णवेणा आदि नदी उत्पन्न भएका छन् । मलय पर्वतबाट कृतमाला र महेन्द्र पर्वतबाट त्रिसामा आदि नदीहरू निस्केका छन् । शुक्तिमान्बाट कुमारी आदि र हिमालयबाट चन्द्रभागा आदि निस्केका छन् । भारतका पश्चिममा कुरु, पाञ्चाल र मध्यदेश आदि रहेका छन् ।१-८।

११९. ऊनविंशत्यधिकशततमोऽध्यायः

महाद्वीपवर्णन

अग्निरुवाच
लक्षयोजनविस्तारं जम्बूद्वीपं समावृतम् ।
लक्षयोजनमानेन क्षीरोदेन समन्ततः ।१।
संवेष्ट्य क्षारमुदधिं प्लक्षद्वीपस्तथा स्थितः ।
सप्त मेधातिथेः पुत्रा प्लक्षद्वीपेश्वरास्तथा ।२।
स्याच्छान्तभयः शिशिरः सुखोदय इतः परः ।
आनन्दश्च शिवः क्षेमो ध्रुवस्तन्नामवर्षकम् ।३।

अग्निदेवता भन्दछन्— जम्बूद्वीपको विस्तार एक लाख योजन छ। सबैतिरबाट त्यो एक लाख योजन क्षारयुक्त पानीका समुद्रले घेरिएको छ । त्यस क्षारसमुद्रलाई छेकेर प्लक्षद्वीप अडिएको छ । मेधातिथिका सात पुत्रहरू प्लक्षद्वीपका स्वामी हुन् । शान्तभय, शिशिर, सुखोदय, आनन्द, शिव, क्षेम तथा ध्रुव सात यिनै मेधातिथिका पुत्र हुन् र उनैका नाममा यी सात वर्षहरूछन् । गोमेध, चन्द्र, नारद, दुन्दुभि, सोमक, सुमना र शैल यी तिनै वर्षका मर्यादा पर्वतहरू हुन् । त्यहाँका सुन्दर निवासीहरू वैभ्राज नामले प्रसिद्ध छन् । यी द्वीपहरूमा सातवटा

मर्य्यादाशैलो गोमेधश्चन्द्रो नारददुन्दुभी ।
सोमकः सुमनाः शैलो वैभ्राजास्तज्जनाः शुभाः ।४।
नद्यः प्रधानाः सप्तात्र प्लक्षाच्छाकान्तिकेषु च ।
जीवनं पञ्चसाहस्रं धर्मो वर्णाश्रमात्मकः ।५।
आर्य्यकाः कुरवश्चैव विविंशा भाविनश्च ते ।
विप्राद्यास्तैश्च सोमोऽर्च्यो द्विलक्षश्चाब्धिलक्षकः ।६।
मानेनेक्षुरसोदेन वृतो द्विगुणशाल्मलः ।
वपुष्मतः सप्त पुत्राः शाल्मलेशास्तथाभवन् ।७।
श्वेतोऽथ हरितश्चैव जीमूतो लोहितः क्रमात् ।
वैद्युतो मानसश्चैव सुप्रभो नाम वर्षकः ।८।
द्विगुणो द्विगुणेनैव सुरोदेन समावृतः ।
कुमुदश्चानलश्चैव तृतीयस्तु बलाहकः ।९।
द्रोणः कङ्कोऽथ महिषः ककुद्मान् सप्त निम्नगाः ।
कपिलाश्चारुणाः पीताः कृष्णाः स्युर्ब्राह्मणादयः ।१०।
वायुरूपं यजन्ति स्म सुरोदेनायमावृतः ।
ज्योतिष्मतः कुशेशाः स्युरुद्भिजो धेनुमान् सुतः ।११।
द्वैरथो लम्बनो धैर्य्यः कपिलश्च प्रभाकरः ।
विप्राद्या दधिमुख्यास्तु ब्रह्मरूपं यजन्ति ते ।१२।
विद्रुमो हेमशैलश्च द्युतिमान्पुष्पवांस्तथा ।
कुशेशयो हरिः शैलो वर्षार्थं मन्दराचलः ।१३।
वेष्टितोऽयं घृतोदेन क्रौञ्चद्वीपेन सोऽप्यथ ।
क्रौञ्चेश्वराः द्युतिमतः पुत्रास्तन्नामवर्षकाः ।१४।
कुशलो मनोनुगश्चोष्णः प्रधानोऽथान्धकारकः ।
मुनिश्च दुन्दुभिः सप्त सप्त शैलाश्च निम्नगाः ।१५।
क्रौञ्चश्च वामनश्चैव तृतीयश्चान्धकारकः ।
देवावृत्पुण्डरीकश्च दुन्दुभिर्द्विगुणो मिथः ।१६।
द्वीपा द्वीपेषु ये शैला यथाद्वीपानि ते तथा ।
पुष्कराः पुष्कला धन्यास्तीर्था विप्रादयो हरिम् ।१७।
यजन्ति क्रौञ्चद्वीपस्तु दधिमण्डोदकावृतः ।
संवृतः शाकद्वीपेन हव्याच्छाकेश्वराः सुताः ।१८।
जलदश्च कुमारश्च सुकुमारो मणीवकः ।
कुशोत्तरोऽथ मोदाकी द्रुमस्तन्नामवर्षकाः ।१९।

प्रमुख नदीहरू छन् । प्लक्षदेखि लिएर शाकद्वीपसम्मका मानिसको आयु पाँच हजार वर्षको छ । त्यहाँ वर्णाश्रम धर्मको पालन गरिन्छ । आर्य, कुरु, विविंश र भावी यिनै त्यहाँका ब्राह्मण आदि वर्णको नाम हो । उनीहरूका आराध्यदेव चन्द्रमा हुन् । प्लक्षद्वीपको विस्तार दुई लाख योजन छ । त्यो त्यति नै ठूलो इक्षुरसका समुद्रले घेरिएको छ । त्यसभन्दा पछि शाल्मली द्वीप छ र त्यो प्लक्षद्वीपभन्दा दोब्बर ठूलो छ । वपुष्मान्का सात पुत्रहरू त्यस शाल्मलीद्वीपका स्वामी हुन् । तिनीहरूको नाम— श्वेत, हरित, जीमूत, लोहित, वैद्युत, मानस र सुप्रभ हो । यिनैका नामबाट त्यहाँ सात वर्षहरू छन् । त्यो प्लक्षद्वीपभन्दा दोब्बर ठूलो छ र त्यसभन्दा दोब्बर परिणाम भएको सुरोद नामको मदिराका समुन्द्रले छेकिएको छ । कुमुद, अनल, बलाहक, द्रोण, कङ्कु, महिष र ककुद्मान् यी त्यसका मर्यादा पर्वत हुन् । त्यहाँ सातैवटा प्रधान नदी पनि छन् । कपिल, अरुण, पीत र कृष्ण यिनै त्यहाँका ब्राह्मण आदि वर्ण हुन् । त्यहाँका मानिस वायुदेवताको पूजा गर्दछन् । त्यो मदिराका समुद्रले छेकिएको छ । त्यसपछि कुशद्वीप छ । ज्योतिष्मान्का पुत्र त्यस कुशद्वीपका अधीश्वर हुन् । उद्भिद्, धेनुमान्, द्वैरथ, लम्बन, धैर्य, कपिल र प्रभाकर यी सात तिनीहरूको नाम हो । यिनीहरूकै नाम अनुसार त्यहाँ सात वर्षहरू छन् । दमी आदि त्यहाँका ब्राह्मण हुन् र तिनले ब्रह्म रूपधारी भगवान् विष्णुको पूजा गर्दछन् । विद्रुम, हेमशैल, द्युतिमान्, पुष्पवान्, कुशेशय, हरि र मन्दराचल यी सात त्यहाँका वर्ष पर्वत हुन् । यो कुशद्वीप आफूसमानकै घिउकै समुद्रले छेकिएको छ र त्यो घृतसमुद्र क्रौञ्चद्वीपले छेकिएको छ । राजा द्युतिमानका पुत्र क्रौञ्चद्वीपका पुत्र हुन् । उनकै नामका आधारमा त्यहाँको वर्ष प्रसिद्ध छन् ।१–१४।

कुशल, मनोनुग, उष्ण, प्रधान, अन्धकारक, मुनि र दुन्दुभि यी सात नै द्युतिमान्का पुत्रहरू हुन् । त्यस द्वीपका मर्यादा पर्वत र नदीहरू पनि सात सात नै छन् । पर्वतहरूका नाम— क्रौञ्च, वामन, अन्धकारक, रत्नशैल, देवावृत, पुण्डरीक र दुन्दुभी भन्ने किसिमले छन् । यी द्वीप एकापसमा क्रमशः दोब्बर विस्तार भएका छन् । ती द्वीपमा वर्षपर्वत जुन छन् ती पनि द्वीपहरूकै समान पूर्ववर्ती द्वीपका पर्वतभन्दा दोब्बर विस्तार भएकै छन् । त्यहाँका ब्राह्मण आदि वर्ण क्रमशः पुष्कर, पुष्कल, धन्य र तिथ्य भन्ने नामले नै प्रसिद्ध छन् । त्यहाँ उनीहरू श्रीहरिको आराधना गर्दछन् । क्रौञ्चद्वीप दधिमण्डोदक नामको महीको समुद्रले छेकिएको छ र त्यो समुद्र शाकद्वीपले छेकिएको छ । त्यहाँका राजा भव्यका साथ पुत्रहरू जुन छन् तिनै शाक द्वीपका शासक हुन् । तिनीहरूको नाम— जलद, कुमार, सुकुमार, मणीवक, कुशोत्तर, मोदाकी

उदयाख्यो जलधरो रैवतः श्यामकोद्रकौ ।
आम्बिकेयस्तथा रम्यः केसरी सप्त निम्नगाः ।२०।
मगा मगधमानस्या मन्दगाश्च द्विजातयः ।
यजन्ति सूर्य्यरूपं तु शाकः क्षीराब्धिना वृतः ।२१।
पुष्करेणावृतः सोऽपि द्वौ पुत्रौ सवनस्य च ।
महावीतो धातकिश्च वर्षे द्वे नामचिह्निते ।२२।
एकोद्दिर्म्मानसाख्योत्र मध्यतो वलयाकृतिः ।
योजनानां सहस्राणि विस्तारोच्छ्रायतः समः ।२३।
जीवनं दशसाहस्रं सुरैर्ब्रह्मात्र पूज्यते ।
स्वादूदकेनोदधिना वेष्टितो द्वीपमानतः ।२४।
ऊनातिरिक्तता चापां समुद्रेषु न जायते ।
उदयास्तमनेष्विन्दोः पक्षयोः शुक्लकृष्णयोः ।२५।
दशोत्तराणि पञ्चैव अङ्गुलानां शतानि वै ।
अपां वृद्धिक्षयौ दृष्टौ सामुद्रीणां महामुने ।२६।
स्वादूदका बहुगुणा भूर्हैमी जन्तुवर्ज्जिता ।
लोकालोकस्ततः शैलो योजनायुतविस्तृतः ।२७।
लोकालोकस्तु तमसाऽऽवृतोऽथाण्डकटाहतः ।
भूमिः साण्डकटाहेन पञ्चाशत्कोटिविस्तृता ।२८।

र द्रुम भन्ने किसिमका छन् । त्यहाँका वर्ष यिनीहरूकै नामले प्रसिद्ध छन् । उदयगिरि, जलधर, रैवत, श्याम, कोद्रक, आम्बिकेय र सुरम्य पर्वत केसरी – यी सात त्यहाँका मर्यादा पर्वत हुन् र सातै त्यहाँका प्रसिद्ध नदीहरू हुन् । मग, मगध, मानस्य र मन्दग यी त्यहाँका ब्राह्मण आदि वर्ण हुन् र तिनले सूर्य रूपधारी भगवान् नारायणलाई आराधना गर्दछन् । शाक द्वीप क्षीरसागरले छेकिएको छ । क्षीरसागर पुष्कर द्वीपले छेकिएको छ । त्यहाँका अधिपति सवन राजाका दुई पुत्र छन् । तिनको नाम– महावीत र धातकि हो । तिनीहरूकै नामका आधारमा त्यहाँ दुईवटा वर्ष पर्वत छन् । त्यहाँ मानसरोवर नामको एउटै वर्ष पर्वत विद्यमान छ र त्यो त्यसै वर्षका मध्यभागमा वलय आकारमा रहेको छ । त्यसको विस्तार कयौं सहस्र योजन छ । उचाइ पनि विस्तार जत्तिकै छ । त्यहाँका मानिस दश हजार वर्षको जीवन धारण गर्दछन् । त्यहाँ देवताहरूले ब्रह्माको पूजा गर्दछन् । पुष्कर द्वीप मीठो पानीको समुद्रले घेरिएको छ । त्यस समुद्रको विस्तार त्यही द्वीपको जत्तिकै छ । हे महामुनि ! समुद्रमा जल जति छ त्यो पनि कहिल्यै घटबढ हुँदैन । शुक्ल र कृष्ण यी दुवै पक्षमा चन्द्रमाको उदय र अस्त हुँदाको समयमा केवल पाँच सय दस अङ्गुलजति मात्रै समुद्रको जल घटेको र बढेको देखिन्छ । मीठो जल भएका समुद्रका चारैतिर त्यसभन्दा दोब्बर परिमाणको सुवर्णमयी भूमि छ तर त्यहाँ अरू कुनै पनि जीवजन्तु रहँदैनन् । त्यसभन्दा पछि लोकालोक पर्वत छ र त्यसको विस्तार दश हजार योजन छ । लोकालोक पर्वत एकतर्फबाट अन्धकारले छोपेको छ र त्यो अन्धकार पनि अन्धकटाहले ढाकेको छ । त्यो अन्धकटाहसहित समस्त भूमिको विस्तार पचास करोड योजन छ ।१५–२८।

१२०. विंशत्यधिकशततमोऽध्यायः

भुवनकोशवर्णन

अग्निरुवाच

विस्तारस्तु स्मृतो भूमेः सहस्राणि च सप्ततिः ।
उच्छ्रायो दशसाहस्रं पातालं चैकमेककम् ।१।
अतलं वितलं चैव नितलं च गभस्तिमत् ।
महाख्यं सुतलं चाग्र्यं पातालं चापि सप्तमम् ।२।
कृष्णपीतारुणाः शुक्लशर्क्करा शैलकाञ्चनाः ।

अग्निदेवता भन्दछन्– हे वसिष्ठ ! भुमिको विस्तार सत्तरी हजार योजन छ भन्ने बताइएको छ । त्यसको उचाइ दस हजार योजन छ । पृथ्वीभित्र सातवटा पाताल छन् । एकएक पाताल दसदस हजार विस्तृत छन् । सात पातालहरूका नाम– अतल, वितल, नितल, प्रकाशमान महातल, सुतल, तलातल र सातौं रसातल वा पाताल हुन् । यी पातालहरूको भूमि क्रमशः कालो, पहेँलो, रातो, सेतो, कङ्कुरिलो, पथरिलो र सुनौलो रङ्गका रहेका छन् । यी सबै पातालहरू अत्यन्त रमणीय रहेका छन् । तिनमा दैत्य र दानवआदि सुखपूर्वक निवास गर्दछन् । समस्त पातालहरूका तल्ला भागमा शेषनाग

भूमयस्तेषु रम्येषु सन्ति दैत्यादयः सुखम् ।३।
पातालानामधश्चास्ते शेषो विष्णुश्च तामसः ।
गुणानन्त्यात्स चानन्तः शिरसा धारयन्महीम् ।४।
भुवोऽधो नरका नैके न पतेत्तत्र वैष्णवः ।
रविणा भासिता पृथ्वी यावत्तावन्नभो मतम् ।५।
भूमेर्योजनलक्षं तु वसिष्ठ रविमण्डलम् ।
रवेर्लक्षेण चन्द्रश्च लक्षान्नाक्षत्रमिन्दुतः ।६।
द्विलक्षाद्भाद् बुधश्चास्ते बुधाच्छुक्रो द्विलक्षतः ।
द्विलक्षेण कुजः शुक्राद्भौमाद् द्विलक्षतो गुरुः ।७।
गुरोर्द्विलक्षतः सौरिर्लक्षात्सप्तर्षयः शनेः ।
लक्षाद् ध्रुवो ह्यृषिभ्यस्तु त्रैलोक्यं चोच्छ्रयेण च ।८।
ध्रुवात्कोट्या महर्लोको यत्र ते कल्पवासिनः ।
जनो द्विकोटितस्तस्माच्चत्रासन्सनकादयः ।९।
जनात्तपश्चाष्टकोट्या वैराजा यत्र देवताः ।
षण्णवत्या तु कोटीनां तपसः सत्यलोकक: ।१०।
अपुनर्म्मारका यत्र ब्रह्मलोको हि स स्मृतः ।
पादगम्यस्तु भूर्ल्लोको भुवः सूर्य्यान्तरः स्मृतः ।११।
स्वर्गलोको ध्रुवान्तस्तु नियुतानि चतुर्दश ।
एतदण्डकटाहेन वृतो ब्रह्माण्डविस्तरः ।१२।
वारिवह्न्यनिलाकाशैस्ततो भूतादिना बहिः ।
वृतं दशगुणैरण्डं भूतादिर्म्महता तथा ।१३।
दशोत्तराणि शेषाणि एकैकस्मान्महामुने ।
महान्तं च समावृत्य प्रधानं समवस्थितम् ।१४।
अनन्तस्य न तस्यान्तः सङ्ख्यानां नापि विद्यते ।
हेतुभूतमशेषस्य प्रकृतिः सा परा मुने ।१५।
असङ्ख्यातानि चाण्डानि तत्र जातानि चेदृशाम् ।

विराजमान छन् र ती भगवान् विष्णुको तमोगुण प्रधान विग्रह हुन् । तिनमा अनन्त गुण छन्, त्यसैले उनलाई अनन्त पनि भन्ने गरिन्छ । उनले आफ्ना शिरमा यस पृथ्वीलाई धारण गरेका छन् । पृथ्वीभन्दा तल अनेकौं नरक छन् तर भगवान् विष्णुका भक्त जोजो हुन् तिनले ती नरकमा पर्नु पर्दैन । सूर्य देवताबाट प्रकाशित हुने पृथ्वीको विस्तार जति छ उति नै विस्तार नभोलोक वा अन्तरिक्षको छ भन्ने मानिएको छ । हे वसिष्ठ ! पृथ्वीभन्दा एकलाख योजन टाढा सूर्यमण्डल छ । सूर्यभन्दा एकलाख योजन टाढा चन्द्रमा विराजमान छ । चन्द्रमाभन्दा एकलाख योजनमाथि नक्षत्रमण्डल प्रकाशित हुन्छ । नक्षत्रमण्डलभन्दा दुईलाख योजन उचाइमा बुध विराजमान छ । बुधभन्दा दुईलाख योजनमाथि शुक्र रहेको छ । शुक्रभन्दा दुईलाख योजनको दूरीमा मङ्गल रहेको स्थान छ । मङ्गलभन्दा दुईलाख योजनमाथि बृहस्पति छ । बृहस्पतिभन्दा दुई लाख योजन माथि शनिश्चरको स्थान छ । त्यसभन्दा दुई लाख योजनमाथि सप्तर्षिको स्थान छ । सप्तर्षिभन्दा लाख योजनमाथि ध्रुव प्रकाशित हुन्छ । त्रिलोकीको उचाइ यतिनै हो । अर्थात् भूः भुवः स्व यी तीनै लोकको उपरी चरम सीमा ध्रुव नै हो । ध्रुवभन्दा करोड योजनमाथि महर्लोक छ । त्यहाँ कल्पान्तजीवी भृगु आदि सिद्धहरू निवास गर्दछन् । महर्लोकभन्दा दुई करोड योजनमाथि जनलोकको स्थिति छ र त्यहाँ सनक, सनन्दन आदि सिद्ध पुरुषहरू निवास गर्दछन् । जनलोकभन्दा आठ करोड योजनमाथि तपोलोक छ, त्यहाँ वैराज नामका देवताहरू निवास गर्दछन् । तपोलोकभन्दा छयानब्बे करोड योजनमाथि सत्यलोक विराजमान छ । सत्यलोकमा फेरि मृत्युले अधीन पार्नका लागि भेट्न नसक्ने पुण्यात्मा देवता र ऋषि-मुनि निवास गर्दछन् । त्यसैलाई ब्रह्मलोक पनि भनिएको छ । जहाँसम्म गोडाले हिँडेर आवत-जावत गर्न सकिन्छ त्यो सबै भूलोक हो । भूलोकबाट सूर्यमण्डलका बीचको भाग भूवर्लोक भनिएको छ । सूर्यमण्डलभन्दा माथि ध्रुवलोकसम्मको भागलाई स्वर्गलोक भन्दछन् । त्यसको विस्तार चौध लाख योजन छ । यो नै त्रैलोक्य हो र यही अण्डकटाहले घेरिएको विस्तृत ब्रह्माण्ड पनि हो । यो ब्रह्माण्ड क्रमशः जल, अग्नि, वायु र आकाशरूपी आवरणहरूले बाहिरबाट घेरिएको छ । यी सबैका माथि अहङ्कारको आवरण छ । यी जल आदिका आवरणहरू एकपछि अर्को दस गुना ठूला छन् । अहङ्काररूप आवरण महत्तत्त्वरूप आवरणले घेरिएको छ । हे महामुनि ! यी सबै आवरण एकपछि अर्कोको दस गुना ठूला छन् । महत्तत्त्वलाई पनि आवृत्त गरेर प्रधान प्रकृति स्थित छ । त्यो अनन्त छ, किनभने त्यसको अन्त्य कहिल्यै हुँदैन । त्यसै

दारुण्यग्निर्यथा तैलं तिले तद्वत्पुमानिति ।१६।
प्रधाने च स्थितो व्यापी चेतनात्मात्मवेदनः ।
प्रधानं च पुमांश्चैव सर्व्वभूतात्मभूतया ।१७।
विष्णुशक्त्या महाप्राज्ञ वृतौ संश्रयधर्म्मिणौ ।
तयोः सैव पृथग्भावे कारणं संश्रयस्य च ।१८।
क्षोभकारणभूतश्च सर्गकाले महामुने ।
यथा शैत्यं जले वातो बिभर्त्ति कणिकागतम् ।१९।
जगच्छक्तिस्तथाविष्णोः प्रधानप्रतिपादिकाम् ।
विष्णुशक्तिं समासाद्य देवाद्याः सम्भवन्ति हि ।२०।
स च विष्णुः स्वयं ब्रह्म यतः सर्व्वमिदं जगत् ।
योजनानां सहस्राणि भास्करस्य रथो नव ।२१।
ईशादण्डस्तथैवास्य विगुणो मुनिसत्तम ।
सार्द्धकोटिस्तथा सप्त नियुतान्यधिकानि वै ।२२।
योजनानां तु तस्याक्षस्तत्र चक्रं प्रतिष्ठितम् ।
त्रिनाभि मतिपञ्चारं षण्णेमि द्व्ययनात्मकम् ।२३।
संवत्सरमयं कृत्स्नं कालचक्रं प्रतिष्ठितम् ।
चत्वारिंशत्सहस्राणि द्वितीयाक्षो विवस्वतः ।२४।
पञ्चान्यानि तु सार्द्धानि स्यन्दनस्य महामते ।
अक्षप्रमाणमुभयोः प्रमाणं तद्युगार्द्धयोः ।२५।
ह्रस्वऽक्षस्तद्युगार्द्धं च ध्रुवाधारं रथस्य वै ।
हयाश्च सप्त च्छन्दांसि गायत्र्यादीनि सुव्रत ।२६।
उदयास्तमनं ज्ञेयं दर्शनादर्शनं रवेः ।
यावन्मात्रप्रदेशे तु वसिष्ठाऽवस्थितो ध्रुवः ।२७।
स्वयमायाति तावत्तु भूमेराभूतसंप्लवे ।
ऊर्ध्वोत्तरमृषिभ्यस्तु ध्रुवो यत्र व्यवस्थितः ।२८।
एतद्विष्णुपदं दिव्यं तृतीयं व्योम्नि भास्वरम् ।

भएकाले त्यसको कुनै सङ्ख्या अथवा परिमाण पनि छैन । हे महामुनि ! त्यो नै सम्पूर्ण जगत्को कारण हो । त्यसैलाई अपरा प्रकृति भन्दछन् । त्यसमा यस्ता-यस्ता असङ्ख्य ब्रह्माण्ड उत्पन्न भएका छन् । जसरी काठमा आगो र तिलमा तेल रहेको हुन्छ उसैगरी प्रधान प्रकृतिमा स्वयं प्रकाश चेतनात्मा व्यापक पुरुष विराजमान छन् । हे महाज्ञानी मुनि ! यी संश्रयधर्मी प्रधान र पुरुष सम्पूर्ण प्राणीका आत्मास्वरूप विष्णुशक्तिले आवृत्त छन् । हे महाज्ञानी मुनि ! भगवान् विष्णुको स्वरूप बनेर रहेको त्यो शक्ति नै प्रकृति र पुरुषका लागि संयोग र वियोगको कारण हो । सृष्टिका समयमा त्यही नै उनीहरूभित्र क्षोभको कारण बनेको हुन्छ । जसरी जलको सम्पर्कमा आएको वायुले जलकर्णिकामा व्याप्त रहेको शीतलता ग्रहण गर्दछ उसै गरी भगवान् विष्णुका शक्तिले पनि प्रकृति पुरुषमय जगत्लाई धारण गरेको छ । विष्णु शक्तिकै आश्रय लिएर देवता आदि प्रकट हुने गर्दछ ।१-२०।

उनै भगवान् विष्णु साक्षात् स्वयं ब्रह्म हुन् र उनैबाट यस सम्पूर्ण जगत्को उत्पत्ति हुने गर्छ । सूर्य देवताका रथको विस्तार नौ सहस्र योजन छ । त्यस रथको ईषादण्ड त्यसको दुई गुना अर्थात् अठार हजार योजन छ । त्यसको धुरो डेढ करोड सात लाख योजन लामो छ र त्यसैमा त्यस रथको पाङ्ग्रो गाँसिएको छ । त्यसमा पूर्वाह्न, मध्याह्न र अपराह्णरूपी तीन नाभीहरू छन् । संवत्सर, परिसंवत्सर, इडावत्सर, अनुवत्सर र वत्सर यी पाँच प्रकारका वर्षहरू त्यस रथको पाङ्ग्राका पाँच अरहरू हुन् । छ ऋतुहरू त्यस रथका छ नेमीहरू हुन् र उत्तर-दक्षिण यी दुईवटा अयन त्यसका शरीर हुन् । यस्तो संवत्सरमय रथ चक्रमा सम्पूर्ण कालचक्र प्रतिष्ठित छ । हे महामुनि ! भगवान् सूर्यका रथको अर्को धुरो साढे पैंतालीस हजार योजन लामो छ । दुवै धुराका परिमाणको बराबर नै त्यसका युगार्द्ध वा आधा जुवाको परिमाण हुन्छ । त्यस रथका दुई धुरामध्ये जुन छेटो छ त्यो र त्यसको युगार्द्ध ध्रुवका आधारमा स्थित छ । हे उत्तम व्रत पालन गर्ने मुनि ! गायत्री, बृहती, उष्णिक्, जगती, त्रिष्टुप्, अनुष्टुप् र पङ्क्ति यी सात छन्दहरू नै सूर्य देवताका रथका सात घोडा हुन् भनिएको छ । सूर्यले देखा पर्नु उदय हो र उनले दृष्टिबाट छेकिनु नै अस्ताकल हो भनी जान्नुपर्दछ । हे वसिष्ठ ! जति प्रदेशमा ध्रुव रहेको छ पृथ्वीदेखि लिएर त्यस प्रदेशसम्मका सम्पूर्ण ठाउँहरू प्रलयकालमा नष्ट भएर जान्छन् । सप्तर्षिहरूभन्दा माथिको जुन ठाउँमा ध्रुव रहेको छ, आकाशमा त्यो दिव्य एवं प्रकाशमान स्थान नै विराट् रूपधारी भगवान् विष्णुको तेस्रो पद हो । पुण्य र पाप क्षीण भइसकेपछि दोषरूपी हिलोबाट रहित संयतचित्त महात्माहरूको परम

निर्धूतदोषपङ्कानां यतीनां स्थानमुत्तमम् ।२९।
ततो गङ्गा प्रभवति स्मरणात्पापनाशनी ।
दिवि रूपं हरेर्ज्ञेयं शिंशुमाराकृति प्रभो ।३०।
स्थितः पुच्छे ध्रुवस्तत्र भ्रमन्भ्रामयति ग्रहान् ।
स रथोऽधिष्ठितो देवैरादित्यैर्ऋषिभिर्वरैः ।३१।
गन्धर्वैरप्सरोभिश्च ग्रामणीसर्परक्षसैः ।
हिमोष्णवारिवर्षाणां कारणं भगवान् रविः ।३२।
ऋग्वेदादिमयो विष्णुः स शुभाशुभकारणम् ।
रथस्त्रिचक्रः सोमस्य कुन्दाभास्तस्य वाजिनः ।३३।
वामदक्षिणतो युक्ता दश तेनं चरत्यसौ ।
त्रयस्त्रिंशत्सहस्राणि त्रयस्त्रिंशच्छतानि च ।३४।
त्रयस्त्रिंशत्तथा देवोः पिबन्ति क्षणदाकरम् ।
एकां कलां च पितर एकामारश्मिसंस्थिताः ।३५।
वाय्वग्निद्रव्यसम्भूतो रथश्चन्द्रसुतस्य च ।
अष्टाभिस्तुरगैर्युक्तो बुधस्तेन चरत्यपि ।३६।
शुक्रस्यापि रथोऽष्टाश्वो भौमस्यापि रथस्तथा ।
बृहस्पते रथोऽष्टाश्वः शनेरष्टाश्वको रथः ।३७।
स्वर्भानोश्च रथोऽष्टाश्वः केतांश्चाष्टाश्वको रथः ।
यदद्य वैष्णवः कायस्ततो विप्र वसुन्धरा ।३८।
पद्माकारा समुद्भूता पर्वताद्यादिसंयुता ।
ज्योतिर्भुवननद्यब्धिसमुद्रवनकं हरिः ।३९।
यदस्ति नास्ति तद्विष्णुर्विष्णुज्ञानविजृम्भितम् ।
न विज्ञानमृते किञ्चिज्ञानं विष्णुः परम्पदम् ।४०।
तत्कुर्य्याद्येन विष्णुः स्यात्सत्यं ज्ञानमनन्तकम् ।
पठेद्भुवनकोशं हि यः सोऽवाप्तसुखात्मभाक् ।
ज्योतिःशास्त्रादिविद्याश्च शुभाशुभाधिपो हरिः ।४१।

उत्तम स्थान यही हो । यसै विष्णुपदबाट गङ्गाको प्राकट्य भएको छ र यसलाई स्मरण मात्रै गर्नाले पनि यसले सम्पूर्ण पाप नाश गराउँछ । आकाशमा सुसको आकृतिको जुन ताराहरूको समुदाय देखिन्छ त्यसलाई भगवान् विष्णुको रूप हो भनी जान्नुपर्दछ । त्यस शिशुमार चक्रका पुच्छरमा ध्रुवको स्थिति छ । यस ध्रुवले स्वयं घुमिरहेको छ र चन्द्रमा एवं सूर्य आदि ग्रहलाई घुमाइरहेको छ । भगवान् सूर्यको त्यो रथ प्रत्येक महिना भिन्न भिन्न आदित्य देवता, श्रेष्ठ ऋषि, गन्धर्व, अप्सरा, ग्रामणी यक्ष, सर्प तथा राक्षसले अधिष्ठित हुन्छ । भगवान् सूर्य नै जाडो, गर्मी र जलवर्षाका कारण हुन् । उनी नै ऋग्वेद, यजुर्वेद र सामवेदमय भगवान् विष्णु हुन् । शुभ र अशुभका कारण पनि उनी नै हुन् । चन्द्रमाको रथ तीन पाङ्ग्रा भएको छ । त्यस रथका बायाँ र दायाँ भागमा कुन्द पुष्पकै जस्तो सेतो रङ्ग भएका दस घोडा नारिएका छन् । यसै रथले चन्द्र देवता नक्षत्र लोकमा विचरण गर्दछन् । छत्तीस हजार तीन सय तेत्तीस देवताले चन्द्रवेदका अमृतमयी कलाको पान गर्दछन् । अमावश्याका दिन अमा नामको एउटा रश्मि वा कलामा स्थित रहेका पितृगणले चन्द्रमाका बचेका दुई कलामध्ये एकमात्र कलाबाट अमृत पान गर्दछन् । चन्द्रमाका पुत्र बुधको रथ वायु र अग्निमय द्रव्यले बनेको छ । त्यसमा आठवटा फुर्तिला घोडा नारिएका छन् । त्यसै रथमा बुध आकाश विचरण गर्दछन् । शुक्रका रथमा पनि आठ घोडा जोडिएका छन् । मङ्गलका रथमा पनि त्यति नै घोडा नारिएका छन् । बृहस्पितिको र शनिश्चरका रथमा पनि आठ आठ घोडा नै नारिएका छन् । राहु र केतुका रथमा पनि आठ आठै घोडा नारिन्छन् । हे विप्रवर ! भगवान् विष्णुको शरीरका रूपमा रहेको जुन जल छ त्यसबाट पर्वत र समुद्र आदिसहित कमलकाजस्तो आकार भएका पृथ्वीको उत्पत्ति भयो । ग्रह, नक्षत्र, तीनलोक, नदी, पर्वत, समुद्र र वन यी सबै भगवान् विष्णका नै स्वरूप हुन् । जेजति छन् वा जेजति छैनन्— ती सबै भगवान् विष्णुकै स्वरूप हुन् । विज्ञानको विस्तार पनि भगवान् विष्णु नै हुन् । विज्ञानबाहेक अरू कुनै वस्तुको सत्ता नै छैन् । भगवान् विष्णु ज्ञानस्वरूप पनि हुन् । उनी नै परमपद हुन् । मानिसले त्यही नै गर्नुपर्दछ जसबाट चित्त शुद्धिका लागि विशुद्ध ज्ञान प्राप्त गरेर ऊ विष्णुस्वरूप होस् । सत्य एवं अनन्त ज्ञानस्वरूप ब्रह्म नै विष्णु हुन् । यस भुवनकोशको पाठ प्रसङ्गसहित जसले गर्दछ उसले सुखस्वरूप परमात्मपद प्राप्त गर्दछ । अब ज्यौतिष शास्त्र आदि विद्याहरूका विषयमा वर्णन गर्दछु । त्यसमा पनि विवेचना गरिने शुभ या अशुभ आदि सबैका स्वामी भगवान् श्रीहरि नै हुन् ।२९-४९।

१२१. एकाविंशत्यधिकशततमोऽध्यायः

ज्योतिःशास्त्रसार

अग्निरुवाच

ज्योतिःशास्त्रं प्रवक्ष्यामि शुभाशुभविवेकदम् ।
चातुर्लक्षस्य सारं यत्तज्ज्ञात्वा सर्वविद्भवेत् ।१।
षडष्टके विवाहो न न च द्विद्वादशे स्त्रियाः ।
न त्रिकोणे ह्यथ प्रीतिः शेषे च समसप्तके ।२।
द्विद्वादशे त्रिकोणे च मैत्रीक्षेत्रपयोर्यदि ।
भवेदेकाधिपत्यं च ताराप्रीतिरथापि वा ।३।
तथापि कार्य्यः संयोगो न तु षट्काष्टके पुनः ।
जीवे भृगौ चास्तमिते म्रियते च पुमान्स्त्रिया ।४।
गुरुक्षेत्रगते सूर्ये सूर्य्यक्षेत्रगते गुरौ ।
विवाहं न प्रशंसन्ति कन्यावैधव्यकृद्भवेत् ।५।
अतिचारे त्रिपक्षं स्याद्वक्रे मासचतुष्टयम् ।
व्रतोद्वाहौ न कुर्वीत गुरोर्वक्रातिचारयोः ।६।
चैत्रे पौषे न रिक्तासु हरौ सुप्ते कुजे रवौ ।
चन्द्रक्षये चाशुभं स्यात्सन्ध्याकालः शुभावहः ।७।
रोहिणी चोत्तरा मूलं स्वाती हस्तोऽथ रेवती ।
तुले न मिथुने शस्तो विवाहः परकीर्त्तितः ।८।
विवाहे कर्णवेधे च व्रते पुंसवने तथा ।
प्राशने चाद्यचूडायां बिद्धर्क्षं च विवर्ज्जयेत् ।९।
श्रवणे मूलपुष्ये च सूर्य्यमङ्गलजीवके ।
कुम्भे सिंहे च मिथुने कर्म्म पुंसवनं स्मृतम् ।१०।
हस्ते मूले मृगे पौष्णे बुधे शुक्रे च निष्कृतिः ।
अर्केन्दुजीवभृगुजे मूले ताम्बूलभक्षणम् ।११।
अन्नस्य प्राशनं शुक्रे जीवे मृगे च मीनके ।
हस्तादिपञ्चके पुष्ये कृत्तिकादित्रये तथा ।१२।
आश्विन्यामथ रेवत्यां नवान्नफलभक्षणम् ।
पुष्यो हस्तस्तथा ज्येष्ठा रोहिणी श्रवणश्विनौ ।१३।
स्वातिसौम्ये च भैषज्यं कुर्य्यादन्यत्र वर्जयेत् ।

अग्निदेव भन्दछन्— हे मुनि ! अब म शुभ अशुभको विवेचना गर्ने ज्योतिष शास्त्रको सङ्क्षिप्त बयान गर्दछु । यो चार लाख श्लोक भएको ज्योतिष शास्त्रको सारभूत अंश नै हो र यसलाई जानेपछि मानिस सर्वज्ञ नै हुन्छ । यदि कन्याका राशिबाट वरको राशिसङ्ख्या परस्परमा छ-आठ, नौ-पाँच र दुई-बाह्र भए भने विवाह शुभ हुँदैन । शेष दस-चार, एघार-तीन र सात-सात भए भने विवाह शुभ हुन्छ । यदि कन्या र वरका राशि स्वामीहरूमा परस्पर मित्रता छ वा दुवैको राशिस्वामी एकै छ भने अथवा दुवैका जन्म नक्षत्रमा मैत्री छ भने नौ-पाँच अथवा दुई-बाह्रको दोष भए पनि विवाह गर्नुपर्छ तर षड एक अर्थात् छ-आठको दोष भएमा कहिल्यै विवहा हुन सक्दैन । गुरु वा शुक्र अस्त भएमा पनि विवाह गर्दा वधूका पतिको निधन हुन्छ । गुरु क्षेत्रका रूपमा रहने धनु-मीन राशिमा सूर्य छन् भने र सूर्यको क्षेत्रका रहने सिंह राशिमा गुरु भएमा त्यस्ता बखतको विवहालाई राम्रो मानिँदैन किनभने त्यस्तो विवाहका कारण कन्याले वैधव्य ब्योहोर्नु पर्ने हुन्छ । संस्कार मुहूर्तअनुसार बृहस्पति वक्र रहँदा र अतिचारी हुँदा विवाह तथा उपनयन गर्नु हुँदैन । आवश्यक भएमा अतिचारका समयका ती पक्ष अर्थात् डेढ महिना र वक्त रहँदा चार महिना छोडेर बाँकी समयमा विवाह उपनयन आदि शुभ संस्कार कर्म गर्नु पर्दछ । चैत्र र पौष महिनामा, रिक्ता तिथिमा, भगवान्को शयन भएपछि, मङ्गल तथा रविवारका दिन, चन्द्रमा क्षीण हुँदै जाँदा पनि विवाह शुभ हुँदैन । सन्ध्याको गोधुलि समय शुभ हुन्छ । रोहिणी, तीनवटा उत्तरा, मूल, स्वाती, हस्त, रेवती यी नक्षत्रहरूमा, तुला लग्नबाहेक मिथुन आदि दुई स्वभावका एवं स्थिर लग्नमा विवाह गर्नु शुभ हुन्छ । विवाह, कर्णवेध, उपनयन र पुंसवन संस्कारहरूमा, अन्नप्राशन तथा प्रथम चूडाकर्ममा विद्धनक्षत्रलाई त्याग्नुपर्छ । श्रवन, मूल, पुष्य यी तीन नक्षत्रमा, रवि, मङ्गल, बृहस्पति यी तीन बारमा र कुम्भ, सिंह, मिथुन यी तीन लग्नमा पुंसवन कर्म गर्ने विधान छ । हस्त, मूल, मृगशिरा र रेवती नक्षत्रहरूमा, बुध र शुक्र बारमा बालकहरू निष्कासन गर्नु शुभ हुन्छ । रवि, सोम, बृहस्पति र शुक्र यी दिनबारहरूमा, मूल, नक्षत्रमा प्रथम पटक ताम्बूल भक्षण गर्नुपर्दछ । गुरु तथा बृहस्पति बारका दिन, मकर र मीन लग्नमा, हस्ता आदि पाँच नक्षत्रमा, पुष्या तथा कृत्तिका आदि अरू ती नक्षत्रमा अन्नप्राशन गर्नुपर्दछ । अश्विनी, रेवती, पुष्य,

पूर्वात्रयं मघा याम्यं पावनं श्रवणत्रयम ।१४।
भौमादित्ये शनेवरि स्नातव्यं रोगमुक्तितः ।
पार्थिवे चाष्टह्रीकारं मध्ये नाम च दिक्षु च ।१५।
ह्रीं पुटं पार्थिवे दिक्षु ह्रीं विदिक्षु लिखेद्वसून् ।
गोरोचनाकुङ्कुमेन भूर्जे वस्त्रे गले धृतम् ।१६।
शत्रवो वशमायान्ति मन्त्रेणानेन निश्चितम् ।
श्रीं ह्रीं सम्पुटं नाम श्रीं ह्रीं पत्राष्टके क्रमात् ।१७।
गोरोचनाकुङ्कुमेन भूर्जेऽथ सुभगावृते ।
गोमध्यवागमः पत्रे हरिद्वाया रसेन च ।१८।
शिलापटेऽरीन्स्तम्भ यति भूमावधोमुखीकृतम् ।
ओं हूँ सः सम्पुटं नाम ओं हूं सः पत्राष्टके क्रमात् ।१९।
गोरोचनाकुङ्कुमेन भूर्जे मृत्युनिवारणम ।
एकपञ्चनवप्रीत्यै द्विषट्द्वादशयोगकः ।२०।
त्रिसप्तैकादशे लाभो वेदाष्टद्वादशे रिपुः ।
तनुर्धनं च सहजः सुहृत्सुतो रिपुस्तथा ।२१।
जाया निधनधर्म्मौ च कर्म्मायव्ययकं क्रमात् ।
स्फुटं मेषादिलग्नेषु नवताराबलं वदेत् ।२२।
जन्म सम्पद्विपत्क्षेमं प्रत्यरिः साधकः क्रमात् ।
निधनं मित्रपरममित्रं ताराबलं विदुः ।२३।
वारे ज्ञगुरुशुक्राणां सूर्य्याचन्द्रमसोस्तथा ।
माघादिमासषट्के तु क्षौरमाद्यं प्रशस्यते ।२४।
कर्णवेधो बुधे जीवे पुष्ये श्रवणचित्रयोः ।
पञ्चमेऽब्दे चाद्ययनं षष्ठीं प्रतिपद त्यजेत् ।२५।
रिक्तां पञ्चदशीं भौमं प्राच्यं वाणीं हरिं श्रियम् ।
माघादिमासषट्के तु मेखलाबन्धनं शुभम् ।२६।
चूडाकरणकाद्यं च श्रावणादौ न शस्यते ।
अस्तं याते गुरौ शुक्रे क्षीणे च शशलाञ्छने ।२७।
उपनीतस्य विप्रस्य मृत्युं जाड्यं विर्निर्दिशेत् ।
क्षौरर्क्षे शुभवारे च समावर्तनमिष्यते ।२८।
शुभक्षेत्रे विलग्नेषु शुभयुक्तेक्षितेषु च ।
अश्विनीमघाचित्रासु स्वातीयाम्योत्तरासु च ।२९।
पूनर्वसौ तथा पुष्ये धनुर्वेदः प्रशस्यते ।

हस्त, ज्येष्ठा, रोहिणी र श्रवण नक्षत्रमा नयाँ अन्न र फल भक्षण गर्नु शुभ हुन्छ । स्वाती तथा मृगशिरा नक्षत्रमा ओषधि सेवन गर्नु शुभ हुन्छ । रोगमुक्तस्नानका विषयमा— तीनैवटा पूर्वा, मघा, भरणी, स्वाती तथा श्रवणपछिका तीन नक्षत्रमा, रवि, शनि र मङ्गल बारहरूमा रोगबाट मुक्त भएका व्यक्तिले स्नान गर्नुपर्छ । मन्त्र प्रयोग गर्नुपर्दा— माटाको चारकुने पट्टीमाथि आठ दिशामा आठवटा ह्री कार लेखी बीचमा आफ्नो नाम लेख्नुपर्छ । अथवा पार्थिव पट्ट वा भोजपत्रमा आठ दिशामा आठ ह्री लेखेर बीचमा आफ्नो नाम गोरोचन र कुङ्कुमले लेख्नुपर्छ । वस्तो यन्त्रलाई कपडाले बेरेर गलामा धारण गर्नाले पक्कै पनि शत्रु वशमा पर्दछन् । यसै गरी गोरोचन र कुङ्कुमले श्री ह्री मन्त्रले सम्पुटित नामलाई भोजपत्रका खण्डहरूमा लेखेर पृथ्वीमा गाडिदिने हो भने विदेश गएको व्यक्ति चाँडै फिर्ता आउँछ र त्यसै यन्त्रलाई हलेदोका रसले ढुङ्गामा लेखेर घोप्टो पारि पृथ्वीमा राख्ने हो भने शत्रुको स्तम्भन हुन्छ । ओं हूं सः मन्त्रले सम्पुटिस नाम गोरोचन र कुङ्कुमले आठवटा भोजपत्रमा लेखेर राखियो भने मृत्युको नै निवारण हुन्छ । यो यन्त्र एक, पाँच र नौ पटक लेख्नाले आपसमा प्रेम हुन्छ । दुई, छ या बाह्रपटक लेख्नाले बिछोडमा परेका व्यक्तिहरूको संयोग हुन्छ र तीन, सात या एघार पटक लेख्दा लोभ हुन्छ । अनि चार, आठ र बाह्र पटक लेख्नाले परस्पर शत्रुता हुन्छ । भाव र ताराका विषयमा मेष आदि लग्नबाट तनु, धन, सहज, सुहृत, सुत, रिपु, जाया, निधन, धर्म, कर्म, आय, व्यय, यी बाह्र भाव हुन्छन् । अब नौवटा ताराहरूको बलका विषयमा भन्दछु ।१-२२।

जन्म, सम्पत्, विपत्, क्षेम, प्रत्यरि, साधक, मृत्यु, मैत्र र अतिमैत्र यी नौ ताराहरू हुन् । बुध, बृहस्पति, शुक्र, रवि र सोम वारका दिनमा र माघ आदि छ वटा महिनाहरूमा बालकको प्रथम क्षौरकर्म गराउनु शुभ हो भन्ने गरिन्छ । बुधवार तथा बिहीवार एवं पुष्य श्रवण र चित्रा नक्षत्रमा कर्णवेध संस्कार गर्नु शुभ हुन्छ । पाँचौ वर्षमा प्रतिपदा, षष्ठी, रिक्ता र पूर्णिमा तिथिहरू र मङ्गलवारको दिन छोडेर बाँकी वारहरूमा सरस्वती, विष्णु र लक्ष्मीको पूजा गरेर अध्ययनका लागि अक्षरारम्भ गर्नुपर्दछ । माघमहिनाबाट लिएर छ महिना अर्थात् आषाढसम्म उपनयन संस्कार शुभ हुन्छ । चूडाकरण आदि कर्म श्रावण आदि छवटा महिनामा प्रशंसित मानिएको छैन । गुरु र शुक्र अस्त रहेको छन् र चन्द्र क्षीण भएको छ भने यज्ञोपवीत संस्कार गराउँदा बालकको मृत्यु वा मूर्खता प्राप्त हुन्छ भन्ने किसिमको सङ्केत गरिएको छ । क्षौरमा बताइएका नक्षत्रहरूमा र शुभ ग्रह भएका दिनहरूमा समावर्तन संस्कार गर्नु शुभ

भरण्यार्द्रा मघाश्लेषा बह्निभगर्क्षयोस्तथा ।३०।
जिजीविषुर्न्न कुर्वीत वस्त्रप्रावरणं नरः ।
गुरौ शुक्रे बुधे वस्त्रं विवाहादौ न भादिकम् ।३१।
रेवत्यश्विधनिष्ठासु हस्तादिषु च पञ्चसु ।
शङ्खविद्रुमरत्नानां परिधानं प्रशस्यते ।३२।
याम्यसर्पधनिष्ठासु त्रिषु पूर्वेषु वारुणे ।
क्रीतं हानिकरं द्रव्यं विक्रीतं लाभकृद्भवेत् ।३३।
अश्विनीस्वातित्रिचित्रासु रेवत्यां वारुणे हरौ ।
क्रीतं लाभकरं द्रव्यं विक्रीतं हानिकृद्भवेत् ।३४।
भरणी त्रीणि पूर्वाणि आर्द्राश्लेषामघानिलाः ।
वह्निज्येष्ठाविशाखासु स्वामिनो नोपतिष्ठते ।३५।
द्रव्यं दत्तं प्रयुक्तं वा यत्र निक्षिप्यते धनम् ।
उत्तरे श्रवणे शाक्रे कुर्याद्राजाभिषेचनम् ।३६।
चैत्रं ज्येष्ठं तथा भाद्रमाश्विनं पौषमेव च ।
माघं चैव परित्यज्य शेषमासे गृहं शुभम् ।३७।
अश्विनी रोहिणी मूलमुत्तरात्रयमैन्दवम् ।
स्वाती हस्तोनुराधा च गृहारम्भे प्रशस्यते ।३८।
आदित्यभौमवर्जं तु वापीप्रासादके तथा ।
सिंहराशिगते जीवे गुर्वादित्ये मलिम्लुचे ।३९।
बाले वृद्धेऽस्तगे शुक्रे गृहकर्म्म विवर्जयेत् ।
अग्निदाहो भयं रोगो राजपीडा धनक्षतिः ।४०।
सङ्ग्रहे तृणकाष्ठानां कृते श्रवणपञ्चके ।
गृहप्रवेशनं कुर्य्याद्धनिष्ठोत्तरवारुणे ।४१।
नौकाया घटने द्वित्रिपञ्चसप्तत्रयोदशी ।
नृपदर्शो धनिष्ठासु हस्तपौष्णाश्विनीषु च ।४२।
पूर्वात्रयं धनिष्ठार्द्रा वह्निः सौम्यविशाखयोः ।
अश्लेषा चाश्विनी चैव यात्रासिद्धेस्तु सम्पदा ।४३।
त्रिषुत्तरेषु रोहिण्यां सिनीवाली चतुर्दशी ।
श्रवणा चैव हस्तो वै चित्रा वै वैष्णवी तथा ।४४।
गोष्ठयात्रां न कुर्वीत प्रवेशं नैव कारयेत् ।
अनिलोत्तररोहिण्यां मृगमूलपुनर्वसौ ।४५।
पुष्यश्रवणहस्तेषु कृषिकर्म्म समाचरेत् ।

हुनेछ। लनमा शुभ ग्रहको राशि छ वा लग्नमा शुभ ग्रह बसेको या देखेको छ भने र अश्विनी, मघा, चित्रा, स्वाती, भरणी, तीनै उत्तरा, पुनर्वसु एवं पुष्य नक्षत्र छन् भने यस्ता साइतमा धनुर्वेदको शुभारम्भ गर्नुपर्छ। भरणी, आर्द्रा, मघा, आश्लेषा, कृत्तिका, पूर्वफाल्गुनी यी नक्षत्रमा बाँच्ने रहर भएका मानिसले नयाँ लुगा लगाउनु हुँदैन। बुध, बृहस्पति र शुक्रवारका दिन नयाँ लुगा लगाउनुपर्छ। विवाह आदि जस्ता माङ्गलिक कार्यमा नयाँ वस्त्र धारण गर्नका लागि नक्षत्र आदिको हेर विचार गर्नुपर्दैन। रेवती, अश्विनी, धनिष्ठा र हस्ता आदि पाँच नक्षत्रमा चुरा, मुगा र अन्य रत्नहरू धारण गर्दा शुभ हुन्छ। क्रय विक्रय मुहूर्तको विचार गर्दा भरणी, आश्लेषा, धनिष्ठा, तीनै पूर्वा र कृत्तिका यी नक्षत्रहरूमा किनिएका वस्तुहरू हानीकारक हुन्छन् र बेच्नु लाभदायक हुन्छ।।अश्विनी, स्वाती, चित्रा, रेवती, शतभिषा, श्रवण यी नक्षत्रहरूमा किनेको वस्तु लाभदायक हुन्छ र बेच्नु अशुभ हुन्छ। भरणी, तीनै पूर्वा, आर्द्रा, आश्लेषा, मघा, स्वाती, कृत्तिका, जेष्ठा र विशाखा यी नक्षत्रहरूमा स्वामीको सेवा आरम्भ गर्नु हुँदैन। त्यसका साथै यी नक्षत्रमा अर्कालाई धन दिनु, ब्याजमा धन लगानी गर्नु, धरौटी वा धाती राख्नु जस्ता काम पनि गर्नु हुँदैन। तीनवटै उत्तरा, श्रवण र ज्येष्ठा यी नक्षत्रहरूमा राज्याभिषेक गर्नु पर्दछ। चैत्र, ज्येष्ठ, भाद्र, आश्विन, पौष र माघ महिनाहरूलाई छोडेर अरू महिनाहरूमा घर बनाउन थाल्नु शुभ हुन्छ। अश्विनी, रोहिणी, मूल, तीनवटै उत्तरा, मृगशिरा, स्वाती, हस्त र अनुराधा यी नक्षत्र र मङ्गल तथा रविवार छोडेर अरू दिन घरको आरम्भमा तलाउ, इनार एवं भवन निर्माण आदिको थालनी गर्नु राम्रो हुन्छ। गुरु सिंह राशिमा भएका बेला, गुरु आदित्यमा छँदा, अधिक मासका समयमा, शुक्र बाल, वृद्ध एवं अस्त भएका अवस्थामा घरसम्बन्धी कुनै पनि कार्य गर्नु हुँदैन। श्रवणपछि पाँच नक्षत्रमा काठ एवं तृण आदिको काम गर्दा वा जम्मा पार्दा अग्निदाहको भय, रोग, राजपीडा र धनक्षति हुन्छ। गृह प्रवेशका सम्बन्धमा— धनिष्ठा, तीनवटै उत्तरा, शतभिषा नक्षत्रहरूमा गृहप्रवेश गर्नुपर्दछ। नौका निर्माणका सम्बन्धमा— द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, त्रयोदशी यी तिथिहरूमा नौका बनाउनु शुभ हुन्छ। राजाको दर्शन भेट— धनिष्ठा, हस्त, रेवती, अश्विनी यिनै नक्षत्रमा राजाको दर्शन गर्नु शुभ हुन्छ। युद्धयात्राका सम्बन्धमा— तीनवटै पूर्वा, धनिष्ठा, आर्द्रा, कृत्तिका, मृगशिरा, विशाखा, आश्लेषा र अश्विनी यी नक्षत्रहरूमा गरिएको युद्धयात्राले सम्पत्ति लाभ गराउँछ र सिद्धिदायक पनि हुन्छ।२३-४३।

अष्टमी, औंसी, चतुर्दशी तिथिमा, तीनवटै उत्तरा, रोहिणी, श्रवण, हस्त र चित्रा यी नक्षत्रहरूमा बेच्नका लागि